# गौतम कुलपूजाका सांस्कृतिक पक्षहरू

## शोधपत्र

(२०७९)

प्रस्तुत


नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं



प्रस्तुतकर्ता

गंगाधर शर्मा


गौतम कुलपूजाका सांस्कृतिक पक्षहरू    गंगाधर शर्मा    २०७९

# गौतम कुलपूजाका सांस्कृतिक पक्षहरू

प्रस्तुत

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

कीर्तिपुरमा स्नातकोत्तर तह एम. ए. चौथो सेमिष्टर परीपूर्तिको लागि प्रस्तुत

गरिएको

## शोधपत्र

प्रस्तुतकर्ता

गंगाधर शर्मा

रोल न.१७

त्रि.वि.वि दर्ता न : ४५-६८१-९५

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रि.वि.वि., कीर्तिपुर

२०७९

# सिफारिस पत्र

गौतम कुलपूजाका सांस्कृतिक पक्षहरूको यो शोधपत्रश्री गंगाधर शर्माले  मेरो निर्देशनमा निकै मेहनेत गरी तयार पार्नु भएको हो । निजको कार्यबाट म सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधि प्राप्तिको निमित्त आवश्यक मूल्याङ्कनको लागि सिफारिस गरेको छु ।

विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रि.वि.वि., कीर्तिपुर

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकायको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, चौथो सेमिष्टर चौथौपत्र अन्तर्गत शोधपत्र अनिवार्य व्यवस्था अनुसार यो गौतम कुलपूजाका सांस्कृतिकपक्षहरूकोशोधपत्र तयार पारिएको हो । अहिलेसम्म गौतमहरूको कुल पूजाको विषयमा अध्ययन तथा अनुसन्धान नभएकोले यो विषय छनोट गरेको छु ।

गौतम कुलपूजाका सांस्कृतिक पक्षहरूकोविषयमा शोधपत्र अध्ययनको लागि स्विकृति प्रदान गर्नु हुने सम्बन्धित विभागीय प्रमुख प्रा.डा. सोम प्रसाद खतिवडा एवम्  सरोकार राख्ने आदरणीय गुरु प्रा.डा. मदन कुमार रिमाल, आन्तरिक मूल्याङ्कन गर्नुहुने डा टीना मानन्धर लगायत नेपाली इतिहास,  संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग परिवारप्रति आभार व्यक्त गर्नु मेरो पहिलो कर्तव्य ठानेको छु । वाह्य मूल्याङ्कन गर्नुहुने प्रा. डा. टीका गौतमप्रति आभार व्यक्त गर्दछु ।  बाग्लुङ जिल्लाको  बरेङ गाँउपालिकाका गौतमहरुको कुल देवताको पूजा सम्वन्धी आवश्यक तथ्याङ्क उपलब्ध गराइदिनु हुने स्थानीय डीलाराम शर्मा, गंगाराम शर्मा, टीकाराम शर्मा लगायत सल्यान गा.वि.स.का भूतपूर्व सचिव तम बहादुर खत्री, सल्यान सुखौरा मा.वि.का भूतपूर्व  प्र.अ.हरिकृष्ण शर्मा, दुर्गाप्रसाद गौतम, उदयउच्च मा.वि.शान्तिपुर, गुल्मीका भूतपूर्व प्र.अ. इन्द्रसिंह खत्री र उदयउच्च मा.वि.शान्तिपुर, गुल्मीका भूतपूर्व शिक्षक थानेश्वर गौतम महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

गौतमहरूको कुल पूजाको लिखित दस्तावेज भई जीवन्त राख्न  मेरो यो शोधपत्र कोशेढुङ्गा सावित हुने आशा गरेको छु । वास्तकमा यस्ता लिखित दस्तवेजको  ज्ञानले अनुसन्धानको लागि दिगोरुपमा आवश्यक कडीकोरुपमा प्रस्तुतभई हाम्रो पुर्खाको अमूर्त सांस्कृतिक सम्पदालाई सधैंभर जीवित राख्न मद्दत पुऱ्याउनेछ । अन्तमा स्थलगत भ्रमणमा विवरण उपलब्ध गराई सहयोग गर्नु हुने मेरा शुभ चिन्तकहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्नु मेरो दायित्व हो । आगामी दिनमा शुभ चिन्तकहरूबाट आवश्यक  सहयोग, सुझाव तथा सल्लाहको अपेक्षा राख्दछु ।

गंगाधर शर्मा

दिनाङ्क :

२०७९।०३।२

**शोधसार**

बाग्लुङ जिल्लाको बरेङ गाँउपालिकामा धुल्लुबाँस्कोट, हुग्दिसीर, बाटाकाचौर, सल्यान र सुखौरा पर्दछन् । धुल्लुबाँस्कोट र हुग्दिसीरमा गौतमहरूको बस्ती छैन । बाटाकाचौर, सल्यान र सुखौरामा गौतमहरूको बसोबास छ । यस अध्ययनले बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाको बाटाकाचौर, सल्यान र सुखौरामा बसोबास गर्ने गौतमको कुल पूजाको परम्परागत तौरतरीका कस्तो छ । अहिले कुल पूजामा के कस्तो परिवर्तन आएको छ र परिवर्तन आउनुका कारण के के हुन् भन्ने कुरालाई प्रष्टाउने प्रयास गरिएको छ । अध्ययनको शिलशिलामा कुल पूजा र बलि प्रथाको इतिहास, नेपाली समाजमा मष्टो पूजा तथा उपसना, अत्रि वंशको उत्पति, शिक्षादिक्षा, गोत्र र थरको चिनारी, अत्रि वंशको सिञ्जामा प्रवेश र विस्तार, गौतमको जनजीवन, गौतमको धार्मिक तथा सांस्कृतिक परम्परालाई पृष्ठभूमि बनाइएको छ । यिनै विषयवस्तुको सेरोफेरोमा रहेर गौतमहरुका कुल पूजाका पक्षहरु अध्ययन गरिएको हो ।

यो शोधपत्रको सङ्गठनलाई आठ अध्यायमा विभाजन गरिएको छ । अध्याय विभाजनअनुसार पहिलोमा शोधपत्रको परिचय, अध्याय दोस्रोमा अध्ययन विधि, तेस्रो अध्यायमा वरेङ गाउँपालिकाको परिचय, अध्याय चौथोमा गौतमहरूको धार्मिक तथा सांस्कृतिक परम्परा, पाँचौ अध्यायमा कुल पूजा र बलि प्रथाको इतिहास, अध्याय छैटौमा अत्रि वंशको इतिहास, अध्याय सातौमा गौतमहरूको कुल पूजामा बलि प्रथा र अन्तिम अध्याय आठौमा सारांश, अध्ययनबाट प्राप्त तथ्य र निष्कर्ष विषयमा चर्चा गरिएको छ । साथै यस अध्ययनमा सन्दर्भग्रन्थ सूची एवम् सातवटा परिशिष्ट रहेका छन् ।

नेपालको अलगअलग ठाउँमा गरिने गौतमको कुल पूजाले आफ्नै परम्परा र संस्कृतिको इतिहास भएको यस विषयमा अहिले सम्म पनि अध्ययन अनुसन्धान भएको थिएन । त्यसैले एउटा नमूनाको रुपमा बरेङ गाउँपालिकाको गौतमहरुको परम्परागत रुपमा चलि आएको कुल पूजाको समीक्षा गर्दै वर्तमान समयमा यसको यथार्थ पहिल्यानको लागि कुल पूजा सङ्कलन, सूचिकरण र विश्लेषण गर्नुपर्ने देखिन्छ । प्रस्तुत अध्ययनका कुल पूजा र बलि प्रथाको सुरुवात कहिले भयो ?बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बस्ने गौतमहरूको परम्परागत कुल पूजाको तौरतरिका, विधि, पक्रिया, संरक्षण कस्तो छ ?गौतमहरूको परम्परागत कुल पूजामा आएका परिवर्तन र पक्रिया कस्ता छन् ? समस्याहरू पहिचान गरी उत्तर खोज्ने प्रयास गरिएको हो ।

कुल पूजा र बलि प्रथाको सुरुवात सम्वन्धी जानकारी लिई गौतमहरुको कुल पूजाको परम्परागत तौरतरिका र अहिले आएका परिवर्तन पक्षहरु पत्ता लगाउने विषयमा यस अध्ययन केन्द्रित रहेको थियो । यस अध्ययनको मुख्य उद्देश्य कुल पूजा र बलि प्रथाको इतिहास अध्ययन गर्ने, बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा गौतमहरुको कुल पूजाको इतिहास, तौरतरिका, पूजा विधि र संरक्षणसम्वन्धी  खोजतलास गर्ने, बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा गौतमहरुको परम्परागत कुल पूजामा आएका परिवर्तन र पक्रिया खोजी गर्ने रहेको थियो ।

अध्ययनको कममा स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, पुजारीसँग छलफल, प्रश्नावली प्रयोगबाट प्राथमिक तथ्याङ्क तथा वंशावली सहित विभिन्न लिखित दस्तावेजबाट द्धितीयक तथ्याङ्क लिइएको हो । प्राप्त भएका सबै तथ्याङ्कहरुको समीक्षा  गर्दै तुलनान्तक अध्ययन गरेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

अत्रि ऋषिका सन्तति ऋतुपुरुषलाई प्रथम पुस्ता मान्दै आएको पाइन्छ । यिनी पछिका आठौ पुस्ता काशीदास भारतको कन्यौजबाट १३ औ शताब्दीमा जुम्लाको सिञ्जा आई बसोबास गरेका थिए । काशीदासका माहिला नाति कपडी (काब्रु) सिञ्जाका शासक नरेशले गोतमाकोट बिर्ता दिई पठाए । पुस्ता क्रम वित्दै जादा २९ पुस्ताका लक्ष्मीदासका चार भाई छोरा थिए  । चारभाई छोरामध्ये कान्छा श्रीधर गोतामकोटबाट अर्घखाची जिल्लाको खिदिम आएर बसेको देखिन्छ ।  श्रीधरका ३१ पुस्ताका नाति मध्येका श्रीधर दास बाग्लुङ जिल्लाको  गल्कोट (गल्याङ) आएर बसोबास गर्न  थाले । ३४ औ पुस्ताका  पितु गोतामेका तीन भाई छोरा मध्ये माइला ३५ औ पुस्ताका गोविन्द गौतम गल्कोटबाट पूर्वतर्फ लागी सल्यानमा आई बस्न थाले । यिनैका सन्तान सल्यान र  सुखौरमा फैलिएका छन् । गल्कोटकै सन्तान बाटकाचौरमा पनि फैलिएका छन् ।  यिनै गौतमहरुको कुलपूजाको पक्षको बारेमा अध्ययन तथा अनुसन्धान गरिएको हो । बरेङ गाउँपालिका र त्यहाँबाट बसाइँ सरेर स्थापना भएका कुलपूजा स्थलको समेत अध्ययन गरिएको छ ।

वरेङ गाँउपालिका सल्यानमा बस्ने गौतमहरुको  कूल पूजाको विषयमा अध्ययन गर्दा एउटा कुल पूजा स्थलबाट १७ वटा कुल पूजा स्थल विस्तार भएका छन् । बाटाकाचौरमा पदमफुल र लिग्दीमा कुलपूजा थान थिए । पदमफुलमा कुल पूजा गर्न छोडिसकेका छन्  । लिग्दीमा भने कुल पूजा गर्दै आएका छन् । सुखौराको कुल पूजा थानमा

पूजा हुँदै आएको छ । सुखौराबाट पनि एकवटा कुल पूजा स्थल विस्तार भएको पाइन्छ । बसाइँ सराई, आपसमा मतभेद, सामाजिक विकृतिले कुल पूजामा परिवर्तन आएको देखिन्छ ।

कुलपूजा संस्कृतिको पहिलो उत्पादक र उपभोक्ता सम्बन्धित गौतमसमुदाय नै हुन् । त्यसको संरक्षणको पहिलो दायित्व र जिम्मेवारी पनि उनीहरूकै हो ।

प्रस्तुत अध्ययनबाट कुल पूजा परम्परा र बलि प्रथाको इतिहास लामो रहेको थाहा हुन आएको छ । बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाका गौतमहरुको कुल पूजाको इतिहास, तौरतरिका, पूजा विधि र संरक्षण आफ्नै प्रकारको रहेको स्पष्ट भएको छ । बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाका गौतमहरूको कुल पूजा परम्परामा निकै परिवर्तन आएको छ र आएका परिवर्तनको बारेमा विवरण प्राप्त भएको छ ।

यसरी प्रस्तुत अध्ययनबाट कुल पूजा र बलि प्रथाको थालनी सम्वन्धी जानकारी प्राप्त भएको छ भने अर्कोतर्फ गौतमहरुको कुल पूजाको परम्परागत तौरतरिका र अहिले आएका परिवर्तन पक्षको विवरण प्राप्त भएको छ । अहिलेसम्म खोजतलास नभएको गौतमको कुल पूजाको विषयमा दस्तावेज तयार भएको छ ।

मानिसले जब देवीदेवता जान्न र पुज्न थाल्यो, त्यतिखेर देखि नै कुल पूजाको सुरुवात भएको पाइन्छ । नेपाली समाजमा कुल देवताको पूजा एवम् देवाली गर्ने परिपाटी अनादिकालदेखि नै अविछिन्नरूपमा लोकपरम्पराको रुपमा चल्दै आएको देखिन्छ । खसआर्य संस्कृति अनुसार प्रत्येक जाति र गोत्र अनुसार कुल देवता मान्ने र पूजा गर्ने चलन रही आएको छ । कतिपय चलन प्रचलित धर्मशास्त्र अनुसारकै हुन्छन् भने केही कुल परम्पराले आफ्नै अगालेका खास आफ्नै किसिमको रहेको पाइन्छ ।

प्राचीनकालमा राजा महाराजका यज्ञमा बलि दिने गरेकोले खशआर्यमा बलिप्रथाको सुरुवात त्यतिखेरै भएको हो । त्यतिखेर सिकेको परम्परा अहिले पनि निरन्तर रुपमा चलेको छ । तथापी बलि प्रथाका विरोधका आवाज पनि उठेको देखिन्छ ।

गौतमहरु वि.स. १८१९ को आसपासमा बरेङको सल्यान आई बसेको देखिन्छ । त्यतिखेर देखि बराह मष्टलाई कुलदेवताको रुपमा अहिलेसम्म पुज्दै आएका छन् । बाखाका पाठाको रक्त भोग दिएर कुल पूजा गरेको देखिन्छ । कुल पूजामा दियो वाल्न न्यौपाने बोलाउने, भाइवन्धु भेलाभई मूलघरबाट दियो निकाल्ने, एकै ठाउँमा पूजा गर्ने, बाखाको सेतो पाठो बलि दिने, पाँच वर्ष पुगेपछि मंसिर महिनाको विवाहको लगनका दिन पूजा गर्ने जस्ता आफ्नै मौलिक संस्कृति रहेको पाइन्छ । तर पछिल्लो कालखण्डमा आएर

यस्ता मौलिक संस्कृति लोपहुँदै जानथालेको देखिन्छ । सामाजिक वेथिति, आपसमा मनमुटाव, अरुकोदेखासिकी र बसाइँसराई जस्ता कारणले मौलिक संस्कृति गुम्न पुगेको छ। कुल पूजामा भएका सकारात्मक मौलिक संस्कृतिको जर्गेना गर्नुपर्दछ। मौलिकपन गुम्यो भने फेरी स्थापित गर्न गाह्रो हुन्छ।

समय अनुसार हरेक कुरा परिवर्तनशिल छन् । समाजमा चलि आएका सकारात्मक पक्षलाई निरन्तरता दिदै नकारात्मक पक्षलाई परित्याग गर्नु पर्दछ । हाम्रो समाजमा कुल पूजामा बलि दिने प्रथा कायम छ । कुल पूजा मात्र होइन अन्य पूजामा पनि बलि दिने गरिन्छ ।समाजमा जरा गाडेकोबलि प्रथा नकारात्मक पक्ष हो ।  यी नकारात्मक पक्षहरू हटाउन सकेमा हाम्रो समाज सुखी र समृद्ध बन्न सक्छ।

## विषय सूची

क. कृतज्ञता क

ख. शोधसार ख

ग. विषय सूची च

**अध्याय एक**

**अनुसन्धानको परिचय** १-१८

१.१पृष्ठभूभि १

१.२ पूर्व साहित्य श्रोतको समिक्षा ६

१.३ समस्याको कथन ११

१.४ उद्देश्य १३

१.५ अध्ययनको महत्व  तथा औचित्य १४

१.६ अध्ययनको क्षेत्र तथा सीमा १७

१.७ अध्ययनको सङ्गठन १८

**अध्याय दुई**

**ध्ययन विधि** १९-२६

२.१ अध्ययन विधिको परिचय १९

२.२ प्राथमिक तथ्याङ्क सङ्कलन विधि २०

२.३ द्वितीयक तथ्याङ्क सङ्कलन विधि २३

२.४ वंशावली अध्ययन विधि २४

२.५ तुलनात्मक अध्ययन २६

**अध्याय तीन**

**बरेङ गाँउपालिकाको परिचय** २७-३७

३.१  सङ्क्षिप्त परिचय २७

३.२ स्थाापना र नामकरण २८

३.३ संस्कृति, कला, भाषा र साहित्य २९

३.४ धर्म, भेषभूषा तथा चालचलन ३०

**३.५**परम्परागत कुल पूजा र बलि प्रथा ३४

३.६ जनसाङ्खिक विवरण ३६-३७

३.६.१ जनसंख्याको विवरण ३६

३.६.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३७

३.७वस्ती विकासको स्वरुप ३७

३.८ आर्थिक क्षेत्र तथा रोजगार स्थिति ३९

**अध्याय चार**

**बरेङका गौतमहरूको धार्मिक तथा सांस्कृतिक परम्परा ४१-५७**

४.१ सङ्क्षिप्त परिचय ४१

४.२ धार्मिक परम्परा ४३

४.२.१ वर्ष चक्रका चाडपर्व ४५

४.३ सांस्कृतिक परम्परा

४.३.१ व्यवहारिक आदर्श मानववादी लोकपरम्परा ४६

४.३.२ शास्त्रनुसारका परम्परा ४९

**अध्याय पाँच**

**कुल पूजा र बलि प्रथा ५८-७९**

५.१ कुल पूजाको परिचय ५८

५.२ बलि प्रथाको इतिहास ६१

५.३ नेपाली समाजमा मष्ट पूजा७२

**अध्याय छ**

**अत्रि/गौतम वंशको इतिहास ८०-११३**

६.१ उत्पतिको चरण/अत्रि वंशको उत्पति ८०

६.२ गुरुकुल शिक्षा पद्धति ९०

६.३ गोत्र र थरको चिनारी ९७

६.४ जुम्लाको सिञ्जामा अत्रि वंशको प्रवेश र विस्तार १०४

६.५ गौतमहरूको जनजीवन ११०

**अध्याय सात**

| | |
|---|---|
| **गौतमहरूको कुल पूजामा बलि प्रथा** | **११४-१९१** |
| ७.१ बरेङ गाँउपालिकाका गौतमहरूको सक्षिप्त परिचय | ११४ |
| ७.२ कुल पूजा स्थल | १२७ |
| ७.२.१ सल्यान १२७ | |
| ७.२.२ बाटाकाचौर | १६७ |
| ७.२.३ सुखौरा | १६९ |
| ७.३ कुल पूजाको विधि तथा पक्रिया | १७३ |
| ७.४ कुल पूजामा आएका परिवर्तन | १८३ |
| ७.५ कुल पूजा संरक्षणमा स्थानीयहरूको भूमिका | १८९ |

**अध्याय आठ**

| | |
|---|---|
| **सारांश, अध्यनबाट प्राप्त तथ्य र निष्कर्ष** | **१९२-१९९** |
| ८.२ सारांश | १९२ |
| ८.२ अध्यनबाट प्राप्त तथ्य | १९७ |
| ८.३ निष्कर्ष | १९७ |
| **परिशिष्टहरु** | **२००-२४१** |
| **परिशिष्ट एक** | |
| बरेङ गाँउपालिकाको नक्शा | २०० |
| **परिशिष्ट दुई** | |
| गोत्र अनुसारका प्रवर | २०१ |
| **परिशिष्ट तीन** | |
| गोत्र अनुसारका थर | २०५ |
| **परिशिष्ट चार** | |
| स्थान, मानवपदवी र कार्य अनुसारका थर | २०८ |
| **परिशिष्ट पाँच** | |
| अनुसन्धानमा सोधिएका प्रश्नावली | २१४ |

**परिशिष्ट    छ**

सूचनाका मुख्य स्रोत व्यक्तिहरूको विवरण    २१६

**परिशिष्ट सात**

कुल पूजाको सङ्कलित तस्विर, स्थल र मन्दिर    २१८-२३९

**सन्दर्भग्रन्थ सूची२४०-२४१**

# अध्याय एक

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

ऋषिमुनिबाट कुलको उत्पति भएको हो । कुल भनेको वंश हो । कुल आफ्नो वंशमा मालिकको रुपमा रहेको हुन्छ । चन्द्र, सूर्य र पृथ्वी रहीरहँदासम्म कुल देवता रही रहन्छन् । कुनै पनि वंशमा कुल देवता सबैभन्दा भन्दा ठूला देवता हुन् । कुलमा अपार शक्ति हुन्छ । कुल रिसाएमा वंशमा अनिष्ट हुन्छ । कुल देवतालाई सधै खुसी राख्नु पर्दछ । कुल पूजा कतै पाँच वर्ष, कहीं तीन वर्ष, कतै एक वर्ष र कतैकतै दैनिक नित्य पूजा पनि हुने गरेको पाइन्छ । एउटै जातिमा पनि फरक फरक वर्षको अन्तरमा पूजा हुने गरेको छ । हरेक जातिलेआफ्नो धर्म र संस्कृति अनुसार कुल देवता मान्ने गरेका छन् । त्यस्तै गौतमहरूले पनि आफ्नो धर्म र संस्कृति अनुसार कुल देवताको पूजा गर्दै आएका छन्  ।

कुल पूजा परम्परा देखि मान्दैआएको एक किसिमको संस्कृति हो । यस्ता संस्कृति सम्वन्धी विश्वमा धेरै अध्ययन-अनुसन्धानहरू हुँदै आइरहेकाछन्। नेपालमा नेपाल एकिकरण पछि विदेशी र वि.स.२००७ साल पछि स्वदेशी विद्वान्हरूले यस क्षेत्रमा सोधखोज गर्दै आएको इतिहास छ । यस क्षेत्रको अध्ययन-अनुसन्धान गर्ने क्रम निरन्तर वृद्धि हुँदै गएको छ । यद्यपि संसारमा संस्कृतिको अध्ययन अनुसन्धान भन्नासाथ मूर्त पक्षको विश्लेषण गर्ने प्रवृति र परिपाटीलाई बुझ्ने गरिन्छ । हिजोआज यो परम्परा धेरै विकास भएको छ । अमूर्त सांस्कृतिक सम्पदाहरूको त्यति धेरै अध्ययन-अनुसन्धान हुन सकेको देखिँदैन । सही अर्थमा अध्ययन-अनुसन्धानका दृष्टिले मूर्तलाई भन्दा अमूर्त सांस्कृतिक पक्षलाई बढी ध्यान दिनु पर्दछ । मूर्त सम्पदा धेरै कालसम्म रहन सक्दछन् । त्यस्ता सम्पदाहरूको चित्र सङ्कलन गरी राख्न सकिन्छ, मर्मत सम्भार गर्न सकिन्छ । अमूर्त सांस्कृतिक सम्पदा हस्तान्तरणमा आधारित छन् । कुल पूजा एक किसिमको अमूर्त सांस्कृतिक सम्पदा हो । यस्ता अमूर्त सम्पदा लोप भए भने त्यसलाई पुर्नजीवन दिन कठिन हुन्छ । त्यस्ता सम्पदाहरूको इतिहास हराउँछ, परम्परा बिलाउँछ । समग्रमा त्यस्ता सम्पदा मासिए, नासिए, हराए, लोप भए भने राष्ट्रले त्यसबाट पाउने पहिचान र सम्मान पूर्णरूपमा गुमाउँनु पर्ने हुन्छ । त्यसैले एउटा लिखित दस्तावेजका रूपमा बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्ने गौतमहरूको कुल पूजाको पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण र विश्लेषण गर्ने उद्देश्यले अनुसन्धान गरीयो शोधपत्र तयार गरिएको  हो ।

नेपालमा जातपात प्रथा पहिले देखि चलिआएकोपरम्परागत प्रणालि हो। परम्परागत प्रणालि व्यवस्थाले व्यापकरूपमा शास्त्रीय हिन्दू चतुर्वर्णाश्रम मोडेललाई लिएको छ जसमा चार व्यापक सामाजिक वर्ग वा वर्णहरू छन् । तिनीहरूब्राह्मण, क्षेत्री, वैश्य र शुद्र हुन् । परस्परागत रुपमा बाहुन, क्षेत्री (खश क्षेत्री) सँगसँगै खश समुदायका थिए । सम्भवत खश मल्ल राज्यको राजनीतिक शक्तिका कारण खश बाहुन र खश राजपूत (क्षेत्री) को वर्तमान पश्चिम नेपालका आदिवासी सादा ब्राह्मण र राजपूतको रुपमा उच्च सामाजिक स्थिति थियो । क्षेत्रीसँगै माथिल्लो वर्गका खश समूहका रुपमा मानिने बाहुनहरू प्रायः गोरखा राज्यसँग सम्वन्धित थिए । बाहुनहरू बसोबासका आधारमा दुई कुलमा विभाजित थिए । महाकाली नदीको पूर्वमा बस्नेलाई पूर्विया बाहुनर नदीको पश्चिममा बस्नेलाई कुमाई बाहुन भनेर चिनिन्थ्यो(*डब्लुडब्लु डट गुगल कास्ट सिस्टक इन नेपाल*) । कुमाई वा कुमाइन प्रत्यक्ष व्युत्पन्न छ कुमाओनी बसोबास अर्थ कुमाउ हुन्छ । बाहुनका केही पारिवारिक नाममा अधिकारी, अर्याल, ओझा, उप्रेती, कँडेल, कोइरला, खनाल, खतिवडा, खरेल, गैरे, गौतम, घिमिरे, चापागाईं,ढकाल, ढुङ्गाना, तिवारी,तिमिल्सिना, थपलिया, देवकोटा, दाहाल, दुलाल, धिताल, धरेल, नेपाल, निरौला, न्यौपाने, पाठक, पराजुली, पहारी, पन्त, पाण्डे, पोखरेल, पौड्याल, प्याकुरेल, बस्याल, बराल, बाँस्ताकोटी, बाँस्तोला, भट्ट, भट्टराई, भण्डारी, मरासैनी, मिश्र, रिजाल, रिमाल, रेग्मी, लम्साल, विष्ट, वाग्ले,सप्तकोटा, सिलवाल, सुवेदी, सेढाई, सिग्देल, त्रिपाठी, ज्ञवालीआदि पर्दछन् । कुल पूजा यिनै ब्राह्मण, क्षेत्री लगायत अन्य जातिले गर्दै आएको अमूर्त सांस्कृतिक सम्पदा हो । यिनीहरूले आफ्ना पुर्खाले गरेको परम्परानुसार कुल पूजा गर्दै आएको पाइन्छ ।

मानिसको स्वभाव सात्विक, राजसिक र तामासिक गरी तीन प्रकारकोहुन्छ । यी मध्येजुन प्रकारको स्वभाव प्रधान हुन्छ तद्अनुसारका चेष्टा कर्म, देवताहरूप्रति आस्था, पूजन, खानपन, आचार हुने कुरा गीतामा पनि चर्चा गरिएको विषय हो । ब्राह्मणहरूको आचरण सात्विक प्रधान भएकोले हिंसारहित यज्ञ गर्दथे । तर ब्राह्मणहरूले राजा महाराजाका ठूला यज्ञहरूमा हिंसा प्रधान यज्ञ पनि गराउँथे । गौतम बुद्ध जन्मनुभन्दा अगाडि यी हिंसा प्रधान यज्ञहरू सोमपान तथा ब्राह्मणका आचरणले गर्दा त्यतिखेरको समाजमा केही विकृति र विचलन आयो । फलस्वरुप बुद्धको अहिंसावाद, मध्यमार्ग शब्द र प्रमाणभन्दा पनि तर्कशिल कुरा मान्न दर्शनले ठूलो हलचल ल्यायो *(शर्मा गौतम, वि.स.२०७४,पृ.१६०)* वैदिक ब्राह्मण वादको नराम्रसँग खण्डन हुन पुग्यो ।वैदिक ब्राह्मणहरू पनि गौतमका पूर्वज

हुन् । त्यतिबेला सिकेको बलि प्रथाले निरन्तरता पाई अहिले पनि गौतमहरूमा बलि प्रथाको विश्वास रही आएको छ। वर्तमान समयमापनि बलि प्रथा गर्दै आएका छन् ।

कुल देवता दुई शब्दबाट प्युत्पन्न भएको हो : जसले  कुल र देवता अर्थात देवता विशेष र विशेष कुलहरूमा पूजा गर्ने देवताहरूलाई जनाउँछ ।  देवता पुरूष, महिला, पशु वा कुनै वस्तु पनि हुन सक्छ। पवित्र ढुङ्गालाई पनि कुल देवताको रुपमा विश्वासकासाथ पूजा गरी आएको पाइन्छ। पवित्र ढुङ्गा जस्तै यो विश्वास गरिन्छ छ। कुल देवता/कुलदेवी मन्दिरमा गरिएको अनुष्ठानले अनुष्ठान गर्ने व्यक्तिसँग आनुवंशिक रुपमा जोडिएको सबैलाई फाइदा हुन्छ । हिन्दू परिवारले विवाह, ब्रतबन्ध जस्ता शुभ अवसर पछि कुल देवता/कुल देवीको मन्दिर गई आशिर्वाद माग्ने गर्दछन्। हिन्दू तथा जैन धर्मका विभिन्न सम्प्रदायहरूमा पनि कुल देवताको पूजा गर्ने  गरिन्छ।

महाराष्ट्र भारतमा शिवको अभिव्यक्ति स्वरुप खंडोवा वा भवानी जस्ता शक्ति स्वरुप कुल देवतालाई पूजा गर्दे आएको पाइन्छ ।भारतीय विद्वान जेयस्टोरकाअनुसारभारतको गुजरात र राजस्थान राज्यहरूमा शिवकी पत्नी पार्वतीको विभिन्न स्वरुपको रुपमा कुल पूजा गर्दै आएका छन्। उहाँको अनुसार भारतीय राजा कोबरा (नाग) पनि एक प्रसिद्ध कुल देवता हुन् । त्यहाँ नागदेवता र नागबाजी जस्ता धेरै नामले पुकार गरी हिन्दू, जैन र क्षेत्रीय कुलहरूमा पूजा गरिन्छ । केही क्षेत्रीयहरूले त आफूलाई नागको वंश भएको दावी समेत गर्दछन् । श्रीलंकामा रहेका तामिल हिन्दूहरूका देवी नयनाई नागपसानी, भगवान नल्लुर मुरुगन र अधिक तिनीहरूका कुल देवता हुन्। दक्षिण भारतको तिरुपतीको  बालाजी मुख्य कुल देवता मध्ये एक हुन । भारतको केरलामा नंबुदियस र नायरहरु सबैको  आफ्नै परिवारको लागि आफ्नै पारिवारिक देवताहरू छन्। त्यस्ता देवताहरु छन् जसले पृतकाल देखि आफनो परिवारको रक्षा गर्दे आएका छन्। ब्राह्मणहरूका लागि  कुल देवता ती हुन जसलाई तिनीहरूका पुर्खाले उपसना गरेका थिए । उपसना (जीवनभर समर्पित पूजा) एभ्रवा र नायरको लागि यो नम्बुसदिरिस ब्राह्मणहरूको जस्तो पूर्ण रुपमा समर्पित उपसना होइन तर तिनीहरूले आफ्नो सम्पूर्ण जीवनको लागि कुल देवताको पूजा गर्दछन् । तिनीहरूले आफ्नो परिसरमा कुल देवताहरूको लागि मन्दिर निमार्ण गर्ने गर्दछन् । भाडामा ब्राह्मणहरूलाई बोलाई पूजा गर्दछन्। आन्ध्रा प्रदेशमा देवी वासुकी कन्यकपरमेश्वरी आर्य बैश्य समुदायको कुल देवी हुन्। धेरै ब्राह्मण अयरहरू र मारावर र भेलाहरूको लागि तमिलनाडमा देवी कामाक्षी, देवी रेणुकाम्बा र भगवान मुरुगा एन लगायतका अन्य धेरै

परिवारिक देवताहरू छन् । देवी भ्रदकाली नाडहरूको देवी हुन् । अधिकांस नाडहरू वस्तीहरूमा भ्रदकालीको मन्दिर रहेको छ । बहुसंख्यक चेट्टियार र वेल्लारहरूको लागि अंगलापरमेश्वरी देवी हुन् । ब्राह्मण अयंगाहरू र नायडका लागि भगवान नरसिमा हुन् । भारतको गोवा, कर्नाटक र काँकणी सारस्वत, दैवज्ञ काँकणी खावीहरूका ब्राह्मण र क्षेत्रीहरूमा कुल देवताको पूजा प्रख्यात छ ।  अधिकांस कुल देवताको मन्दिहरू गोवा, शान्तदुर्गा, महालक्ष्मी, नागेश र रामनाथमा पाइन्छ । कुल देवताहरूले सारस्वत ब्राह्मण, दैवज्ञे ब्राह्मण कोकणी खार्वहरूमा धेरै पवित्र भूमिका खेल्दछन्यसले इष्टदेवताको भूमिकालाई समेत प्रतिस्थापन  गर्न सक्छन् *(वि. जेयस्टोर,सन् २०२०, पृ.१)*

महर्षी अत्रि र अनुसूयाका तीन पुत्र थिए । तिनीहरू (१) दत्तात्रय (२) दुर्बासा (३) सोम (चन्द्रमा) हुन् । दत्तात्रय र दुर्बासाले विवाह नगरेकाले सन्तान थिएनन् । सोम (चन्द्रमा) ले  विवाह गरेका थिए । जसका थुप्रै सन्तान भए, गौतमहरू पनि सोमका सन्तान हुन् । यही सोम वंशमा विश्वामित्र जस्ता राजर्षी तथा भरत, गाँधी, युधिष्ठर जस्ता पुराण प्रसिद्ध राजा जन्मेका थिए (*शर्मा गौतम, वि.स.२०७४, पृ.१०)* । सोम पछिका सन्तानहरूको विवरण क्रमशः पाउन सकिएको छैन । तर ऋृतु भद्र पुरुषलाई मूल पुस्ताको रुपमा राखी उनलाई प्रथम पुस्ता मानिएको छ । गौतम वंशका अनुसन्धानकर्ता भवानीप्रसाद गौतमका अनुसार ऋृतुभद्रका सन्तति पहिलो, द्रोसो, तेस्रो, चौथो, पाँचौ, छौटौ, सातौ र आठौ पुस्ताका क्रमशःअमुक, गोपालभद्र, व्यासभद्र, बिकुभद्र, कुशिकभद्र, जयन्द्र र काशीदास हुन् । जयन्द्रका छोरा आठौ पुस्ता काशीदास भारतको कन्यौजबाट जुम्लाको सिञ्जा आई बसोबास गरेका थिए। काशीदास सम्मका पुस्ताविभिन्न थरमा विभाजन नभई अत्रि थरमा मात्र चलेको पाइन्छ । काशीदासका एघारौ पुस्ताकासन्तान निम्बुकका बाहुनी पट्टिका पुत्रहरूले सिञ्जाका खश आर्य राजाबाट उनका राज्यका विभिन्न ठाउँमाबिर्ता पाएका थिए । निम्बुकका चारभाइ छोरामध्ये जेठा गोलास्य सिञ्जामै राजगुरू भई बसेछन् । माइला कापडि (काब्रु) लाई सिञ्जाका सम्राटले गोताम भन्ने ठाउँमा बिर्ता दिई पठाए । साहिला सिंगरुलाई रारा दहको निकास खत्याड खोलामा बिर्ता दिइ पठाए भने कान्छा केदारलाई लेब्रम भन्ने ठाउँमा बिर्ता दिई पठाइयो । पछि यिनै चारभाइका सन्तानहरू क्रमशःगोतामे, खतिवडा, मिश्र र ओस्ती भनिन थाले*(शर्मा गौतम, वि.स.२०७४, पृ.११)* बिर्ता पाएको ठाउँमा गई बसोबास गर्न थालेपछि ठाउँको नामबाट विभिन्न थर कायम भएका छन्।

गौतमथर रुकुम जिल्लाको गोतामकोट स्थानको नाउँबाट रहन गएको हो । त्यस्तै गुल्मी जिल्लाको घमिरबाट घिमिरे र अर्ज्याबाट अर्यालथर कायम भएको पाइन्छ । यस्तै अन्य थरहरू पनि स्थानको नाउँबाट रहन गएका छन् । गौतमथरलाई गोतामे भनेर लेखिने गरेकोमा सुधार गर्दै अहिले आएर गौतम थर लेख्न थालिएको छ । गोतामे र गौतम एउटै थर हो भन्ने बुझ्नु पर्दछ । सिञ्जाबाट कपडी (काबु) गौतम रुकुम जिल्लाको गोतामकोट आईबस्न थाले । उनका सन्तानहरू क्रमशः बसाइँसराई गरी नेपाल अधिराज्यभर मुस्ताङ र मनाङ बाहेक अन्यत्र सबै जिल्लामा छरिएर रहेका छन् । बाग्लुङ जिल्लाकोगल्कोट पनि गौतमहरूको क्रिडास्थल हो । गोविन्द गौतम गल्कोटको गल्याङ्बाट बसाइँ सरेर वरेङ गाउँपालिकामा पर्ने सल्यानको तल्लाथोकमा आई बस्न थालेका थिए । तल्लाथोकको पुरनठाँटीको आसपास उनी बसेको ठाउँ हो । उनका सन्तानहरू सल्यान, सुखौरा लगायत तराईका विभिन्न ठाउँमा फैलिएका छन् । अहिले पनि सल्यानमा उनका सन्तानहरूको बाग्लो उपस्थिती रहेको छ ।

बरेङ गाउँपालिकामा बाग्लुङ जिल्लाका साविकका गा.वि.स.धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा पर्दछन् । धुल्लुबाँस्कोट र हुग्दिशिरमा गौतमहरूको बस्ती छैन । बाटाकाचौर, सल्यान र सुखौरामा गौतमहरूको बसोबास छ । बाटाकाचौर, सल्यान र सुखैरामा गौतमहरूको घरधुरी सङ्ख्याक्रमशः छ, तीन सय पचास र अठार रहेको छ । तराईतिर बसाइँसराइ हुँदा घट्न पुगेको हो । भविश्यमा अझै घट्ने देखिन्छ । वरेङ गाउँपालिकाको नक्शा परिशिष्ट एकमा उल्लेख गरिएको छ ।

कुल पूजा भनेको एक किसिमको अमूर्त सांस्कृतिक सम्पदा हो । पुर्खाले सित्तैमा दिएका यस्ता सम्पदालाई संरक्षण नगर्नु भनेको सम्पदाको महत्व चिन्न, बुझ्न र जान्न नसक्नु हो । सम्पदा नासिए,मासिए र लोप भए भने पुनः प्राप्त गर्न सकिदैन । त्यसैले सम्पदा नासिनबाट जोगाउनु सबै नागरिकको कर्तब्य हो । संस्कृतिको संरक्षण गर्नु विद्यार्थीको दायित्व भित्र पर्ने विषय पनि हो । यस्ता सम्पदा भावी पुस्तामा हस्तान्तरण गर्दै जानु पर्नेहुन्छ । यदि हस्तान्तरण गर्न सकिएन भने नयाँ पिँढिका युवायुवतीलेसम्पदा थियो कि थिएन भनेर प्रश्न उठाउने छन् ?तर प्रस्तुत अध्ययनको माध्यमबाट सम्पदा इतिहासको पानामा जीवित राखिएको छ । तसर्थ नयाँ पिँढिका युवायुवती पनि जानकार भई संरक्षण तर्फ उन्मुख हुनेछन् ।

गौतमहरूका कुल पूजाका विषयमा विभिन्न नयाँ धारणा विकसित भएका छन् । पाँच वर्षको अन्तरलाई हटाइ कम गर्ने र पशु बलिदान दिने प्रथालाई बन्ध गर्ने जस्ता विचारआएका हुन् । न्यौपाने ब्राह्मणकोउपस्थिति विना पनि पूजा गर्न सकिने कुरामा सोच्न थालिएको छ । उनीहरू विना पनि कुल पूजा गर्ने चलन आएको छ ।

विभिन्न जातजातिले आफ्नै कुल पूजा गर्ने गर्दछन् । त्यस्तै गौतमहरूको पनि आफ्नै कुल पूजा छ । यो अध्ययन बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्ने गौतमहरूको कुल पूजा सम्वन्धी गरिएको छ । कुनै पनि ठाउँमा कुल पूजाको अध्ययन भएको थिएन । गौतम वंशावली भने अध्ययन भई प्रकाशित भइसकेका थिए । पहिले केही अध्ययन भई थोरैबहुत जानकारी भएको विषयलाई पूर्णता दिने गरी अध्ययन गरिएको हो । कुल पूजामा आएका परिवर्तन सम्वन्धी गहनरूपमा अध्ययन अनुसन्धान भएको छ ।

## १.२ पूर्व साहित्य समीक्षा

पूर्व साहित्य समीक्षाको अर्थ पहिले खोज भएका विषयको मूल्याङ्कन गर्ने कार्य हो । बेलाबेलामा अनुसन्धान भएका विषयहरू प्रकाशित भएका हुन सक्छन् । त्यस्ता खोजमूलक लेखले अनुसन्धान गर्न लागेको वस्तुको जानकारी दिने भएकोले अनुसन्धानको तेस्रो महत्पूर्ण अंगको रुपमा पूर्व साहित्य समीक्षा पर्दछ । यस अध्ययनमा पनि अनुसन्धानको अवधारण तयार, आधार खोज गर्ने देखि लिएर समस्याको पृष्ठभूमि तयार, परिकल्पनालाई साकार, समस्यालाई परिभाषित गर्नुको साथै अध्ययनमा गरिने त्रुटि कम गर्न आवश्यकता पर्ने भएकोले पूर्व साहित्य समीक्षा गरिएको छ ।

हाम्रो देश सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक र पुरातात्विक क्षेत्रको अध्ययन-अनुसन्धानका दृष्टिले विश्वका अन्य मुलुकभन्दा ऊर्वर भूमि हो । यति हुँदाहुँदै पनि अध्ययन-अनुसन्धानको चलन ज्यादै ढिलो प्रारम्भ भएको हो । वि.सं. २००७ मा प्रजातन्त्र स्थापनाभन्दा अघि नेपालमा विदेशी विद्वान् एवम् अनुसन्धानकर्ताहरूका लागि खुला प्रवेशमा रोक लगाइएको थियो । तत्कालीन राणाशासकले नेपालमा सरकार विरोधी गतिविधिहरू सञ्चालन हुन सक्ने त्रासले स्वदेशी तथा विदेशीहरूका लागि निषेध गरेको स्थिति हो । यद्यपि यस्तो विषम परिस्थितिमा पनि प्राचीन तथा मध्यकालदेखि नै केही तीर्थयात्री, व्यापारी, इसाई पादरीहरू नेपालमा आएको इतिहास भेटिन्छ । यसै सन्दर्भमा चाइनिज यात्री फाइयान, ह्वेनसाङ्ग, वाङ्ग ह्वेनचे, बेलायती पादरीहरू क्रोबर, लोरो, कर्कपेट्रिक, हेमिल्टन आदिलाई लिन सकिन्छ ।

नेपालमा वि.स.२००७ पछि मूर्त तथा अमूर्त संस्कृतिका विषयमा अध्ययन-अनुसन्धान गर्ने परम्परा निकै अघि बढेको देखिन्छ। फलस्वरुप खश जातिको इतिहास, अत्रि वंशको पृष्ठभूमि जस्ता विषय अध्ययन तथा अनुसन्धान भई कृति, ग्रन्थ आदि प्रकाशनमा आएकोले त्यस्ता साहित्य स्रोतको उपयोग गरिएको छ।

विद्धान जेयस्टोरको (सन् २०२०) नोभेम्वर प्रकाशित कुल देवता पुस्तक अनुसन्धानको लागि उपयोगी सामाग्री ठानिएको छ। जसमा कुल देवताको अर्थ र परिभाषा समावेश छ । महाराष्ट्रका केही चर्चित कुल देवता स्थल र मन्दिरको बारेमा उल्लेख गरिएको छ । गौतमहरू पनि त्यतैबाट नेपाल प्रवेश गरेकोले उनीहरूले कुल पूजा गर्ने संस्कार त्यहींबाट सिकेकोले यो पुस्तक पनि सान्दर्भिक भएकोले अध्ययन गरिएको हो ।

उपाध्याय (गौतम) को कुल देवता पूजा पद्धति र तिथि निर्णय संग्रह ग्रन्थ प्रस्तुत अनुसन्धानका लागि निकै उपयोगी भएको छ । कुल देवता पूजा पद्धती विधि विधान र नियम बारे उल्लेख गरिएको छ । अतः कुल देवता पूजासँग सम्बन्धित यो शोधपत्र तयार पार्ने क्रममा उक्त पुस्तकको समीक्षा गरिएको हो ।

शर्मा गौतमको (वि.स.२०७४) गौतम वंशावली ग्रन्थ यस सन्दर्भमा निकै उपयोगी समीक्षा योग्य सामाग्री मानिएको हो । यस पुस्तकले बाग्लुङ जिल्लाको वरेङ गाउँपालिकाका सल्यान र सुखौरामा बस्ने गौतमहरूको पृष्ठभूमि, पुस्ताको विवरण, कुल पूजा स्थल, कुल पूजा गर्ने तौरतरिका र बसाइँसराई बारे विवरण दिने क्षमता राख्दछ । सल्यानका कुल पूजा स्थल सहित तराईमा बिस्तार भएका कुल पूजा स्थलको बारेमाउल्लेख गरिएको छ । चितवन आई बसेका गौतमहरूले पशु बलि नदिई पूजा मात्र गर्ने गरेको विषय समेटिएको छ । यी सन्दर्भले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न ठूलो सहयोग पुऱ्याएको हो । अतः उक्त विषयवस्तुहरू यस अनुसन्धान कार्यका लागि उपयोगी छन् ।

गौतमको (वि.स.२०७०) गौतम वंशावली ग्रन्थ ४८२ पेजको छ । उक्त ग्रन्थमा अत्रि वंश, महर्षि अत्रिको वंश परम्परा तथा गोतामे र गौतमको सम्वन्ध, गौतम वंश उत्पत्तिको स्वरुप, कुल पूजा, वंशावली प्रारम्भ र गौतम (अत्रि) कुलका शीर्ष पुरूषहरू जस्ता विषय चर्चा गरिएकोले अनुसन्धान कार्यमा समीक्षाको आवश्यक सामाग्री बनेको हो ।

गौतमको (वि.स २०६९) को गौतम वंशावली ग्रन्थमा गौतमहरूको पृष्ठभूमि, वंशावली प्रारम्भ, पुस्ताको विवरण, परम्परा, संस्कार, भेषभूषा, मान्दै आएका देवी देवता र

कुल देवताको चर्चा गरिएको छ । त्यसैले कुल पूजाको अनुसन्धान कार्यमा यस पुस्तकले आवश्यक सहयोग पुऱ्याएको छ । अतः यो ग्रन्थ समीक्षाको आवश्यक सामाग्री बनेको हो ।

शर्मा गौतम, गौतम 'पाल्पाली' र गौतम को (वि.स.२०६१) गौतम समाज स्मारिकामा गौतम वंश, गौतमको कुल पूजा, गोतमेहरूको उद्‌गम स्थल र मष्टा बारेमा उल्लेख भएकोले समीक्षाको लागि आवश्यक ठानिएको हो ।

खत्री (वि.स २०७७) खत्री वंशावली पुस्तक ४४ पेजको छ । यस पुस्तकमा खत्री वंशावली भनेर उल्लेख गरिएता पनि  गौतम वंशावली नै हो । सल्यानका खत्री अत्रि गोत्रीय गौतम हुन् । प्रस्तुत ग्रन्थमा गौतमहरूको कुलपूजाको बारेमा उल्लेख भएकोले अनुसन्धानकोलागि प्रयोग गरिएको हो ।

खड्का (वि.स.२०७२) मष्टो संस्कृति र परम्परा ग्रन्थको समीक्षा गरिएको छ । यस पुस्तकले मष्टो संस्कृति, परम्परा, किंवदन्ती, मष्टा उत्पत्तिको कथा, मष्टसँग सम्वन्धित देवताको जानकारी दिन्छ । गौतमका कुल देवता भनेका यिनै मष्ट हुन् । यस अर्थमा यो अनुसन्धान कार्यलाई उक्त पुस्तकले ठूलो सहयोग पुऱ्याएको छ ।

शर्मा गौतमको (वि.स.२०७९) प्रकाशित गौतमहरूको कुल पूजा लेखमा उनीहरूको कुल पूजाको इतिहास सहित १२ मस्ट र उनको भान्जा सँगै रहनुको कारण चर्चा गरिएको छ । अतः कुल पूजाको विषयमा गरिएको यो अनुसन्धान कार्यलाई प्रस्तुत लेखले ठूलो सहयोग पुऱ्याएको छ ।

पार्श्वचित्र (वि.स.२०७५) बरेङ गाउँपालिकाको पनि अध्ययन गरिएको छ । पार्श्वचित्रमा बरेङ गाउँपालिकामा रहेका मठमन्दिर, चाडपर्व, जनसङ्ख्या, भेषभूषा, खानपान, रहनसहन, पेशा व्यवसाय र आम्दानीका स्रोत जस्ता विषयवस्तु समावेश छन् । तसर्थ उल्लेखित विषयवस्तु कुल पूजाको अनुसन्धान गर्ने क्रममा महत्वपूर्ण ठानी समीक्षा गरिएको हो ।

सुवेदी (वि.स.२०६३) सुवेदी वंशावली ग्रन्थमा हिन्दूहरूको संस्कार, प्राचीन शिक्षा पद्धति, गोत्र र प्रवरको परिभाषा, नामकरण, थर रहनुका कारण जस्ता विषयवस्तु समावेश छन् । अनुसन्धानको लागि यस्ता सामाग्रीले सहयोग पुऱ्याएका छन् । अतः यो पुस्तक यस अनुसन्धान कार्यका निम्ति निकै उपयोगी सावित भएको छ ।

पोखरेल (वि.स.२०७५) खश जातिको इतिहास पुस्तक ८५७ पेजको छ । यो पुस्तकमा नेपालमा खश जातिहरूको इतिहास, रहनसहन, धर्म, संस्कार, चाडपर्व र

बसाइँसराइ जस्ता विषय उल्लेख गरिएको छ । खशहरूको समाजमा मष्टो उपसना, थर, गोत्रको बारेमा पनि विवरण दिएको छ । तसर्थ शोधपत्र तयारको लागि यो आवश्यक सामाग्री मानिएको छ ।

दुलाल (वि.स.२०७४) ललितपत्तन क्षेत्रको अमूर्त सांस्कृतिक सम्पदा ग्रन्थमा कुल देवताको  विश्लेषण प्रस्तुत गरिएको छ । कुल पूजाको अध्ययनको लागि यो पुस्तक एक आवश्यक सामाग्री हो । त्यसैले यो ग्रन्थ कुल देवताको विषयमा जानकारी दिने एक महत्वपूर्ण सामाग्री भएकोले समीक्षा गरिएको हो ।

शर्मा गौतम (वि.स.२०५७) अत्रि वंशज बद्रीनाथ गौतम सन्तान धादिङ्ग जीवनपुरे ग्रन्थमा पृष्ठ ३ देखि ५ अत्रि वंशजका पूर्वज र पृष्ठ १५ देखि २७  जीवनपुरे गौतमहरूका आराध्य कुल देवता र पूजा अर्चना उल्लेख गरिएको छ । त्यसैले यो पुस्तक उपयोगी भएकोले अनुसन्धानको लागि प्रयोगमा आएको हो ।

लुइँटेल (वि.स.२०७६) नेपाली थर गोत्रको चिनारी ग्रन्थमा गोत्र र गोत्रको नामवली, प्रवर र प्रवरको नामवली, थर र थर रहनाको कारण विषयलाई समावेश गरिएको छ । तसर्थ शोधपत्र तयारको लागि यो एक आवश्यक सामाग्री मानी उपयोग गरिएको हो ।

पण्डित (वि.स.२०५०) मिश्र वंशावली ग्रन्थमा अत्रि ऋषि उत्पत्ति, कुल देवता पूजा पद्धति बारेमा उल्लेख गरिएको  गरिएको छ ।  त्यसैले यो ग्रन्थ पनि जानकारी दिने एक महत्वपूर्ण सामाग्री भएकोले समीक्षा गरिएको हो ।

चाँपागाईको (वि.स.२०६३) बृहत अत्रि गोत्रीय वंशावली ग्रन्थमा अत्रि गोत्र वंशको उत्पति र पुस्ताहरूको विवरण समावेश गरिएकोले यस पुस्तक उपयोगी भएकोले समीक्षा गरिएको हो ।

गौतमको (वि.स.२०६१) गोतामे वंश परिचय  हाते पुस्तकमा गोतामे वंशको परिचय सहित गोतामेको कुल पूजामा मष्टको पूजा गर्ने विषय समेटिएको छ ।  तसर्थ शोधपत्र तयारको लागि यो एक आवश्यक सामाग्री मानिएको छ ।

पौड्याल (वि.स.२०७८) पौडेल वंशावली ग्रन्थमा सल्यानका पौडेलहरूले सात्विक विधि अपनाएर  कुल पूजा गरेको, अन्य गोत्रीयहरूले बलि प्रथा छोड्दै यस्तै विधि अपनाउदै पूजा गर्ने चलन विकास भएको विषय समय सान्दर्भिक भएकोले समीक्षा गरिएको हो ।

शर्मा गौतमको (वि.स.२०५९) अत्रिवंश-शतक  हाते पुस्तकमा गौतमवन्धुहरूको पुर्ख्यौली विवरण र वंश विस्तार श्लोकमा उल्लेख गरिएको छ । त्यसैले यो ग्रन्थ पनि

गौतमवन्धुहरूको पुर्ख्यौली विवरण र वंश जानकारी दिने एक महत्वपूर्ण सामाग्री भएकोले उपयोग गरिएको हो ।

पन्थीको (वि.स.२०६२) सांस्कृतिक चिन्तन ग्रन्थमा पेज ११९देखि १२४ सम्म प्रायोगिक अहिंसाको बोरमा चर्चा गरिएको छ । साथै बलि प्रथाको अवैदिकता सम्वन्धमा बयान गरिएको छ । तसर्थ यो ग्रन्थ बलि प्रथाको इतिहास बारेमा जनाकारी लिन उपयोगी भएकोले अध्ययन गरिएको छ ।

पाण्डे र रेग्मीको (वि.स.२०५४) नेपालको पौराणिक इतिहास ग्रन्थ १९५ पेजको छ । यस पुस्तकमा नेपालका आदिम निवासीहरूमा कोल निषादहरू (अष्टो-निग्रो मूल) कोलहरूको देन, खश र अन्य तत्समन जात यिनका योगदानको विषयमा पनि उल्लेख गरिएको छ । त्यसैले यो ग्रन्थ पनि जानकारी दिने एक महत्वपूर्ण सामाग्री भएकोले समीक्षा गरिएको हो ।

गौतमको (वि.स.२०७८) विश्वको इतिहासका केही पानाहरू पुस्तकमा पूर्व ऋग्वैदिक र उत्तर ऋग्वैदिक कालमा पशुपालन र बलि प्रथाको बारेमा उल्लेखित विषयवस्तु सान्दर्भिक भएकोले समीक्षा गरिएको हो ।

अधिकारीको (वि.स.२०६१) खश सम्राज्यको इतिहास २४५ पेजको छ । यस पुस्तकमा खश जातिको राज्य व्यवस्था, सामाजिक, धार्मिक, आर्थिक अवस्था जस्ता विषय समावेश गरिएको छ । अत्रि गोत्रीय ब्राह्मण खश शासनकालमा सिञ्जामा प्रवेश गरेका थिए । तसर्थ यो पुस्तक उपयोगी भएकोले अध्ययन गरिएको हो ।

यसरी गौतमहरूको कुल पूजा सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्दा ग्रन्थ, प्रतिवेदन, लेखरचना, बिद्युतीय माध्यममा समावेश गरिएका सामाग्रीहरूको समीक्षा गरिएको छ । द्वितीयक स्रोतको रुपमा साहित्य सामाग्रीहरूको अध्ययन गरिएको हो । प्रथम स्रोत जति भरपर्दो द्वितीयक नहुने भएकोले द्वितीयक स्रोतलाई प्रथम स्रोतको आधार लिएर सत्यमा आधरित कुरा समावेश गरिएको छ । प्रथम स्रोतकर्ताको रुपमा आफ्नै कुल भएकोले तथ्याङ्क विश्लेषण गर्न सजिलो भएको हो ।

अन्तमा गौतम कुल पूजा संस्कृतिसँग सम्बन्धित विविध पक्षका बारेमा लेखिएका ग्रन्थ, प्रतिवेदन, लेख रचना, बिद्युतीय माध्यममा समावेश गरिएका सामाग्रीहरूको समीक्षा भएको छ । कुल पूजाको विषयमा तयार ग्रन्थ, लेखरचना, अनुसन्धान प्रतिवेदन लगायत अन्य सामाग्रीहरू उति धेरै उपलब्ध नहुँदा नहुँदै पनि अध्ययन कार्य सम्पन्न भएको छ । जे जति

प्राप्त भएका छन् ती सामाग्रीहरूले यस सन्दर्भमा केही सूचना भएपनि उपलब्ध गराएका छन् । कुल पूजाको विषयमा जो जस्ले आ-आफ्नो कृति मार्फत योगदान पुऱ्याएका छन्, ती विद्वान्हरूले तयार पारेका स्रोत सामाग्रीहरूमा आफ्नै प्रकारको दृष्टिकोण रहेको छ । कोही कसैले स्वरूपात्मक दृष्टिकोणले यस विषयलाई उठाएका छन् भने कोही कसैले उपलब्धिमूलक दृष्टिकोणबाट हेरेका छन् । कोही विद्वान्हरूले विवरणात्मक त कसैले विश्लेषणात्मक दृष्टिले कुल पूजा संस्कृतिलाई हेरेको देखिन्छ । आफ्ना कृतिहरूमा कुल पूजालाई विश्लेषण गर्ने क्रममा कोही कसैले प्रभावकारी दृष्टिकोण राखेको देखिन्छ । यसबाहेक कोही कसैले ऐतिहासिक दृष्टिकोणबाट कुल पूजालाई हेरेका छन् । कुल पूजालाई हेर्ने सन्दर्भमा कसैले सैद्धान्तिक र कसैले व्यवहारिक दृष्टिकोण पनि राख्ने गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा कुल पूजाको विषयमा जो जस्ले अध्ययन अनुसन्धान सम्पन्न गरेका छन् ती माथिका जुनसुकै दृष्टिकोणसँग सम्बन्धित भए तापनि प्रस्तुत अनुसन्धानको निम्ति समीक्षा गर्न अत्यन्त उपयोगी सामाग्री ठानिएको छ ।

### १.३समस्याको कथन

गौतमहरू लगभग वि.स. १८१९ को आसपासमाबाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्दै आएको देखिन्छ। बसोबास गर्ने क्रममा सल्यानमा पहिला बस्ती बसेको हो । त्यसपछि बाटाकाचौर र सुखौरामा पनि बस्ती रहेको पाइन्छ । बहुसङ्ख्य बस्ती रहेकोले उनीहरूको जमघट स्थल सल्यान बनेको छ । उनीहरूले बसोबास गरेको बेला देखि नै सल्यानको एकै ठाउँमा पूजा गर्दै आएका थिए । सुखौरका गौतमले पछि सुखौरामा थान बनाइ पूजाको थालनी गरेको देखिन्छ । केही सुखौरामा गौतमहरुले भने अहिले पनि सल्यानमा पूजा गर्दै आएका छन् । त्यस्तै बाटाकाचौरका गौतमहरुले आफ्नै तौरतरीकाले बाटकाचौरको दुई ठाउँमा कुल देवताको थान बनाई पूजा गरेको पाइन्छ । बरेङका गौतमहरुको परम्परागत रुपमा चलि आएको  कुल पूजाको समीक्षा गर्दै वर्तमान समयमा यसको यथार्थ पहिल्यान खोज्नु नै यस अध्ययनको प्रमुख समस्या हो । हाल सम्म अध्ययन नभएको यस विषयमा सीमित साधन र स्रोत र समयवधिमा गरिने खोजतलासबाट नेपालका सम्पूर्ण गौतमहरुको कुल पूजाको पक्षको अध्ययन गर्नु संभव छैन । त्यसैले पहिलो प्रयासमा बरेङ गाउँपालिकाका गौतमहरुको कुल पूजाको अध्ययन गर्ने गरी समस्यालाई सीमित पारिएको छ ।

नेपालको अलगअलग ठाउँमा गरिने गौतमको कुल पूजाले आफ्नै परम्परा र संस्कृतिको इतिहास बोकेको छ । त्यसैले गौतमहरुको कुल पूजा संस्कृति र परम्पराका लगायतका अन्य दृष्टिले निकै सम्पन्न छ । फलस्वरूप कुलपूजा विवरणसङ्कलन, सूचिकरण र विश्लेषण गर्नुपर्ने समस्या देखिन्छ । समग्रमा प्रस्तुत अध्ययनका निम्न लिखित समस्याहरू पहिचान गरिएको छ ।

- कुल पूजा र बलि प्रथाको सुरुवात कहिले भयो ?
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बस्ने गौतमहरूको परम्परागत कुल पूजाको इतिहास, तौरतरिका,पूजा विधिर संरक्षणकस्तो छ ?
- गौतमहरूकोपरम्परागतकुल पूजामा आएका परिवर्तन र पक्रिया कस्ता छन् ?

अहिले सम्मको विश्वको इतिहास फर्केर हेर्दा मानवले प्रयोग गरेका विभिन्न औजार, पुरातात्विक वस्तु र लिखित दस्तावेज जस्ता स्रोतको माध्यमबाट इतिहास तयार भएको छ । यस्ता स्रोतलेइतिहास, प्राचीन सभ्यता, संस्कृति र परम्परालाई जीवित राखी दिएकोले हामीले पढ्ने र लेख्ने अवसर पाएका हौ । कुलपूजा पनि एक किसिमको परम्परागत संस्कृति हो । कुनै समयमा लोप भएर जान पनि सक्छ । यो अनुसन्धानलेगौतमकुल पूजाको जीवित राख्नको लागि  लिखित दस्तावेज तयार भएको छ। भावी पुस्ताले कुल पूजाको यो दस्तावेज पढ्ने र लेख्ने अवसर पाउने छन् । भावी पुस्तामा कुल पूजाको लिखित दस्तावेज हस्तान्तरण भई कुल पूजाले पुनःजीवन्त पाउँदा निरन्तर युगयुग सम्म चलिरहने छ ।

गौतमहरूको कुल पूजा अमूर्त सांस्कृतिक सम्पदा भित्र पर्ने एक महत्वपूर्ण पर्व हो । गौतमहरूको वंशावली उपलब्ध भएतापनि कुल पूजा सम्वन्धी कुनै पनि लिखित दस्तावेज प्रकाशन हुन सकेको थिएन ।पूजा बसाइँसराई र सामाजिक विकृति जस्ता कारणले लोप हुने अवस्थामा थियो । यो अनुसन्धान उनीहरूको कुल पूजालाई निरन्तरतादिने लिखित माध्यम हुनेछ ।

गौतमहरू नेपालभर छरिएर रहेतापनि कुनै पनि स्थानमा उनीहरूको  कुल पूजाको भौतिक तथा सांस्कृतिक पक्षको बारेमा अध्ययन-अनुसन्धान हुन सकेको थिएन । गौतमको कुल पूजा स्थलको भौतिक संरचना कस्तो छ ?कुल पूजा कहिले सुरुवात भयो ? कुल पूजामा बलि दिने चलन कहिले देखि थालनी भयो ? कुल पूजामा बलि प्रथा पुर्खाको पालादेखि चलेको हो कि बीचमा घुसेको  हो ?  कुल पूजामा बलि प्रथा निरन्तर चलेको छ कि कतै छोडिएको छ ?कुल पूजामा पुजिने देवता कुन कुन हुन् ?कुल पूजाका विधि र

पक्रिया कस्ता छन् ? अरु जाति र गौतमको कुल पूजामा के फरक छ ? के कस्ता आस्था र विश्वासकासाथ कुल पूजा गर्दै आएका छन् ?कुल पूजाका स्थल के कति कारणले विस्तार हुन पुगे ? वर्तमान समयमा कुल पूजामा आएका परिवर्तन पक्ष के के हुन्? कुल पूजाको परिवर्तनले समाजमा के कस्तो असर पारेको छ ? कुल पूजामा युवायुवतीको कत्तिको चासो छ ?कुल पूजा लोप हुने अवस्थामा पुगेको  छ की छैन ?कुल पूजा संरक्षण गर्नको लागि उपभोक्ताको के कस्तो योजना छ ? जस्ता विषय खोज तथा अनुसन्धान गर्नु आवश्यकता थियो । यिनै आवश्यकतालाई परिपूर्ति गर्नेगरी बरेङ गाउँपालिकामा नमूनाको रुपमा अध्ययन गरिएको हो । यस अध्ययनले आशिंक रुपले भएपनि गौतमको कुल पूजाको प्रतिनिधित्व गरेको छ ।

## १.४उद्देश्य

कुल पूजा विवरण सङ्कलनको उद्देश्य गौतमहरूको वंशको कुल खोजी गरी परम्परा र सांस्कृतिक सम्पदालाई निरन्तरता दिनु हो । भाइचारा, सद्भाव, सहृदयता, सहयोग र पारस्परिक आत्मीयताको विकास गर्ने उद्देश्यले पछिका पुस्तालाई पनि गौतमहरूको आफ्ना पूर्वजको कुल पूजाको निरन्तरता र यथार्थ पहिचान गराउने प्रयत्न गर्नु नै हो । गौतमहरूका आफ्ना पूर्वजलेगर्दै आएका कुल पूजा बारेमा जानकारी सङ्कलन गरेर भावी पुस्तासमक्ष राखिदिनु आजको मूल दायित्व भएको छ । कुल पूजा संरक्षणमा तन, मन, वचन, धन, क्षमता, सिप, जे कुराले आपसी सहयोग गर्न सकिन्छ, मनस्थिति समस्त पुरुष र नारीमा आओस् र यसै मद्दतबाट कुल पूजाको सम्बर्द्धनमा सहयोग मिलोस् भन्ने यस अनुसन्धानकोलक्ष्य रहेको छ । यसै मुख्य लक्ष्यलाई पूर्ति गर्नका निम्ति नेपालको इतिहासमा गौतम कुल पूजा सम्वन्धी शोधपत्र लेखन कार्य भएको छ ।

कुल पूजा र बलि प्रथाकोसुरुवात सम्वन्धी जानकारी लिई गौतमहरुको कुल पूजाको परम्परागत तौरतरिका र अहिले आएका परिवर्तन पक्षहरु पत्ता लगाउने विषयमा यस अध्ययन केन्द्रित रहेको थियो । यस अध्ययनको मुख्य उद्देश्य तल प्रस्तुत गरिएको छ ।

- कुल पूजा र बलि प्रथाको इतिहासअध्ययन गर्ने ।
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा गौतमहरुको कुल पूजाको इतिहास, तौरतरिका,पूजा विधि र संरक्षणसम्वन्धी  खोजतलास गर्ने।
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा गौतमहरुको परम्परागत कुल पूजामा आएका परिवर्तन र पक्रिया खोजी गर्ने ।

## १.५ अध्ययनको औचित्य तथा महत्व

बाग्लुङ जिल्लामा पर्ने बरेङ गाउँपालिकामा बसोबास गर्ने गौतमहरूको कुल पूजा सम्वन्धी अध्ययनले नेपालको इतिहासका राजनीतिक, सामाजिक, सांस्कृतिक, बसोबासको स्थिति, बसाइँसराई विवरण प्रदान गर्ने क्षमता राख्दछ । मुलुकका विभिन्न जिल्ला र बरेङ गाउँपालिकाको अतिरिक्त मुलकुबाहिर बसोबास गर्ने गौतमको वंशको इतिहासलाई समेत निरुपण गर्ने एक गहन अध्ययन गर्नु नितान्त जरुरी भएको थियो । यस प्रकारको कठिनतम कार्यलाई वि.सं. २०७८ साल माघ देखि निरन्तर लागि परेपनि प्रमाण पाउनु निकै आफैंमा यो कठिनकार्य थियो । लोप हुन लागेका स्रोत सामाग्रीहरूलाई समयमै सङ्कलन गरी क्रमबद्धरुपमा तिनलाई जुटाई त्यस्ता सामाग्रीका आधारमा शोधपत्र तयारगरी सार्वजनिकरुपमा प्रकाशनमा ल्याउनु पर्ने कुरा अत्यन्तै आवश्यक हुन गएको थियो । कतिपय बन्धुहरूले आफ्नो वंशावली बिर्सन, हराउन थालेका, कुलपूजा गर्न बिर्सिसकेका, भुलिसकेका, पूजाविधि छाडिसकेका अवस्थामा कुल पूजा अध्ययनको माध्यमबाट त्यसलाई पुनर्जागृत र पुनःजीवित गरी संरक्षण गर्नु ज्यादै समसामयिक कार्य बनेको छ । त्यसै कुरालाई महसुस गरी सकेसम्म बरेङ गाउँपालिकाका कुनाकाप्चा बस्तीहरू, मधेश, उपत्यका, टार, शहर पुगी गौतम वन्धुहरूलाई भेटेर तथ्यांङ्क सङ्कलन गरी गौतमहरूको कुल पूजालाई इतिहासको तथ्यहरूका आधारमा तयार पार्नु नितान्त आवश्यक कार्य भएको छ ।

कुल पूजाको विषयमा उपलब्ध हुन सक्ने अभिलेखहरू पनि नष्ट हुँदै गएको यस सोचनीय स्थितिमा वर्षौ पुराना लिखित स्रोतहरू, ग्रन्थका आरम्भ र अन्त्यमा पुष्पिका वाक्य, लेखकको बासस्थान र लेख्ने हेतु नष्ट नहुँदैमा लेखिएका स्रोतहरुको सञ्चयन गरी राख्नु र कुल पूजालाई इतिहासको कसौटीमा सत्य सावित गराउनुपर्ने आवश्यकता थियो । यसरी बेलैमा खोजबिन गरी त्यस्ता स्रोतहरूलाई गौतम बन्धुहरू र समस्त सुहत्‌जनहरूलाई काम लाग्ने किसिमले सार्वजनिक गरी जानकारी दिई आफ्ना पुर्खाहरूमा निहित, पुरुषार्थ, व्यक्तित्व र विविध व्यवहारिक कुशलता, आध्यात्मिक, बौद्धिक र शारीरिक क्षमताको जानकारी गराउनु पनि नितान्त आवश्यक भएको थियो । आफ्ना पूर्वजहरूको मानमर्यादा, इज्जतप्रतिष्ठानका गौरव गर्नु मानवसुलभ गुण भएको हुनाले सबैले आ-आफ्ना पूर्वजको इज्जत गर्ने र तर्पण, श्राद्ध र देवाली गर्ने तथा स्मारक बनाउने परम्परा पनि पुरानै छ । त्यस्ता विभिन्न ठाउँ र परिवेशमा रहेका पूर्वजबाटै वर्तमान कालको पिंढीलाई जोडेर भविष्यको पिंढीलाई प्रेरणा र मार्गदर्शन मिल्दछ । त्यसकारण गौतमहरूका पितृहरुका सकारात्मक कुराहरूलाई अभिलेखी

करण गर्दै सार्वजनिक जानकारीका निम्ति गौतमहरूको कुल पूजा अध्ययन गरी प्रकाशन गर्नु नितान्त खाँचो भई सकेको थियो । बितेको समय बितिहाल्यो, आउने समय कस्तो आउने हो, केही थाहा हुँदैन । यस्तो परिस्थितिमा वर्तमानकालको महत्वपूर्ण क्षणलाई सकेसम्म सदुपयोग गरी तयार पार्नु नितान्त महत्वपूर्ण कार्य हो । औचित्यलाई हृदयङ्गम गरी ठाउँ-ठाउँका व्यक्तिहरूसँग सङ्ग्रहीत कागजपत्र, वंशावली टिपोट तथा प्रकाशित तथा अप्रकाशित स्रोतहरुलाई सङ्ग्रहीत कागजपत्र स्रोतहरुलाई चयन र प्रयोगका साथैतिनको उचित उपयोग समेत गरी निबन्धन गरिएको छ । यस अध्ययनका क्रममा विभिन्न स्थलगत भ्रमण गर्दा प्राप्त किंवदन्ती, लोकलहरी, लोककथा, ऐतिहासिक परम्परा र लोकपरम्पराका सामाग्रीलाई सदुयोग गरिएको छ । लोप-हुने लागेका विभिन्न प्रकृतिका स्रोतहरूलाई पनि उचितरुपमा उपयोग गरी वर्तमान कालमा गौतमहरूको कुल पूजाको विवरण तयार गरिएको छ ।

गौतमहरूको कुल पूजा निकै महत्वपूर्ण पर्व हो । यिनीहरूले सबैभन्दा ठूला देवताको रुपमा आफ्नो कुल देवतालाई मानी आएका छन् । कुनै समय लोप भएर गएपनि यो अनुसन्धानमूलक लिखित दस्तावेज हुनेछ । दस्तावेजले युगयुग सम्म उनीहरूको कुल पूजालाई जीवित राख्नेछ । भावी पुस्तालाई कुल पूजाको विषयमा सहजै हस्तान्तरण गरिने माध्यम हुनेछ । यस अध्ययनले कुल पूजा संरक्षण गर्नको लागि आवश्यक ज्ञान दिएको छ । संरक्षणको कार्य योजना बनाउनेको लागि उपयोगी हुनेछ । कुल पूजामा बसाइँसराई र सामाजिक विकृतिले पारेका असर घटाउनको लागि यस अनुसन्धानको आफ्नै महत्व रहेको छ । यस अध्ययनले युवा पुस्तामा कुल पूजा गर्नु पर्छ भन्ने सैद्धान्तिक शिक्षा दिने छ । त्यस्तै पूजारीको लागि कुल पूजा गर्न व्यवहारिक ज्ञान दिन्छ । त्यसैले यो अध्ययन सैद्धान्तिक एवम् व्यवहारिक दुवै दृष्टिकोणले उपयोगी छ ।

नेपालमा बसोबास गर्ने सबै जातजाति-जनजातिहरू आफ्नै किसिमका जातिय संस्कृति अनुकूल रहँदै कुल पूजा गर्दै आएका छन् । अध्ययन-अनुसन्धानका लागि सबै जातजाति-जनजातिहरूको कुल पूजाको महत्व उल्लेख्य छ । कुनै एउटा समुदायको कुल पूजाको अध्ययन एवम् अनुसन्धानले अर्को जातिका कुल पूजाको खासै महत्व राख्दैन । यद्यपि सैद्धान्तिक अवधारणा भने बनाउन नसकिने होइन । त्यसो भएको हुँदा यहाँ बसोबास गर्ने सबै जातिय समुदायका कुल पूजाको विषयमा छुट्टाछुट्टै अध्ययन हुनु आवश्यकछ । अध्ययन अनुसन्धान गर्दा कुल पूजाका बारेमा तथ्याङ्क सङ्कलन, सूचीकरण र विश्लेषण गर्ने पक्षलाई

पनि जोड दिइएको छ । यस सन्दर्भमा अनुसन्धान गरी सम्पन्न गरेको यो दस्तावेज सैद्धान्तिक एवम् व्यवहारिक दुवै दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ । समग्रमा यस अध्ययनको महत्व र औचित्यलाई तलका बुँदाहरूबाट पुष्टि गर्न सकिन्छ ।

- प्राचीन कालदेखि चल्दै आएकोकुल पूजा र बलि प्रथाको इतिहास खोजी गरिएको छ । तसर्थ कुल पूजा र बलिप्रथाको विषयमा जानकारी राख्नेहरूको लागि यो शोधपत्र उपयोगी हुनेछ ।
- खश जाति उत्पति र विस्तारसँगै मष्टो पूजा तथा उपसना विस्तार भएको उल्लेख गरिएको छ । यसर्थ खश जाति उत्पति र मष्टो पूजा तथा उपसना सम्वन्धमा जानकारी राख्नेहरूको लागि यो शोधपत्र उपयोगमा आउनेछ ।
- प्रस्तुत शोधपत्रमा बरेङ गाउँपालिकाको वस्तुगत विवरणमा सांस्कृतिक पक्षको बारेमा प्रस्तुत गरिएको छ । यस विषयमा जानकारी राख्नेहरूको लागि यो आवश्यक दस्तावेज हुनेछ ।
- प्रस्तुत अध्ययनमा गौतमहरुको सांस्कृतिक तथा धार्मिक परम्पराको बारेमा उल्लेख गरिएको छ । यस विषयमा जानकारी राख्नेको लागि उपयोगमा आउने छ ।
- यो अध्ययनमा प्राचीन गुरुकुल शिक्षा पद्धति बारेमा उल्लेख भएकोले यस विषयका जानकारी राख्ने जोकसैको लागि पनि उपयोगी हुनेछ ।
- यस शोधपत्रमा नेपालका जातिको थर, गोत्र र प्रवरको बारेमा उल्लेख गरिएकोले सो विषयका जानकारी राख्नेहरूको  लागि पनि प्रयोगमा आउनेछ ।
- यस अध्ययनमा बाग्लुङ जिल्लाको वरेङ गाउँपालिकाका गौतमहरूको वंशको इतिहास पहिचान एवम् सङ्कलन प्रस्तुत गरिएको छ । यस अर्थमा सम्बन्धित विषयमा जानकारी लिने जो कोहीलाई यो शोधपत्र उपयोगी हुने देखिन्छ ।
- प्रस्तुत अध्ययनले बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाका गौतमहरूले  गरेको कुल पूजाको स्थल अनुसार वर्गीकरण गरेको छ । त्यसैले यस क्षेत्रका कुल पूजा स्थलको पहिचान एवम् सूचीकरण गर्न यो शोधपत्र महत्वपूर्ण हुनेछ ।
- यस अध्ययनमा कुल पूजामा गरिने विधि तथा पक्रिया समावेश गरिएको हुँदा कुल पूजा गर्ने पुजारीको लागि आवश्यक ज्ञान दिने लिखित दस्तावेज हो । भावी पुस्ताकापुजारीको लागि यो शोधपत्रसदुपयोग हुनेछ।

) प्रस्तुत शोधपत्रमा सम्बन्धित क्षेत्रका कुल पूजा संरक्षणको अवस्था पहिचान गरी संरक्षण, सम्वर्द्धनमा सरोकारवालाहरूले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गरिएको हुँदा योजना निर्माणकर्ता एवम् सम्पदा संरक्षण सम्वर्द्धन गर्नेहरूका निम्ति उपयोगी हुने देखिन्छ ।

यस अध्ययनमा धैरै विषयवस्तु जस्तै बरेङ गाउँपालिकाको वस्तुगत विवरण, बलि प्रथाको इतिहास,खश जाति उत्पति र मष्टो पूजा तथा उपसना,हिन्दूहरूको प्राचीन गुरुकुल शिक्षा पद्धति, नेपालका केही जातिको थर, गोत्र र प्रवर, अत्रि गोत्रीयहरूको वंशको इतिहास जस्ता विषयवस्तु समेटिएकाले एकल आयम दृष्टिकोणबाट नभइ बहुआयम दृष्टिकोणबाट उपयोगमा आउने छ ।प्राध्यापक, शिक्षक, विद्यार्थी लगायत पाठक वर्गको लागि यो अध्ययन हिजोआज र भोलि सधैंको लागि उपयोगी भई उनीहरूको विशेष खुराक बन्नेछ ।

**१.६ अध्ययनको क्षेत्र र सीमा**

यो अध्ययन मूलतः बाग्लुङ जिल्लाको बरेङ गाउँपालिका बसोबास गर्ने गौतमहरूको कुल पूजा सम्वन्धी अध्ययन र विश्लेषणमा  केन्द्रित रहेको छ । त्यसर्थ एउटा खास जिल्लाको एक स्थानीय तहलाई केन्द्रित गरी गरिएको अध्ययनले अन्य क्षेत्रका गौतमहरूको कुल पूजा सम्वन्धी संस्कृतिको पूर्ण प्रतिनिधित्व नगर्न पनि सक्दछ । समाज, संस्कृति, परम्परा, संस्कार, चालचलनर भेषभूषा परिवर्तनशील सैद्धान्तिक अवधारणा हुन् । हिजको कुरा आज र आजको कुरा भोलि पाउन कठिन हुन्छ । त्यसैले यो अध्ययनले प्रस्तुत गरेका उपलब्धि र निष्कर्षहरू समयको कालखण्डमा जस्ताको तस्तै नपाइन पनि सक्दछन् । यसका अतिरिक्त निश्चित समय, विषयवस्तु, अध्ययनका समस्या र उद्देश्य आदि यस अध्ययनका सीमा हुन् । यो अध्ययन तिनै समस्या एवम् जिज्ञासाको उत्तर खोज्न तथा उल्लिखित उद्देश्य प्राप्तिका लागि मात्र केन्द्रितछ ।

यो अध्ययनमूलत बाग्लुङ जिल्लाकोबरेङ गाउँपालिका बसोबास गर्ने गौतमहरूको कुल पूजा सम्वन्धी अध्ययन क्षेत्रमामात्र सीमित रहेको  छ । यसबाहेकसमाजमा आइरहने विकृति, आपसी मतभेद र बसाइँसराइका कारणले गर्दा कुल देवताको पूजा स्थलमा परेको प्रभाव, असर र  परिवर्तनको विषयमापनि चर्चा गरिएको छ ।

यो अध्ययनले नेपाल अधिराज्यमा छरिएर रहेका गौतमहरूको पुर्खाको इतिहास, उत्पत्ति र फैलावट जस्ता विषयवस्तुले नेपालभित्र र नेपालबाहिरको क्षेत्रलाई पनि यस अध्ययनमा स्थान दिने प्रयत्न गरिएको छ । त्यसकारण नेपाल अधिराज्यभित्र र बाहिरका मुलकुहरूमा बसोबास गरी आएका बारेमा जे जस्ता सामाग्री उपलब्ध भएका छन् ती

सामाग्रीका आधारमा एउटा सिङ्गो वंशावलीको इतिहासपनि यस कार्यक्षेत्रको सीमा निर्धारण हुन गएको छ । कुलपरम्परा, पूर्वजहरू, कुलदीपकहरू गरेका बन्धुका वर्णनहरूलाई समेटेर यस कार्यमा क्षेत्र निर्धारण गरिएको छ । गौतमहरूले विशेष गरी ठाउँठाउँमा प्राप्त गरेका बिर्ता जग्गाको विवरण पनि समावेश गर्ने प्रयास गरिएको छ । गौतमहरूका पूजा, पर्व, चाडबाड, पुराना मान्यता शिष्टाचार तथा वंशपरम्परादेखि चलिआएका कुलाचार लोकाचारलाई पनि समावेश गरिएको छ । त्यसकारण नेपालको इतिहासमा गौतमवंशको राष्ट्रिय, अन्तर्राष्ट्रिय, आर्थिक, सामाजिक, लोकाचार विषयक, लोकसंस्कृति तथा वंशलगायतको अध्ययनसम्म र प्रागैतिहासिक कालबाट वर्तमान कालसम्मको समयावधिलाई यस अध्ययनले समावेश गरी यसको क्षेत्र निर्धारण गर्ने प्रयत्न गरिएको छ ।

**१.७ अध्ययनको सङ्गठन**

कुनै पनि अनुसन्धानको औचित्य, महत्व, आकर्षण, प्रभाव एवम् नियन्त्रण त्यसको सङ्गठनले निर्धारण गर्दछ । अध्ययनका विविध पक्षलाई व्यवस्थित विभाजन नै साँचो अर्थमा अध्ययनको सङ्गठन वा रूपरेखा हो । यसरी तयार पारिएको अध्ययन-अनुसन्धान प्रतिवेदन निकै आकर्षक, प्रभावोत्पादक र विश्वासयोग्य मानिन्छ । फलस्वरूप यो शोधपत्रको सङ्गठनलाई आठ अध्यायमा विभाजन गरिएको छ । अध्याय विभाजनअनुसार पहिलोमा शोधपत्रको परिचय, अध्याय दोस्रोमाअध्ययन विधि,तेस्रो अध्यायमा वरेङ गाउँपालिकाको परिचय, अध्याय चौथोमा गौतमहरूको  धार्मिक तथा सांस्कृतिक परम्परा, पाँचौ अध्यायमा कुल पूजा र बलि प्रथाको इतिहास, अध्याय छैटौमा अत्रि वंशको इतिहास,  अध्याय सातौमा गौतमहरूको कुल पूजामा बलि प्रथा र अन्तिम अध्याय आठौमा सारांश, अध्ययनबाट प्राप्त तथ्य र निष्कर्ष विषयमा चर्चा गरिएको छ  । साथै यस अध्ययनमा सन्दर्भग्रन्थ सूची एवम् सातवटा  परिशिष्ट रहेका छन् ।

# अध्याय दुई

# अध्ययन विधि

## २.१ अध्ययनविधिको परिचय

प्रस्तुत अध्ययन मूलरुपमा द्वितियक तथा प्राथमिक स्रोतमा आधारित रहेको छ । द्वितियक स्रोतको माध्यमबाट तथ्याङ्क संकलन गर्ने क्रममा प्रकाशित कृति, ग्रन्थ, लेखरचना,वंशावली दस्तावेज उपयोग गरिएको छ । विद्युतीय लेखरचना, पुस्तक र वाक्यांशको मद्धतबाट समेत सूचना लिने कार्य भएको छ । जे होस प्रकाशित पुस्तक, वंशावली, लेखरचना र विद्युतीय दस्तावेज दुवै माध्यमबाट तथ्याङ्क प्राप्त भएका छन् । प्राथमिक स्रोत सङ्कलनगर्ने क्रममा कुल पूजा स्थलमा गई अवलोकन, कुल पूजाका पुजारीसँग भेटघाट गरी सोधपुछ, गरिएको छ । पूजासँग सम्वन्धित पुजारी सहित उपभोक्ता तथा विशेषज्ञहरुसँग अन्तर्वार्ता लिइएको छ । यी दुवै प्राथमिक तथा द्धितीयक स्रोतको माध्यबाट प्रस्तुत शोधपत्र तयार हुन पुगेको हो ।

कुनै पनि विषयवस्तुको अनुसन्धान गर्दा प्रकृति, उद्देश्य र प्रस्तुतिकरण गरिने शैलीको आधारमा गर्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत अनुसन्धान वर्णात्मक तथा विश्लेषणात्मक ढाँचामा तयार पारिएको छ । वर्णात्मकनुसार जुन विषयवस्तु जस्तोरूपमा देखिएको त्यसलाई जस्ताकोतस्तै राखेर वर्णात्मक रुपमा समावेश गरिएको छ । तर केही विषयवस्तु जस्ताको तस्तै नराखी तिनीहरूको विश्लेषण पनि गरिएको छ । तिनीहरूको विश्लेषण गर्दा सत्यको यथार्थमा पुग्न सकिने भएकोले विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको हो । जे होस यी दुवै विधि एक आपसमा परिपूरक रुपमा प्रयोगमा आएका छन् । यस्ता विधिको माध्यमबाट नेपालको इतिहासमा कुल पूजामा विविध तथ्यलाई खोजी र तिनको आधारमा वस्तुगत विवरण तयार पारिएको छ । कुल पूजा पक्रियाको सैद्धान्तिक तथा व्यवहारिक पक्षको समेत पहिचान गरिएको छ ।

यस अध्ययनका लागि प्राथमिक तथा द्वितीयक दुवै तथ्याङ्क सङ्कलन गरिएको छ । यो अध्ययन बाग्लुङ जिल्लाको वरेङ गाउँपालिकाका गौतमहरूले गरेको कुल पूजाको स्थल अनुसार विवरण सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने मुख्य उद्देश्यले सम्पादन गरिएको हो । यस अध्ययनमा कुल पूजा र बलि प्रथाको इतिहास, गौतम वंशको पृष्ठभूमि सहित कुल पूजाको परम्परागत तौरतरिका, विधि र आएका परिवर्तन जस्ता विषय समावेश छन् । प्रस्तुत अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृतिका तथ्याङ्क एवम् सूचना सङ्कलन

गरिएका हुन् । द्वितीयक तथ्याङ्क पूर्व कार्य समीक्षाका आधारमा र प्राथमिक तथ्याङ्क स्थलगत भ्रमणबाट सङ्कलन गरिएका छन् । स्थलगत अध्ययनमा अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, छलफल जस्ता विधिको अबलम्बन गरी सङ्कलन गरिएको हो । कुल पूजाका पुजारी, उपभोक्ता, ज्ञाता लगायत समाजका जानकार व्यक्तिसँग लिएको अन्तर्वार्ता, प्रश्नावली, छलफल जस्ता माध्यमबाट तथ्याङ्क सङ्कलन भएको छ । सत्य तथ्याङ्क आओस भनेर एउटै विषयमा पनि धेरै व्यक्तिसँग सोधपुछ भएको छ । एउटै धारणा आएको विषयलाई समावेश गरिएको छ । फरकफरक विचार आएको विषय समावेश गरिएको छैन । त्यसैले यो अनुसन्धान सत्यमा आधारित छ । प्राथमिक र द्वितीयक तथ्याङ्क संकलन विधि तल उल्लेख गरिएको छ ।

## २.२ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

### २.२.१ अवलोकन

अनुसन्धानमा अवलोकनपनि प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरू मध्ये एक महत्वपूर्ण विधि हो । अवलोकनको शाब्दिक अर्थ कुनै पनि वस्तु हेरेर सूचना ग्रहण गर्नु हो । अवलोकनलाई कुनै वस्तु देख्ने, हेर्ने र बुझ्ने माध्यम मानिएको छ । सबै प्रकारको हेराई चाहि अवलोकन भित्र पर्दैन । विभिन्न प्रकारका घटनाहरूको सही जानकारी लिनको लागि देख्नु, हेर्नु र अनुभूति गर्नुलाई अवलोकन भनिन्छ । प्रत्यक्ष र अप्रत्यक्ष, सहभागीमूलक अनियन्त्रित र असभागीमूलक अनियन्त्रित, दृश्य र अदृश्य, सामान्य र व्यवस्थित, मिश्रित लगायत थरीथरीका अवलोकन विधि हुन्छन् ।

प्रस्तुत तथ्याङ्क सङ्कलनको लागि सहभागीमूलक अनियन्त्रित र असभागीमूलक अनियन्त्रित, दृश्य र अदृश्य, मिश्रित विधिको अबलम्बन गरिएको छ । अध्ययनको क्रममा कुल पूजा थान/मन्दिरमा गई अवलोकन गरिएको छ । यसरी अवलोकन गर्ने क्रममा बरेङ गाउँपालिकामा रहेका बाह्र वटा कुल पूजा थान क्रमशः गौतमवन्धुको उद्गम कुल पूजा स्थल पाल्यावनको चउर, कार्तिकेको थुम्कोको कुल पूजा मन्दिर, डहरे पोखरीको कुल पूजा स्थल, माथि देउरालीको थाननेरको कुल पूजा स्थल, ढाँडाको कुल पूजा स्थल, माथि देउरालीको थाननेर कुल पूजा स्थल (गल्कोटे समूह), माइका थाननेरको कुल पूजा मन्दिर, थप्लुङ टारीको कुल देवता मन्दिर, काँफलपोखरीको कुल देवता स्थल, घडेरीको कुल पूजा स्थल, लिग्दीको कुल पूजा स्थल, लाटाखर्कको कुल पूजा स्थल सहित तराईका रुपन्देही जिल्लाको मुर्गिया (उचटिया), मोतीपुर, भलबारी, पत्थरगञ्ज र लौसा शान्तिनगरको कुल

पूजा मन्दिर, वर्दघाट सुस्तापश्चिम नवलपरासी जिल्ला भुताहको कुल पूजा थान र चितवन जिल्लाको शिवघाटमा रहेको कुल पूजा मन्दिरको पनि भ्रमण गरिएको हो । अध्ययनका क्रममा विभिन्न स्थलगत भ्रमण गर्दा प्राप्त किंवदन्ती, लोकलहरी, लोककथा, ऐतिहासिक परम्परा, लोकपरम्परा र तस्वीर सामाग्रीलाई सदुयोग गरिएको छ । लोप-हुने लागेका विभिन्न प्रकृतिका स्रोतहरूलाई पनि उचितरुपमा उपयोग गरी वर्तमान कालमा गौतमहरूको कुल पूजाको विवरण तयार गरिएको छ । भ्रमण निकै फलदायी र उपलब्धिमूलक भएको छ ।

यसरी अवलोकन गर्दा प्रत्यक्षगत रुपमा स्थलगत भ्रमण भयो तर अप्रत्यक्षगत रुपमा पनि अवलोकन गरिएको छ । स्थलगत भ्रमणमा नपाएका कुराहरूको विषयमा पनि  परैबाट हेर्ने र महसुस गरिएको छ । कुल पूजा सम्वन्धी प्रत्येक घटना तथा क्रियाकलापहरूको सुक्ष्मतम् मूल्याङ्कन पनि भएको छ । यसरी आएका आवश्यक सत्यतथ्याङ्कलाई मात्र अध्ययनको विषयवस्तुमा समावेश गरिएको छ ।

### २.२.२ पुजारी बीच छलफल

अनुसन्धानको लागि समूहगत छलफल पनि एक महत्पूर्ण विधि हो । कुनै पनि विषको थाहा नभएको जानकारी एक आपसमा सिक्ने र जान्ने अवसर पनि मिल्दछ । यसले अनुसन्धानको लागि सही बाटो निर्देशित गर्दछ । समूहबीच आपसमा छलफल गर्दा कुनै पनि विषयको दोहोरो जानकारी आएमा पनि सत्यको नजिक पुग्न सजिलो हुन्छ । सत्य असत्य कुन हो भन्ने छुट्टाई अनुसन्धानको विषयमा समावेश गर्न सकिन्छ । कुल पूजा पनि समूहगत रुपमा गरिने भएकोले समूहबीच छलफल गरिएको हो ।  यस अनुसन्धानमा  समूह भनेका सम्वन्धित कुल पूजाका पुजारी र उपभोक्ता नै हुन् । अनुसन्धान गर्न खोजेको उद्देश्यलाई परिपूर्ति गर्नेगरी उपभोक्ता बीच समूहगत छलफल गरिएको हो ।

पाँच पाँच जनाको समूह बनाइ पुजारी र स्थानीयको सहभागितामा समूहगत छलफल गरिएको छ । छलफल गर्ने क्रममा २० वटा कुल पूजा स्थलमा पाँच/पाँच जनासँग सामूहिक छलफल गरिएको हो । अत्रि वंशको इतिहास, कुल पूजा र बलि प्रथाको इतिहास कुल पूजा स्थल, कुल पूजामा गरिने विधि तथा पक्रिया, कुल पूजामा सहभागी घर परिवार सङ्ख्या, कुल पूजामा आएका परिवर्तन जस्ता विषयमा छलफल भएको छ ।

### २.२.३ अन्तर्वार्ता

अनुसन्धानमा अन्तर्वार्ता पनि प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरू मध्ये एक प्रमुख विधि हो । आमुन्नेसामुन्ने भई एकले प्रश्न गर्ने र अर्कोले उत्तर दिने विधिलाई अन्तर्वार्ता भनिन्छ । तर सबै किसिमको वार्तालापलाई अन्तर्वार्ता भनिदैन । अनुसन्धानको उद्देश्य परिपूर्ति गर्नेगरी गरिएको वार्तालाप नै अन्तर्वार्ता हो । अन्तर्वार्ता लिनुका विविध उद्देश्य हुन सक्छन् । तर अन्तर्वार्ता लिनुका प्रमुख उद्देश्य प्राथमिक तथ्याङ्क प्राप्त गर्नु हो । अन्तर्वार्ता औपचारिक, अनौपचारिक, व्यक्तिगत, समूहगत लगायत धेरै प्रकारका हुन्छन् ।

प्रस्तुत अध्ययनमा गौतम वंशको आदिथलो र विस्तार, कुल पूजामा बलि प्रथाको इतिहास, कुल पूजामा पुजिने देवताको नाम, कुल पूजाको विधि पक्रिया, स्थल, कुल पूजा गर्ने परिवारको सङ्ख्या, कुल पूजा स्थल विस्तार हुनुको कारण र कुल पूजामा आएका परिवर्तन जस्ता विषयको अन्तर्वार्ताको माध्यबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने कममा समूहगत र व्यक्तिगत अन्तर्वार्तालाई महत्वपूर्ण विधि मानी प्रत्येक कुल पूजा स्थलका पाँच जनासँग अन्तर्वार्ता लिएको हो । यसको लागि उत्तरदाता छनोट उद्देश्यगत पद्वतिबाट गरिएको छ । यसैगरी यसको लागि अन्तर्वार्ता सूची प्रयोग भएको छ । यसमा दोहेरो उत्तर आएको विषयमा पुनः सामूहिक छलफल गरेर निचोडमा आएको विवरणलाई तथ्याङ्कको रुपमा प्रयोग गरिएको  छ ।

### २.२.३ प्रश्नावली प्रयोग

अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरू मध्ये प्रश्नावली विधि एक प्रमुख विधि हो । प्रश्नावली अनुसन्धानको उद्देश्य परिपूर्ति गर्नेगरी तयार पारिएको विभिन्न प्रश्नहरूको सँगालो हो । प्रश्नावली संरचित, असंरचित, खुला, वन्द, चित्रअंकित र मिश्रित लगायत धेरै प्रकारका हुन्छन् ।

गौतम वंशको आदिथलो र विस्तार, कुल पूजाको विधि पक्रिया, स्थल, कुल पूजा गर्ने परिवारको सङ्ख्या, कुल पूजा स्थल विस्तार हुनुको कारण जस्ता कुराहरुको जानकारी लिन प्रश्नावली विधि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा संरचित, असंरचित, वन्द, चित्रअंकित र मिश्रित प्रश्नावलीहरू उपयोगमा आएका छन् । दोहोरो उत्तर आएको विषयमा समस्या समधान हुने भएकोले यी सबै प्रश्नावलीको उपयोग गरिएको छ । संरचित

प्रश्नावलीको ढाँचा कम्प्युटर टङ्कन गरेर प्रयोगमा आएको हो । यसको ढाँचा परिशिष्ट पाँचमा उल्लेख गरिएको छ ।

### २.३ द्वितीयक तथ्याङ्क सङ्कलन विधि

अनुसन्धानको अर्थ नयाँ विषयवस्तुको बारेमा सोधखोज गरी नयाँ विषयवस्तु पत्ता लगाउनु हो । नयाँ विषय वस्तु पत्ता लगाउन सकिएन अनुसन्धानको अर्थ रहदैन । तर कुनै पनि अनुसन्धानको लागि सम्वन्धित विषयमा थोरैबहुत भएपनि जानकारी भएको हुनु पर्दछ भन्ने मान्यता रहेको छ । त्यसैले केही जानकारी भएको विषयमा मात्र खोजतलास गरिन्छ । पुस्तकालय पुस्तकहरूको संग्रह स्थल भएकोले यस्ता विषयमा जानकारी दिने गर्दछन् । पुस्तकालयमा अनेका थरीका पुस्तक, वंशावली, पत्रपत्रिका, समचारपत्र र प्रतिवेदन जस्ता विषयवस्तु राखिएका हुन्छन् । त्यसैले प्रस्तुत अनुसन्धानको लागि त्रि.वि.वि केन्द्रीय पुस्तकालय कीर्तिपुरलाई द्वितीयक तथ्याङ्क स्रोतको रुपमा उपयोग गरिएको छ । पुस्तकालयमा राखिएका केही पुस्तक, लेखरचना र प्रतिवेदनले कुल पूजाको विषयमा सूचना दिएका छन् । शोधपत्र तयार गर्ने क्रममा उक्त पुस्तकालयबाट प्राप्त तथ्याङ्क सहित अन्य किताब, पत्रपत्रिका, जर्नल, विद्युतीय पत्रिका, खोजमूलक लेखबाट प्राप्त तथ्यलाई विश्लेषणात्मक ढङ्गले अध्ययन गरी सत्य ठहरिन गएको सूचनालाई अध्ययनको विषयवस्तुमा समावेश गरिएको छ ।

द्वितीयक तथ्याङ्क अगाडि नै सङ्कलन गरी प्रयोग भएका तथ्याङ्क हुन् । यस्ता तथ्याङ्कहरूको विलेश्षण भैसकेको हुन्छ । तर यस्ता तथ्याङ्कहरु सत्य र असत्य दुवै हुन सक्छन् । पूर्णरुपले सत्य असत्य के हुन् छुट्टाउन गाह्ते पर्दछ ? यस्तो अवस्थामा प्राथमिक तथ्याङ्कको आधार लिएर अनुसन्धानको विषयवस्तुमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतको समीक्षा गरिएको हो । विवाद, आपसमा बाँझिएका जस्ता विषयवस्तुको विज्ञको राय सुझाव अनुसार पुनः प्राथमिक तथा द्वितीयक दुवै गहनरुपमा अध्ययन तथा अनुसन्धान गरिएको छ । तर प्राथमिक तथ्याङ्क सबैभन्दा भरपर्दो भएकोले यसलाई प्राथमिकता दिइएको छ । तथ्याङ्क सामाग्री सङ्कलनका सन्दर्भमा बरेङ गाउँपालिकामा र तराईका विभिन्न स्थानमा प्रत्यक्ष स्थलगत भ्रमण गरेर सामाग्रीहरु सङ्कलन गर्ने काम भएको हो । सङ्कलन गर्ने क्रममा वयोवृद्ध, प्रतिष्ठित बन्धुहरू समक्ष पुगेर भेटघाट गरी उहाँहरूबाट लिखित पत्र र मौखिक सोधपुछको माध्यबाट तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको छ । अनुसन्धानमा उल्लेख गरिएका विषयवस्तु मन्दिरका

पुजारी, गुठियार, हाकिम, निजामती क्षेत्रमा दखल गरी सेवा निवृत्त भएका बन्धुहरूसँग प्रश्नावलीका माध्यमबाट सामाग्री सङ्कलन गर्ने काम सम्पन्न गरिएको छ । जानकारी दिन सक्ने अन्य थरका महानुभावहरूसँग पनि भेटघाट र अन्तर्वार्ता लिने काम भएको हो ।

## २.४ वंशावली अध्ययन विधि

वंशावलीको अर्थ कुनै पनि प्रजातिको अध्ययन गर्नु भन्ने बुझिन्छ । तर सामाजिक अनुसन्धानको क्रममा केही परिस्कृत गरी विभिन्न वंशका मानिसहरुको अध्ययन तथा अनुसन्धान गर्ने विधिको रुपमा वंशावली अध्ययनलाई लिइएको छ । सामान्य रुपमा वंश भन्नाले संस्कार, परम्परा, नाता, धार्मिक आस्था,सामाजिक नीतिनियम एकै भएको समूहलाई वंश भन्ने गरिन्छ । हरेक वंशमा आआफ्नो रगतको सम्वन्ध रहेको हुन्छ ।एउटै गोत्र भई रगतको नाता भएको पुर्खादेखि उनका सन्ततिको क्रम खोजी गर्ने कार्य वंशावली अध्ययन हो । वंशावली अध्ययनबाट वंशानुक्रम र पुस्ताको बारेमा थाहा पाइन्छ । उनीहरुको चाडपर्व, संस्कार, रीतिरिवाज, पितृ पूजा, परिवारको ढाँचा, नातागोता, स्त्रीको अवस्था, रक्त सम्वन्ध, मूल्य, मान्यता,प्रथा, कुल पूजा आदिको बारेमा जानकारी पाउन सकिन्छ । परम्परागतरुपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका हुन्छन् । विशेष गरी समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययन क्षेत्रमा वंशावली अध्ययन विधि ज्यादै उपयोगी र भरपर्दो सावित भएको छ । अझै भन्नुपर्दासंस्कृतिको अध्ययनमा यस विधि सुनमा सुगन्ध जस्तै हुन्छ ।

कुनै पनि जातजातिहरुको पृष्ठभूमि, धार्मिक, सांस्कृतिक परम्परा जस्ता विषयको अध्ययनको लागि वंशावली अध्ययन गर्नु एक अपरिहार्य विधि हो । वंशावलीमा प्रष्ट रुपमा तिनीहरुको आदिथलो र विस्तार, कुल पूजा सहित अन्य रीतिरिवाज र संस्कारको उल्लेख भएको हुनाले प्रस्तुत अध्ययनको लागि यो विधि प्रयोगमा आएको छ । अनुसन्धानको लागि यस विधिले निश्चित बाटो तय गरिदिएकोले यो अनुसन्धान सफल भएको हो । वंशावली अध्ययनमा दुईवटा विधि अवलम्बन गरिएको छ ।

### २.४.१ बुढापाकासँग सोधपुछ

आफ्नो पुर्खौलीको बारेमा केटाकेटीलाई भन्दा बुढाबुढीलाई बढी जानकारी हुने भएकोले तथ्याङ्क सङ्कलन गर्ने क्रममा सम्वन्धित गौतममा पनि विशेष गरीबुढापाकासँग सोधपुछ गरिएको छ । यस विधि अन्तर्गत सम्वन्धित कुल पूजाका उपभोक्ता वयोवृदबाटजानकारी लिएको हो । सूचना सङ्कलन गर्ने क्रममा कुल पूजाको थालनी कहिले

भयो ?सुरुमा कुलपूजा गर्दा कति परिवार सहभागी भएका थिए ? के के कारणले कुलपूजा स्थल विस्तार हुन पुगे? कुलपूजा स्थल विस्तारले समाजमा के कस्तो सन्देश दिएको छ? कुल पूजा संरक्षणको लागि कस्तो योजना बनाउनु भएको छ?परम्परागत कुल पूजामा के के परिवर्तन आएका छन् ? अरु जातिको कुल पूजा र गौतमको कुल पूजामा के के फरक छ ? जस्ता प्रश्नहरु सोधिएको छ । प्रश्नहरु सोध्ने क्रममा असंरचित प्रश्नावली विधि अपनाइएको हो । उपभोक्ताको रुची चाहना अनुसार प्रश्नत्तोर समेत गरिएको छ । प्रश्नको उत्तर नआएको अवस्थाका गौतमहरुमा पनि वृद पूजारी र जानकार विज्ञसँग समेत सोधपुछ गरिएको छ । सत्य तथ्य जानकारी लिई प्रस्तुत शोधपत्रमा समावेश गरिएको छ ।

### २.४.२ ऐतिहासिक दस्तावेज अध्ययन

कुनै पनि वंशको जानकारी लिनको लागि सो विषयमा लेखिएको ऐतिहासिक दस्तावेज अध्ययन गर्नुपर्ने हुन्छ । त्यस्ता ऐतिहासिक दस्तावेजले वंशको संस्कार, रहनसहन, चालचलन, भेषभूषा, रीतिरिवाज, चाडपर्व लगायतका अर्मूत सांस्कृतिक सम्पदाको विषयमा जानकारी दिने गर्दछन् । गौतमहरुको कूल पूजा पनि एक किसिमको अमूर्त सांस्कृतिक सम्पदा भएकोले ऐतिहासिक दस्तावेज अध्ययन गरिएको हो । अध्ययनको क्रममाठाउँ-ठाउँका व्यक्तिहरूसँग सङ्ग्रहीत कागजपत्र, वंशावली टिपोट तथा प्रकाशित तथा अप्रकाशित स्रोतहरुलाई सङ्ग्रहीत, कागजपत्र स्रोतहरुलाई चयन र प्रयोगका साथै तिनको उचित उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस विधि अन्तर्गत गौतमहरूको बारेका इतिहास, संस्कृति, परम्परा, पुर्खाहरूको पौरख, जीवनी, सूचना, मौखिक वर्णन जस्ता जे जति ऐतिहासिक दस्तावेज प्राप्त भए, ती सबै दस्तावेजको अध्ययन गरिएको छ । विशेष गरी अत्रि वंशको बारेमा लेखिएका वंशावलीको अध्ययन भएको छ । गौतमको वंशको इतिहास, पृष्ठभूमि, कुल पूजाको जानकारी लिनको लागि लिखित दस्तावेज अध्ययन गरिएको हो । दस्तावेज अन्तर्गत अध्ययन गरिएका ग्रन्थको साहित्य स्रोतको समीक्षामा उल्लेख छ । त्यहाँ उल्लेख गरिएका मध्ये विभिन्न गौतम वंशावली, अत्रिवंश-शतक, गोतामे वंश परिचय हाते पुस्तक, बृहत अत्रि गोत्रीय वंशावली ग्रन्थ, मिश्र वंशावली, अत्रि वंशज बद्रीनाथ गौतम सन्तान धादिङ्ग जीवनपुरे ग्रन्थ, गौतमहरूको कुल पूजा लेखको अध्ययन भएको छ । केही विषय मिल्दोजुल्दो भएकोले अत्रि वंश वाहेक सुवेदी वंशावली र पौडेल वंशावलीको पनि अध्ययन गरिएको छ । यी सबै ग्रन्थले प्रस्तुत शोधपत्र तयार गर्न ठूलो योगदान पुऱ्याएका छन् ।

यो अध्ययन विधि प्राथमिक तथा द्वितियक दुवै तथ्याङ्क सङ्कलनको लागि प्रयोगमा आएको छ । प्राथमिक तथ्याङ्कको लागि बुढापाकासँग सोधपुछ गरिएको छ भने द्वितियक तथ्याङ्क लिनको लागि लिखित दस्तावेज अध्ययन गरिएको हो । यी दुवै स्रोतको समीक्षाबाट प्रस्तुत शोधपत्र तयार पार्न सहयोग भएको छ ।

**२.५ तुलनात्मक अध्ययन विधि**

प्राप्त भएका सबै तथ्यहरु सत्य नहुन पनि सक्छन । सत्य र असत्य छुट्टाउनु पर्ने हुन्छ । यसको लागि प्राप्त सबै तथ्यहरूको तुलनात्मक अध्ययन गरिएको छ । यसरी तुलना गर्दा एउटा प्रश्नको फरकफरक उत्तर आएमा  त्यस विषयमा गहन छलफल गरिएको छ । जानकार विज्ञसँग राय तथा सुझाव लिएर प्रस्तुत शोधपत्रमा समावेश गरिएको छ । तर एउटै विषयको प्रश्नको उत्तर एकै आएको अवस्थामा भने तथ्याङ्क सत्य मानेर अध्ययनमा सङ्लग्न गरिएको छ । यो तुलनात्मक अध्ययन सत्य असत्य के हुन् भनेर छुट्टाउने एउटा कडीको रुपमा प्रयोग गरिएको छ । जसले गर्दा शोधपत्र सत्यमा आधारित छ भन्ने पुष्टी गरेको छ ।

प्राचीन, मध्यकालिन, आधुनिक र अत्याधुनिक दस्तावेजको  सङ्कलनगरी तिनको तुलनात्मक अध्ययन गरिएको छ । स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, पुजारीसँग छलफल, प्रश्नावलीबाट आएका  स्रोतको पनि विवेचना भएको छ । यी दुवै प्राथमिक तथा द्धितीयक स्रोतको विवेचना र तुलनात्मक अध्ययनबाट शोधपत्र तयार भएको हो ।

यसरी अध्ययनको कममा स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, पुजारीसँग छलफल, प्रश्नावली प्रयोगबाट प्राथमिक तथ्याङ्क तथा लिखित दस्तावेजबाट द्धितीयक तथ्याङ्क प्राप्त भएको हो । यी दुवै प्राथमिक तथा द्धितीयक तथ्याङ्क सङ्कलनको क्रममा वंशावली अध्ययन विधि पनि प्रयोगमा आएको छ।प्राप्त भएका सबै तथ्याङ्कहरुको समीक्षा गर्दै तुलनान्तक अध्ययन गरेर प्रस्तुत शोधपत्र तयार भएको हो ।

# अध्याय तीन

# वरेङ गाउँपालिकाको परिचय

## ३.१ सङ्क्षिप्त परिचय

बरेङ गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ जिल्लामा पर्दछ । बरेङ गाउँपालिकाको स्थापना साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समाबेश गरी भएको हो । यस गाउँपालिकामा हाल पाँच वटा वडाहरू कायम गरिएको छ । बरेङ गाउँपालिकाको पूर्वमा बाग्लुङ जिल्लाकै जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा जिल्लाको कालीगण्डकी र चन्द्रकोट गाउँपालिका पर्दछन् । बरेङ गाउँपालिकामा रहेको बरेङ भन्ने स्थाथनमा नियमित रुपमा मेला लाग्ने गरेको छ । उक्त मेलामा ढाडे खेल (कुस्ती) खेल्ने गरेको पाइन्छ । बरेङ भन्ने स्थान अग्लो डाँडामा रहेकोले भऱ्याङ्ग जस्तो भौगोलिक धरातल पार गरेर भङ्ज्याङ जानुपर्ने भएकोले “भरेङ्ग” नामबाट अपभ्रंस भई बरेङ भन्ने नाम रहन गएको भन्ने स्थानीय पाकाहरुको भनाई रहेको छ । त्यस्तै अर्को भनाई अनुसार यस गाउँपालिकामा एउटा ठूलो वरको रुख रहेको हुनाले उक्त स्थानलाई बरेङ भन्ने गरिएको भन्ने भनाई पनि रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति ५,०९९ जना (३५.१८ प्रतिशत), दोस्रोमा क्षेत्री ३,००० (२०.७० प्रतिशत) र तेस्रोमा ब्राह्मण (पहाडी) २,२९० (१५.८० प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा पाँच वडाहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत स-साना व्यापार व्यवसाय, साना घरेलु उद्योग, सेवामूलक व्यवसाय, नोकरी साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दाहरूमा क्रमश आधुनिकताको प्रभाव पर्न थालेको देखिन्छ । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा माध्यामिक तह सम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने

गरिन्छ । दशैं, तिहार, साउने र माघे सङ्क्रान्ति, तिज, महाशिवरात्री, चैते दशै, होली, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्व हुन् ।

### ३.२ गाउँपालिकाको स्थापनार नामकरण

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार सङ्घिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समावेश गरि बरेङ गाउँपालिका घोषणा गरीएको हो । यस गाउँपालिकामा हाल ५ वडा कायम गरिएको छ । गाउँपालिकाको नक्शाचित्र न १ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१ : गाउँपालिकाको वडा विभाजन**

| वडा नं | समावेश भएका साविकका गा.वि.स. | साविकका वडाहरु |
|---|---|---|
| १. | धुल्लुबाँस्कोट | १-९ |
| २. | हुग्दिशिर | १-९ |
| ३. | बाटाकाचौर | १-९ |
| ४. | सल्यान | १-९ |
| ५ | सुखौरा | १-९ |

*स्रोत : संघिय मामिला तथा  सामान्य प्रशासन मन्त्रालय (२०७३)*

बरेङ गाउँपालिकाको पूर्वमा जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्ला पर्दछन् । भौगोलिक हिसाबले ८३ डिग्री २३ मिनेट ३१ सेकेण्ड देखि ८३ डिग्री ३३ मिनेट ३४ सेकेण्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ४६ सेकेण्ड देखि २८ डिग्री १० मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित बरेङ गाउँपालिका ७५.२८ वर्ग.कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ । आधा भन्दा बढि क्षेत्र जंगल तथा केहि भू-भागमा जल क्षेत्र रहेको यस गाउँपालिका भएर सानाठूला गरी आधा

दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्छन् । यो गाउँपालिका समुन्द्री सतह १०७१ देखि २७७३ मि. को उचाईमा अवस्थित छ (स्रोत : बरेङ गाउँपालिकाको फ्रोफाइल) ।

### ३.३ सँस्कृति, कला, भाषा र साहित्य

साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनव एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा रत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुन यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ । बरेङ गाउँपालिका एक मध्य पहाडी श्रृङ्खलामा अवस्थित रमणिय स्थान मात्र नभएर यहाँको मौलिक मगर संस्कृति तथा सामाजिक, धार्मिक तथा जातिय विविधताले सिर्जना गरेको सुन्दरता पर्यटक आकर्षणको एक सबल पक्ष हो । यस बाहेक यहाँका ऐतिहासिक तथा धार्मिक स्थलहरूको प्रचारप्रसारका साथै भौतिक प्रर्वद्धन गरी यातायातको राम्रो सुविधा प्रदान गर्न सके विकासमा थप टेवा पुग्न जाने निश्चित छ ।

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरू हुन यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा

अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ । बरेङ गाउँपालिका पहाडी श्रृङ्खलामा अवस्थित रमणिय स्थान मात्र नभएर यहाँको मौलिक मगर संस्कृति तथा सामाजिक, धार्मिक तथा जातिय विविधताले सिर्जना गरेको सुन्दरता पर्यटक आकर्षणको एक सबल पक्ष हो ।

बरेङ गाउँपालिका संस्कृति र कलाका दृष्टिकोणले धनी गाउँका रुपमा रहेको छ। गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास छ । यस गाउँका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दू धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा एवम् परम्परा र संस्कार रहेको पाईन्छ मगरहरू यहाँका आदिवासी समुदायहरु हुन् । पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्रहरु जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। संचार माध्यमको व्यापक विकास र विस्तारका साथै पश्चिमा सँस्कृतिको प्रभावका साथै विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् । यद्यपी यस गाउँपालिकाको नौमति बाजा जिल्लामै अत्यन्त प्रसिद्ध रहेको छ । यस बाहेक लोकभजन, दोहोरी, झ्याउरे, सोरठी, मारुनी, देउसी, भैलो यहाँका लोक संस्कृतिका उदाहरणहरू हुन् ।

### ३.४ धर्म, भेषभूषा, चालचलन र चाडपर्व

हिन्दू, बौद्ध र इस्लाम धर्मावलम्बीहरुको बसोबास छ । हिन्दूहरुले जन्मदा छैठी, न्वारन गर्ने, जन्म कुण्डली हेराई विवाह गर्ने, मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ । सन्यासी वर्गले लाश गाड्ने गर्दछन् । मृत्यु पश्चात् पिण्डदान, ब्रम्ह भोजन आदि गर्ने चलन अद्यापी रहेको छ । पुराना अन्धविश्वास, कुरीति घट्दै गए पनि धामी, झाँक्रि झारफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन् । जातिय परम्परा अनुसार बिभिन्न जातिमा असारे गीत, तीजका महिलाका हृदयस्पर्सी भाका, भैलो, झ्याउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ । भेषभूषामा मगर गुरुङ महिलाहरुले मखमलको चोलो, साडी, ब्लाउज,

सुनचाँदीका गहना-ढुंग्री, मारबारी, बुलाकी, मुन्द्री, चुरा, पोते, आदि बस्त्र लगाउने चलन छ । बाहुन, क्षेत्री र अन्य जातिमा पनि यस्तो लवाई पाईन्छ । अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र कल्ली लगाउने प्रचलन घट्दै गएको छ । सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ । महिलाले व्लाउज, चोलो, पेटीकोट, लुंगी, साडी र सल लगाउने प्रचलन छ । खानपानमा दाल, भात, तरकारी, ढिंडो (कोदो, मकै, जौ, चामल), पुरी, मकै (भुटेको र पोलेको), पिठो कोदाको पकाएको, तरकारी, दाल, सागसव्जी, चटनी, अचार, दूध, दही, घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ । दूध, चिया र कफी पिउने चलन व्यापक छ । कसैले चुरोट, बिंडी, कक्कड सुलफा तान्ने, खैनि आदिको अम्मल गरेको पाईन्छ ।

मुख्य चाडपर्वहरू यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र केही मधेसी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ होली), चैतेदशैं, साउने-माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध कूल पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, जेष्ठ पूर्णिमा, पुसे १५, असारे १५, बैशाखी पूर्णिमा, आषाढ पन्ध्रमा दहीच्यूरा खाने, बैशाख सक्रान्ति, भाद्रऔंसी, साउने संक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी, बडादशै, सरायँ, तिहार, देवाली, कुलपुजा, कार्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली) रामनवमी, ठूलो एकादशी आदि हिन्दू चाडपर्व प्राय सवैले मनाउँछन् ।

**क) दशैं**

बडा दशैं (विजया दशमी नवरात्री) नेपालीहरूको प्रमुख राष्ट्रिय चाड हो । बरेङ गाउँपालिकामा पनि दशैं प्रमुख चाडको रुपमा मनाईन्छ । किम्बदन्ती अनुसार विजयादशमीको दिन भगवतीले दानवी शक्ति माथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरुप रातो टिका र जमरा लगाउने चलन छ । आश्विन महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन भगवान् रामले रावणको

वध गरेको पौराणिक कथन अनुरुप विजयादशमीको दिनलाई विशेष महत्वका साथ टीका जमरा लगाई मान्यजनहरुबाट आर्शिवाद लिने परापूर्व देखिको चलन रहेको छ । यस दिन असत्य माथि सत्यको विजयको भएको मानिन्छ । तसर्थ यस दिनलाई विजया दशमी भनिएको हो । आश्विन शुक्ल प्रतिपदा (घटस्थापना)मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येकदिन फरक देवीहरूको पूजा हुन्छ । प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, कुष्माण्डा, स्कन्दमाता,कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ती महा-काली, महा-लक्ष्मी र महा-सरस्वतीको विशेष पूजा आराधाना गरिन्छ । आफ्ना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने (ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ । टाढादेखि मान्यजनबाट टीका थाप्न आउने मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले धेरैजसो स्थानहरुमा यो कार्य पूणिर्मा सम्म गर्ने चलन छ ।

**ख) तिहार**

बरेङ गाउँपालिकामा मानिने चाडहरू मध्ये तिहार पनि एक प्रमुख चाड हो । यो चाडलाई यमपञ्चक पनि भनिन्छ । धर्म संस्कार र मान्यतालाई हेर्दा सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी अन्य समयमा अत्यन्त व्यस्त हुने भएतापनि यमपञ्चकको दिन बहिनीका घरमा गई भेटघाट तथा प्रेम आदानप्रदान गरी मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दूशास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई “जे मन लाग्छ वर माग” भन्दा यमुनाले “हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस् भनी वरदान मागिन् । यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन काल देखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको परम्परा छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई अमर राख्दछ । यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको

नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनहरुमा क्रमशः काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजा, गोवर्द्धन पूजा र भाइटीका पर्दछन् । यो पर्व प्रत्येक दिन विशेष तथा फरक मान्यताको साथ मनाईन्छ । देउसी-भैलो, लक्ष्मीको पूजा, सयपत्री र मखमली, बत्तीको झिझिमिली मुख्य लोभ्याउने पक्षहरु हुन् । गाउँपालिकामा हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रुपमा यस पर्वलाई धूमधामसँग मनाउँछन् ।

**ग) तीज**

यस गाउँपालिकामा मनाइने चाडपर्वमा तीज एक हो । यो चार्ड हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो । तीज भाद्र शुक्ल द्वीतिया देखि पञ्चमी सम्म ४ दिन मनाइन्छ । तीजमा भगवान शिवको आराधना गरि निरहार ब्रत बस्नुको साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ । नेपाली हिन्दू महिलाहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन थालेका छन् । यो पर्व मुख्य रूपले नेपालभर मनाइन्छ । ऐतिहासिक किम्बदन्ती अनुसार आद्य शक्ति भगवानशिवकी अर्धाङ्गीनी हिमालय पुत्री पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै वाधा उत्पन्न नहोस् भनेर पहिलो वत्र राखेकी थिईन् त्यो दिन यहि हरितालिका तिजको दिन थियो त्यसै दिनको स्मरण र श्रद्धा स्वरुप आजसम्म हिन्दू नारीहरूले यो पर्व मनाउदै आएको जनविश्वास छ ।

**घ) होली**

बरेङ गाउँपालिकामा मनाइने चाड मध्ये होली पनि एक हो । हिन्दु संस्कृतिमा यो पर्व प्रत्येक फाल्गुण शुक्ल पूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइन्छ । यो पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ । होलीको बारेमा पौराणिक भनाइ अनुसार प्राचीन समयमा अथवा सत्य युगमा नास्तिक हिरण्यकश्यपु नामक एक जना राक्षसको जन्म भएको थियो । हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । हिरण्यकश्यपुका छोरा भक्त प्रह्लाद थिए । भक्त प्रह्लाद भगवान विष्णुका निकै भक्त थिए । आफ्नै छोरा प्रह्लादले भगवान विष्णुलाई भज्ने गरेको हिरण्यकश्यपुलाई मन परेको थिएन । त्यसैले उसले प्रह्लादलाई मार्न धेरै योजना बनाएका थिए । एक योजना अनुसार हिरण्यकश्यपुले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलिका (जसलाई अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी थिइन्) लाई जिम्मा दिएका थिए । दाजुको आदेशानुसार

होलिका प्रह्लादलाई काखमा लिएर अग्निमा बस्दा आगोले धर्मको साथ दिएकोले होलिका जलेर नष्ट भइन् तर प्रह्लादलाई केही भएन । होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ्ग र अविर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ । भने अर्को एक प्रसङ्ग अनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले विषाक्त दूध खुवाउन कंशद्धारा खटाइएकी पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिनु भएकाले त्यसको शवलाई  यसै दिन जलाएर आपसमा रङ्ग र अबिर छरी खुसियाली मनाएकोले त्यसैको सम्भनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाई रहेको छ ।

यसरी पौराणिक महत्व बोकेको होली पर्व वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रुपमा धुमधामका साथ मनाईन्छ । यो पर्वलाई पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक आपसमा मिली मित्रता गाँस्ने दिन, असत्य माथि सत्यको विजय भएको दिनको रुपमा लिइन्छ । हाल आधुनिकताको नाममा विभिन्न विकृतिहरु भित्रिएका छन् यसलाई मध्यनजर गर्दै यस पर्वको विशेष महत्व र मौलिकतामा रहेर मनाउनु पर्ने देखिन्छ ।

### ३.५ परम्परागतकुल पूजा र बलि प्रथा

बरेङ गाउँपालिकामा बसोबास गर्ने मगर, क्षेत्री, ब्राह्मण (पहाडी) हरुले कुल देवताको पूजा गरेको पाइन्छ । बराह मष्टलाई यिनीहरुले कुल देवताको रुपमा पुज्ने गरेका छन् । सल्यान, बाटाकाचौर र सुखौरामा बस्ने गौतमहरूले जताततै बोका बलि दिएर  कुल पूजा गर्दै आएका छन् । बाटाकाचौरमा बसोबास गर्ने खनाल, चापागाई, फौजदार, थापा, कार्कीहरुले कुल पूजामा बाखाका पाठा बलि दिन्छन् । सुखौरा,सल्यान, बाटकाचौर र हुग्दिशिरमा बसोबास गर्ने पौडेलले कुल पूजामा बाखाका पाठा बलि दिदैनन् । उनीहरूले दूधधार दिएर पूजा गर्ने गरेका छन् । त्यस्तै बाटाकाचौरका सुवेदी र न्यौपानेहरुले दूधधार दिई कुलपूजा गरेको पाइन्छ ।  धुल्लुबाँस्कोटमा बस्ने पौडेल, आचार्य र ढुङ्गानाहरुले कुल पूजामा बोका बलि दिदै आएका छन् । बलि प्रथाको जताततै विरोध भएकोले कुल पूजामा बलि नदिने विषयमा पनि अहिले आएर पालिकाभित्र चर्चा हुन थालेको छ । भविश्यमा कुल पूजामा पशु बलि दिने की नदिने विषयमा उनीहरूबीच अन्यौल पैदा भएको देखिन्छ  ।

बरेङमा चर्चित सत्यवती मन्दिर पालिकाकै सबैभन्दा बढी बलि दिने स्थल हो । यो मन्दिर बाटाकाचौरको साग्दी भन्ने स्थानमा पर्दछ । देवाली पूर्णिमाका दिन यो मन्दिरमा बोका र परेवा बलि दिइन्छ । परेवा उडाउने पनि गरिन्छ । त्यस दिन मन्दिरमा ठूलो मेला लाग्ने गर्दछ । धेरैटाढाटाढा देखि मानिसगई पूजाअर्चना गरी पशुपंक्षी बलि दिने गरेको

पाइन्छ । पाल्पा, गुल्मी रुपन्देही, कास्की, लमजुङ, तनहुँ, चितवन, पर्वत लगायत धेरै जिल्लाबाट भाकल गरेका बाख्राका पाठा र परेवा लिएर गई बलि दिने गर्दछन् । सत्यवती देवी बहिरी (कान नसुन्ने) भएकोले चर्को स्वरमा वर माग्ने गरिन्छ । मागेको वर पुरा भएपछि बलि दिने चलन छ ।

सल्यान, बाटाकाचौर र सुखौराका बस्नेहरूले पश्चिम दिशा पारेर दिउरूङ्की देउराली देवीको नाममा स्थापना गरिएका थानमाबाख्राको पाठी र परेवाको बलि दिदै आएका छन् । परेवा उडाउने पनि चलन छ । आफ्नो घर देखि पश्चिम दिशा पारेर स्थापना गरिएका थानहरु पालिकाभित्र छरिएर रहेका छन् । यिनै थानमा देउरालीको नाममा पूजापाठ र बलि दिने गरिन्छ । प्रायः वर्षभरी नै देवीको नाममा बलि दिएको पाइन्छ । वार र तिथि जुराएर पूजाअर्चना र बलि दिने चलन छ । भाकल गरेको पुरा भएपछि बलि दिइन्छ । कोहीकोही दिउरूङ्की देउराली थानमा गई पूजा गर्दछन् ।दिउरुङ्की देउरालीको थान गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिकामा पर्दछ । बाग्लुङ कालिका देवीको नाममा दिशा पारेर स्थापना गरिएका थानमा परेवा र बोकाको बलि दिने गरेको पाइन्छ । आफूले गरेको भाकल अनुसारको बलि दिने चलन छ ।

बरेङ गाउँपालिकामा सल्यान, सुखौरा र हुग्दिशिरमा बस्ने अधिकांश मानिसहरूले हिउँदे र वर्षे दशैंको राम नवमीका दिन गुल्मीकै चन्द्रकोटका खड्क देवताको नाममा पनि बलि दिदै आएको पाइन्छ । विभिन्न मनोआकाङ्क्षा राखेर भाकल गर्दछन् । आफ्नो मनले चिताएको कुरापुरा भएपछि भाकल अनुसारको राँगा, बोका, परेवाको बलि दिइन्छ । पञ्च बलिलाई त्यहाँका स्थानीयहरूले पञ्चल भन्दछन् । राँगा, बोका, परेवा, कुभिण्डोको पञ्च बलि दिइन्छ । परेवालई उडाउने पनि गरिन्छ । सल्यान, हुग्दिशिर, बाटाकाचौरमा पनि खड्क देवताका मन्दिर छन् । त्यहाँ पनि दशैंको नवमीका दिन पञ्च बलि दिने गरेको पाइन्छ ।

सल्यानमा बस्ने ब्राह्मण, क्षेत्री, ज्ञवाली, पौडेल, चालिसे र मगरहरुले नाताको पूजाको रुपमा देउराली, माई, सिद्ध, छत्र देवीदेवताको नाममा पनि बाख्राको पाठापाठी बलि दिर्दै आएका छन् । झाक्री, लागो र वनदेवीको थानमा पनि बाख्राको पाठो र कुखुराको भाले बलि दिने गरिन्छ । बिरामी भएमा लामाकहाँ गई हेराउने चलन छ । लामाले नाडी, आखत (चामलका अक्षता) छामेर हेर्दा भुतप्रेत, बोक्सी, डाकिनी, झाँक्री, लागो र वनदेवी जे लागेको देखिन्छ, उनैको नाममा धजा मन्साउने गरिन्छ । जसको नाममा धजा मन्साइन्छ,

उनैको नाममा प्रचलित परम्परा अनुसार पशुपंक्षीको बलि दिने चलन छ । दलितहरुले माइको पूजामा राँगाको बलि दिने गरेको पाइन्छ ।

बरेङ गाउँपालिकामा कुल पूजा, सत्यवती देवी, खड्क देवता, देउराली देवी, कालिका देवी, सिद्ध देवता, छत्रदेवी र वनदेवीको लागि पशुपंक्षी बलि दिनेहरुको बाहुल्यता रहेको छ । आफ्नो पुर्खाको पालादेखि चलेको बलिप्रथालाई निरन्तरता दिदै आएको देखिन्छ ।

### ३.६जनसाङ्ख्खिक विवरण

### ३.६.१ जनसङ्ख्याको विवरण

कुनैपनि स्थानको जनसङ्ख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव स्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँस्तरमा जनसङ्ख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसङ्ख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार बरेङ गाउँपालिकाको जनसङ्ख्या १४,४९२ रहेको छ जस मध्ये पुरुष ४२.५३ प्रतिशत (६,१६४ जना) र महिला ५७.४७ प्रतिशत (८,३२८ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिला १४.९३ प्रतिशतले बढि रहेको पाइन्छ । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio)अर्थात् प्रति १०० महिलामा पुरुषको सङ्ख्या७४.०२ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसङ्ख्या) १९३ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये ५१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३६.९४ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ११.१० प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बरेङ गाउँपालिकामा ३,२४० घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औषत ४.४७ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ(स्रोत : बरेङ गाउँपालिकाको फ्रोफाइल, २०७५) ।

### ३.६.२ वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण

तालिका नं. २ : वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १. | १४.०९ | ४.६१ | ७७९ | ३५९४ | १५५१ | २०४३ | २५५ |
| २. | २१.५१ | ४.५० | ९३३ | ४२०० | १७८५ | २४१५ | १९५ |
| ३. | १७.३४ | ४.४४ | ८६९ | ३८५९ | १६२६ | २२३३ | २२३ |
| ४. | १०.९९ | ४.३८ | ३९३ | १७२१ | ७०९ | १०१२ | १५७ |
| ५. | ११.३६ | ४.२० | २६६ | १११८ | ४९३ | ६२५ | ९८ |
| जम्मा | ७५.२९ | ४.४७ | ३२४० | १४४९२ | ६१६४ | ८३२८ | १९२ |

स्रोतः राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा नं २ हो । जसमा जम्मा जनसङ्ख्या ४,२०० (पुरुषको १,७८५ जना र महिलाको २,४१५ जना) रहेको छ । यस वडाको औषत परिवार आकार ४.५० र घरधुरी सङ्ख्या ९३३ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसङ्ख्या भएको वडामा वडा नं. ५ रहेको छ जसको जनसङ्ख्या १,११८ (पुरुषको ४९३ जना र महिलाको ६२५ जना) रहेको छ भने घरधुरी सङ्ख्या २६६ र औषत परिवार सङ्ख्या ४.२० रहेको छ ।

### ३.७ वस्ती विकासको स्वरुप

बरेङ गाउँपालिकामा क्रमश वस्तीहरूको विकास घढ्दो रहेको छ । गाउँपालिकाको केही स्थानहरुमा स-साना बजारहरु क्रमशः विकसित भएको देखिएता पनि समग्रमा गाउँपालिकाको सबै वडाहरूमा सेवा तथा सुविधा पुगिसकेको छैन । गाउँपालिकामा विकासका धेरै आयामहरूमा अभ्यास गर्न बाँकी देखिन्छ । बरेङ गाउँपालिकाको सडक सञ्जालको विकास सबै वडाहरूमा राम्रो भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । गाउँपालिकाका अधिकांश भू-भागबाट सदरमुकाम बसाईसराईको सङ्ख्या क्रमश बढ्दै गएको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको

संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित गाउँपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिकाबासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसका अतिरिक्त बरेङ गाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, वृद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यवसायिक संस्थाहरू, संचारकर्मीहरू तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ती जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ ।

बरेङ गाउँपालिका जलवायुको आधारमा बसोबासको लागि उपयुक्त रहेको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल क्रमश विकास भइरहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा गाउँपालिकाका केन्द्र वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक यातायात सेवाको विस्तारले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ। नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। पहाडी क्षेत्रमा समथर जमिनको अभाव हुने हुँदा अधिकांश क्षेत्र जोखिमयुक्त हुन्छन् तसर्थ एकिकृत बस्ती विकासका योजनाहरू बनाई ग्रामिण बस्तीहरूलाई व्यवस्थीत गर्न जरुरी देखिन्छ । अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ । यस गाउँपालिकामा वस्ती विकास अन्तर्गत घर निर्माणको किसिमलाई हेर्दा गाउँपालिकाको कुल ३,२४० परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा/ढुङ्गाको ०.३१ र पक्की पिलर भएका घरधुरी ०.२५ प्रतिशत छ भने माटोको जोडाई भएको ईटा/ढुङ्गाको घरधुरी ९७.६५, बाहिरी गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ०.९९ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ०.४० प्रतिशत छन्। हालको घरको संरचना लाई हेर्दा नाजुक देखिन्छ । घरको जग र बाहिरी गारो दुवैमा माटोको प्रयोग बढी देखिन्छ जुन भुकम्पीय जोखिमका दृष्टिले संवेदनशिल हो । गाउँपालिकामा कुल १३५ (४.१७ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ३,०७० (९४.७५ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँपालिकाभित्र २ (०.०६ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका कार्यालय एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ *(स्रोत: पार्श्वचित्र बरेङ गाउँपालिका, २०७५)*।

### ३.८ आर्थिक क्षेत्र तथा रोजगार स्थिति

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, साना व्यापार, व्यवसाय, नोकरी, वनजन्य पदार्थ, खुद्रा बजार, साना होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त ४५.०१ प्रतिशत उर्वर माटो भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै पशुपालनमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा ठूलो क्षेत्रफल ओगटेको

वनजंगल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ ।  विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्व लगायत यहाँ रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । कृषि व्यवसाय, स-साना होटेलहरु, तथा व्यापार, नोकरी, मील, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् । बरेङ गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ ।

यसरी बरेङ गाउँपालिकाको प्रोफाइल अध्ययन गर्दाहिन्दू, मुस्लिम र क्रिस्चियन धर्मावलम्बीहरुको बसोबास देखिन्छ ।सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेका छन् । बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ होली), चैतेदशैं, साउने-माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशेऔंसी, बालाचतुर्दशी जस्ता हिन्दू चाडपर्व प्रायः सवैले मनाउँछन् । पशुपंक्षी बलि दिनेहरुको बाहुल्यता रहेको छ । कुल पूजा, सत्यवती देवी, खड्क देवता, देवीको पूजा गर्दा पशुपंक्षी बलि दिइन्छ । यिनीहरुले आफ्नो पुर्खाको पालादेखि चलेको बलिप्रथालाई निरन्तरता दिँदै आएको देखिन्छ । यिनीहरुको प्रमुख पेशा कृषि, साना व्यापार, व्यवसाय, नोकरी, वनजन्य पदार्थ, खुद्रा बजार, साना होटल, पर्यटन तथा सेवा  हुन् ।

## अध्याय चार

## बरेङकागौतमहरूको धार्मिक तथासांस्कृतिक परम्परा

### ४.१ सङ्क्षिप्त परिचय

बरेङ गाउँपालिकाका गौतमहरू हिन्दू धर्मावलम्बी हुन् । यिनीहरुले जन्मदा छैठी, न्वारन गर्ने, जन्म कुण्डली हेराई विवाह गर्ने, मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ । जलाएर बाँकी रहेको अस्तु नदीमा खाल्डो खनी गाड्ने गरिन्छ । धनी सम्पन्न गौतमहरूले काली गण्डकी नदीको किनाराको लगेर दाहसंस्कार गर्दछन् । गरिव तथा विपन्न वर्गले हुग्दीखोला र तङ्खोलको किनारमा जलाउने गरेका छन् । मृत्यु पश्चात् पिण्डदान, ब्रम्ह भोजन आदि गर्ने चलन अद्यापी रहेको छ । पुराना अन्धविश्वास, कुरीति घट्दै गए पनि धामी, झाँक्री, झाँरफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन् । परम्परा अनुसार विभिन्न जातिमा असारे गीत, तीजका महिलाका ह्रदयस्पर्सी भाका, भैलो, झ्याउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ । भेषभूषामा महिलाहरुले मखमलको चोलो, साडी, ब्लाउज, सुन चाँदीका गहना-ढुंग्री, मारबारी, बुलाकी, मुन्द्री, चुरा, पोते, आदि बस्त्र लगाउने चलन छ । अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र कल्ली लगाउने प्रचलन घट्दै गएको छ । सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ । महिलाले व्लाउज, चोलो, पेटीकोट, लुंगी, साडी, सल र कुर्ता लगाउने प्रचलन छ । खानपानमा दाल, भात, तरकारी, ढिंडो (कोदो, मकै, जौ, चामल), पुरी, मकै (भुटेको र पोलेको), पिठो कोदाको पकाएको, तरकारी, दाल, सागसव्जी, चटनी, अचार, दूध, दही, घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ । चिया र कफी पिउने चलन व्यापक छ । कसैले चुरोट, बिंडी, कक्कड सुलफा तान्ने, खैनि आदिको अम्मल गरेको पाईन्छ ।

बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, चैतेदशैं, साउने-माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी,कुशे औंसी, श्री स्वस्थानी पूर्णिमा, रक्षा बन्धन (जनैपूर्णिमा), सोह्रश्राद्ध,संकट पूजा, नयाँ वर्ष, भ्यालेनटाईन डे, जेष्ठ पूर्णिमा, असारे १५ (दहीच्यूरा खाने), बैशाख सक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी, कुलपुजा, फागु पूर्णिमा ( होली)आदि हिन्दू चाडपर्व सवै गौतमले मनाउँछन् ।

गौतमहरुले आफ्नो कुल परम्परा अनुसार मानी आएको वर्षचक्र अन्तर्गत दिन रात, उषा, सन्ध्या, तिथि र नक्षत्रलाई समेत चाडपर्वको रुपमा लिने गरेका छन् । चाडपर्व नीति

शास्त्रमाउल्लेख भएका र लोकपरम्परा अन्तर्गत धार्मिक कार्यको रुपमा मान्यता प्राप्त गरी दुई किसिमका पाइन्छन् । चाडवर्पको रुप नित्य र नैमित्यिक हुन्छ । यस्ता चाडपर्व प्रत्येक वर्ष, दुई वर्ष, तीन वर्ष, चार वर्ष, पाँच वर्ष र वाह्र वर्षमा मनाउने गरिन्छ । सूर्य ग्रहण, चन्द्र ग्रहण, क्षयमास, मलमास, शुक्रअस्त, योगिनी अस्त र प्राकृतिक प्रकोप जस्ता शास्त्रमा उल्लेख गरिएअनुसार मनाउँदै आएका छन् ।

शास्त्रमा स्पष्टसँग उल्लेख नभएका परम्पराहरु पनि गौतमहरुले मनाउँदै आएका छन् । यिनीहरूले हलोसार गर्ने, उँभ्यौली पर्व, माईपूजा भनी बलि दिने, वनदेवीको पूजा, वन झाँक्रीको पूजा, नागको पूजा, कुल पूजा, देवी देउरालीको पूजा, खड्क देवताको पूजा, सिद्ध देवताको पूजा, हरेलो गर्ने, दाई हाल्ने, खलो पूज्ने, बिउमा सुनपानी छर्ने, धानको मुठी लिने, धानको थुप्रोमा खरानीको घेरो हाल्ने, न्वाइ खाने, गोठ सार्ने, निगाला र बाँस काट्ने, टपरीको लागि पात टिप्न साइत गर्ने, घरको जग स्थापना, घरपइँचो गर्ने, ग्रह शान्ति गर्ने, जाप लगाउने, नित्य पूजा गर्ने, तिर्थ भोज गर्ने, औंशी, पूर्णमा र संक्रान्तीमा कन्यालाई टीकाटालो गरी दक्षिण दिने, दमाई, कामी, सार्की, गाइने र जोगीलाई सिदा-भाउ भूरो दिने, पाथी भर्ने, बाली तिर्ने, घरमा चट्याङ परेमा मेघशान्ति गर्ने, घरको धुरीमा गिद्ध बसे गिद्धे स्वस्ति शान्ति गर्ने, कागले ठुगेमा वा जिउमा आएर बसेमा निबाराको बोटमुनी गई शान्ति गरी भात खाने, आगोलागी भएमा अग्नि शान्ति गर्ने, आकाशबाट पानी पर्छ भनेर प्रत्येक वर्ष नाताको पूजा भनेर देउराली, सिद्ध र छत्रको पूजा गर्ने परम्पराप्रति आस्था रहँदै आएको छ ।

गौतमहरूले वर्षचक्रका आधारमा मनाइने चाडपर्वहरुमा शनित्रयोदशी (प्रदोष), अक्षय तृतिया, मङ्गलचौथी, रविसप्तमी, सोमबारे औशी, मंगलबारेचौथी, विवाह, ब्रतवन्ध, सत्यनारायणको पूजा, गाई भैसी चोखाउने, कुलपूजा, गोठधुप, गौडपूजा, अमावश्य, पूर्णिमा, श्राद्ध र तिर्थश्राद्ध आदि रहेका छन् । शास्त्रिय अनुष्ठान र लोक परम्परामा आधरित धार्मिक कार्य गर्दा त्यसको पूर्व तयारी गर्नु पर्ने हुन्छ । तर यस्ता चलन शास्त्रिय विधिमा उल्लेख नगरिएको पनि हुन सक्छ । यिनीहरूले घरको लिपोत गर्ने, पूजापात्र र घरका भाँडावर्तन सफा राखी घरमा जौ तिल छर्कने, चोखो कपडा लगाउने, पुरुषले नयाँ जनै फेर्ने, वर्त बस्नेले झगडा नगर्ने, अरुलाई कुटपिट नगर्ने, यौनक्रिया नगर्ने र घरवाहिर टाढा सम्म नजाने परम्परागत चलन छ । शास्त्रमा उल्लेख नभएका चतुर्मास वर्त बस्ने, उपवास बस्ने,

साउने संक्रान्तिमा लुतो फाल्ने, आकाशमा बत्ति बाल्ने जस्ता लौकिक कार्यहरु पनि प्रचलित छन् ।

नारीहरुको धार्मिक परम्परामा आधारित  कार्यको साथै अन्य जिम्मेवारी पनि रहेको हुन्छ । नारीहरु सबेरै विहान उठ्नु पर्ने, घर वढार्नु पर्ने, लिपपोत गर्नु पर्ने, आगो बाल्ने, भाँडाकुँडा सफा गर्ने, चियानास्ता लगायत खाना बनाउने, गाईवस्तुको रेखदेख गर्ने जस्ता अभिभारा रहेको पाइन्छ । नारीहरु सुत्केरी भएको बेलामा माइत वस्न जाने परम्परा पनि रहेको छ । करिव एक महिना माइत बसेपछि घर फर्कने चलन छ । यस्ता कार्यहरु  कुनै शास्त्रमा पनि उल्लेख नगरिए पनि आआफ्नो परम्परा अनुसार गरिदै आएका छन् ।

## ४.२ धार्मिक परम्परा

आदिमकालदेखि मानिसले विभिन्न देवीदेवता वा प्रकृतिको सुनेको वा अनुभव गरेको पक्कै हुनुपर्दछ । विश्वमा पाइएका प्राचीन सभ्यताको उत्खनन् गर्दा पुरानो ऋग्वेद र अरु वेदमा पनि सूर्य, उषा, वरुण, इन्द्र, वायु, अग्नि जस्ता देवताको चर्चा पाइन्छ । यिनी देवताहरुको पूजा गरेका आधारहरु उत्खननबाट प्राप्त भएका छन् । प्राचीन सभ्यताहरु हाम्रो वेद, उपषनिद्, स्मृति, पुराण, भाष्य, कर्मकाण्ड, महात्म्य आदिको आधारमा विकसित हुन पुगेको बुझिन्छ । यस्ता नीति नियम र स्मृतिले हाम्रो समाजलाई शास्त्रको रुपमा मार्गनिदेर्शन गरेका छन् ।

हाम्रो नेपाली समाज पनि सभ्यताकै आरम्भबाट धार्मिक आस्था र विश्वासका आधारमा चल्दै आएको छ । हाम्रो वाग्मय शास्त्रमा जन्म भन्दा पहिले पनि हामी थियौं । हामीले राम्रो काम गरेकोले मनुश्यको चोला पाएका हौं भनेर उल्लेख गरेको पाइन्छ । तसर्थ वर्तमान कालमा हामीले सुख, शान्ति आनन्दको कामना गर्दछौ । परलोकगामी भएपछि गति र मुक्ति पाउने आशा बोकेका हुन्छौं । पुर्न जन्म छैन भन्ने विश्वासकासाथ दान, पुण्य, परोकार आदि गर्न तम्सिएका हुन्छौ ।  पूर्वजन्म र पुर्नजन्म छैन भन्ने विश्वास बोकेका मनुश्यले उक्त कुरामा विश्वास गर्दैनन् । उनीहरुले आफनो धन खर्च गरेर धार्मिक कार्य, मठ मन्दिर, पाटी, पौवा, धर्मशाला निर्माण गर्दैनन् । परलोकमा विश्वास गर्नेले मात्र परोपकार र  धार्मिक कार्य गर्दछन् । देखेको वस्तुलाई मात्र विश्वास गर्ने कुरो हुदैन । नदेखेको वस्तुलाई पनि विश्वास गर्नु पर्दछ । हावा, मन, प्राण, माया भावना कहीं पनि देखिदैन । तर हामीले यस्ता वस्तु भएको विश्वास गर्दै आएका छौ । हाम्रा दिव्य पूर्वजले बताएका कुरा आँखाले नदेखिने केवल अनुभव गर्न सकिने लोकमा प्रचार गरी व्यवहारमा

ल्याउन समेत सिकाएका हुनाले हामीलाई त्यस तर्फ लाग्न सजिलो भएको हो । यस्ता सिकाएका कुरा व्यवहारिक हुनुको साथै वैज्ञानिक परिक्षणबाट पनि सत्य सवित हुन पुगेका छन् । प्राचीन वाग्मयले सिकाएका उपरोक्त कुरालाई गौतमहरुले पनि विश्वास गर्दै आएका छन् । दैवशक्ति, प्राकृतिक शक्ति र भौतिक प्रतिक्रियाप्रति विश्वास गर्दछन् ।

संसारमा भएका मानिस एकै हुन् । तर एकै भएर पनि मानिस कोही काला-सेता, अग्ला-होचा, सुखी-दुखी, स्वस्थ-रोगी, धनी-गरिव, जाँगरिला-अल्छी लगायत अनेक छन् । यस्तो हुनुमा यसको लागि गौतमहरुले ग्रह दशा हेर्ने, सत्यनारायणको पूजा गर्ने, भाकल गर्ने जस्ता काम गर्दछन् । वर्त, पूजा, मन्दिर, सतल, चौतारा, बाटा, पोखरी, धर्मशाला बनाउने र गरीव दुःखीलाई दान दक्षिणा दिन्छन् । दैनिक घरेलु व्यवहार र नियम कर्मको आधारमा चलाउने गर्दछन् । घरायसी कागजपत्रको लेखा पढीमा धर्म पुण्य, पितृ र देवतालाई साक्षी राख्ने चलन छ । यस्ता कुरा पालना नगरेमा मरेपछि अधोगति हुने र नरकमा जाने विश्वास गर्दै आएका छन् । विवाह र वर्तबन्धको शुभ साइत जुराउन ज्योतिषी कहाँ जाने परम्परा छ । घरमा आएको जोगीलाई भिक्षा दिएर पठाउने गरिन्छ । साँझका पाहुना देवता सरह हुन भनेर आदर सत्कार गरी घरमा राख्ने गर्दछन् । पाहुनालाई मिष्ठान्न भोजन दिइन्छ ।

गौतमहरुले पितृ प्रधान समाजको प्रतिनिधित्व गरेका छन् । नारीहरुले घरको काम गर्दछन् । पुरुषहरू सभा, सम्मेलन र बैठकमा सहभागी हुने चलन छ । महिलाको सभा, सम्मेलन र बैठकमा निकै कम सहभागिता रहने गरेको छ । पतिको मृत्यु भएमा सेतो वस्त्र धारण गर्नु पर्ने परम्परामा भने अहिले केही परिवर्तन आएको छ । पहिलेकै वस्त्र धारण गर्न थालेका छन् । कसैकसैले भने सेतो वस्त्र लगाएको पनि पाइन्छ ।

भूत प्रेत, लागो, बोक्सो, बोक्सी, डाइनी, मरेडायनी जस्ता अलौकिक दोषको अस्तित्व स्विकार गरेर पुरानै ढाँचाले विश्वास गर्दै आएका छन् । विरामी परेमा यिनीहरुको कारणले भएको ठानी धजा मन्साउने गरिन्छ । साथै यिनीहरुको दोषबाट मुक्ति पाउन धामी, झाँक्री र लामाकहाँ सम्पर्क गरी उनीहरुले बताएको विधि पनि पूरा गर्दछन् । नवदुर्गा पूजा पर्वका दिन आफूले भाकल गरेको कोटमा बलि दिने गरिन्छ । विशेष गरी सङ्क्रन्ति, मसान्त, मृत्यु योगका दिन यात्रा नगर्ने चलन छ । नौ दिन, नौ महिना, नौ वर्षमा घर फर्किन नहुने, यात्राको साइतका दिन बिरालोले बाटो काटे, सर्प दाहिने लागे, कपालफिजाएको नारी देखिए, कपाल काटेको देखे र जुठा भाँडाकुँडा देखिए यात्रा गर्न नहुने विश्वास गर्दै आएका छन् । यात्राको साइतको दिन आआफ्ना औजार लिएको मानिस, भरी

पानीको भाँडो, दमै देखेमा शुभ हुनेविश्वास गरिन्छ । काग कराए “सुवोल” भन्ने, साँझमा बास्ने कुखुरालाई मार्ने, आकासतिर मुख फर्कि कराउने कुकुरलाई लखेट्ने, टाट्ने भैसी कटाइमा बेच्ने, चन्द्र र सूर्यको ग्रहणले छोएको बेला पानी पनि खान नहुने, दोमासे परेमा पाहुना जान नहुने, मन्दिरतर्फ खुट्टा नदेखाउने चलन गौतमहरुमा अहिले पनि प्रचलित छन् । यस्ता लोक विश्वासका परम्परागत संस्कार गौतमहरुका लोक संस्कृति हुन् । यिनीहरुले पुर्खाको पालादेखि आएको चलनलाई निरन्तरता दिएको देखिन्छ ।

### ४.२.१ वर्ष चक्रका चाडपर्व

वरेङका गौतमहरुले वर्ष चक्रको आधारमा विधि विधानपूर्वक चाडपर्व, मेला, जात्रा र अनुष्ठान गर्दै आएका छन् । यस्ता पर्वहरु गौतम सहित अन्य जातिले मनाउँदै आएको पाइन्छ । हरेक महिनामा पर्ने चाड, पर्व, तिथि, स्नान, व्रत, पूजा, अर्चना, यज्ञ अनिवार्य रुपमा सबै गौतमहरूले गर्छन भनेर भन्न त सकिदैन । केही गौतमले गर्दै आएका वर्ष चक्रका  चाडबाड निम्न रहेका छन् ।

**बैशाख महिना**

मेष सङ्क्रान्ति, वैशाख स्नान, अक्षय तृतिया, बैशाख कृष्ण आमवस्या मातातिर्थ, परशुराम जयन्ती, वैशाख शुक्ल चतुदर्शी, वैशाख शुक्ल चतुदर्शी, वैशाख शुक्ल पूर्णिमा आदि अनुष्ठान धर्मशास्त्रमा उल्लेख गरिएअनुसार विधिपूर्वक गर्दै आएका छन् । वैशाखबाट नयाँ वर्ष शुरुवात हुने हुनाले निकै हर्ष उल्लासको साथमा मनाउने गरिन्छ ।

**जेठ**

कुमार षष्टी, गंगादशहरा, तुलसीको विजा रोपण, जेष्ठपूर्णिमा आदि ।

**असार**

विष्णु शयन एकादशी(तुलसीको विरुवा सार्ने एकादशी), असारे पूर्णिमा, कोकिला वर्त, व्यास पूजा, असार प्रन्ध आदि ।

**श्रावण**

कर्कट सङ्क्रान्ति (लुतो फाल्ने दिन), नागपञ्चमी, रक्षवन्धन आदि ।

**भाद्र**

सिह सङ्क्रान्ति, कुशे औशी, हरितालिका, कृष्णजन्अष्टमी आदि ।

**आश्विन**

सोह्र श्राद्ध, घटस्थपना, कालरात्री, विजया दशमी आदि ।

**कार्तिक**

कार्तिक स्नान, कार्तिक कृष्ण त्रयोदशी, काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजा, गोवद्धन पूजा, भाइटीका, हरि वोधनी एकादशी, बैकुण्ठ चतुदर्शी आदि ।

**मार्ग**

मार्ग सङ्क्रान्ति, कालभैरव पूजा, बालाचतुदर्शीी आदि ।

**पौष**

धनु सङ्क्रान्ति, सफलता एकादशी, स्वस्थानी व्रतराभ्म आदि ।

**माघ**

माघे सङ्क्रान्ति, श्री पञ्चमी, स्वस्थानी व्रत समाप्ति आदि ।

**फागुन**

होली पूर्णिमा, महाशिवरात्री, एकादशी वर्त आदि ।

**चैत्र**

चैतै दर्शै, चैत्र गंगा स्नान, चैत्र शुक्ल एकादशी, चैत्रकृष्ण चतुदर्शी आदि ।

माथि उल्लेखित महिनापिच्छे मनाउने पर्वका अतिक्ति अन्य पर्वहरु पनि मनाउँदै आएका छन् । गौतमहरुलेशनित्रयोदशी, मंगल-चौथी, सोमबारे-औशी, रवि सप्तमी, बुधाष्टमी, आइतबारे, मंगलबारे, भूमेपूजा, हलसारो, उँध्यौली पूजा, माई पूजा, कुल पूजा, देउराली पूजा, वायु पूजा, हरेलो, दाइँहाल्ने, खलो पूज्ने, विउँमा सुनपानी छर्कने, मुठी लिने, न्वागी खाने, धानको रासमा खरानी रेखी हाल्ने, घर पोत्ने, घरपैंचो गर्ने, ग्रह शान्ति गर्ने, जप गर्ने, तीर्थ भोज गर्ने, औंशी र पूर्णिमाका दिन कन्या र चेलीवेटीहरुलाई टीका लगाई दक्षिणा दिने, घरमा चट्याङ परेमा मेघ शान्ति गर्ने, घरको धुरीमा गिद्ध बसेमा गिद्ध स्वस्तिशान्ति गर्ने, जिउमा काग आई बसे मृत्यु शान्ति गर्ने, आगोलागी भएमा अग्निशान्ति गर्ने  गर्दछन् ।यस्ता परम्परा उनीहरुको पुर्खाको पाला देखि चलि आएका छन् ।

**४.३ सांस्कृतिक परम्परा**

**४.३.१ व्यवहारिक आदर्श मानववादी लोकपरम्परा**

राष्ट्रिय संस्कृतिले विश्वका आआफ्नो राष्ट्रको पहिचान दिएको छ । त्यस्तै नेपालीहरुको पनि आफ्नै राष्ट्रिय संस्कृति रहेको छ । नेपालमा विभिन्न जातजातिपिच्छे आफ्नो मौलिक संस्कृति छ । यी सबै जातिहरुको संस्कृतिको एकमुष्ठ रुप नै राष्ट्रिय संस्कति हो । नेपालमा पनि यस्ता सांस्कृतिक आदर्श परम्परा हिजो पनि थिए, आज पनि

छन्, भोलि पनि रहने छन् । यस्ता सांस्कृतिक आदर्श परम्पराले नेपालीहरुको पहिचान दिएको छ । नेपालमा बसोबास गर्नेहरुमा गौतमहरुको पनि उपस्थिति रहेको छ । गौतमहरुले पनि राष्ट्रिय सांस्कृतिकपरम्परा अवलम्बन गर्दै आएका छन् । यस्ता सांस्कृतिक परम्पराहरुको कानुन, नियमको अनिवार्यता छैन । तर पहिले देखि मान्दै आएका परम्परा हुन् । यस्ता परम्परा अलिखित रुपमा पुस्ताको पालादेखि चलि आएका छन् ।

गौतम परिवार हिन्दू आर्य वैदिक सनातन धर्मावलम्बी परम्पराको अनुयायी हुन् । अरु वंश परिवारमा जस्तै यस परिवारले पनि आफ्नै सांस्कृतिक विशेषता बोकेको छ । नातेदार घरमा आएमा पाहुँना ठानी स्वागत गर्ने परम्परा त सबै जातिहरुमा रहेको हुन्छ ।तर त्यहाँका गौतमहरुले नातेदार नपर्ने जो कसैलाई पनि पाहुना ठानेर आदर सत्कार गर्नुको साथै मिष्ठान्न भोजन परिकार तयार पारी दिने गर्दछन् । पाहुनालाई आदर सत्कार गर्ने यिनीहरुको बानी नै परिसकेको छ । साँझका पाहुनालाई देवता समान मान्ने गर्दछन् । घरमा पाहुना आएपछि बस्नको लागि आदर सत्कार गर्दै काम्लो, गुन्द्री, सुकुल, राडी, चटाई, कुर्ची, मुडा, फलैचा र थर्कटी जे जुट्छ त्यही ओछ्याइदिने गर्दछन् । पाहुना पसेपछि प्यास लागेको होला भन्ने ठानी पाहुनाले दही, मही, सर्वत, पानी जे चाहन्छन् त्यही गिलास, वटुका, करुवा, आमखोरा, लोहटा आदिमा राखेर दिने चलन छ । पाहुनाको जलपान भएपछि नाम, थर, गोत्र, घर बारेका सोधपुछ गरिन्छ । सन्चो विसन्चोको विषयमा पनि भलाकुशली हुन्छ । भलाकुशली पछि पाहुनालाई आउनको प्रयोजन वा कारण सोधिन्छ । आफूसँग सम्वन्धित काम भएमा आफै सहयोग गर्दछन् । आफूसँग सम्वन्धित नभएपनिआफूले जानेको बुझेको विस्तार पूर्वक जानकारी प्रदान गर्ने चलन छ ।

अतिथिहरु प्रायः बेलुकापख बास बस्ने गरी आउने हुँदा उनीहरुको लागि खानपनको व्यवस्था गर्नु पर्ने हुन्छ । भान्साको काममा गृहणी लाग्ने गर्दछन् । पुरुषहरु पाहुना कुन हैसियत र व्यक्तित्वका हुन् सोविचार गरेर विस्तारा तय गरी आरम गर्न पठाउँछन् । आफू स्तरको पाहुना भएमा एकै कोठामा सुतेर निन्द्रा नलागेसम्म गफ गर्ने चलन छ । पाहुना सुतेको विस्तारा नजिक हातले पुग्ने ठाउँमा पिउने पानी राखी दिइन्छ । घरपति सम्पन्न भएमा राती सुत्ने बेलामा पाहुनालाई एक गिलास दूध पिउन दिने चलन छ । दूध दिएपछि कुल्ला गर्नको लागि पानी पनि दिने गरिन्छ । यस्ता परम्परालाई सबै गौतमले दिन्छन् भनेर ठोकुवा गर्न त सकिदैन । सामान्तया गौतमहरुको शिष्टाचारको तरिकाको यहाँ वर्णन गरिएको हो । गौतमहरुले घरमा पाहुना लाग्दा कस्तो व्यवहार गरेमा राम्रो लाग्छ त्यही

अनुसार आतिथ्य सत्कार गर्दछन् । यस्तो आतिथ्य सत्कार गर्ने चलन अनादिकाल देखि चल्दै आएको परम्परा हो । त्यसरी पाहुना बसेपछि निजबाट शुल्क लिने चलन छैन ।

गौतमका घर परिवारका सदस्य काम विशेषले परदेश वा बाहिर गएमा घरभित्र पूजाकोठाको खोपामा तामाको दियोमा तोरीको तेलमा बत्ती राखी दियो बालिन्छ । परदेशीको आरोग्यता र सुख सुविधाको कामना गरिन्छ । यस्ता कार्यमा महिलाको अग्रसता रहेको देखिन्छ । यसरी बालेको दियो कथम्कदाचित बीचमा निभ्यो भने परदेशीलाई दुःख कष्ट, बिरामी, समस्या परेको आशङ्का गरी फर्कने बाटो हेरी प्रतिक्षा गरिन्छ । परदेशीलाई दुःख कष्ट नहोस भनेर भगवानसँग प्राथना गर्ने चलन छ । त्यस्तै आफ्नो कुल देवता, देवी, देउराली, खड्क देवताको भाकल गर्दछन् । परदेशी नर्फकेसम्म प्रतिक्षा गरी रहन्छन् । कसैकसैले सत्य नारयणको पूजा गर्दै आएका छन् ।

गौतमहरुको घरपरिवारको सदस्य बिरामी परेमा धामी, झाँक्री र लामा बोलाउने चलन छ । धामी झाँक्रीले भने अनुसार विधि गर्दा पनि निको भएन भने औषधालयतिर जाने गर्दछन् । उपचारपछि विसेक भएपछि विरामीलाई पोषिला खानेकुरा दिने गरिन्छ । गौतम परिवारको मूल मान्छे विरामी भएमा घरपरिवार चलाउन जेठो छोरो वा जेठी छोरी वा जेठी बुहारीलाई जिम्मा दिने चलन छ । घरमूलीका सन्तान नाबालक भएको अवस्थामा नजिकका दाजुभाईले रेखदेख गर्दछन् । खेतीपाती लगाउने समयमा कुनै गौतम परिवार बिरामी परेमा दाजुभाईले खेतीपाती लगाइदिँदै आएका छन् ।

गौतम परिवारको सदस्य उपचार गर्दागर्दै निको नभइ बितेमा, कुनै दुर्घटनामा परी मरेमा वा अन्य कुनै कारणले मृत्यु भएमा दाहसस्कार लगायतका काजक्रिया सम्पन्न गर्नको लागि प्रत्येक घर परिवारबाट पाँच सय देखि हजारसम्म नगद रकम उठाउने चलन छ । जुठो सबै दाजुभाइले बार्ने गर्दछन् । गाँउले सबैले एक दिन हल बार्ने चलन पनि छ । सबै दाजुभाइ मिलेर मृत्यु भएको घरको खेतीपाती लगाइ दिने गर्दछन् । गौतम बीच मर्दापर्दा हरेक तरतरिकाले सहयोग गर्ने राम्रो परम्परा रहेको छ । भाइवन्धुको एक आपसमा सहयोग आदान प्रदान भइरहने हुँदा "गाई भए गोरस र भाइ भए भरोस" भन्ने उखान पनि प्रचलित छ ।

शास्त्रमा उल्लेख नगरिएको गौतमहरुमा प्रचलित व्यवहारिक आदर्श मानववादी लोकपरम्परा माथिका अनुच्छेदहरुमा उल्लेख गरिएको छ । जसले गौतमहरुको आफ्नो पहिचान दिएको छ । पाहुना सम्मान नै आफ्नो सम्मान हो भन्ने मूल मर्मलाई बुझेको

देखिन्छ । वास्तकमा अरूबाट आफूले सम्मान पाउन अरूको आदर गर्न जरुली हुन्छ । यो सबै नेपालीले सिक्न पर्ने विषय पनि हो ।

### ४.३.२ शास्त्रनुसारका परम्परा

हिन्दू संस्कृतिमा प्रचलित शास्त्र विधि विधानमा उल्लेख गरिएका विषय गौतमहरुले पनि कायम राखेकोले त्यसको विवरण प्रस्तुत गरिएको छ ।

### ४.३.२.१ गर्भधान

गर्भधानको पनि शास्त्रमा आफ्नै विधान रहेको छ । उक्त विधान अनुसार महिला रजस्वला भएको तीन दिन सम्म नियमा रही चौथो दिन नुवाएर शुद्ध भएकी पत्नीलाई क्षेत्र ठानी सन्तान प्राप्तीको कामना गरिने विधिलाई गर्भधान भनिन्छ । पहिलो पटकको गर्भधान भएपछि क्षेत्र शुद्ध हुन्छ । रजस्वला भएको चौथौ, एघाह्रौ, तेह्रौ दिनमा अष्टमी, चतुदर्शी, औंशी, सङ्क्रान्ति, बाबु आमाको श्राद्ध, आशौचका दिन छोडेर, मघा, रेवती, मूल नक्षत्र छलेर रातको दश बजेदेखि दुई बजेसम्म गर्भधान गर्नु भन्ने शास्त्रिय विधान रहेको छ । त्यस्तै छोरा चाहनेले रजस्वला भएको दिन देखि जोर, छोरी चाहनले बीजोर दिन पारेर सहवास गरेमा रजस्वला भएको आठ देखि बाह्र दिन सम्मको सो कार्यबाट असल सन्तान पैदा हुन्छ भन्ने संस्कार पद्धतिमा छ *(सुवेदी, वि.स.२०६३, पृ.८२ )* ।गौतममहिला रजस्वला भएको तीन दिन सम्म अलग बस्नु पर्दछ । चौथो दिन नुवाएर शुद्ध भए पछि मात्र घरको भान्सा छुन दिइन्छ । यसै दिन महिलालाई सन्तान प्राप्तिको कामना गर्ने गरिन्छ । शास्त्रमा माथि भनेजस्तो तिथि मितिको ज्ञान छैन । महिला रजस्वला भएको चार दिन पुगे पछि अर्को रजस्वला नहुँदा सम्म महिला पुरुषको लसपस भइरहन्छ ।

### ४.३.२.२ रजस्वला बार्ने

गौतमहरुमा पनि पहिलोपटक नारीहरु रजस्वला भएको दिन सूर्य र पुरुषको मुख हेर्न नहुने हुँदा छुट्टै गुप्तवास बस्नु पर्ने हुन्छ । बाह्र दिन पुगेपछि स्नान गरी शुद्ध वस्त्र लगाई सूर्य दर्शन गर्नुपर्दछ । एक महिना सम्म पानी छुन दिइँदैन ।

### ४.३.२.३ जातकर्म

बालक जन्मदा प्रशय पींडाका अवस्थामा पतिले गर्ने कार्यलाई जात कर्म भनिन्छ । बाबुले जन्मेको बालकलाई मुख हेर्ने र ब्राह्मण बोलाइ बालकको नामाकरण पनि गर्ने चलन छ । बालकको सालनाल काट्नु पर्दछ । साल निस्केपछि आमाको दूध बच्चालाई खुवाइन्छ ।

### ४.३.२.४ निस्क्रमण

बालक जन्मेको चौथो दिनमा बालकलाई बाहिर डुल्याउने गरिन्छ । यस्तो चलनलाई निस्क्रमण भनिन्छ । घर वाहिर आँगन सफा गरेर गोवरले लिपपोत गरी गोबरको कुण्ड बनाएर पूजा गरी बालकलाई बाहिर निकाली सूर्यको दर्शन गराइन्छ । यस्तो कार्यमा पुरुहितलाई बोलाइ विधि विधानुसार गरिन्छ । केही गौतमले यो विधि अवलम्बन गर्ने गरेका छन् । जे होस आंशिक रुपमा भए पनि निस्क्रमण संस्कार प्रचलित छ ।

### ४.३.२.५छैटी

छोरा वा छोरी जन्मेको छैटौ दिनमा षष्टिका पूजा गर्ने चलनलाई छैटी देवीको पूजा भनिन्छ । यस अवसरमा बालकका मामालाई बालकको मुख हेर्न लगाउने चलन छ । प्रायजसो बरेङका गौतमहरुले छोरो जन्मेको अवसरमा छैटे गर्ने गरेका छन् । छोरी जन्मेको अवसरमा गरेको पाइँदैन । छैटी गर्दा बालकको कल्याणको लागि काठको पिर्कामा गाईको गोवरका साना-साना थुप्रा पारी कौडा टासी स्कन्दपुराणको पूजा स्वरुप छ वटा बनाएर थुप्रामा पूजा गरिन्छ । त्यस्तै षष्टिका देवी र प्रद्युम्नको पनि पूजा हुन्छ । पूजा सम्पन्न गरेपछि दान दक्षिण गरी भोजन गरिन्छ । साँझको बेलामा यो पूजा गर्ने चलन छ । राती चित्रगुप्तले बालकको ललाटमा भाग्यको रेखा कोर्दछन् भन्ने विश्वास गरिदै आएको छ ।

### ४.३.२.६नामकरण

बालक जन्मेको एघार दिनमा ब्राह्मण बोलाइ नामकरण गर्ने चलन छ । सुत्केरीले नौ दिनमा लुगा धुने, दशौ दिनमा शुद्ध स्नान गर्ने सुनपानी छर्कने, आगो ताप्ने र उनले प्रयोग गरेका भाँडाकुँडा चोख्याउने गरिन्छ । एघारै दिनमा घर शुद्ध गर्ने, बालकका बाबुले स्नान गरी, शुद्ध वस्त्र लगाइ पञ्चगव्य प्रशान गर्नुपर्दछ । यसै दिन भोटो लगाउने, काँठो लगाउने र सुत्केरीलाई रक्षा वन्धन र तिलक लगाई गहुँत छर्केर शुद्ध बनाउने गरिन्छ ।

### ४.३.२.७अन्नप्राशन

छोरी भए पाँच महिनामा र छोरो भए छ महिनामा सुन वा चाँदीका चम्चाले भात खुवाउने विधिलाई अन्नप्रशान वा पास्नी भन्ने चलन छ । बालक जन्मेको छ महिनामा यो कार्य गरिन्छ । यस महिनामा अनुकूल नभएमा नवौ वा एघार महिनामा पनि गर्न सकिन्छ । यस अवसरमा नजिकको नाता, पाहुना, इष्टमित्र र भाइवन्धु बोलाइ भोजभतेर गर्ने चलन चाहि गौतममा त्यति चलेको देखिन्न ।

### ४.३.२.८ नाककान छेदन

बालबालिका जन्मेको बिजोर महिना पारेर नाककान छेड्ने चलन छ । यो काम पौष र चैत्रको महिना छोडेर गरिन्छ । बालिकाको नाक र कान दुवै छेदन गरिन्छ भने बालकको कर्ण मात्र छेदन गरिदै आएको छ । पहिला सियोले नाककान छेदन गरिन्थ्यो । एउटै सियो धेरै जनाको नाककान छेदन गर्न प्रयोग हुन्थ्यो । अहिले आएर नाक कान छेदन गर्दा वित्तिकै सुनको मुन्द्रा  लगाउने चलन आएको छ । लगाउने मुन्द्राबाट नै नाक कान छेदन  गर्ने गरिन्छ । यसरी हेर्दा गौतमहरुले नाककान छेदन गर्नको लागि सुरक्षित औजार प्रयोग गरेको देखिन्छ ।  यो अति उत्तम प्रचलन हो ।  यसोगर्दा रगतको माध्यबाट सर्ने रोगबाट बच्न सकिन्छ ।

### ४.३.२.९चूडाकर्म

बालकको वर्तबन्ध गर्नुभन्दा पहिले चूडाकर्म गर्ने चलन छ । कपालको टुप्पी राखी अरु भाग खौरने गरिन्छ । बालिकाको भने यस्तो गर्ने चलन छैन । जन्मेको तीन महिना देखि एक वर्ष भित्र विजोर महिनामा चूडाकर्म कार्य गर्दै आएको पाइन्छ

### ४.३.२.१०वर्तबन्ध

आठ देखि वाह्र वर्ष उमेरको बीचमा बालकको वर्तबन्ध गरिन्छ । वर्तबन्ध क्रममा गायत्री मन्त्र गुरुबाट सुन्ने, वेदराम्भ गर्ने, समावर्तन गरिदै आएको छ । हिन्दू परम्परामा वर्तबन्ध नगरी विवाह गर्न निषेध गरिएको छ । यस्तो गरेमा कर्म अपूरो भएको मानिन्छ । यसबाट बालकको आचरणमा च्युत भएको भन्ने दोष लाग्दछ । मिचेर विवाह गर्नु हुँदैन । यस्तो विवाह गर्नेलाई विर्खौली भन्ने दोष लाग्दछ । विर्खौली शब्द वृषलबाट बनेको हो । यसको अर्थ कुकुर्मी र पापी व्यक्ति भन्ने बुझिन्छ । गौतमहरुले घरमा ब्राह्मण बोलाइ विधिपूर्वक वर्तबन्ध गर्दै आएका छन् । यस अवसरमा नजिकको नाता, पाहुना, इष्टमित्र, भाइवन्धु बोलाइ भोजभतेर समेत दिइन्छ ।

### ४.३.२.११विवाह

विवाह गर्दा केटा पक्ष केटी पक्षकोमा माग्न जाने चलन छ । जन्मकुण्डली अनुसार केटाकेटीको विवाह गर्न हुने नहुने ब्राह्मणलाई सोधपुछ गरिन्छ । चलनचल्तीको पात्रो हेरेर हेरेर ब्राह्मणले विवाह गर्न हुने नहुने निर्णय दिन्छन् । विवाहको लागि नामराशी जुरेपछि केटाकेटीका आफन्त तथा चिनजान गरेको व्यक्ति मार्फत केटाकेटीको बानी व्यहोरा चालचलन बुझ्ने गरिन्छ ।  केटाकेटी दुवै तर्फका परिवारले स्विकार गरेपछि केटाकेटीलाई

छुट्टै कुराकानी गर्ने अवसर दिइन्छ । उनीहरुको कुरा मिलेपछि विधिवत टीकाटालो र जनै सुपारी गरेपछि विवाहको लागि छिनोफानो भएको मानिन्छ । यसै दिन विवाहको मिति तय गरिन्छ । विवाहको दिन केटापक्षबाट जन्ती लिएर केटी पक्षको घरमा जाने चलन छ । जन्ती जानु भन्दा अघिल्लो दिन ठेकीमा दही लिएर दुलहीको घर गइन्छ । एक जना सरदार र एक जना दही बोक्ने गरी दुई जना जाने गर्दछन् । दही बोक्ने लाई भत्केउर भनिन्छ । केटीको घर पुगेपछि यी दुवै जनालाई फूलपाती र अक्षताले छर्कने परम्परा छ । टीका लगाई दक्षिण पनि गरिन्छ । उनीहरु त्यस दिन दुलहीको घरमा बसी जन्तीसँगै दुलही लिएर फर्कने गर्दछन् ।

विवाहपूर्व वर-कन्या दुवैको घरमा पूर्वाङ्ग गर्ने चलन छ । वरको घरमा गरिने पूर्वाङ्गलाई ग्रहशान्ति भनिन्छ । ग्रहशान्ति पछि वर पक्षबाट बधुपक्षका घरमा साइतपत्र साइपाटा पठाउने चलन छ । त्यसमा ज्योतिष वा पुरोहितले साइत हेरेको पत्र कपडामा दही-अविरमा वरले पञ्जा चोपेर लगाएको हाते छाप र पूजा सामाग्री सहित असर्फी वा रुपिया वर पक्षबाट लग्ने चलन छ । कन्याको घरमा साइपाटा पुगेपछि ब्राह्मणलाई टीका लगाइदिने र साइपत्र दुलहीलाई सुनाइन्छ । वरको घरबाट आएका अक्षता झिकी दुलहीलाई टीका लगाउने चलन छ । दुलहीको हातमा साइपाटामा आएका फलफूल पनि दिइन्छ । श्रृगारका सामाग्री र लुगा भएमा पनि दुलहीलाई दिइन्छ । त्यही सामाग्री वरणीमा प्रयोग गरिन्छ । कन्याकोतर्फबाट ब्राह्मणले लग्नपत्र झिकी रकम थपेर फिर्ता गर्ने चलन छ ।

दुलाहका घरबाट जन्ती लिएर दुलहीको घरमा जाने चलन छ । जन्ती जाने बेलामा बाजा बजाउने गरिन्थ्यो । अहिले भने यस्तो चलन घट्दै गएको छ । दुलाहलाई ग्रह शान्तिको यज्ञ परिक्रमा गर्न लगाई आठवर्ष भन्दा कम उमेरका कन्यालाई कुमारीको पूजा स्वरुप वरका दुवै हातबाट दहीकसार दान गरिन्छ । अनि जन्म दिने आमाले दुलाहलाई आफनो लाम्टो चुसाउनु पर्दछ । जन्ती जाने दिन भन्दा अघिल्लो दिन दुलहीको घरमा भत्केउर पठाइन्छ । भत्केउरको साथमा ठेकीमा दही, फलफूल, नरिवल र मिठाइ पनि पठाउने चलन छ ।

पहिला रातको लगनमा विवाह गर्ने चलन थियो । जन्ती दुलहीको घरमा बास बस्न जान्थे । अहिले यो चलन छैन ।दिउसको लगनमा विवाह गरिन्छ । दिउसको समयमा जन्ती गई दुलही लिएर फर्कने गर्दछन् । जन्ती सहित वर जब दुलहीको घर नजिक आइपुग्छ त्यसबेला (घर आइनपुग्दै) बीचमा तिनीहरुलाई रोकेर अड्याउने गरिन्छ । बधुको पिता

बन्धुवर्ग सहित पूजा सामाग्री लिएर वरको स्वागतसम्मान तथा पूजन गर्नु पर्दछ । अविर र अक्षता छर्केरस्वागत गर्ने चलन छ । जन्तीलाई बीचमा पारी राँको बालेर परिक्रमा गरिन्छ । परिक्रमको क्रममा दमैलाई अगाडि दमाह बजाउन लगाइन्छ । दमैको पछि दुलहीको बाबु, माइत पक्षका बन्धुवर्ग राँको बालेर जन्तीको परिक्रमा गरेपछि राँको निमाइन्छ । आजभोलि दिनको लगनमा विवाह गरिने भएकोले राँको नबाली अगरबत्ति बालिन्छ । यस्तो पक्रियालाई 'जन्ती पर्छिने' भनिन्छ । स्वयंवर गराउन 'जन्ती पर्छिने' ठाउँमा दुलहीलाई पुऱ्याइन्छ । अनि स्वयंवर विधि अनुसार निर्दिष्ट वरलाई बधुद्वार स्वयंवर गर्न लगाउने गरिन्छ । त्यसपछि जन्तीलाई भोजन खुवाइन्छ । जन्तीको भोजभतेर भइसकेपछि लग्न अनुसार विवाह कार्य पद्धति शुरु हुन्छ । लगनछोपी लगनगाँठो पारिन्छ । दुलही पक्षकाले जन्तीलाई एकोहोरो वा दोहोर जन्ती ब्राखो दिन चलन पनि छ । दुलही पक्षबाट जन्तीलाई टीकाटालो गरिन्छ । दक्षिणा दिइन्छ । दक्षिणाको साथमा झोला, टोपी, रुमाल जस्ता वस्तु दिने चलन छ । अन्तमा दुलाहलाई टीकाटालो गरी दक्षिणाको साथमा औठी, सिक्री, वस्त्र, झोला र अन्य सामाग्री पनि दिइन्छ । दुलाह  र दुलहीलाई सँगसँगै टीका लगाइ दिने गरिन्छ । अन्तमा बधु पक्षले दुलही विदा गर्दा दुलहीका बाबु वा दाजुभाइ वा काकाले बोकेर डोलीमा चढाई विदा गर्दथे । आजभोलि भने डोलीको चलन हटेकोले सवारी साधनमा चढाएर विदा गर्ने गरेका छन् । दुलही विदा गरेपछि माइती पक्ष निराश देखिन्छन् ।

विवाहमा दुलहीको बहिनीहरुले दुलाहको  जुत्ता लुकाउने चलन पनि छ । दुलहीको बहिनीनभएमा नाताले सबैभन्दा नजिकको बहिनीले जुत्ता लुकाउने गर्दछन् । दुलाहले पइसा दिएपछि मात्र जुत्ता फिर्ता आउँछ । त्यसै शिलशिलामा साली र भेनाबीच पइसाको बार्केनिङ्ग हुन्छ । भेनाले दिएको पइसामा सालीको चित्त बुझेपछि जुत्ता फिर्ता गरेको विवाहको प्रत्यक्ष अवलोकनबाट देखिन्छ ।

दुलही आफ्नो दुलाहको घर पुगेर मूलद्धारबाट भित्र पस्दा दुलाहका दिदी बहिनीहरुले बाटो छेक्ने गर्दछन् । दुलाहका दिदी बहिनीहरुले दुलाहदुलहीलाई जलले परिक्रमा समेत गर्दछन् । दुलहीले नन्द आमाजूलाई 'उपहार चोली' दिनु पर्दछ जसलाई बाटो छेक्ने चोलो भनिन्छ । त्यसपछि भुईमा धानका नौ वटा थुप्रा लगाएर त्यसमाथि बालेका बत्तिलाई टेक्दै दुलहीलाई भित्र पस्न लगाउँछन् । दुलहीलाई जिउती कोठाभित्र लगिन्छ । दुलाहले गहना, कपडा र सगुनहरु दिने चलन छ । त्यहाँ मातृका पूजा गर्दा दियो, कलस र गणेश पनि पुज्ने चलन छ । बुहारी र सासुको जुल्ठो जोर्न लगाइन्छ । कुशको पवित्रको सीमाना राखी घिउको

धार दिएर जुल्ठो जोर्ने कार्य पुरा गरिन्छ । त्यसपछि पाथी भरी सासुले बुहारीलाई घरभित्रको ताला साँचो बुझाउने चलन छ । पाथी भर्ने बेला दुलहीको लागि घिउ, कसार र चिउरा चोर्ने भनी भण्डार समेत खुला राखिन्छ । दुलहीले भण्डारबाट चाहेजति खानेकुरा झिक्छिन् । यसको तात्पर्य बुहारीलाई सासुले आफ्नो घरको जिम्वेवारी दिन सहमत भएको हो भन्ने संकेतको रुपमा अर्थाइन्छ ।

जन्ती वधु लिएर वरको घरमा फर्किसकेपछि माइतीबाट ठेकी भरेर पठाएका धान र दुलाहको घरमा विस्कुन सुकाएका धान मिसाइ नाङ्लोमा जिउतीको दियो ल्याई सासुबुहारीले दियो र नाङ्लोलाई बीचमा पारेर पइसा धानमा मिसाइ दुवैजनाले मानापाथीले तीनपल्ट सम्म धान भर्ने गर्दछन् । भरेको धानलाई डालीमा खन्याई त्यसमाथि बलेको दियो राखी दुवैले समातेर भण्डार कोठामा लैजान्छन् । पाथी भरेपछि नातेदार र इष्टमित्रले दुलहीको मुख हेरेर दक्षिणा दिने चलन छ । दुलहीले पनि ढोग गरेर मान्यता र प्रचलन अनुसार दक्षिणाको दोब्बर थपेर फिर्ता गर्दछिन् ।

दुलहीलाई दुलाहको घरमा भित्राएपछि चतुर्थी गर्ने गरिन्छ । चतुर्थीमा दुलाहले दुलहीलाई पाउँको जल र जुठो खुवाउने गर्दछन् । जुठो खुवाएपछि दुलाहले दुलहीलाई आफ्नो औकात अनुसाररकम दिन्छन । दुलाह र दुलहीलाई पासा खेलाइन्छ । चतुर्थी गराएपछि घरको भान्सा छुन लगाउने गरिन्छ । दुलाहको घर दुलही केही दिन बसेपछि दुरान फर्काउने चलन छ । दुलाह र दुलहीसँगै ससुराली जान्छन । ससुराली कम्तीमा एकरात कटाएपछि दुलाहको घर फर्कने गरिन्छ ।

### ४.३.२.१२मृत्यु संस्कार

मानव जीवनका पहिलो मृत्यु शैयाको अवस्थामा पुग्नुपूर्वको भाग र दोस्रो मृत्यु शैयामा पुग्दाको अवस्था गरी दुई भाग हुन्छन् । पहिलो अवस्थामा आफनो इच्छा अनुसारको काम गरिन्छ भने दोस्रो अवस्थामा सोच्ने शक्ति पनि लोप भएर जीवनभरका भोगाईको प्रत्यक्ष दर्शन हुन्छ । वृद अवस्था भनेको सोच्ने शक्ति कमजोर हुने बेला हो ।

गौतमहरुमा वृदवृदाहरु बिरामी परी सिकिस्त भएका औषधीपचार गरिन्छ । औषधीपचार पछि पनि निको भएन भने वैतरणी गर्ने चलन छ । वैतरणी नदी एक विभत्स र घृणास्पद वस्तुहरु बगाएर ल्याउने नदी हो जुन मृतात्मले स्वर्गको यात्रा गर्दा पारी तर्नु जरुली छ । वैतरणी नदी तर्न नसकेमा प्रेतात्मा भएर यही मृत्युलोकमा घुमफिर गरिरहनु पर्दछ । वैतरणी नदी तर्ने एउटा उपाय छ । त्यो उपाए भनेको मृत्यु अवस्थामा गोदान गर्नु

हो । गोदान गर्नाले गाईको पुच्छरमा समाएर वैतरणी नदी पार गर्न सकिन्छ भन्ने आस्था र विश्वास रही आएको छ ।

गौतम परिवारमा मृत्यु भएपछि शवलाई सेतो वा पँहेलो नयाँ कपडाले छोप्ने गरिन्छ । मृत्यु शव श्मशानघाट सम्म पुऱ्याउनको लागि बाँसको अर्थी (घारो) बनाइन्छ । त्यही अर्थीमा लासलाई कपडा र बाँसको चोयाले बाँधिन्छ । अगाडि भुटेको धान र पइसा छर्दै शंख बजाउदै घाटसम्म पुऱ्याउने चलन छ । लासमा फूल र माला चढाइन्छ । मृतकका छोराछोरीले स्कन्धकाष्ठ (काँधीकाठ) गरे पछि लासको यात्रा सुरु हुन्छ । शव घाट सम्म पुऱ्याउँदा बीच बाटोमा पर्ने चौतारोमा बिसाई मृतकलाई मार्गस्थानको पिण्ड दिइन्छ । घाटमा पुगेपछि यमशुक्त पढेर चिता तयार पारिन्छ । क्रियापुत्रीहरुले कपाल मुण्डन गर्नुपर्दछ । मृतकको शिर उत्तरतिर र पाउ दक्षिण तर्फ पारी चितामा राखिन्छ । मृतकको मुखमा फूल, पाती, कपूर र घिउ राखेर क्रियापुत्रीले पूजा गर्दछन् ।

चितामा लास राखेपछि शवको छातीमा वस्त्र, अन्न र पैसा राखिन्छ । शवको पाउ धोएर क्रियापुत्रीले अन्तिम अभिवादन गरी शवको तीनपटकसम्म परिक्रमा गर्दछन् । त्यसपछि अग्नि दान गर्ने पक्रिया हुन्छ जसलाई “दागबत्ती” भनिन्छ । दागबत्तीको पूजा गरेपछि सातवटा काठ लिएर पञ्चतत्वले बनेको शरिर पञ्चतत्वमै जाउ भन्ने मन्त्र जप गरेर चितामा तीन पटक परिक्रमा गरेर आगो लगाइन्छ । परिक्रमा गर्दा जेष्ठ पुत्र अगाडि अरु पुत्रहरु पछि लाग्ने चलन छ । शरिरको आधाभाग जलेपछि घिउमा समिधा बालेर चितामा थपिन्छ । शव जलेर बाँकी रहेको अस्थु कपडाले बाँधेर नदीमा गाड्ने गरिन्छ । दाह गरेका चिताका अगार पखाल्नु पर्दछ । हाडखोर बचेको भएपनि पानीमा वगाइन्छ । त्यसपछि चितामा पण्डिदान गरिन्छ । अन्तमा स्नान गरी अञ्जली दिइन्छ । शुद्ध वस्त्र फेर्नु पर्दछ । दोस्रो दिन, तेस्रो दिन, चौथो दिन गरी, १० दिन सम्म क्रिया गर्न जलाशयनेर ढिकुरो बनाइन्छ । दशौ दिनमा क्रियापुत्रीको टाउकोले घचेटेर ढिकुरो फोरी त्यहाँ मास छरिन्छ । एघारौ दिनमा वृषोत्सर्ग साँडेसाँडी गरिन्छ । बाह्रै दिनमा सपिण्डी र तेह्रै दिनमा शुद्धशान्ति गरिन्छ । यस्तो क्रिया गरेपछि ८४ लाख नरकबाट हुने अशौच सकिन्छ । क्रियापुत्री क्रियाकाजभर कुनै जनावर र वस्तु छोएमा अशुद्ध हुन्छ भन्ने मान्यता छ । तेह्रै दिनको कामकाज सकेपछि ४५ दिन, ६ महिना र एकवर्ष सम्म अशौच बार्ने चलन छ । अशौच बार्दा सेतो पहिरनमा रहनु पर्दछ । प्रत्येक मासिकमा शिर मुण्डन गरी श्राद्ध गरिन्छ । मृत्यु संस्कार भएको वर्ष दिन पुगेका दिन एका गरिन्छ । त्यसै दिन वार्षिक भोज पनि हुन्छ ।

त्यसपछि प्रत्येक वर्ष सोह्र तिथिमा र सोह्र श्राद्धमा तपर्ण पिण्डदान दिने परम्परा रहिआएको छ ।

गौतमहरुको घरमा मृतक परेमा आर्थिकले भ्याएसम्म शालीग्रामयुक्त काली गण्डकीको किनारमा लगेर दास संस्कार गर्दछन् । आर्थिक अवस्था कमजोर भएकाले वरेङ गाउँपालिका हुँदै गुल्मी तर्फ बग्ने हुग्दी खोला र तङखोलाको किनारमा लगेर दाह संस्कार गर्दै आएका छन् ।

गौतमहरुले वि.स. २०५९ सम्म शव बोकेर काली गण्डकीको किनारमा पर्ने गुल्मी जिल्लाको पूर्तिघाट लगी दाह संस्कार गर्ने गरेका थिए । यातायातको सुविधा नपुग्दा बोकेर लानु स्वभाविक हो । कालिगण्डकीको किनारमा पर्ने रुद्रवेनीमा यातायाको पहुँच पुगेको बेला पनि पैदल यात्राको माध्यमबाट पूर्तिघाट लगेर दाह संस्कार गर्ने गरिन्थ्यो । आवतजावतगर्न कठिन हुन्थ्यो । लास बीचमा विसाउन मिल्दैन भन्ने आस्था र विश्वास राख्दथे । गुल्मीको ग्वाग भन्ने ठाउँमा मात्र बिसाउने गरिन्थ्यो । मलामीहरूले बाटोमा अनेक दुःखकष्ट भोग्नु पर्दथ्यो । उनीहरू बास बस्न कतै पाउँदैन्थे । दिन रात लगातार पैदल यात्रा गरेर फर्किन पर्दथ्यो । बीचबीचमा यातायातको पहुँच पुगेको काली गण्डकीको किनारामा पर्ने रुद्रवेणीतर्फ लान कुरा उठे पनि मट्टी किन्न पर्दछ भनेर बुढापाका मान्दैन्थे । पछि वि.स. २०६० साल देखि लगातार गुल्मीको रुद्रवेणीमा लगी दाहसंस्कार गर्न थालेका छन् । धेरै पछि मात्रै यातायातको पहुँच पुगेपछि यसको उपयोग गर्नु पर्दछ भन्ने चेतना आएको देखिन्छ । अर्कोतर्फ आर्थिक अवस्था कमजोर भएकाले भने माथी उल्लेख गरिएको स्थानीय हुग्दी खोला र तङ खोलामा दाह संस्कार गर्दै आएको पाइन्छ । यातायातको साधन र पैदल यात्रा दुवैको माध्यबाट शव स्थानीय खोलासम्मपुऱ्याउने गर्दै आएका छन् । धेरै टाढा भएमा यातायातको साधनको माध्यमबाट लगिन्छ । नजिक भएमा काँधमा शव बोकेर खोलासम्म लैजाने गरिन्छ ।

सल्यानबाट बसाइँ सरेर तराई आएका गौतमहरु चितवन देवघाट र वर्दघाट सुस्तापश्चिम नवलपरासीको त्रिवेणी र रुपन्देहीको तिनाउ खोलामा लगी दाह सस्कार गर्दै आएको पाइन्छ । काठमाडौं बस्ने र उपचारको शिलशिलामा काठमाडौं आई मृत्यु भएमा आर्यघाटमा पनि दाह संस्कार हुने गरेको छ ।

यसरी हेर्दा काली गण्डकी, नारायणी, तिनाउ र वाग्मती नदीको किनारमा गौतमहरुले दाह संस्कार गरेको देखिन्छ । अर्कोतर्फ यातायातको पहुँच पुगे पनि धेरै पछि मात्र शव वाहनको रुपमा यातायातको प्रयोग गरेको पाइन्छ ।

## अध्याय पाँच

कुल पूजा र बलि प्रथाको इतिहास

### ५.१ कुल पूजाको परिचय

मानिस सामाजिक प्राणी भएपनि उसले आफ्नो रीतिरिवाज र वंशमा चली आएको परम्परालाई कहिल्यै पनि भुल्न सक्दैन । जो जहाँ बसेपनि उसले आफ्नो कुल परम्परालाई कुनै न कुनैरुपमा अगालेकै हुन्छ । विविध देवीदेवता मात्र होइन चरा, मुसा, सर्प, नाग, गरुड लगायत चन्द्र, सूर्य, जल, थल, आकाश र वायु जस्ता जीव र निर्जीवलाई समेत देवता स्वीकार गर्ने हिन्दू परम्परामा कुल पूजा अर्थात कुल देवताको अस्तित्व मानेर पूजा गर्नु कुनै नौलो वा आचार्य विषय होइन । हिन्दू संस्कृति अन्तर्गतका सबै परिवेशले विभिन्न गोत्रावलम्बीहरुले अलगअलग तौरतरिका अपनाएर कुल पूजा गर्दै आएको पाइन्छ । कुल पूजा हिन्दूहरुको संस्कृतिको एक अभिन्न अंग बनेको छ । हिन्दूहरुमा कुल देवता मान्ने र कुल पूजा गर्ने विधि स्थान र जाति विशेष अनुसार फरकफरक रहेको पाइन्छ । कतै छ महिना, कतै एक वर्ष, कतै तीन वर्ष, कतै पाँच वर्ष र कतै १२ वर्षको अन्तरमा पनि गर्ने गरेको पाइन्छ । कसैले खिर, हलुवा र फलफूलचढाएर पूजा गर्दछन् भने कसैकसैले त यज्ञ हवन र पशु बलि दिएर कुल पूजा गर्दछन् । शिव, विष्णु, देवी र नाग आदिलाई कुल देवता मानेर पूजा गर्दै आएका छन् ।

अनेकतामा एकता बहुलतामा समानता हाम्रो हिन्दू धर्मको संस्कार हो । आर्य संस्कृति अनुसार प्रत्येक वर्ष जाति र गोत्र अनुसार कुल देवता मान्ने र पूजा गर्ने प्रचलन रहि आएको छ । कतिपय प्रचलन आफ्नो धर्मशास्त्र अनुसार रहेका हुन्छन् । कतिपय आफ्नो कुल परम्पराले अगालेका आफ्नै किसिमका रहेका हुन्छन् । हिन्दूहरूले प्राचीन यज्ञ पूजा पशुबलियुक्त र पशुबलि विहिन दुवै प्रकारका गरेका थिए र अहिले पनि विद्यमान छन् । अहिले गौतमहरूको कुल पूजा पनि पशुबलियुक्त र पशुबलि विहिन दुवै प्रकारको हुने गरेको छ । वास्तकमा बलि दिनु राम्रो पक्ष होइन ।

कुल भनेको वंश, घराना र खान्दान हो । यस अर्थमा कुल शब्दले आफ्नो वंश परम्परा, घर परिवारको श्रेष्ठता, खान्दानको उच्चतम् अवस्थालाई संङकेत गर्दछ । धर्म सिन्धु ग्रन्थमा *माता पिता माचा चः भार्या चः भागिनीदुहिता तथा पितृमातृष्वसा चैव सप्तोगात्राणि वै बधु* भनिएको छ । यो भनाईले बाबु, आमा, पत्नी, बहिनी, छोरी, बाबुकी बहिनी, आमाकी बहिनीका गरी सात गोत्रभित्र पर्ने व्यक्तिलाई कुल मान्न सकिने अर्थ दिन्छ

। यस भित्र पनि बाबुका कुलका अघिल्ला र पछिल्ला बाह्र बाह्र गरी चौबीस, आमाका कुलका अघिल्ला र पछिल्ला दश दश गरी बीस, पत्नीका कुलका अघिल्ला र पछिल्ला आठ आठ गरी सोह्र, बहिनीका कुलका अघिल्ला र पछिल्ला छ छ गरी बाह्र, छोरीका कुलका अघिल्ला छ र पछिल्ला पाँच गरी एघार, फुपू (बाबुकी बहिनी) का कुलका अघिल्ला र पछिल्ला पाँच पाँच गरी दश, सानी आमा (आमाकी बहिनी) का कुलका अघिल्ला र पछिल्ला चार चार गरी आठ पुस्ता समेतका जम्मा १०१ व्यक्तिको समूहलाई कुल भनिन्छ *(शर्मा, सन् १९९३ : ५९५)* ।

कुलले व्यक्तिको पहिचान दिन्छ । त्यसैले कुललाई पहिचानको प्रमुख आधार मान्ने गरिन्छ । *आचारो बिनयो विद्या प्रतिष्ठा तीर्थदर्शनम् निष्ठाक्वृत्तिस्तपो दानमं नवधा कुललक्षणम* अर्थात   आचार, बिनय, बिद्या, प्रतिष्ठा, तीर्थाटन, निष्ठा, वृत्तिस्थिरता, तप र दान यी नौ वटा कुलका लक्षण हुन् । नेपाली समाजमा पानी खानु मुलको छोरी ल्याउनु कुलको भन्ने परम्परादेखि चल्दै आएको महत्वपूर्ण उखान छ । यो उखानले कुल भनेको पारिवारिक उचाई भएको खानदान हो भन्ने अर्थ बोध गराउँदछ । शाक्त धर्मनम् भन्ने ग्रन्थमा भनिएको छ-

*पञ्चभूतमयं सर्व ब्रम्हाण्डं सचराचराम् ।*

*जीवं प्रकृतितत्वञ्च कुल मुक्तं सदा बुधै : ॥*

*तयोस्तु परमं तत्व यो वै जानाति साधक : ।*

*कुलीन : परम् : स्वकपि वर्णभेदविवरर्जित: ॥*

अर्थात पञ्चमहाभूतबाट निर्मित यो सारा चराचर जगत, प्राणी जगत् र प्रकृतिका सम्पूर्ण तत्वलाई विद्वान्हरू एउटै कुल वा वंश भन्दछन् । तीनमा रहेको परम् तत्वका बारेमा जुन साधकले थाहा पाएको छ । बर्गभेद तथा वर्णभेदको बीचारबाट जुन व्यक्ति मुक्त छ, त्यो नै कुलीन हो *(पन्त, वि.स. २०६९: पृ.१००)* । धार्मिक भावनाको विकास हुँदै जाने क्रममा कुलका जननी एवम् पालनकर्ताको भूमिका निर्वाह गर्ने पूर्वज एवम् पुर्खाहरूलाई नै देवता मानी पूजा गर्ने परम्पराले कुलपूजाको विकास भएको हो (*दुलाल, वि.स.२०७३: पृ.६४*) ।

कुल पूजालाई कुलायन पूजा पनि भनिन्छ । कुल गोत्र भनेको एक वंश  हो । कुल नमानेको परिवारमा सदाचार विहिन हुन्छ । शास्त्रमा आचार्य विनयोः विद्या प्रतिष्ठा दर्शनम् निष्ठा वृति तपोः दानम् नवदा कुल लक्षणम् भनिएको छ । विद्या, विनम्रता, सदाचार र प्रतिष्ठा बढ्दछ ।  तीर्थ सेवन गर्ने इच्छा, दान गर्ने इच्छा, तप, प्रतिष्ठा र  वृति  हुन्छ । कुल

पूजामा हामीले पूर्वजहरुलाई सम्झिने हो । कुल बेखुशी भएमा वंशजमा अन्तरजातिय विवाह हुनु, सदाचार र सद्भावबाट विमोख हुनु, जस्तो किसिमको खानपिन पनि गर्ने बानीको विकास हुने गर्दछ । त्यसैले कुललाई  सधै खुसी राख्नु पर्दछ । कुलको सम्मान गरेमा परिवारमा सुख शान्ति मिल्दछ । कुलमा दियो महत्वपूर्ण हुन्छ । दियोलाई कुटुम्मलाई छुन दिनु हुदैन । आफ्नो छोरी भए पनि विवाह गरेको छोरीलाई दिनु हुदैन । कुलको दियो बाल्दा पूर्वतिर फर्काएर बाल्नु पर्दछ । उत्तर तर्फ पनि फर्काउन पनि सकिन्छ ।  दियोलाई कहिल्यै पश्चिम र दक्षिण फर्काएर बाल्नु हुदैन । कुलको दियोलाई खाली बाल्नु हुदैन । सालको टपरी, तामाको भाँडो माथि राख्नु पर्दछ । दियोमा फूल वा पैसा राखेर बाल्नु पर्दछ । दियोमा ध्यू र तेल सँगै मिसाएर पनि बाल्नु हुदैन ।  कुल पूजामा दियो कहिलेकाही निभ्न सक्दछ । निभ्ने कारण विभिन्न हुन सक्दछन् जस्तै हावाहुँरी, बतास, तेल सकिनु आदि । यी त भए प्राविधिक कारण । कहिलेकाही त्यतिकै पनि दियो निभ्दछ । यस्तो हुनु कुल परिवारमा अनिष्ट हुदैछ भन्ने संकेत हो । यस्तो अवस्था आएमा हे कुल देवता हाम्रो रक्षा गर भनेर प्राथना गर्नु पर्दछ । यसो गरेमा परिवारमा अनिष्ठ हुनबाट रोकिन्छ । कुल पूजा गर्ने उत्तम दिन सोमवार र विहिवार हुन् । तिथिमा एकादशी, पञ्चमी  र पूर्णिमा, हुन् ।

नेपाली समाजमा कुल देवताको पूजा एवम् देवाली गर्ने परिपाटी अनादिकालदेखि नै अविछिन्नरूपमा चल्दै आएको लोकपरम्परा हो । यद्यपि जातिय धर्म, भाषा, भाषिका, भौगोलिक वातावरण अनुकूल देवताहरूको पूजा उपासना गर्दा देउ पितृ बोलाउने, मैठ गाड्ने, वायु पुज्ने, सर्ग्याम, मुन्दुम आदिजस्ता कर्मकाण्ड तथा विधिविधान सम्पन्न गर्ने प्रचलन छ । यी कार्य सम्पन्न गर्दा मष्ट, भूमे, नाग, झाँक्री, देवहाङ वा हाङदेवा, सायामाङ, बूढासुब्बा, बुढीबज्यू, सैमेजी, वायु, देवता बाजे जस्ता देवतालाई कुलायन मानी आ-आफ्नो जात, गोत्र, कुल, धर्म, संस्कृति अनुरूप पूजा गर्ने परम्परा हामीकहाँ अझ पनि जीवित छ । केही कुरा नासियो, भाँच्चियो, भत्कियो, दुःख सुख, सञ्चो बिसञ्चो, कुशल मङ्गल, चाडवाड, मेलापर्व जस्ता हरेक अवस्थामा घरको कुललाई सम्झना गर्ने, कुलायन स्तोत्रहरू गुनगुनाउने, कुलको पूजा गर्ने, तन्त्रमन्त्र भट्याउने, भाकल भोग दिने, पूजापाठ, धुप धुँवार गरी लागो, सप्को, बोक्सी आदिजस्ता खराब पक्षका कारक खराब आत्मा वा दोषलाई मन्साउने पन्छाउने गरिन्छ *(दुलाल, वि.सं. २०५९, पृ. १३५)*।

कुलदेवता शब्दले कुलहरूमा पूजा गर्ने देवताहरूलाई जनाउँछ । परापूर्वकालदेखि आफ्ना पूर्खाले मानी आएका देवता नै कुलदेवता हुन् । कुल देवता पुरूष, महिला, पशु वा

कुनै वस्तु पनि हुन सक्छ । कुल देवता/कुलदेवी मन्दिरमा गरिएको अनुष्ठानले अनुष्ठान गर्ने व्यक्तिसँग आनुवंशिक रुपमा जोडिएको सबैलाई फाइदा हुन्छ । कुल पूजा भनेको सबै दाजुभाइ जुटेर सामूहिक रूपमा पितृको लागि गरिने पूजा हो । कुल पूजा आफ्ना पितृ देवता सम्झना गरिने दिन हो । छोटकरीमा भन्नुपर्दा आफ्नै वंशमा रहेका देवताको पूजा नै कुल पूजा हो । कतैकतै कुल पूजालाई कुलायन पूजा भन्ने चलन छ । कुल पूजा बलिविहिन र बलि युक्त दुवै किसिमको हुने गर्दछ । यी दुवै पूजाको आफ्नै महत्व छ । हाम्रो समाजमा धेरैजसो ठाउँमा आफ्ना पुर्खाले गरेअनुसार बलियुक्त कुल पूजा गर्दै आएका छन् । कतैकतै भने पुर्खौली परम्परालाई नमानेर आफ्नै किसिमले बलिविहिन पूजा गर्ने चलन विकास भएको छ । सोध्दाबुझ्दाजानकारीमा आए अनुसार कुल पूजामा बलि दिने चलन घट्दो क्रममा रहेको छ । खशआर्य जातिको उत्पतिसँगै कुल पूजाको सुरूवात भएको हो । खशआर्य जातिको वस्ती विस्तार हुँदा कुल पूजा स्थल पनि विस्तार हुन पुगे । नेपालका प्रायः सबै जिल्लाका कुल पूजा गर्न थालिएको छ ।

कुल पूजाको कहिले सुरुवात भयो ? यो आफैमा गम्भिर प्रश्न हो । मानिसले देवीदेवताकोपूजन गर्न थालेपछि कुल पूजाको पनि सुरुवात भएको हो । मानिस जन्मदा वित्तिकै आफ्नो संस्कार र संस्कृति बोकेर आएको हुन्छ । यस्ता संस्कृति आफ्ना अग्रजबाट नयाँपिँढिले सिक्ने अवसर पाउँछन । पुराना रीतिरिवाज र परम्परा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने गर्दछन् । आफ्ना बाबुबाजेले गर्दै आएको चलनलाई नयाँपुस्ताले पनि निरन्तरता दिँदै आएकोले अहिले पनि कुल पूजा गरेको देखिन्छ । लोकनाथ दुलालले कुला पूजा अनादिकाल देखि सुरुवात भएको बताउनु भएको छ, यो केहीहद सम्म सत्यतामा आधारित देखिन्छ । वास्तकमा मानिसको जब उत्पतिभई उसले देवीदेवता जान्न र पूज्न थाल्यो । त्यसबेला देखि नै कुल पूजाको सुरुवात भएको हो ।

### ५.२ बलि प्रथाको इतिहास

बलिको शाब्दिक अर्थ कुनै पनि चिज चढाउनु भन्ने हो । तर ऋग्वेद र परवर्ती वैदिक साहित्यमा राजा र देवताको नाममा जे जति वस्तु समर्पण गरिन्छ । ती सबै वस्तुलाई बलि भनिएको छ । प्राचीन भारतीय समाजमा भूमिकरको अर्थमा बलि शब्दको प्रयोग भएको पाइन्छ । कहींकहीं राजालाई उब्जनीको आठ भाग मध्ये एक भाग करको रुपमा दिनुलाई पनि बलि भन्ने गरेको पाइन्छ । राजाले जनताबाट लिएको बलि वा करको बदलामा उनीहरुको सुरक्षा प्रदान गर्नुपर्दछ भन्ने आशय देखिन्छ । राजा मात्र होइन देवताको

लागि पनि बलि दिनु आर्यहरु आफ्नो कर्तव्य सम्भिन्थे । उनीहरुले  यज्ञ र अन्य माध्यमबाट देवीदेवतालाई बलि दिन्थे ।

अहिले आएर बलि शब्द पशु बलिमा मात्र सीमित रहेको देखिन्छ । तर प्राचीन ग्रन्थमा यसको अर्थ व्यापक देखिन्छ । बलि संस्कृत शब्द हो । कुनै पनि महत्वपूर्ण  चिज वा जनावर देवीदेवताको नाममा अपर्ण गर्नु नै बलि हो । त्यस्तै महत्वपूर्ण र मूल्यवान  चिज प्राप्त गर्नको लागि गरिने त्यागलाई बलि मानिएको छ । देवता, राजा, मनुष्य, अदृश्य शक्ति, पशुपंक्षी वा भूतप्रेतलाई चढाउने वा अर्पण गरिने  वस्तु जस्तै नैवेद्य, फलफूल, पक्वान, पशुपंक्षी र अन्य केही वस्तु वा उपहारलाई जनाउँदछ ।  देव पूजा पनि एक प्रकारको बलि हो ।  बलि शब्द पूजाको अर्थमा पनि प्रयोग भएको देखिन्छ ।  देवपूजा गर्दा षोडश, उपचार, दशोपचार वा पञ्चोपचार विधिबाट गरिन्छ । यी सबै प्रकारको पूजामा नैवेद्य चढाउने गरिन्छ । पूजा गर्दा जुन नैवेद्य चढाइन्छ, त्यसलाई पनि बलि भनिन्छ । बूढानिलकण्ठ गैह्रगाउँको मनुदेवको पालको अभिलेख र पशुपतिको आभिरी गोमिनीको अभिलेखमा नैवेद्यको रुपमा बलि शब्द प्रयोग भएको छ । भोजन गर्नुभन्दा अगाडि देवता र आफ्ना पितृहरुलाई अन्न चढाउने गरिन्छ, चढाइने यस्ता अन्न औसानीलाई पनि बलि भन्ने प्रचलन हिन्दू तथा बौद्ध समाजमा प्रचलन रहेको पाइन्छ । नेवारहरुले भोज खानुभन्दा अगाडि सानो अंश अनिवार्य देवतालाई चढाउनु पर्दछ । यो पनि एक प्रकारको बलि हो । पञ्च महायज्ञ पनि बलि  हो । जीवलाई दिइने गासँलाई पनि बलि भनिन्छ । नेपालमा यमपञ्चका दिन काग, कुकुर, गाई पूजा गरेर खानेकुरा खुवाउने चलन छ । काठमाडौ उपत्यकामा ज्यापु समुदायमा गाई जात्राको दिन भ्याउतालाई भात खुवाउने चलन छ जसलाई 'ब्याँ जा नकेगु' भनिन्छ ।

मानवले खेतीपाती र पशुपालनको सुरुवातनगरेको समयमा जंगली कन्दमुल र पशुपंक्षीको शिकार गेरेर आफ्नो जीवकापार्जन गर्दै आएका थिए । मानिसले ढुङ्गे युगदेखि नै पशुपंक्षी मार्न सिकेको हो र तर यसलाई बलि प्रथा भनिदैन ।  केवल जनावर मार्नु  बलि प्रथा नभई देवीदेवताको नाममा मानव, जनावर, पशुपंक्षी हत्या गर्नुलाई बलि प्रथा भनिन्छ । बलि प्रथा हत्या भित्र पर्दछ । तर हत्या बलि प्रथा भित्र नपर्न पनि सक्छ ।

हिंसाको अर्थ हत्या गर्नु हो । हिसि शिसायाम् धातुबाट  हिंसा शब्द बन्दछ । स्पष्ट भाषमा भन्दा हिंसाको अर्थ कुनै पनि प्राणीलाई मार्ने काम हो । देवताको नाममा प्राणीहरूको हत्या गर्नुलाई पशु बलिदान भनिन्छ । बलि भनेको मार्नु र दान भनेको दिनु हो । पशु बलिदानको अर्थ भगवनको नाममा पशु चढाउनु नै हो । तर सबै किसिमको पशु

चढाउनुलाई बलिदान भनिदैन । ज्यूउँदो पशु नमारिकन भगवानको नाममा चढाइन्छ भने त्यो बलि दान भित्र पर्दैन । भेँडा, बोका, राँगा, कुखुरा, परेवा, हाँस जस्ता जनावरको हाम्रो समाजमा बलिदान दिँदै आएको पाइन्छ । यस्तो चलन हाम्रो समाजमा हिजो पनि थियो आज पनि छ र भोलि पनि रहिरहने छ । बलि प्रथाको सुरुवात कहिले भयो भन्ने सम्वन्धमा मानवको उत्पति भई पशुपालनको विकास भएपछि मात्र सुरुवात भएको हुनु पर्दछ । यस विषयमा केही जानकारी दिने जमर्को गरिएको छ ।

कुनै समयमा देवी र दानवहरूको बीचमा ठूलो युद्ध भएको थियो । युद्धमा दुवै तर्फ धेरै क्षति भयो । केही दानवहरूले समेत देवतालाई सहयोग पुऱ्याएका थिए । दानवहरूको नास गर्न भगवानले पनि विभिन्न रुप गरेका प्राणीहरूलाई जन्माउनु परेको थियो । केही प्राणीहरू मानव समाजको लागि घातक बन्न पुगे । कोही रक्तभोगी समेत भए । तिनीहरूबाट मानव जीवनको क्षति हुन थाल्यो । तत्काल क्षति रोक्न पर्ने अवस्था सिर्जना भयो । देवीका गणहरूलाई शान्त नगर्दा तिनीहरू नियन्त्रण भन्दा बाहिर जान सक्ने अवस्था देखियो । कतिपय ठाउँमा देवीका गणहरूलाई शान्त पार्न गाउँमा आलोपालो मानिसको बलि दिने प्रथा चल्यो । धेरै जसो ठाउँमा गणहरूलाई जनावरको बलि दिएर शान्त पार्न थालियो । यो समस्या समाधानको लागि भगवान शिवले गुरु गोखनाथको रुपमा औतार लिए । उनले तन्त्रविद्याको प्रार्दुभाव गरेर तान्त्रिक पद्धतिद्वार दैविक शक्तिलाई अधिनमा लिएका थिए । रक्तभोगी दैवी शक्तिको लागि जनावरको बलि प्रथा सुरु गरे । चौसट्ठी  योगिनीहरुलाई कुण्डनिलमा जगाएर वंशमा राखे । नरबलि हुने ठाउँमा कुभिण्डो, नरिवल, कुखुरा, बोका र राँगाको बलि दिने प्रथा चलाए । जुन वस्तु सहजै उपलब्ध हुन्छ त्यसैको बलि दिन थालियो । हाम्रो समाजमा दशैंमा राँगा काट्ने प्रचलनलाई महिषासुर मारेको भन्ने मान्यता रहेको छ जुन सर्वथा गलत हो । जो एकपटक मरिसकेको मानिसलाई सम्झना गरेर बारम्बार बलि दिनु आवश्यक छैन । गोरखनाथले मान्छेको रगतको बदलामा पशुको रगतको बलि दिने प्रथा चलाए भन्ने विषयमा अधिकांस विद्वानको एकमत रहेको छ । तान्त्रिक विधिद्वार गोखनाथले प्रमुख दैविक शक्ति कालसैनलाई आफ्नो बंशमा लिएका थिए । गुरूले तन्त्रसाधना गरेको ठाउँमा देवीदेवताको पूजाआजा गर्ने प्रचलन आज सम्म पनि कायम भएको छ । अहिले धेरैको मान्यता सादा पूजा वा बलि दिएर जे गरेर भएपनि ती दैविक शक्तिको पूजा गरेन भने तिनीहरू रिसाएर मानव समाजमा दैविक प्रकोपबाट क्षति पुऱ्याउछन् । मुख्य देवीदेवतालाई नियन्त्रणमा राख्न गाह्रो हुन्छ ।

अहिले आएर पनि कतिपय मन्दिरमा नर बलि दिएको विषय सुन्न पाइन्छ । देवताले पनि नरबलि खान्छन् भन्ने विश्वास गरिन्थ्यो । कामरुपको कामाक्ष देवीको मन्दिरमा समेत नरबलि हुने गरेकोले गुरु गोरखानाथले भीमसेनको सहयोगमा त्यहाँको नरबलि प्रथा रोकेका थिए भन्ने जानकारी पाइन्छ *(खड्का, वि.स.२०७२, पृ.३१२)* । उहिलेका मानिसहरु नरबलिले देवी प्रशन्न हुन्छन् भन्ने विश्वास गर्दथे । त्यसबेला राजा, महाराजा र सामान्तहरूले कमजोर गरिब मानिसहरूलाई अगाडि सार्दथे । कालिका पुराणमा समेत नर बलिको विषयमा उल्लेख गरिएको छ । नेपालको राजधानी काठमाडौंको नरदेवीमा पनि मान्छेलाई बलि दिने गरिन्थ्यो । नरलाई बलि दिने गरेकोले त्यस ठाउँलाई नरदेवी भनेर भनिएको हो भन्ने भनाइ छ । नरबलि आफैमा बीभत्स र अमानविय प्रथा हो ।

**राजा महाराजाका यज्ञ**

मानिसको स्वभाव तीन प्रकारको हुन्छ : (१) सात्विक (२) राजसिक र (३) तामासिक जुन प्रकारको स्वभाव प्रधान हुन्छ तद्अनुसारका चेष्टा कर्म, देवताहरूप्रति आस्था, पूजन, खानपन आचार हुने कुरा गीतामा पनि चर्चा गरिएको छ । ब्राह्मणहरूको आचरण सात्विक प्रधान भएकोले हिंसा रहित यज्ञ गर्दथे । तर ब्राह्मणहरूले राजा महाराजाका ठूला यज्ञहरूमा हिंसा प्रधान यज्ञ पनि गराउँथे । गौतम बुद्ध जन्मनुभन्दा अगाडि यी हिंसा प्रधान यज्ञहरू सोमपान तथा ब्राह्मणका आचरणले गर्दा त्यतिखेरको समाजमा केही विकृति र विचलन आयो । फलस्वरुप बुद्धको अहिंसावाद, मध्यमार्ग शब्द र प्रमाण भन्दा पनि तर्कशिल कुरा मान्न दर्शनले ठूलो हलचल ल्यायो *(शर्मा गौतम,वि.सं. २०७४, पृ.१६०)* वैदिक ब्राह्मण वादको नराम्रसँग खण्डन हुन पुग्यो । वैदिक ब्राह्मणहरू पनि आर्य जातिका पूर्वज हुन् । त्यतिबेला सिकेको बलि प्रथाले निरन्तरता पाई अहिले पनि बलि प्रथाको विश्वास रही आएको छ । वर्तमान समयमा बलि प्रथा गर्दै आएका छन् ।

**सिन्धु सभ्यता**

संसारमा विकसित भएका सभ्यतामध्ये सिन्धु एक प्रमुख सभ्यता हो । सिन्धु सभ्यताको उत्खनन्मा पाइएका सिल, मृण्यमूर्ति माटाका भाँडामा उत्कीर्ण विभिन्न जनावर, देवीदेवता आकृतिहरूबाट त्यस सभ्यतामा पनि देवीदेवताको पूजा हुने गरेको अनुमान गरिएको छ । यस बाहेक हरप्पाको उत्खनन्मा आयताकार वेदी पाइएको छ जसलाई अग्निशाला भनिन्छ । वेदीमा अग्नि र अन्य देवताको नाममा पनि बलि दिइन्थ्यो भन्ने

अनुमान गरिएको छ । तथापि सिन्धु सभ्यताका अक्षरहरु पढ्न र लेख्न नसकिएकोले पुष्टी गर्ने आधार मिलेको छैन ।

**ऋग्वैदिक सभ्यता (पूर्ववैदिककाल)**

आर्यहरुको प्राचीन साहित्यको रुपमा ऋग्वेदलाई मानीएको छ । यस वेदमा दशौ मण्डल र अन्य तीन वेदहरु भने केही पछिका ठानीएको छ । ऋग्वेदका अधिकांश सुत्रहरुमा जन्म, विवाह, मृत्यु जस्ता संस्कारको चर्चा गरिएको छ । त्यस्तै दैनिक जीवनका अवसरहरु, पितृ पूजा, आफ्ना पशुहरुको सुस्वास्थ्य र बढि उब्जनीको लागि प्राथाना गरिएको छ । यी कुरा प्राप्त गर्नको लागि देवताहरुलाई खुसी तुल्याउन अग्निमा अन्न, दूध, घिउ र मासुजस्ता बलि अपर्ण गरिन्थ्यो । यसको लागि कर्ताले ब्राह्मणको सहयोगमा आफ्नै घरमा बलि वेदी बनाएर बलि दिन्थे । बलि विधि त्यसबेला सर्वमान्य थियो । धनी देखि गरीव सबैले आफ्नो सामार्थ्य र चाहनानुसार बलि दिन्थे । तर केही समयपछि यस विधिमा जटिलता आएको देखिन्छ । इन्द्र देवतालाई बलि दिँदा तीनवटा बलि वेदी खडा गरेर चार जना मूल पुरोहितसहित अन्य पुरोहितले यो विधि सम्पन्न गरेको चर्चा गरिएको छ । यस्ता विधि अपनाएर राजा र सम्पन्न धनी व्यक्ति मात्र सक्दथे । यस किसिमको यज्ञ र बलिलाई श्रौत भनिएको छ । श्रौत यज्ञ अन्तर्गत जनावरको बलि दिने क्रममा घोडाको बलि दिने अश्वमेध यज्ञ गर्ने चलन थियो । ऋग्वेदको दशौ मण्डलमा त मानव बलितिर पनि संकेत गरिएको छ ।

विद्वान राजेश गौतमका अनुसार आर्यहरूको द्रोस्रो प्रमुख उद्योग कृषि नै थियो । उहाँको भनाइमा सबैको खेत भिन्नाभिन्नै हुन्थ्यो भने पशु चराउने ठाँउ सबैको एउटै थियो र हलोबाट खेतीको काम हुन्थ्यो । यिनीहरू मुख्यतया गहुँ र जौ, फलफूल र तरकारी पनि खेती गर्दथे । त्यस्तै उहाँको भनाइमा आर्यहरूको द्रोस्रो व्यवसाय पशुपालन थियो भने पशुहरूमा गाई सबैभन्दा उपयोगी हुने भएकोले गाईको ठूलो महत्व थियो । त्यसैले गाईलाई मार्न नहुने (अध्न्या) भनिएको हो । गोरुलाई हलो जोत्ने र गाँडातान्ने काममा प्रयोग गर्दथे । घोडा यातायातको साधन रथमा प्रयोग हुन्थ्यो । अरू पशु भेँडा, बाखा र कुकुर थिए । रातमा कुकुरले घरको रक्षा गर्दथ्यो । पूर्ववैदिककाल कालमा आर्यहरू मासु खान्थे । त्यसैले पशुहरू शिकार गर्ने काम उनीहरूको जीविकाको एउटा साधन थियो । बनेल मृग र राँगाको धनुषबाणबाट शिकार गर्दथे भने पंक्षीहरूलाई जालमा फसाउथे । कहिलेकाहीँ त शेयरलाई चारैतिरबाट घेरेर मार्ने काम गर्दथे *(गौतम, राजेश वि.स.२०७८, पृ.७७)* यसको अर्थ

त्यतिखेरका मानिस मांसहारी पनि थिए । मासुको लागि  पशुपालन र शिकार दुवै गर्दथे । त्यस्तैबलि दिने चलन पनि थियो भन्ने संकेत हो ।

ऋग्वेदको पाँचौ विशेषतामा देवताहरूलाई मानवस्वरुपमा पूजा गरिएको छ  र मनुश्यको खाद्य पदार्थ जसमा दूध, अन्न र मासु आदिको बलि दिने  ती सबै देवताहरूको पनि भोजन बन्दथ्यो (*गौतम, राजेश वि.स.२०७८, पृ ७८*)। बलि दिने चलन भएको कुरालाई यसले पुष्टी गर्दछ ।

**उत्तर वैदिककालिन सभ्यता**

उत्तरको अर्थ पछि हो । ऋग्वेदपछि जुन काल आउँछ त्यसलाई उत्तर वैदिक काल बुझ्नु पर्दछ । ऋग्वेदपछि पछि यजुवेद, अर्थवेद र ब्राहृ ग्रन्थहरूको रचना भएको हो ।

उत्तर वैदिककालिन समयमा बलिको चलनलाई धर्मको प्रमुख अंग मानिन्थ्यो । त्यसबेलाका सामवेद, यजुवेद जस्ता साहित्यमा बलिको प्रयाप्त मात्रमा चर्चा गरेको पाइन्छ । सम्पन्न  धनी व्यक्तिदेखि गरीवले पनि आफ्नो घरमा बलि दिन सक्दथे । अग्निको नजिक बनेको बलिवेदीमा नै दैनिक रुपमा बलि दिइन्थ्यो । केही प्रसँगमा त विहान बेलुकी गरी दुईपटक बलि दिने गरेको चर्चा गरिएको छ । औंशी, पूर्णिमा र प्रत्येक ऋतुमा बलि दिने चलन थियो ।

जीवनका विभिन्न पक्षहरु जस्तै  जन्म, विवाह, मृत्यु, नयाँघर बनाउँदा र खेतीपाती गर्दा पनि बलि दिइन्थ्यो । त्यस्तै टुनामुना, जादु गर्नुपर्दा र आफूले चाहेको कुरा पाउनको लागि पनि बलि दिने गरिन्थ्यो । रोगलाग्नबाट छुटकार पाउन र दिर्घआयुको कामाना गर्नको लागि पनि बलि दिने चलन थियो । ऋग्वेदकालमा गरिने बलिले त्यसबेला अर्कै रुप  लिइसकेको थियो ।  यज्ञ र बलि कार्यमा चार समूहमा चारचार जना गरी सोहृ जना पुरुहित हुन्थे । पुरुहितको लागि उचित दक्षिणाको व्यवस्था गरिएको हुन्थ्यो ।  यस किसिमको बलिलाई श्रौत बलि भनिएको छ । मूल पुरुहितले अरु पुरुहितलाई सिकाउँथे ।

उत्तर वैदिक कालमा राजसूय र वाजपेय जस्ता ठूला राजकीय यज्ञ गर्ने चलन थियो । राजाको सम्मानको लागि राज्याभिषेकको अवसरमा गरिने यज्ञलाई  राजसूय भनिन्थ्यो । महाभारतमा युधिष्ठिरले राजसूय यज्ञ गरेका थिए । यस यज्ञ  ईस्वीको पहिलो शताब्दि सम्म पनि  भारतमा गर्ने गरेको पाइन्छ । यज्ञ सम्पन्न गर्न दुई वर्ष लाग्दथ्यो । घोडा पुरोहितलाई र दशवटा गर्भवती गाईकासाथ  सुन, कपडा र नगद ब्राह्मणलाई दक्षिणा स्वरुप दान गरिन्थ्यो । अर्को बाजपेय यज्ञ राजाले ठूलो क्षेत्रमा आफ्नो अधिपत्यको लागि सम्पन्न गर्दथे ।

यस यज्ञमा रथको दौड हुन्थ्यो । यजमान राजा वा ब्राह्मण मात्र राख्ने चलन थियो । पुरोहितहरु गीत गाउँदै अनेक थरिका बाजा बजाउथे । बाजपेय पनि एक प्रकारको सोम यज्ञ हो । यस यज्ञमा  सोमरस अर्थात  खास वनस्पतीको रसको पान गरिन्थ्यो । यो यज्ञ सम्पन्न गरेपछि भोजन र अन्न प्राप्ती हुने आशा राखिन्थ्यो । सत्र दिनमा यो यज्ञ सम्पन्न हुन्थ्यो । सत्रवटा पशु बलि दिइन्थ्यो । सत्रथरिका वस्तु पुरोहितलाई दक्षिण स्वरुप दिने चलन थियो । यज्ञमा सत्रवटा रथ दौडाउने गरिन्थ्यो । सत्रवटा रथमध्ये एउटा रथमा यजमान बस्दथे । पुरोहितको मन्त्र र दुल्दुभीकासाथ रथ दौड हुन्थे । निश्चत विन्दुमा पुगेर रथ फर्केपछि यज्ञमा  इन्द्र, प्रजापति, सरस्वती र अग्नि आदि देवदेवीको लागि विभिन्न पशुको बलि दिने कार्य गरिन्थ्यो ।

अर्को उत्तर वैदिककालमा निकै ख्याती प्राप्त अश्वमेध यज्ञ हो । तर यस यज्ञलाई ऋग्वैदिक कालभन्दा पनि अगाडि सुरु भएको भनिन्छ । यस यज्ञमा घोडाको मुख्य भूमिका हुने गरेको थियो । सेतो घोडालाई एक वर्ष सम्म देश विदेश घुम्नको लागि छाडिन्थ्यो । तर घोडालाई पानीमा पस्न र घोडीसँग समागम गर्न दिइँदैन्थ्यो । यजमानले घोडा बाहिर रहँदा सम्म नित्य पूजा गर्ने चलन थियो । यस बीचको समयमा घोडालाई शत्रुपक्षले पक्रेर लग्यो भने यज्ञ नष्ट भएको मानिन्थ्यो । एक वर्ष पुग्न लागेपछि घोडालाई अश्वशालामा ल्याएपछि यज्ञको शुरुवात हुन्थ्यो । एक्काइसवटा यज्ञ स्तम्भ गाडिन्थे । स्तम्भमा सयौ पशुको बलि दिइन्थ्यो । कतिपय पंक्षीलाई त अग्नि प्रदक्षिण गरेर छाडिन्थ्यो ।  राजाकी पटरानी, प्रिय रानी र परित्यक्त रानीहरुले घोडाको अगाडि, बीच र पछाडिका भागमा घिउ दल्दथे । यस्तै अन्य विभिन्न धार्मिक विधि पश्चात चौरमा कपडा ओछ्याएर घोडाको वधः गरिन्थ्यो । वधः गरेपछि रानीहरुले घोडालाई तीनपटक सम्म प्रदक्षिणा गर्दथे । आफ्नो लुगाले घोडालाई हावा हम्की दिन्थे । पटरानीले मृत घोडाको शरिरसँग खेल्नु पर्दथ्यो । उनलाई र घोडालाई केही क्षणसम्म ठूलो कपडाले छोप्ने चलन थियो ।  यो क्रिया घोडा सँगको यौन समागमको प्रतिकरुपमा गरेको मानिन्थ्यो । पछि राजका अन्य रानी पनि यसै गर्दथे । यौन समागमको क्रिया सकेपछि रानीहरूले सुन चाँदी र फलामका हतियार प्रयोग गरेर घोडाको मासु काट्थे । काटिएको मासु अग्निमा हवन गर्दथे । महाभारतमा उल्लेख गरीएनुसार युधिष्ठरले अश्वमेध यज्ञ गरेका थिए । उक्त यज्ञमा द्रौपती मृत घोडासँग सुतेको चर्चा गरेको पाइन्छ । यस युगमा यज्ञ र बलिको ज्यादै महत्व बढेकाले यस यस युगलाई यज्ञहरूको युग भनेमा फरक पर्दैन्थ्यो । यज्ञ प्रधान ग्रन्थ युजुर्वेदको रचना यसै युगमा भएको हो र त्यसमा

यज्ञहरूको विधानबारे विस्तृत विवेचना गरिएको थियो । त्यसपछि यज्ञको सङ्ख्यामा ठूलो वृदि हुन गयो । गृहस्थीहरू आफै यज्ञ गर्न नसक्ने भए । उनीहरूलाई यज्ञिकहरूको आवश्यकता पर्न थाल्यो । ऋग्वेदकालमा फलफूल र दूधको बलिले मात्र काम चलेको थियो अव पशु र सोमको बलि महत्व धेरै बढ्यो । यज्ञको समय पनि धेरै लाग्न थाल्यो । अधिकांश यज्ञ वर्षभरी चलि रहन्थ्यो र धेरै धन खर्च गर्नु पर्दथ्यो । राजसूय, बाजपेय र अश्वमेधजस्ता यज्ञहरू राजा महाराजाहरूले मात्र गर्न सक्दथे । परिणममा यज्ञ गर्ने काम सर्वसाधरणलाई ज्यादै कठिन कार्य हुन पुग्यो । यसरी ऋग्वैदिक कालमा आडम्वर नभएको धर्ममा अब ठूलो जटिलता आयो अनि विभिन्न आडम्वर पनि देखियो *(गौतम, राजेश वि.स.२०७८, पृ ८५)* । प्रस्तुत विषयको समीक्षा गर्दा यस युगमा यज्ञ र बलिको महत्वमा वृदि भएको देखिन्छ । पूर्ववैदिककालमा बलि दिने चलन पनि थियोभने यस कालमा बलि दिने प्रथा अझै विस्तार भएको पाइन्छ ।

**उपनिषद् र सुत्रकाल**

उपनिषद् कालमा आइपुग्दा हिन्दूधर्ममा बलि प्रथाले आधिक्य जमाएको पाइन्छ । त्यस समयमा समाजमा ब्राह्मणको प्रभुत्व रहेको थियो । जीवनलाई व्यवस्थित गराउन वर्ण व्यवस्था र आश्रम व्यवस्थामा ध्यान दिन थालियो । ब्रह्मचर्य, गृहस्थ, वानर्थ र सन्यासी गरी चार आश्रम व्यवस्था गरिएको थियो । यी आश्रमा बस्दा व्यक्तिले जे जस्तो त्याग गर्नु पर्दथ्यो । त्यही त्याग नै यस कालमा बलि मानिन्थ्यो । यस अगाडिका काल खण्डमा चलेका बलिको धारणा अर्के रुपमा परिणत हुन पुगेको देखिन्छ ।

उपनिषद्ले ज्ञान र ध्यानलाई मोक्षको मूल तत्व मानेको छ । यस विचारले शिक्षित वर्गका केही मानिसलाई प्रभावित गरेता पनि सर्वसाधरणमा पुरानो विश्वास कायम थियो । पुरानो यज्ञ र बलिको सोचलाई त्यस समयको सुत्र साहित्यमा पनि निरन्तरता दिएको पाइन्छ । यस साहित्यमा यज्ञ र बलि प्रमुख कृत्य थिए । यस समयमा हुने सोम यज्ञ र हविर्यज्ञमा बलि अनिवार्य भनिएको छ । बलि विहान र साँझ दुवै समयमा हुने गरेको थियो । घरायसी बलिमा पकाएको अन्न, दूध, दही, नौनी, चामल, गहुँ, खीर र जनावरको मासु दिइन्थ्यो । त्यस्तै विवाह अवसर र घरमा आउने पाहुँना सम्मानको लागि पनि बलि दिने चलन थियो ।

यस कालमा देवताको लागि मन्दिर बनाउने चलन रहे नरहेको सम्वन्धमा विभिन्न मत पाइएको छ । बलि दिनको लागि मन्दिरको आवश्यकता थिएन । देवताहरु आफूलाई

बलि दिइएको ठाउँमा आएर आफ्ना लागि तयार पारेको भाग खान्छन् भन्ने विश्वास गरिन्थ्यो । देवताको नाममा बलि दिएपछि आफूले चाहेको फल पाइन्छ भन्ने विश्वास गरिन्थ्यो । तर देवताहरुप्रति कृतज्ञता ज्ञापन गर्ने पुरानो चलन घट्दै जान थालेको देखिन्छ । पहिलो बाली भित्राउने बेला, छोरो जन्मेको अवसर, र विवाहको उपलक्ष्यमा देवतालाई धन्यवाद ज्ञापन गर्न बलि दिइन्थ्यो । मानिसले आफ्नो पाप कटाउनको लागि उत्तरवैदिककालमा जस्तै गरी बलि दिने गरेका थिए । श्रौत र गृह्यसुत्रहरूमा अग्निलाई ज्यादै महत्वपूर्ण स्थान मानिएको छ । आफूले वर्णन गरेको बस्तु आगोको माध्यमबाट देवता सम्म पुग्ने र कुनै दुष्ट तत्व आएमा आगोले नष्ट गरिदिन्छ भन्ने विश्वास पनि समाजमा रहेको पाइन्छ । जलमा बस्ने देवताको लागि बलि जलमा नै दिइन्थ्यो । रुद्र लायतका उग्र देवताको लागि दिइने बलि रुखमा झुण्डाइने वा हावामा फ्याकिने गरेको चर्चा पाइन्छ ।

बाइसौ तिर्थकर नेमीनाथ (अरिष्टनेमी)वैदिकधर्मी श्रीकृष्णका (काकाका छोरा) थिए । गिरीनगरका राजा उग्रसेनकी छोरी राजुलमलती विवाह गर्न जाँदा कन्याका घर प्रागणमा सयौ पशुहरू (मृग, बँदेल, बोका भेडा आदि) दाम्लाले बाँधेका लहरै उभिएका डरले कामी रहेका देखेर सोधपुछ पर्दा जन्तीलाई खुवाउन मारिने पशुहरू हुन् भन्ने थाहा पाएपछि भगवान श्रीकृष्णको विवाह गरौ भाइ भन्ने अनुरोधलाई लत्याएर तत्काल दीक्षा दिई नेविनाथ रैवत पर्वततर्फ लागेका थिए (पन्थी, वि.स. २०६२, पृ. १२२) । यसरी हेर्दा त्यतीखेर पनि हिंसा गर्ने चलन थियो र विरोध पनि हुन्थ्यो भन्ने संकेत हो ।

**ऐतिहासिक काल**

प्राचीन ऐतिहासिक कालमा यज्ञमा बलि दिने गरेको पाइन्छ । यस कालमा बौद्ध र जैन धर्मको प्रचार भएता पनि बलि परम्परा चलेको पाइन्छ । भारतवर्षमा अशोकको उदयपछि पनि बौद्ध धर्म र अझपछि वैष्णवहरुको भक्ति उदयपछि पनि वैदिक यज्ञको परम्परालाई ईसापूर्व दोस्रो शताब्दिका शुंग र आन्ध्राबंशी राजाहरुले जारी राखेका थिए । पुष्प मित्र शुंगलाई दुई पटक सम्म अश्वमेध गर्ने राजा भनेर उल्लेख गरेको पाइन्छ ।

भारतवर्षमा शासन गर्ने गुप्ताहरुको ईसाको चौथो शताब्दिदेखि छौटौ शताब्दि सम्मको शासनकाल वैदिक धर्म परम्पराको पुनः स्थापना काल हो । त्यस समयमा वैदिक यज्ञ धर्मको साथसाथमा भक्ति सम्प्रदायको मिश्रित धर्म लोकप्रिय हुन गएको थियो । पौराणिक धर्मको सुरुवात पनि भयो । यस धर्ममा धेरै किसिमको समिश्रण थियो । चौथो शताब्दि ईश्वीमा समुन्द्र गुप्तको एक प्रकारको सिक्काबाट उनले अश्वमेध यज्ञ गरेको

देखिन्छ । उक्त सिक्कमा घोडा र वाजिमेधको आशय अश्वमेध यज्ञसँग रहेको छ । गुप्तकालपछि भारतमा लामो कालसम्म यस्तै मिश्रित धर्म प्रचलनमा रहेको पाइन्छ । भारतको गुप्ताकालमा प्रचलित धर्म र संस्कृति पाँचौ शताब्दीदेखि नेपालमा पनि चलेको देखिन्छ । यज्ञको महत्व नेपालमा पनि रहेको संकेत गर्ने लिच्छिविकालिन अभिलेखमा अनेकौ सन्दर्भ उल्लेख गरेको पाइन्छ ।

नेपालमा गोपाल, महिषपाल, आभिर र किराँतहरुले शासन गरेको कुरा वंशावलीमा उल्लेख गरेको पाइन्छ । तर त्यसलाई प्रश्ट पार्ने सामाग्री प्राप्त हुन सकेको छैन । लिच्छवीकाल शासन सुरुवात भएपछि नेपालको इतिहास प्रश्ट हुन पुगेको छ । केही विद्वानहरुले त दोस्रो शताब्दि ईश्वीमा नेपालमा हिन्दू धर्म प्रवेश गरेको बताएका छन् । लिच्छवीकाल देखि यहाँको हिन्दू धर्ममा देव पूजा र यज्ञको चलन थियो । यज्ञमा बलि दिने गरेको अनुमान गर्न सकिन्छ । मानदेवका पितालाई 'मौलाहरुले पृथ्वी सिगार्ने' भनिएको छ ।राजा अंशुवर्माको हाँडीगाउँको अभिलेखले दरवारमा 'अग्निशाला' भएको संकेत गरेको छ । यज्ञ गराउने राजाको रुपमा मानदेवका पितालाई उल्लेख गरिएको छ । 'तिनले राम्रा पशुको साथ यज्ञ गरी देवताको उपसना गरे, यज्ञ र कर्मले गर्दा विशुद्ध हृदय भएका' भनिएको छ । यज्ञमा पशु बलिको विधान पनि रहेको देखिन्छ । लिच्छवी अभिलेखमा यज्ञ गराउने याज्ञिक शब्दको उल्लेख गरिएको छ । यस कालमा शिव र मातृकाको पूजा तान्त्रिक विधिबाट हुने गरेको थियो ।

हिन्दू धर्ममा यज्ञ र बलिको चलन मल्लकालमा पनि जारी रहेको पाइन्छ । अर्कोतिर बौद्ध धर्म पनि प्रचलनमा आएको देखिन्छ । लिच्छवीकालको मातृका पूजा मल्लकाल हुँदै हालसम्म निरन्तरता पाएको छ । देवी र शक्ति पूजामा पशुको बलि दिने गरिन्छ । हिन्दू धर्मको अभिन्न अंगको रुपमा बलि प्रथा रहेको छ । तर अहिले दिइने बलि प्राचीनकालको जस्तो यज्ञमा पशु होम्ने वा मासु होम्ने नगरी सिधै पशुलाई काटेर रगत छर्कने गरिन्छ । तान्त्रिक विधिबाट सम्पन्न गरिदै आएको छ । देवीलाइ मात्र नभई शिव र उनका गणलाई पनि बलि दिएको पाइन्छ । पशुपति मन्दिर प्रागणको दक्षिण भागमा शिवको उग्ररुप भैरवको नाममा बलि दिइन्छ । प्राचीन हिन्दू धर्ममा दिइने बलि र अहिले दिइने बलिमा भने फरक रहेको छ । प्राचीन हिन्दू धर्ममा जुनसुकै चिज अपर्ण गर्नुलाई बलि भनिन्थ्यो भने अहिले आएर देवदेवीलाई रगत अपर्ण गर्नुलाई बलि मानिएको छ ।

**कोलहरूको समयकाल**

राम निवास पाण्डे र जगदिश चन्द्र रेग्मीका अनुसार दक्षिण पूर्वएशियामा मानव संस्कृतिको विकासको लागि कोलहरूको भूमिका महत्वपूर्ण रहेको छ । उहाँहरूले विभिन्न क्षेत्रमा नवपाषणकाल देखि नै विभिन्न क्षेत्रमा पहाडको भिरालो भूभागमा ससना गरा बनाएर धान, उखु, साग, केरा, नरिवल, निबुवा, जामुन आदि खेती र कुखुरा, माहुरी, कुकुर आदि पशुपंक्षी पालन माटो, ढुङ्गा, घाँस खरको छाप्रो श्रीगणेश गरेको बताउनु भएको छ । माटोका भाँडा, काठ, बास  ढुङ्गाका धनुवाण जस्ता उपकरणको निमार्ण गरेका थिए । हिमालयको क्षेत्रमा अष्टबलि (माछा, गँगटो, कुखुरा, राँगो, भेडा, बाखा, फर्सि र कन्द) को परम्परा कोलहकै देन प्रतीत हुन्छ ।  पशुबलि प्रथा प्रतिकात्मक रुपमा नकुँदेका ढुङ्गालाई देवता मानी बलिको रगत चढाउने  तथा हलेदो र सिन्दूरले रङ्गाउने चलन कोलहरूमा प्रचलित थिए *(पाण्डे, रेग्मी, वि.स. २०५४, पृ.३३)*।

बाजिमेध आदि वैदिक यज्ञ र खरायो आदि मृगका मांसले पिण्ड दिने काम कलियुगको प्रारम्भदेखि निषिद्ध थियो (पन्थी, वि.स. २०६२, पृ. १२३) । यस्तो प्रथालाई भगवान महावीर र गौतम बुद्धले विरोध गरेका थिए । उहाँहरूको समयमा सयूप (मांसको चरू भएका) वैदिक याग चल्दैन्थे । गाईका दूध, ध्यू आदि प्रदार्थ हवन गरिने चलन विकास भएको थियो । त्यो चलन हाम्रो समाजमा अहिले पनि प्रचलित छ । तर देवीमूलक पूराणहरूमा भने राँगा,भेडा,बोकाको बलिदान विधि बताइएको छ ।

खशआर्यमा बलि प्रथाको सुरुवात कहिले भयो भनेर माथिका तथ्यहरू विश्लेषण गर्नु पर्ने हुन्छ । मानव जंगलमा घुमफिरको समयमा जंगली कन्दमुल र पशुपंक्षीको शिकार गरेर आफ्नो जीविकापार्जन गर्दै आएका थिए । यसको अर्थ त्यतिखेर पनि जनावरको हत्या हुन्थ्यो भन्ने हो । जनावरको हत्या त ढुङ्गे  युगमै भएको हो । अब कहिले देखि  बलि प्रथाको चलन आयो भन्नुपर्दा प्राचीन कालमा राजा महाराजका यज्ञ बलि युक्त र बलि विहिन दुवै हुन्थे । प्राचीन  कालदेखि खश आर्यमा बलि प्रथाको चलन भएको देखिन्छ । ऋग्वैदिक सभ्यता ( पूर्ववैदिककाल)मा कृषि  र पशुपालन गरिन्थ्यो । श्रौत यज्ञमाघोडाको बलि दिई अश्वमेध यज्ञ गर्ने चलन थियो ।उत्तर वैदिककालिन सभ्यतामा यज्ञ र बलिको महत्वमा झनै वृदि भएको देखिन्छ । उपनिषद् र सुत्रकाल **पनि** पुरानो यज्ञ र बलिको सोचलाई त्यस समयको सुत्र साहित्यमा पनि निरन्तरता दिएको पाइन्छ । बाइसौ तिर्थकर नेमीनाथ (अरिष्टनेमी) वैदिकधर्मी श्रीकृष्णका (काकाका छोरा) भाइ  विवाह गर्न जाँदा कन्याका घर प्रागणमा सयौ

पशुहरू जन्तीलाई खुवाउन मारिने हुन् भन्ने थाहा पाएपछि  विवाह नगरी पर्वततर्फ लागेका थिए । कामरुपको कामाक्ष देवीको मन्दिरमा गुरु गोरखानाथले भीमसेनको सहयोगमा त्यहाँको नरबलि प्रथा रोकेका थिए । अन्यत्र पनि पछि नरबलिको ठाउँमा कुभिण्डो, नरिवल, कुखुरा, बोका र राँगाको आदिको बलि दिने चलन चल्न थालेको पाइन्छ ।

यसरी फर्केर हेर्दा भगवानले पनि विभिन्न रुप गरेका प्राणीहरूलाई दानवहरूको नास गर्न जन्माउनु परेको थियो । ती मध्ये केहीप्राणीहरूबाट मानव जीवनको क्षति हुन थाल्यो । तिनै प्राणीलाईशान्त पार्न गाउँमा आलोपालो मानिसको बलि दिने प्रथा चलेको देखिन्छ । देवताको नाममा गरिव विपन्न मानवको बलि दिने गरिन्थ्यो । भगवान शिवले गुरु गोखनाथको रुपमा औतार लिएर तन्त्रविद्याको प्रार्दुभाव गरेर तान्त्रिक पद्धतिद्वार दैविक शक्तिलाई अधिनमा लिई रक्तभोगी दैवी शक्तिको लागि मानवको सट्टा जनावरको बलि प्रथा सुरु गरको देखिन्छ ।  सिन्धु सभ्यताको उत्खनन्मा पाइएका वस्तुले बलि दिने चलन भएको संकेत गरेको देखिन्छ । राजा तथा महाराजाहरुले  प्राचीन यज्ञमा बलि दिने  गर्दथे । ऋग्वैदिक  सभ्यता, उत्तर वैदिककालिन, उपनिषद् र सुत्रकालमा पनि बलि प्रथा निरन्तर चलेको देखिन्छ ।

नेपालको पश्चिममा शासन गर्ने कोलहरूको समयकालमा पशुबलि प्रथा प्रतिकात्मक रुपमा नकुँदेका ढुङ्गालाई देवता मानी बलिको रगत चढाउने चलन कोलहरूमा प्रचलित थिए । नेपालमा गोपाल, महिषपाल, आभिर र किराँतहरुको शासनकाल प्रष्ट नभएकोले बलि प्रथा थियो भनेर अनुमान गर्न सकिन्छ । लिच्छवीकालको इतिहास प्रश्ट भएकोले बलि प्रथाका प्रमाण पाइएका छन् । यसरी हेर्दा कोलहरूको समयकालदेखी लिच्छवी र मल्लकाल हुँदै अहिले सम्म निरन्तर बलि दिने गरेको देखिन्छ ।

### ५.३ नेपाली समाजमा मष्ट पूजा

नेपाली समाजमा देवी देवताको पूजाले बिरामी निको हुने, भुत लागेको छोड्ने, पारिवारीक सुख शान्ति मिल्नुको साथै खेतबारीमा राम्रो बाली पनि हुने विश्वास छ । हाम्रो समाजमा अहिले देवीदेवताप्रति मानिसको लगाव घट्दै गएको छ । तर विश्वास कमि छैन । पहिलेपहिले नयाँ कामको सुरुवात गर्दा देवीदेवताको भरोसामा गरिन्थ्यो । हाम्रो समाजमा पुजिने देवता मध्ये मष्ट एक हुन् । ऐतिहासिक सिञ्जा क्षेत्रका खश जातिले मनाउने संस्कृतिको नाम हो मष्टो । खशआर्य जातिका ब्राह्मण, क्षेत्री, ठकुरी, बम तथा शिल्पी

समुदायका कुल देवता हुन् । यिनै जातिहरूले आफू बसोबास गरेको ठाउँमा पूजा गर्दै आएका छन् ।

नेपालको सुदुर पश्चिम कर्णाली अञ्चल र आसपासका जिल्लाहरूका मष्टोमतको लोकप्रियता व्यापक छ । अन्य देवीदेवताहरूलाई मानव आकृतिमा वर्णन गर्न सकिन्छ । तर मष्टो देवताको थान भएता पनि मूर्ति र चित्र प्राप्त हुन सकेको छैन । तसर्थ मष्टोलाई भावना र प्रतिकमा बुझ्न सकिन्छ । जेजसो भएता पनि मष्टो विशिष्ट र पश्चिम नेपालका व्यापक शक्ति एवम् महत्वका आदि देवता हुन् । पूर्णरूपले स्थापित धार्मिक मत हो । कर्णाली र सेती अञ्चलको खश संस्कृतिको जरो भएर रहेको छ । त्यहाँका खश बसाइँसराईसँगै मष्टो संस्कृति नेपालभर फैलिएको छ । खशआर्य (क्षेत्रीब्राह्मण) समाजमा कुल देवताको रूपमा पुजिदै आएको छ । कहिंकहीं मष्टलाई दुनिँयाको न्याय निसाफ गर्ने देवताको रुपमा पूजा गरिन्छ । कुनै मष्टलाई जनावरको बलि चाहिन्छ भने कुनै मष्टलाई जनावरको बलि पर्दैन । क्षेत्री ब्राह्मणहरूले बलि दिने र नदिने दुवै किसिमको पूजा गर्दे आएका छन् । सुदुर पश्चिममा मष्टोको मूर्तिमा पूजा नगरी प्रतिकमा पूजा गरिने भएता पनि यत्रतत्र जताततै मष्टका थान छन् । धामी मष्टको पुजारी हुने भएकोले धामी संस्कृति परम्परा बलियो रुपमा रहेको छ । आङमा मष्टो चढेपछि धामीले मष्टोको रुप लिन्छ । उसले रोगव्याधी निको पार्ने, जोखना हेर्ने र भविश्यवाणी समेत गर्ने भएकोले अन्य देवतामा चढ्ने धामीको भन्दा मष्टमा चढ्ने धामीको मानमर्यादा र महत्व ठूलो छ । उसमा अपूर्व शक्ति भएको विश्वास गरिन्छ । धामी रहनको लागि विशेष नियमको पालना गनुपर्दछ । धामी हुनेले जामा र चोली लगाउने, तीर्थ यात्रा गरेर विशष्ट शक्ति प्राप्त गरेको, खानपान आचरणमा पवित्रता कायम राख्ने गरेमात्र उसको आङमा देवता चढ्छन् भन्ने विश्वास छ ।

मष्टोले धन-धान्य, सन्तान, आरोग्यर शक्ति दिने हुनाले उनको र उनलाई आङमा प्रत्येक्षदर्शीका रुपमा उतार्न सक्ने धामीलाई खश संस्कृतिमा विशिष्ट स्थान छ । ब्राह्मण क्षेत्रीका अतिरिक्त कामी दमाई आदि जातिमा पनि मष्टोमत छ ।

सुदुर पश्चिमको लोकप्रिय देवतारुपमा मष्टो रहेका छन् । मष्टोको उत्पति सम्वन्धमा भारत खण्डको सम्पूर्ण क्षेत्रमा पौराणिकालमा देव र दानव रुपमा सर्घष चलिरहेको कुरा धर्मशास्त्रमा उल्लेख गरिएको छ । त्यसवखत महिषासुर दानवले तपस्या गरी ब्रह्रजीलाई खुसी बनाई वर मागे । दानवले वर माग्ने क्रममा पुरुषको हातबाट मर्न नपरोस्भनेर वर मागे । ब्रह्रजीले दानवलाई महिला बाहेक अरु कसैको हातबाट नमर्ने

वरदान दिए । दानवले युद्ध गर्दै देवताहरुलाई पराजित गर्दै गयो । उसले इन्द्रका छोरा जयन्तलाई पनि पराजित गर्न खोज्यो । इन्द्रदेवकापुत्र जयन्तकाइन्द्रआसन खलबलिई भारतको सकसद्धार छोडी हिमत्व खण्डमा आई बझाङमा मष्टो देवता उत्पति भएको भनाइ छ । अर्को भनाइ अनुसार भारतको राजा जयदेव राणाले मेवार ठाउँमा सर्वोपरी मानी मष्टो देवताको पूजा गर्दथे । त्यस समयमा हिन्दू र मुसलमान युद्ध भयो । मुसलमानले मष्टो पूजा गर्ने ठाउँमा गौमासको वधः गरी गाईकोरगत मन्दिरमा छर्किदिए । मन्दिरमा रहेका मष्टो देवता आकासवाणी हुँदै 'हे राजन तिमी मेरो नाति हौ अब मेरो यहाँ बसोबास छैन हिमाली भेकको लैंखबेशी तथा पत्थरमा आफ्नो बसोबास हुने र त्यही आउन' भनेछन । पछि खोज्दै जाँदा बझाङ जिल्लाको देउबाँझ भन्ने ठाउँमा बान्नी मष्टो प्रवेश भएको कुरा बझाङका स्थानीयले बताउने गरेका छन् ।

सुरेन्द्र केसीको भनाइमामष्ट भनेको भूमिको आमा, पृथ्वी रजमिन हो ।उहाँजमिनको र चराचर मानव जगत सम्पूर्ण संरचनाको क्रेटर हो भन्नु हुन्छ । उहाँको विचारमाखश जातिले चाहिं आफ्नो इष्ट देवता रुपमा मानेको कुल देवता मष्ट हो । केसीका अनुसार खश जातिले चाहिं मष्ट देवतालाईआफ्नो पथप्रदशक ईश्वरको प्रतिक हो जसले यो चराचरलाई सृजना गऱ्यो, खश जातिलाईसृजना गऱ्यो । खस जातिकोपालनकर्ता र संहारकर्ता पनि हो । उहाँका भनाइमा खश जातिको कुल देवता नै मष्ट हो र मष्टको उत्पति खश जातिको उत्पतिसँगै भएको हो । खश जाति युफ्रेट्स (आजभोलिको इराक)बाट उत्पति भएको हो । मेसोपोटानियाबाट अगाडि बढेको मानव जाति चाहियुराल पर्वत आइपुग्दछ । युराल पर्वतबाटअफगानिस्थान तर्फ अगाडि बढ्ने क्रममाखैवर भञ्ज्याङ (भारत, पाकिस्तान र अफगानिस्थान बीचमा रहेको भज्याङ) बाट मानवको एउटा शाखा समथर भूभाग तिर र अर्को कछाडैकछाड काश्मिरतिर उक्लिन्छ। काश्मिर उक्लने क्रममा खस्किल पर्वतमा बसोबास गर्नेप्रकान्तरले खश भएका थिए । खस्किलबाट पहाडको कछाडैकछाड कुमाउ गढवालमा आई पुगे । कुमाउ गढवालमाइ.स.को आरम्भिक शताब्दिबाट सुरु गरी ४०० वर्ष शासन गरेको थिए ।इ.स.को छैटो शताब्दिमा खशजाति कर्णाली (सिञ्जा) भूभागमा आइपुगे । खश जातिलेत्यहाँ मष्ट देवता परिकल्पना र पूजा उपसना गर्न थाले ( के.सी, सुरेन्द्, वि.स.२०७९: युटुव च्यानल)। यसले दिन खोजेको अर्थ के हो भने खश जातिको उत्पति जतिखेर भयो त्यतिखेर नै मष्टको उत्पति भएको हो । खश जाति युफ्रेट्स ( आजभोलिको इराक) बाट उत्पति भएकोले मस्टोको पनि त्यहिबाट उत्पति भई खशसँगै

नेपालको कर्णालीको सिञ्जामा भित्रिएको हो । सिञ्जाबाट नेपालभर क्रमशः खश जाति फैलिन थाले । मस्टोको कुल पूजा स्थल पनि विस्तार हुदै गए । अहिले नेपालको लगभग सबै जिल्लामा मष्टको पूजा उपसना गरिदै आएको छ । कसैकसैले मष्टोको हिन्दूस्थानमा उत्पति भएको पनि बताउने गरेका छन् । तर खश जातिको उत्पतिसँगै मस्टोको उत्पति भएको कुरा तर्कपूर्ण र सार्थक देखिन्छ ।

मष्टो उत्पत्ति खश जातिको उत्पतिसँगै भएको कुरा माथि उल्लेख भैसकेको छ । मस्ट अनेक किसिमका हुन्छन् । ती हुन दूधे र दाह्े मष्टआदि । दूधे मस्ट १८ भाइ मध्येका हुन् । दूधे मष्ट दूधको भोगी हुन्छन् । दाह्े मष्टो १२ भाइ मध्येका हुन् । दाह्े मष्टो रक्त भोग खाने देवता हुन् । यी मस्टोखश(आर्य) सँगै नेपाल प्रवेश गरेका हुन् । ब्राह्मण र खश समुदायको कुल देवता हुन् । धलपुरो मष्टो, दाडे मष्टो, कामल्या मष्टो, सिमष्टो मष्टो, खोदाई मष्टो, बज्यूमष्टो, कालसिल्लो मष्टो, रमालमष्टो लगायतका १२ वटा मष्टो देवाहरू छन् । मष्टो देवता खशहरूको पुर्ख्यौली कुल देवता भएको कुरा माथि उल्लेख भैसकेको छ । कर्णाली खश राज्य भएकोले त्यहाँ मष्टो देवता प्रायः सबैले मान्ने गरेका छन् ।

मष्टले आफू रक्त भोगी नभई चौसट्ठी योगिनीका तर्फबाट मानव समाजको रक्षाको लागि चौसट्ठी वटा पाठा भोग गर्दछन् भन्ने मान्यता छ । योगिनीहरूलाई सन्तुष्ट पारेमा तीनीहरु माता मण्डालिनीको वंशमा रहन्छन् *(खड्का, वि.स.२०७२, पृ.३१३)* । उहिलेको समयमा एक ठाउँ गरेको बलि प्रथा नक्कल गरेर अर्को स्थानमा पनि गरेको पाइन्छ । अहिले पनि एक ठाउँको देखासिकीबाटअर्को ठाउँमा चलन चलेको छ ।

नेपाली खशहरूको आफ्नो पेवा उपसना मस्टो उपसना हो तापनि अभिलेखमा त्यसको चर्चा पाइँदैन । शाके १३११ भाद्रको मलयबर्माको ताम्रपत्रमा कालुकवा नामक स्थानको वर्णन छ । त्यो कालमस्टो कवामस्टोका उपासकहरूको साझे बस्ती हुन सक्छ । अभिलेखमा पाइने निवापा नामक स्थल अवश्य पनि नेउपानेहरूको उद्‌गमस्थल हो । निवा अवश्य पनि निप जातिको अपभ्रस हो र निपहरू गोपका शाखा हुन् । यर्सथ जाला धरपा, मस्टपा, सरहपा आदि झै सपादलक्ष्यमा निपपा (निवपा) एक रहेको बुझिन्छ । सिद्धपरम्परा (ऐन्द्र वा साहित्य परम्परा) का ८४ हाँगामध्ये निप हाँगो पछि मस्ट हाँगोमा बिलाएझैं छ *( पोखरेल, वि.स. २०७५, पृ.७०८)* ।

मस्ट शब्द संस्कृतको मस्त शब्दबाट बनेको हो । संस्कृतमा मस्टो भनेको शिर हो । एक किंवदन्ती अनुसार सुरुमा मष्टदेवता देवीका सेनानी भएको र देवीको सुरक्षा गर्न ती

सेनानीले  आफ्नो मस्तक तेर्साई सुरक्षा दिएका थिए । त्यसै कथाअनुसार मस्तक, मस्त हुँदै मष्ट भएको हो । (*अन्तर्वार्ताडीलाराम शर्मा : २०७९/०५/०९*)

मष्टो उत्पत्ति सम्वन्धमा अनेकथरी कथाहरू हाम्रो समाजमा विद्यमान् छन् । तर मष्टो के कस्ता देवता हुन् भन्ने विषयमा स्पष्ट परिचय पाइएको छैन । मष्टो उत्पति प्रचलित पुराण तथा कुनै पनि शास्त्रमा उल्लेख गरिएको पाइँदैन । त्यस्तै कुनै अभिलेखमा पनि चर्चा  छैन (*अन्तर्वार्ता डीलाराम शर्मा : २०७९/०५/०९*) ।  यसको उपसनाको सम्वन्धमा पनि शास्त्रिय देवदेवी विशेषतालाई पनि त्यति महत्व दिएको पाइदैन । यसको उपसना स्थानीहरूमा प्रभाव भने प्रश्टै देखिन्छ । यसमा धामीहरूको महत्व बढी हुने गरेको छ । नेपाली समाजमा  मष्टो देवतालाई कतै कुल देवता, ग्रामदेवता वा इष्टदेवताको रुपमा मान्दै आएको पाइन्छ ।

- मष्टो एउटा मात्र नभई विभिन्न नामका अनेकथरी मस्टाहरू छन् । थरीथरीको नामले पूजा गरिन्छ । ठाउँ र क्षेत्र विशेषका आधारमा पनि मष्टो पूजामा फरकपन भेटिन्छ ।
- मष्टको कुनै स्वरूप हुदैन, कुनै मन्दिर हुदैन, धामीको माध्यबाट मात्र मस्टोको पूजाआजा हुन्छ ।
- धामीहरूले मष्टो आह्वान गर्दा र मस्टो चढेको बेलामा उनीहरूले बोलेको भाषा बुझिदैन । धामीहरू तिब्वती भाषा मात्र बोल्ने गर्छन भन्ने भनाइ पनि छ ।
- कतै बलि दिएर त कतै बलि नदिए पनि मस्टो पूजा गर्ने गरिन्छ । यसरी मस्टलाई शाकाहारी र मांसाहारी दुवैरूपमा मष्टोको पूजा गरिन्छ ।
- मष्टो देवता नेपाली समाजमा लोकप्रीय देवताको रुपमा रहेको पाइन्छ । मस्टो उपसना कुनै जातजातिमा मात्र बलि छैन ।  गाउँको सबै मान्छे भेला भई कतै ग्राम देवताको रूपमा, कतै कुल देवताको रूपमा, कतै इष्टदेवताको रूपमा, कतै क्षेत्रपालका रूपमा र कतै सबै देवताको  समष्टिको रूपमा  मस्टोको पूजा तथा उपसना गर्ने गरिन्छ ।
- मस्टोलाई सामान्य देवताको रूपमा मात्र पूजा नगरेर वैदिक विधिविधान अनुसार यज्ञ, हवन आदि गरेर पूजा गर्ने चलन पनि छ ।
- घरमा गरिने हरेक प्रकारका शुभ कार्यमा पनि मस्टो पूजा गरिन्छ । कतिपय स्थानमा त बडादशैंका अवसरमा देवीको साथमा मस्टोको पूजाआजा गरिदै आएको पाइन्छ । यस्तै कृष्ण जन्माष्टमीका दिन, पौष शुक्ल अष्टमी, असार शुक्ल अष्टमी र चैत्र शुक्ल त्रयोदशी र विवाहको लगनका दिन मस्टोको विशेष पूजा गर्ने चलन छ ।

बझाङको ढँडारमा मुख्यस्थल रहेको मष्टो कर्णाली र सेती क्षेत्रका प्रमुख देवताको रुपमा रहेका छन् । यिनी ऐतिहासिक सिञ्जाक्षेत्रका प्रायः सबै जातिका कुल देवताको रुपमा पूजिने गरेका छन् । मष्टोलाई केही लेखकहरूले मरूत वा मरूतेश्वर भनी उल्लेख गरेको पाइन्छ । नामको समानताप्रति विश्वास गर्दा झट्ट हेर्दा यो कुरा सम्भव देखिएता पनि यसको नाम मात्रको संयोग हुन सक्छ । कसैकसैले मष्टो शिवको रुप एउटै मानेका छन् । उनका शाखा सन्तानहरूमा अहिले पनि १२ मस्ट र ८४ उपमस्ट पूजित छन् भन्ने मान्यता राखेका छन् *(खड्का, वि.स.२०७२, पृ.९५-९६)* । मतवाली क्षेत्री र पहाडी सवर्ण समुदायका मानिस रङ्ग र आकृतिका दृष्टिले समान छन् । मष्टलाई दुवै थरीले कुलयान देवताको रूपमा पुज्ने गर्दछन्*(अधिकारी, वि.स.२०६१, पृ. ३१)* । मष्टो पूजा उपसना खासगरी बझाङ र खप्तड क्षेत्रबाट थालनी भएको हो । । कालीकोटमासङ्कलितमष्टो पूजाको तस्विर चित्र न २ मा उल्लेख गरिएको छ ।

स्थानीय शक्ति र विभिन्न खश सम्प्रदायको कुलदेवताको प्रतिकको रुपमा मष्टो उपसना प्रचलित भयो । सुदुरपश्चिम नेपालको समाज र संस्कृतिमा स्थापित भइसकेपछि मष्टो शासकले उनलाई शास्त्रीय रुप दिन थाले । कहीं शिव र कहीं इन्द्रको रुपमा मान्यता दिइयो । लिङ्ग र ध्वजाको रुपमा मष्टोलाई पूजा हुन थाल्यो । लिङ्ग शिवको र ध्वजा इन्द्रको प्रतिक हुन् । प्रचलित लोक परम्परा र विश्वासका आधारमा मष्टोहरू वाह्र भाइमा विभक्त छन् । उनीहरूका नौ बहिनी पनि छन् । विशेष अवसरमा तिनको पूजा तथा उपसना गरिन्छ । मष्टोको पूजा गर्ने विशेषज्ञलाई 'धामी' भनिन्छ । सामान्यशब्दमा 'धामी' भन्नाले मानिसलाई भुत, प्रेत, मसान तथा अन्य रोग लागेको अवस्थामा झाँरफुक जस्ता विधि अनुसार निको पार्ने जानकार व्यक्तिलाई 'धामी' भनिन्छ । त्यस्ता व्यक्ति दैविक शक्तिले सम्पन्न हुन्छन् । उनीहरूले दैविक शक्तिसँग सम्पर्क गरी रोग निको पार्दछन् । तर कर्णाली प्रदेशको ग्रामीण संस्कृतिमा भने कुल देवता पूजा गर्न जान्ने आधिकारिक व्यक्तिलाई 'धामी' भन्ने चलन छ । 'धामी' ले विशेष ज्ञान र शक्तिले मष्टो बोलाई पूजा गरी विदा गर्दछन् । मष्टोलाई पूजाउपसना सहित सम्झना गरिनेदेवाली र कुल पूजा विशेष अवसर हुन् ।

हाम्रो शास्त्रका ऋषिमुनिले देशाचार र कुलचारको व्यापक व्याख्या गरेका छन् । देशाचारको कुरा अहिले सान्दर्भिक छैन कुलचार सान्दर्भिक छ । कुलचार भन्नाले कुलमा चलिआएका रीतिस्थित वा आचार-व्यवहार भन्ने बुझिन्छ । कुलाचारले कुलधर्मका परम्परागत आचरणलाई जनाउँछ । कुलायन भन्नाले कुल पुर्खाले मानी आएका देवता हुन् ।

कुलायन पूजा परम्परागत शैलीमा गरिन्छ । कुलको उद्धार, सुख शान्ति, भलाइ र प्रशन्नताको लागि हरेक जातिले कुलको पूजा गर्दछन् । मष्टोहरू पशु बलि खाने र नखाने दुवै किसिमका हुन्छन् । खश जातिहरूले मष्ट, मष्टा या मष्टो भनी कुल देवताको पूजा गर्दै आएका छन् । मष्टलाई खश जातिले मात्र होइन दलित जातिले कुल देवताको रुपमा पूजा गरेको कुरा प्राध्यापक डा. रामचन्द्र गौतमले बताउँछन् । कुलका देवता गोत्र पक्ष फरकफरक हुने गर्दछन् । आफ्ना बाबुबाजेहरूले गर्दै आएको परम्परा अनुसार गर्नु पर्दछ । हाम्रो समाजमा कसैले दूधधारी मष्ट र कसैकसैले फलवारी मष्टो भनी कुल देवताको पूजा गर्दै आएको पाउछौं । कुलायन कुलचारको पूजा हो । पुर्खाले पशु बलि दिएर कुल पूजा गरेको छ भने बलि नै दिनु पर्दछ । दूध, नैविद्ये, नरिवल र प्रशाद चढाएर गर्ने गरेको छ भने त्यही विधि अनुसार गर्नुपर्दछ । मष्टो कुनै पनि धर्म होइन। मष्टो भनेको कुलाचार हो । मष्टो धर्म मान्ने छुट्टै समुदाय छैन। नेपालमा कुल पूजा ठाउँ अनुसार फरकफरक समयमा गर्ने परम्परा छ । कतिपय स्थानमा त बडादशैंका अवसरमा देवीको साथमा मस्टोको पूजाआजा गरिदै आएको पाइन्छ । यस्तै कृष्ण जन्माष्टमीका दिन, पौष शुक्ल अष्टमी, असार शुक्ल अष्टमी र चैत्र शुक्ल त्रयोदशीका दिन मस्टोको विशेष पूजा गर्ने चलन छ । त्यस्तै जेठशुल्क पूर्णिमा, धान्य पूर्णिमा, आश्विन शुल्क पूर्णिमा, अनन्त चतुदर्शीकादिन पनि पूजा हुने गर्दछ ।

गोतमकोटसँग सम्वन्ध राख्ने गौतमहरूले पनि कुल देवता 'मष्ट' लाई मान्ने चलन पनि छ । मष्ट १८ र एक मण्डलीलाई भगवती मानी आएका छौ । १२ भाइ बराह र १८ भाइ मष्टा भन्ने चलन पनि छ । तैजसरुप शिवको एउटा नाम मह शब्द छ *(गौतम, वि.स.२०६२, पृ.२१)* । गौतम समाज स्मारीका (२०६२) मा उल्लेख गरिए अनुसार अतिशय अर्थमा इष्ठन प्रत्यय लागेर बनेको महिष्ठ शब्द उत्पन्न भयो । यही शब्दबाट मष्टा, महटा स्थान विशेषले हुन गएको हो । कसैले मष्टा ११ छन्, मष्टा शिवको रुप हो भनी एकादश रूद्र मानेर शिवलाई थपेर १२ हुन गएको हो भन्ने चलन पनि हाम्रो समाजमा प्रचलित छ । हजार रूद्रमा महारूद्र मुख्य २४० छन् भनेर ठाउँठाउँमा उल्लेख भएको पाइन्छ । दैलेख जिल्लाको बिजुली डाँडामा रहेको शिवलिङ्गलाई मष्ट भनी पूजा गरेको पाइन्छ । त्यहाँ मष्टाका तान्त्रिक सिद्धहरू पनि बस्ने गरेका छन् । उनीहरुमा योगका प्रभावले मष्टाको सान्निध्य पनि गराउने गर्दछन् । अत्रि गोत्रीय गौतमहरूमा कुल देवतालाई बलि दिने चलन पनि छ । तर शास्त्रले 'मष्टा' लाई शिवका रुप मानेको छ । बलि चढाउने कुरा

विरोधभाषापूर्ण देखिन्छ । पूजाको विधि-विधानमा जातिविशेष र स्थानविशेषको प्रधान्य कायम रहन्छ ।

हाल नेपालको पश्चिमतर्फ पर्ने जिल्लाहरु अछाम, दैलेख, सल्यान, जाजरकोट आदि स्थानमा खश शासकको सम्राज्य थियो । त्यहाँका क्षेत्रीहरूले प्राचीन कालमा श्राद्ध गर्दा समेत गैडाको रगतले तपर्ण दिन्थे । आजकाल भने गैडाको रगत सर्वसुलभ नहुने भएकोले गैडाको हाडयुक्त पात्र (खगौता) ले तपर्ण दिने चलन छ । शिवलाई कसरी बलि दिने चलन चल्यो भन्ने विषयमा गौतम समाज स्मारीका (२०६१) मा नारायणप्रसाद गौतमको 'गोतमेहरुको उद्‌गम स्थल र मष्टा' लेखमा उल्लेख गरिए अनुसार काठमाडौंको पशुपतीनाथको मन्दिरमा पनि पञ्च बलि दिई पूजा गर्ने चलन अद्यावधि चलिरहेकै छ । पशुपतीनाथको मन्दिरमा बलि चढेको देखिदैन झुँटा हो भन्ने कसैलाई लाग्न पनि सक्छ । अहिले पनि हरेक पूर्णिमाको साँझ भैरवको स्थानबाट श्री पशुपतीनाथलाई बलि दिँदा एउटा डोरी भैरवको स्थानबाट पशुपतीनाथको मन्दिरसँग सम्वन्ध गराई पञ्च बलि दिने चलन छ । यसरी जातिविशेष र स्थानविशेषको चलनमा पूजा तथा अर्चनाको विशिष्टता प्रकट भएको पाइन्छ । खशआर्य बीच स्थान र व्यक्तिविशेषमा पशु बलि दिने र नदिने परम्परा कायम छ । कतैकतै त बलि दिने परम्परा अन्त गरेर सात्विक विधि अपनाएका पनि छन् ।

यसरी हेर्दा मष्टोको पूजाआजा एकै थरीको नभएर अनेक प्रकारले गरिदै आएको छ । हरेक पूजा अवसरमा पनि मष्टोको उपसना हुने गरेको छ । मष्टोको उपसना खश समुदायको जीवन पद्धतिसँग गाँसिएको छ । खश समाजमा कुल पूजा, ग्राम पूजा जे भनेता पनि मष्टो संस्कृतिकै प्रयाय बनेको छ । मष्टो पूजामा कतै बलि दिने र कतै नदिने चलन रहेको छ । मष्टो आयमलाई एकल आयमबाट अध्ययन नगरी बहुआयबाट गरेका मष्टो संस्कृतिको बारेमा ठोस जानकारी पाउन सकिन्छ ।

## अध्यायछ

## अत्रि वंशको इतिहास

### ६.१ उत्पतिको चरण

धेरै पहिले देखि यस धरतीमा प्राणीको बसोबास रहेको हो । कुनै युगमा कुनै प्राणी फैलिए । कुनै युगमा अर्के किसिमका प्राणीको अस्तित्व कायम हुँदै गयो । कतिपय पुराना प्राणी हराउँदैगए । केही प्राणी वातावरणीय विध्वसका कारणबाट लोप हुने खतरामा छन् । यी क्रम समयचक्र, प्राकृतचक्र, युगचक्र, ब्रह्माण्डचक्र, वातावरणीयचक्र तथा मानवीय अतिक्रमणचक्रका कारणले पनि अदलबदल हुन गएको हो । कुनै समयमा केही महामारी, सुख्खा, अतिवृष्टि, अनावृष्टि, लय, प्रलय हुँदा प्राणीहरू नास हुन जान्छन् । त्यसरी विचार गर्दा जगतमा सबै प्राणीको बराबर अधिकार हुनुपर्ने हो । हामीले थाहै नपाएका प्राणीहरूको पनि जन्म, विकास, सन्तानोत्पादन र विनाशको चक्र निरन्तर चल्दै आएको छ । मानव सभ्यताको उत्थान र पतनचक्र पनि त्यही हो । प्राणीको उत्पत्ति, विकास, स्थिर, अस्थिर, चल, अचल सबै नश्वर छन् । मानिस, प्राणी, वन जंगल हिमालमात्र नभई पृथ्वी, चन्द्र, सूर्य, तारा, नक्षत्र, ग्रह, ब्रह्माण्ड पनि नाशवान् हुन् । यिनीहरूको नास हुने निश्चित छ । निर्जिव वस्तु पनि नाशवान् तर यी वस्तुको आयु लामो छ, मानवको आयु भने छोटो छ । मानवको जन्म र मृत्युनिरन्तर चली रहेको छ । त्यसैगरी अत्रि वंशको जन्म र मृत्यु एउटा चक्रको रुपमा घुमिरहेको छ ।

संसारमा कुनै पनि वस्तु नित्य हुदैन । आजको भोलि, पोहरको आज, अस्तिको हिजो, उहिलेको अहिले निरन्तर परिवर्तन भइरहने गर्दछ। जगतको आयु धेरै लामो भएता पनि मानव जीवन छोटो छ । वितेका सबै कुरा देख्न, सुन्न र जान्न पाइन्छ । तर भविष्य देख्न, भन्न र जान्न सकिदैन । त्यसैले यो संसार भनेर जानेर सकिने कुरा होइन, तर हाम्रा पूर्वजहरुले आ-आफ्ना मार्ग स्पष्ट गरेर छोडेको हुँदा हामीलाई त्यसतर्फ लाग्न सजिलो भएको छ । आफ्ना पूर्वजले बनाएको पथ सहज र अस्मितापूर्ण हुन्छ । हाम्रो अस्मिता भन्नाले हाम्रोपना बुझिन्छ । हाम्रोपनलाई जोगाउन सक्यौं भने हाम्रो परिचय स्पष्ट भइ गर्न लागेको कुरा पनि पछिका सन्ततिले सुरक्षित राख्न सक्नेछन् । आफ्ना वंश र संस्कृतिका विद्वान् र दार्शनिकले देखाएको बाटोतर्फ लाग्नाले आफ्नो र आफ्ना बन्धुको, सम्पूर्ण मानवको र समग्र मुलुकको लागि समेत भलाई हुन्छ । बिर्सेर आफ्नो संस्कार छुट्यो भने फर्किन गाऱ्हो पर्छ, गुमेको गुम्यै हुन्छ । आफ्नो संस्कारलाई गुमाएर अरुको अङ्गीकार गर्नु र अर्कालाई मालिक

बनाएर चल्नु बराबरको निरीहता अरु केही हुँदैन । त्यस्तोमा गौरव नभई आत्म ग्लानी बढी हुन्छ । त्यसैले उन्नतिशील मुलुकमा सम्पन्न स्थितिमा बसेकाहरु पनि आफ्नोपना, आफ्नो संस्कृति, आफ्नो भाषा, आफ्नो खानपिन अनि बिहाबारी र लेनदेनलाई पछ्याउदै, विपन्नै भएर बस्न परे पनि आफ्नो जन्मभूमिमा फर्केका उदाहरणहरुप्रशस्त पाइने गरेका छन् ।

हाम्रो बसोबास यस पृथ्वीको पूर्वी गोलार्द्धमा रहेको छ । यो गोलार्द्ध ज्ञान-विज्ञान, भौतिक अध्यात्मिक, महात्मा तथा धर्मका प्रणेताहरुको क्रीडास्थलको रुपमा ख्याती प्राप्त छ । हाम्रो चालचलन आर्य वैदिक परम्परा ज्ञान र यन्त्रको पृष्ठभूमिमा विकास हुँदै गएको छ । यस्ता यन्त्र ज्ञानलाई विज्ञान भन्न थालियो तर त्यसभन्दा पनि भित्रको अति सूक्ष्मलाई ज्ञान वा आत्मज्ञान भन्ने कुराबाट आजका पाश्चात्य विज्ञानवेत्ताहरू विमुख छन् । उनीहरूसँग नभएको चिज, त्यो हामीसँग  छ । त्यही ईर्ष्याले जहाँका वैज्ञानिकहरूले पनि हामीलाई मनैदेखि चाहन्छन् । हाम्रो पूर्वजहरूले हामीलाई अध्यात्मवादी दर्शन सिकाए । विज्ञानको विकासले वर्तमान भौतिक जगत्को पनि अनुभव र भोग गर्ने अवसर मिलेको छ । हाम्रा पूर्वजको अध्यात्मक चिन्तनलाई हामीले त्याग्न लाग्यो भने हामी भौतिवादका पछौटे वा दासमात्र  रहन्छौँ, हाम्रोपना हराएपछि हामी अलमलिएर लोप हुन्छौँ । यो मर्मलाई सम्झेर सही मार्गमा लाग्नुपर्छ तापनि केही बचाइराख्न सकेमा पनि प्रसारण गर्न पनि सकिन्छ । तर पछिको बाटोभन्दा पहिलेको बाटो सुरक्षित र लाभदायी हुन्छ । आफ्ना पूर्वजहरूको सुकीर्तिलाई अजरामर राख्न प्रयत्न गर्नु पर्दछ ।

वैदिक सभ्यतामा खालि तपस्या, चिन्तन ध्यानमात्र नभई कर्म, यन्त्र र भौतिक साधनजस्ता पक्षको पनि प्रचुरता रहेको थियो । त्यहाँ स्वास्थ्य, यज्ञ, स्तुति, पेसा, अर्थोपार्जन, सीप, कला, वास्तु, भूगर्भ, नभयान, जलयान, स्थलयान, सामरिक विधि, विष्फोटन पदार्थ निर्माणका अनेक उपायहरु समावेश छन् । त्यस्ता महत्वपूर्ण विषयलाई हामीले बेलैमा सम्हालेर रक्षा गर्न सकेनौँ भने लोप हुन सक्छ । यदि लोप भयो भने हामी बर्बादमा पर्छौं । हामीले आफ्नै नोक्सानी गर्नु  राम्रो पक्ष होइन ।

हाम्रो पूर्वीय वैदिक वाङ्मय ग्रन्थहरूमा पृथ्वीमा उत्पत्ति भएको १ अरब ९५ लाख ५ हजार ९९ वर्ष भयो भनिएको छ, जसलाई सृष्टिसम्वत् भनिन्छ । सृष्टिदेखि चार युग चक्रअनुसार सत्य युगका १७ लाख २८ हजार वर्ष, त्रेता युगका १२ लाख ९६ हजार वर्ष, द्वापर युगका ८ लाख ६४ हजार वर्ष र कलियुगका ४ लाख ३२ हजार वर्षमा एक युगचक्र पूरा हुन्छ *(पन्थी, वि.स. २०६८,पृ. १५०)* । त्यो एउटा युगचक्र पुगेपछि ब्रह्माजीको एक

दिन हुन्छ । अहिले ब्रह्माजीको आयु ५२ वर्ष पुगेको छ भन्ने कुरा पनि हाम्रा शास्त्रमा स्पष्टसँग उल्लेख गरिएको छ । त्यसरी युगचक्र पुगेपछि प्रलय हुन्छ, अनि अर्को सृष्टिचक्र आरम्भ हुन्छ । प्रत्येक युगमा युगपुरूषहरू उत्पन्न हुन्छन । त्यस्तै युगमा सोम वंश (अत्रि) मानिन्छन् । यहि सोम वंशमा विश्वामित्र जस्ता राजर्षी तथा भरत, गाँधी, युधिष्ठर जस्ता पुराण प्रसिद्ध राजाहरू जन्मेका थिए *(शर्मा गौतम, २०७४, पृ. १०)* । त्यसैले अत्रि गोत्रीय सोम वंशका सन्तति हुन पाएकोमा गौतमलाई गौरव लाग्नु स्वाभाविकै हो । जोकसैको पनि आफ्ना पूर्वजका कृति तथा उपलब्धिहरूलाई अध्ययन, मनन र संरक्षण गर्दै जानु उनीहरूको कर्तव्य भित्र पर्दछ ।

हिन्दू र बौद्ध धर्म अनादि कालदेखि चलि आएका प्रख्यात सनातन धर्म हुन् । यी धर्म धेरै प्राचीन पनि हुन् । गैरहिन्दूहरुले पाण्डुलिपि, मन्दिरकला, मूर्ति र वर्णहरुको अध्ययनद्वारा हिन्दूहरुको उद्‌भवकाल निर्धारण गर्ने प्रयत्न गरे तापनि उनीहरु यस कार्यमा सफल हुन सकेका छैनन् । हिन्दूधर्मको विधिमा भविष्यका लागि नियम निर्धारणका साथै भविष्यवाणी पनिगरिएको पाइन्छ । ईश्वरलाई सर्वश्रेष्ठ, सर्वशक्तिमान् र सर्वव्यापक मान्ने हिन्दू धर्ममा दुईवटा प्रबल सिद्धान्त छन्, ती हुन्-पाप र धर्म । पूर्वजन्मको संस्कारले इहभौतिक जन्म हुने र इहभौतिक जन्मका कर्मले पुर्नजन्ममा तदनुकूल संस्कार बन्ने कुरा हिन्दू दर्शनमा वर्णिन छ । यसको आधार भौतिक आचरण मात्र नभई नैतिक निष्ठासमेत हुने हुँदा यो धर्ममात्र नभई यसमा क्षमा र उपकारसमेत मिश्रित छ । धर्मको अर्थ कुनै कुरा धारण गर्नु भन्ने हो तर अचेल चन्दको टीका लगाउनु, दाह्री पाल्नु, हलाल गर्नु र क्रस टाँस्नुजस्ता विज्ञापनलाई मात्र लिन थालिएको पाइन्छ । हिन्दू धर्मको ओज र सामर्थ्य नष्ट भएपछि हिन्दूचिन्तनको पनि अन्त्य हुने निश्चित छ । यही कुरालाई आधार मानेर हिन्दूदर्शनमा धर्म र अधर्मको व्यापक व्याख्या भएको छ ।

प्राणीको सृष्टिकालदेखि कति समय व्यतित भएपछि मत्स्य, कुर्म र बराह हुदै मानिस बन्न सफल भए । त्यसपछि पनि कतिपछि विधाताका पुत्र अत्रि ऋषीको प्रादुर्भाव भएको होला । समय व्यतित हुँदै जाँदा अत्रि गोत्रीयहरूले पनि पृथ्वीमा भइरहने उथलपुथलको चरण अवश्य पनि भोगेको हुनुपर्छ । विभिन्न कालखण्ड देखिहिन्दू धर्म पनि मान्दै आएका छन् । मानवको उत्पत्ति कसरी भयो भन्ने सर्न्दभमा मानव जातिको ब्रह्माजीले उत्पन्न गरेका थिए । त्यही मानव जातिबाट अत्रि ऋषिको पनि उत्पत्ति भएको हो । अहिले संसारमा जे जति अत्रि गोत्र भएका सन्ततिहरू छन्, ति सबै अत्रि ऋषिका सन्तान हुन् ।

विशेष गरेर हामी जुन भूभागमा रहन्छौ त्यो भूभाग आर्यवर्त अन्तगर्त हिमवत खण्ड नेपाल हो । जुन हिमचुलीको उच्च शिखरबाट परमेश्वरले सृष्टिको प्रातकाल शुरु गर्न अपौरुषेव वेदादिॐ कारको ध्वनी उच्चाहण गर्नु भई विश्वको सृष्टि, स्थिति र संहारको व्यवस्था गर्ने वेदको रचना गर्नु भएको हो । सो वेद मार्गको विधान गर्न आयोनिज (आमा विनै) सात भाइ पुत्र र आफू समेत आठ जना भई सृष्टिको काममा लाग्नु भएको मध्ये तृतिय अत्रि नामक मुनी अत्रि वंशका आदि पर्वतक हुनुहुन्छ । वहाँको कठोर त्याग रतपस्याको अगाडि अनुसूयाको आदर्श पतिब्रत्यले प्रभावित भई ब्रह्माण्डका सृष्टी पालन र संहारकर्ता त्रिदेव (ब्रह्मा, विष्णु, महेश्वर) पुत्र रुपमा अनवरित हुनु भएको सबै शास्त्रले वर्णन गरेको त सर्वविदितै छ । बंशकर्ता अत्रि (आत्रेय) जसलाई सोम (चन्द्रमा) भनिन्छ जसको उत्पत्ति शास्त्रले तीन प्रकारको मानेको छ *(मिश्र, वि.स.२०५०, पृ.२)* । जो निम्ननुसार उल्लेख गरिएको छ ।

प्रथम सोम : त्रिदेवमध्ये बम्हाका अवतारबाट सोम हुनुभयो (दत्त, दुर्वासस सोम मात्मेश ब्रह्म संम्भवान अत्रे पत्न्य नसूया त्री ञ्जज्ञे सुयशसः सुतान्) भा.च. अ.१ श्वलोक १५ यिनै सोमकी तारा नामकी पत्नीबाट बुध नामक पुत्र र बुधबाट चन्दैवंशी क्षत्रिय कुलको विस्तार भएको पुराणहरूले बताएका छन् ।

द्वितीय सोम :- चन्द्रमा - देव र दानवहरूको संयुक्त शक्तिले समुन्द्र मन्थन गर्दा प्रकट भएका रत्न (चतुदर्श रत्न) हरू मध्ये एक रत्न चन्द्रमा हुनुहुन्छ । जो गगन मण्डलमा रहेका सूर्यका किरणहरूलाई प्रशोधन गर्दै अमृतवर्षी किरणहरू समस्त देवता लगायत प्राणी बनस्पती जगतलाई पोषण र पृथ्वीबाट देवता, पितृलाई प्राप्त हुने वस्तु त्यै-त्यै लोकमा पुऱ्याउनुका साथै भौतिक देह त्याग गरेका जिवात्मालाई समेत कर्म अनुसार गति र स्थान प्राप्त गराउनुहुन्छ ।

तृतीय सोम :- चन्द्रमा - अत्रि ऋषिका नेत्रबाट प्रैकट भई आफ्नी शक्ति रोहणीका साथ हामी सबै प्राणीहरूमा साथै, ब्राम्हमण कुललाई विधा बुद्धि आदिद्वार रञ्जित गराउनु हुन्छ । देवले पनि भनेको छ ।

मिश्र वंशावली अनुसार(सोमो९ स्माकम् ब्राह्मणानाम् ठ राजा) सत्य युगमा अनुसूया सहित अत्रि मुनी तपस्यामा रहँनुहुँदा आकाश मण्डलमा अमृतभावी उदयकालीन पूर्ण चन्द्रमण्डललाई नारीको सुन्दर मुख जस्तै देख्दा अतिशय कामातुर भएका अत्रिको विर्य भूमिमा स्खलन हुन जाँदा प्रकट भएका पुत्रको नाम अत्रिले सोम राख्नु भएको थियो ।

उहाँका अनुसार वैदिक ऋयाका अनुसार यिनै सोम ब्राम्हणाडिका राजा एवम् हाम्रा वंशकर्ता हुनुहुन्छ । यिनै अत्रिय सोमका वंशमा अर्यनानस र उनका वंशमा श्यावास्त्र यिनै प्रवरकर्ता ( आत्रेया अर्चनानास, श्यावास्त्र,ईतित्रि प्रवस) मानिनु हुन्छ । इशावस्त्रका वंशमा अग्निहोतृ, अग्निहोत्रीबाट गंगु भद्र, गंगु भद्रबाट विष्णु भद्र, विष्णु भद्रबाट विरुभद्र हुनुभएको हो*(मिश्र, वि.स.२०५०, पृ.३)* । यिनै जगुभद्रका वंशमा क्रमश ऋतु भद्र, ऋतु भद्रबाट अमुक, अमुकबाट गोपाल भद्र, गोपालभद्रबाट ब्यास भद, ब्यास भद्रबाट विकु भद्र, विकु भद्रबाट कुशिक भद्र, कुशिक भद्रबाट जय भद्र, जय भद्रबाट काशिदासको जन्म भएको हो । यिनै काशिदासका पाँच भाइ छोरा जन्मिए, जसमा जयाकर, भास्कर, प्रभास्कर, विलल्ल र लल्ल थिए । उपरोक्त काशिदास पाँच भाइ छोरा सहित नेपाल प्रवेश गरेका हुन् । काशिदासका पाँचभाइ छोरामध्ये जेठा छोरा जयाकरबाट  श्रीमल, ओस्ती, कडरिया थरको प्रादुभाव भयो । माइला भास्करबाट खतिवडा र ठाडाराई अधिकारीको थर उत्पन्न भयो । साहिला प्रभास्करबाट मिश्र र ओझा थर प्रकट भयो । काँइला विलल्लबाट समाल ठकुरी थरको जन्म भयो । त्यस्तै कान्छा लल्लबाट चापागाई र गौतम थरको उत्पति भयो । काशिदासका साहिला छोरा प्रभास्कर बाइसे राजाको सम्मानित राजगुरुको पदमा हुम्लाका केही पुस्ता र जुम्लामा केही पुस्ता विताउदै डोटी आएर नुवाकोट गएको हो भन्ने कुराको प्रमाण ताम्रलिपि, शिलालिपि र वंशावलीहरूमा पाइएको छ।

जीवनमा सात्विकपन तथा सरलता हुने मानिसलाई  सबैले आदर गर्दछन् । जीवन जगत एवम् आध्यात्मिक तथा भौतिक वस्तुलाई आत्मसाथ गरी वैदिक मन्त्र देख्ने संरक्षण एवम् सर्वधन कार्यमा जीवन लगानी गर्ने युगद्रष्टा तपस्वी मुनीहरूलाई ऋषि भनिन्छ । वेदमा असंख्य ऋषिको बयान छ । तीमध्ये सप्तऋषि भएको छुट्टै पहिचान भएको ऋषि समूह थियो । ती मध्येका एक अत्रि ऋषि हुन् । संस्कृत वाङमय र पुराणहरूमा चर्चित अत्रि ब्रह्माकासात मानस पुत्र मध्ये एक हुन् *(पाण्डे, वि.स. २०५४, पृ.१६५)* । ऋगवेद (१।११६) का अनुसार अत्रिलाई ब्रह्माले वेद प्रचार गर्ने कार्य सुम्पेका थिए । वैदको यज्ञको विरोध गर्ने असुरहरुले सपरिवार अत्रिलाई मन्त्र दिदै बन्दी बनाए । बन्दी भैसकेपछि उनले उद्धारको लागि सनतकुमारको प्राथना गरे । सनतकुमार कुमारले अत्रिलाई मुक्त गरे । ग्रह-नक्षत्र, विज्ञान र ज्योतिसका पारङ्गतअत्रिमा प्रसँग अथर्ववेद, महाभारत र पुराणहरूमा पनि पाइन्छ । अत्रिका अनेकौ पत्नी मध्ये अनुसूया एक थिइन् । ब्रह्मा, विष्णु र शिवका आशिर्वादले अनुसूयाको गर्भबाट उत्पन्न दत्रात्रेय प्रसिद्ध छन् । हजारै वर्षको तपस्याको फलस्वरुप अत्रिले

आफ्नो आँखाबाट सोमको उत्पति गरे । अत्रिका अन्य प्रसिद्ध पुत्र दुर्वासा थिए । आत्रेय अत्रिकी छोरी थिइन । यिनको विवाह  अंगीर (अंगीरस) सँग भएको थियो । एक कथानुसार पतिको क्रोध शान्त पार्न आत्रेयीले जलरुप धारण गरिन् र पुरुष्पी नामक नदीलाई जन्म दिइन् । निरक्तकार यास्कले यस नदीलाई इरावती मानेका छन् । तर कतिपय पुराणिक प्रसँगमा पुरुष्पीको वर्णन गंगामा मिल्ने नदीको रुपमा भएकोले यस नदीको समिकरण अचिरावती वा रापतीसँग गर्ने प्रयत्न गरिएको छ । यस नदीको उत्तरमा कैलासको अवस्थित बनाइएको छ । हिमवत्खण्डमा प्रस्तुत गण्डकी उत्पत्तिको कथामा नीलकण्ठ (गोसाइकुण्ड) नजिकै तपस्यारत अत्रि र उनको आश्रम उल्लेख गरेको पाइन्छ । यस प्रसँगमा पार्वतीले अत्रिको सम्मान गरेकी थिइन् । अर्को प्रसँग अनुसार  अत्रि ब्राह्मण गन्धर्वहरूका शासक थिए । मत्स्य पुराणमा पुर्खाको तपस्याको प्रसँगमा पनि अत्रिको आश्रको बारेमा केही संकेत दिन खोजिएको छ  । यस अनुसार  श्वेतगिरिको जनपथमा थियो, जहाँ गगनचुम्बी हिम शिखर पनि अवस्थित थिए । जहाँ कालो बादलले आच्छादित सधन वनभित्र ऐरावती  नदीको उद्‌गम स्थल थियो । हिमाल क्षेत्रभित्र रहेता पनि ऋषिको पुण्यको प्रभावले आश्रमको पाँच योजनको परिधिभित्र हिमपात हुदैन्थ्यो  र त्यो स्थलमा सूर्य र चन्द्रकोकिरण आवश्यक थिएन । त्यो स्थलऋषिको तेजोपुन्जले स्वयम् प्रकाशित थियो । श्वेतागिरिको  धवलागिरीसँग ऐरावतीको रापतीसँग समिकरण गर्ने प्रयत्न गरिएको छ । यसरी हेर्दा अत्रि आश्रम हिमालय क्षेत्रमा नै रहेको हुनु पर्दछ ।

अत्रि वंशको शिवपुराण, भागवत तथा विष्णुपुराण आदिमा उत्पतिको चर्चा गरेको पाइन्छ ।श्री नारायणी शेषशायी  प्रभुको नाभीबाट उत्पन्न भएको कमलको फूलमा ब्रह्माजीको उत्पत्ति भयो ।  श्री नारायणबाट आज्ञा पाएका ब्रह्माजीले दश मानस पुत्र उत्पन्न गरे ।  ती हुन् (१) मरिचि  (२) अत्रि (३) अङ्गिरा  (४) पुलत्स्य (५) पुलह (६) ऋतु (७) भृगु (८) वशिष्ट (९) दक्ष र (१०) नारद । महर्षि अत्रि ब्रह्माजीका द्वितिय मानस पुत्र थिए । उनी ब्रह्माको नेत्रबाट उत्पत्ति भएका थिए । आफ्नो तपोबलका कारणले  गर्दा सप्तऋषि मध्येका एक पनि हुन् । महर्षि अत्रिले वेद रचना गर्नुकोसाथै तप दान, यज्ञ जस्ता लोक कल्याणकारी कार्य गरेका थिए । अत्रि स्मृति, अत्रि संहिता आदि ग्रन्थको पनि रचना गरी ख्याती आर्जन गरेका थिए । अत्रि ऋषिको विवाह अनुसूयासँग भएको थियो । अनुसूयाको जन्म पिता कर्मद ऋषि र माता देवहूतीको कोखबाट भएको थियो। सती शिरोमणी नारी अनुसुयाको पतिब्रता परिक्षण गर्न आएका त्रिदेव (ब्रह्मा, विष्णु र महेश्वर)

लाई आफ्नो सतित्वको प्रभावले छ महिने दूधे बालक बनाइदिए पश्चात उनै त्रिदेवको वरदानले अनुसूयाबाट सोमदेव, दत्तात्रय र दुर्वासा ऋषि उत्पन्न हुनु भएको हो । गौतम समाज स्मारिका (२०६२) मा रामबहादुर गौतमको गौतम वंशको संक्षिप्त चिनारी लेखमा उल्लेख गरिए अनुसार सोमदेव (चन्द्रमा) तथा ताराबाट नौ ग्रहमध्येका बुध उत्पन्न भएका थिए । उनका अनुसार बुध तथा इलाबाट पुरुवाको जन्म भयो । पुरुवा तथा उर्वशी अप्सरबाट उत्कल, विनताश्व र गय आदि पुत्रहरू उत्पन भएका रहेछन् । यी तीन पुत्रमध्ये उत्कलबाट उत्कल ब्राह्मण, विनताश्वबाट पश्चिमी ब्राह्मण,गयबाट पूर्विय ब्राह्मण प्रादुर्भाव भएको हो । यही पूर्विय ब्राह्मणका सन्तति गौतम हुन् ।

अत्रि वंश (सोम वंश, चन्द्र वंश, आत्रेय वंश) जस्ता विषय वेद, पुराणमा पनि उल्लेख गरिएकाले यसको विवरण तल प्रस्तुत गरिएको छ ।

**भागवतमा**

३।१२।२२,३।२४।२२,३।२१-३३, ४।१।३३, ९।१,२,३,१४,१५........अध्याय सबैमा अत्रि चन्द्रवंशको वर्णन यस्तो छ अत्रिको छोरा चन्द्रमा, चन्द्रमाको छोरो बुध, बुधको छोरो पुरुवा, पुरुवाको छोराहरू आयु, श्रुतायु, सत्यायु, रय, विजय र जय यसरी छ पुत्र हुदै बैवश्यत मनु हुदै कुनै वंश क्षत्रिय र कुनै वंश ब्राह्मण भएका छन् भने अझ भगवान विष्णु पुराणदिमा त राजा सुद्युम्न हुँदा क्षत्रिय सूर्य वंश र त्यही सुद्युम्न ईला (नारी) हुँदामा चन्द्र वंश भएका छन् । कृष्णदेखि कौरव पाण्डव हुदै राज्य गर्ने चन्द्र वंशीहरूको इतिहास पछिल्ला राज्यकालहरूमा भेटिन्छन् भने सप्तऋषिरूको पुस्ता भने अभिलेख नभएर अल्मलिएको पाइन्छ ।

यसैलाई विष्णु पुराणको चन्द्र वंशमा अत्रिका छोरा चन्द्रमा, चन्द्रमाका छोरा बुध, बुधका छोरा पुरुरवा र पुरुरवाबाट आयु, अमावसु, विश्ववसु, श्रुतायु, शतायु र अयुतायु उल्लेख गरिएको छ । तर यसमा केही नाउँ फरक छन् ।

**शिव पुराणमा**

रु.सं २ स.ख २ अध्याय १४ को श्वलोक ६, स.रु.सं को अ. १९ को श्लोक २५, २६, २७, को रु.सं अध्याय ३ र ४, उ.सं अ ३६, ४ को ३ अध्याय र ४ को ४ अध्याय ४।३५।७, ४।३५।८२ सबैमा चन्द्र वंशको वर्णन छ ।

**वायुपुराणमा**

उत्तरार्ध २८, २९ र ३१ को अध्यायमा सोम वंशाको वर्णन छ ।

**हरिवंश पुराणमा**

हरिवंश पर्व १०, २५, २६, २७ र २८ अध्यायमा पनि चन्द्र वंशको वर्णन छ ।

**विष्णु पुराणमा**

१।७, ४।१, ६,७,८......को सबै अध्यायमा पनि चन्द्र वंशको वर्णन छ ।

**लिङ्ग पुराणमा**

ब्रह्माजिको ऋषि देबादिहरूको श्रृष्टि विस्तारको श्लोक ४६।४७ मा पनि अत्रि वंशको वर्णन छ ।

**वेदमा**

**ऋग्वेद**

१।५१ को ३, १।११२ को ७, ५।७८ को ४, ५।५१ को १०, १०।१४३ को १, ऋग्वेद पाँच मण्डलको ५२ सूक्तको ११ देखि १५ श्लोकमा अत्रिका पाँच सुक्तलाई कल्याण सुक्त, मंगल सुक्त, स्वस्ति सुक्त र श्रेय सुक्त आदि मानिएको छ । साथै यो पाँचौ मण्डल सबै अत्रि ऋषिको परिवारले दृष्ट गरेका मन्त्र एवम् सूक्त हुन् ।

**सामवेद**

सामवेदको १९ अध्यायमा अत्रिको चर्चा गरिएको छ ।

ऋग्वेदका १० मण्डलमा पाँचौ मण्डलको ८७ सूक्त नै अत्रि र अत्रि परिवार आत्रेयद्धार दृष्ट गरिएका सूक्त एवम् मन्त्र हुन् । दशौ मण्डलका मन्त्रद्रष्टार ऋषिहरू यस प्रकार छन् जस्तै :-

प्रथम मण्डल र दशम मण्डलका ऋषिहरूमा :-

मछुछन्दा, गौतम, अगस्त्य, भृगु, उशना, कुत्स, अर्थवा, त्रित, शुनःशेष, बृहस्पति पुत्र सयु, र गौरवीति आदि अनेक ऋषिबाट दृष्ट मन्त्र वा सूक्त हुन् । तर द्वितिय मण्डलदेखि नवम मण्डलसम्मका ऋषिहरू एक एक छन् जुन यस प्रकार छन् ।

जस्तै :-

द्वितीय मण्डलका ऋषि गृत्समद

तृतीय मण्डलका ऋषि विश्वामित्र

चतुर्थ मण्डलका ऋषिवामदेव

पाँचौ मण्डलका ऋषि अत्रि

छैटौ मण्डलका ऋषि भारद्वाज

| | |
|---|---|
| सातौ मण्डलका ऋषि | वसिष्ट |
| आठौ मण्डलका ऋषि | कण्व |
| नवौ मण्डलका ऋषि अंगिरा | अंगिरा |

अनसूयाको अर्थ अरू कसैमा दोष नदेख्नु (असुया) दोषबाट विकाररहित कसैमा पनि दोष वृदि वा असूया नदेख्नुको नाम नै 'अनसूया' हो । त्यस्तै अत्रिको सम्वन्धमा कुरा गर्दा अ र त्रि मिलेर अत्रि भएको हो । अ को अर्थ हो छैन र त्रि को अर्थ हो तीनगुण । सत्व, रजस र तमस तीनै गुणबाट जो गुणतित, गुणारहित एवम् त्रिगुणातीत हुन्छ, त्यसैको नाम नै अत्रि हो । अत्रि र अत्रि कुमार आत्रेय परिवार सङ्ख्या कही ३८ कही ४३ त कतै ४६ उल्लेख छ भने ऋग्वेदको पाँचौ मण्डललाई अत्रि मण्डल मानिएको छ । अत्रि र आत्रेय एकै हुन् । सहगोत्री हुन् भन्ने मान्यता पनि रहेको छ । नेपालको अधिकांश ठाउँमा विहेवारी चलेको छ भने कतै अपवादको रुपमा विहेवारी नगरेको पनि पाइएको छ ।

प्राचीन धर्मशास्त्र, इतिहास, पुराण, महापुराण, रामायण जस्ता सत्शास्त्रममा ऋषि, ब्रह्मर्षि, राजर्षि, देवर्षि, ध्यानी तपस्वी, ज्ञानी, मुनी साधु सन्त र महानपुरूषको आदर्श जीवन पद्धतिबाट उनीहरूको वस्तविक परिचय प्राप्त गर्न सकिन्छ । त्यस्तै महान पुज्यमुनी मध्येका अत्रि पनि एक हुन् । अत्रि र उनकी पत्नी अनुसूया महान् तपस्वी थिए । तपोधन अत्रि मुनिकी धर्मपत्नी पतिब्रता धर्ममा अडिग थिइन् । उनको तपोबलको आधारमा ब्रह्मा, विष्णु र महेशलाई समेत सानो बालक बनाएर सुताउने कोक्रामा झुलाइदिएकी थिइन् भन्ने कुरा शास्त्रमा पनि उल्लेख गरिएको छ ।

युगलाई चार भागमा विभाजन गरिएको छ । ती हुन् :- सत्य, त्रेता, द्वापर र कली । सत्य, त्रेता, द्वापर युगको अन्त्य भई सकेको छ । अहिले कलि युग चलिरहेको छ । बितेका चार युग मध्ये त्रेता युगमा मर्यादा पुरुषोत्तम रामले राजगद्दी त्याग गरेर वनवास गएका थिए । चित्रकुटमा भरतसँग मिलन गरेपछि भगवान श्रीराम सीताको साथमा दण्डक वनतर्फ प्रस्थान गर्नु भएको थियो । चित्रकुटको दक्षिणतर्फ अत्रि र अनुसूयाको आश्रम थियो । पर्वतको ओडारमा लामो समयदेखि दुवै मुनि दम्पती तपस्यारत थिए । राम र सीता उनीहरूको आश्रमा गएका थिए । रामले ऋषि अत्रिसँग धर्मोपदेश र सीताले माता अनुसूयाबाट पतिव्रता धर्म र नीतिशास्त्र आदिका बारेमा शिक्षा ग्रहण गरेका थिए । माता अनसूयाले आश्रमबाट विदाइको बेला सीतालाई अलौकिक वस्त्र दिएकी थिइन् । अलौकिक वस्त्र धारण गरेकोले रामणले अपहरण गरेर लंका पुऱ्याएको बेला पनि सीता सुरक्षित

भएको कुरा बाल्मिकी रामायणमा उल्लेख  गरिएको छ ।अत्रि र अनुसुयाको आश्रमहरु विशाल गुरुकुलको रुपमा रहने गर्दथे ।  अत्रि ऋषि ठूला विद्वान, आध्यात्मिक एवम् दार्शनिक भएकोले यिनका आश्रम र कुटीहरु एकै ठाउँमा मात्र बलि नभइ धेरै ठाउँमा रहेका थिए । यिनै गुरुकुल आश्रमा हजारै विद्यार्थीहरुलाई शिक्षा दिक्षा दिने गरिन्थ्यो । छात्र र छात्रा दुवैको लागि अध्ययन गरिने व्यवस्था मिलाइएको हुन्थ्यो । छात्राहरुको अध्ययनको जिम्मेवारी स्वयम् अनुसुयाले लिने गरेकी थिइन् । गार्गी र मैत्रेयी जस्ता कन्या विद्यार्थीले पनि अनुसूयाको आश्रममा वेदशास्त्रको अध्ययन गर्दथे । त्यसवखत कन्याको वर्तबन्ध पनि गरिन्थ्यो र गायत्री मन्त्र पनि सुनाइन्थ्यो । शिक्षा प्राप्त गरी निष्णात भएका विदुषीहरुले विश्व विद्यालयजस्ता गुरुकुल सञ्चालन गरी नरनारीहरुलाई शिक्षादिक्षा दिने गर्दथे । यसरीहेर्दा ऋषि अत्रि र अनुसूयाले भारतय उपमहाद्धिपको धेरै ठाउँमा लोकल्याणार्थ गुरुकुल आश्रम र पाठशालाहरु चलाएको देखिन्छ ।

स्कन्द पुराणमा उल्लेख गरिएअनुसार पश्चिम नेपाल, मुस्ताङ, मुक्तिनाथ क्षेत्र र नीलगिरि पर्वत नजिकै एउटा अत्रि आश्रम थियो । यस विषयमा एउटा कथा पनि जोडिएको छ । प्राचीन कालमा देवता र ऋषिहरु आई मध्य नेपालको उत्तर हिमालको काखमा नीलकण्ठहद (गोसाइँकण्ड) मा तपस्या गरी रहेका थिए ।  एक दिन भगवान शिव-प्रीय पार्वती आफ्ना सखिहरुकासाथ  उक्त स्थानका गई देवता र ऋषिहरुलाई अन्न, वस्त्र, धन र आभूषण आदि बाँड्नुको साथै दान गर्नु भयो  । त्यस्तै पूजा अर्चना गरी तृप्त पनि गराउनु भयो । धेरै कालसम्म त्यहाँ बसेपछि जगदम्बा पार्वती आफ्ना सखिहरूलाई साथमा लिएर पश्चिम नेपाल मुक्तिक्षेत्रको समिक निलकुट पर्वत वा नीलगिरिमा तपस्यारत महर्षि अत्रि आश्रममा जानु भयो । आश्रममा पुगेपछि शिव-सहधर्मिणी गौरीले अत्रि अनुसुयाको विधिपूर्वक पूजा गर्नुको साथै त्यस आश्रममा रहेका समस्त  देवतागण ऋषिमहर्षि एवम् छात्र, छात्रा गणहरुलाई अन्न, वस्त्र, गौदान, स्वर्ण अलङ्कारादिले विभूषित गरेर सबैलाई तृप्त गराउनु भयो । यस्ता धर्म कार्यमा पार्वती तल्लिन भएकोबेला भगवती गौरीका पादतलबाट पसीना उत्पन्न भई सोही पसीनारुपी जलबाट काली गण्डकी उत्पति भएको कुरा स्कन्द पुराणमा उल्लेख गरिएको छ । नीलगिरिमा रहेको अत्रि आश्रम चाहि महान गुरुकुल आश्रम एवम् लोककल्याकारी आध्यात्मिक संस्थाको रुपमा ख्याति प्राप्त गरेको थियो । त्यहाँ हजारै ऋषिहरु तपस्यारत हुन्थे । उनीहरुले अध्यात्मतत्व एवम् धर्मदर्शको पनि चिन्तन  गर्थे । त्यहाँ अध्ययनरत हजारै विद्यार्थी विद्वान, श्रोतिय एवम् ब्रह्मनिष्ठ  हुने गरेका थिए ।

वास्तकमा भन्नुपर्दा अत्रिमुनिमा तपोबल थियो भने माता अनुसूयामा ठूलो निष्ठा र सिद्धि प्राप्त थियो ।श्रीराम र सीतालाई ठूलो आशिर्वाद अनुसुयाले प्रदान गर्नु भएको थियो । लोकउक्तीनुसार अत्रि मुनिले धेरै स्थानमा यात्रा गर्नुको साथै तपस्या पनि गर्नु भएको थियो । अत्रिमुनि भगवान शिवका परम उपाशक थिए । मानसरोवरको यात्राबाट नेपालको अत्रि भन्ने ठाउँमा आई केही समय बस्नुभयो । जसलाई आज अत्रिरया भनिन्छ । अत्रि र अत्रिर मिलेर अत्रिरया व्युत्पति हुन जान्छ । यो अत्रिरया भन्ने ठाउँ हाल नेपालको कैलाली जिल्लामा पर्दछ । ऋषिले यात्राको क्रममा गण्डकी स्नान, पशुपति दर्शन, श्री गोकर्णमा गइ यज्ञ गराउनु भएकोले त्यस क्षेत्रलाई यज्ञडोल भनिएको हो । हजारै अन्य ऋषि महर्षिसँग बागमतीको तटमा उत्तराभिमुख भई गोकर्ण क्षेत्रमा बसी तपस्या र यज्ञ गरेको स्थानलाई उहिले अत्तिखेल भनिन्थ्यो । यस ठाउँमा अत्रिका शिष्यहरू रमाउथे । अहिले आएर अत्रिरखेल भनिएको सुन्न पाइन्छ ।

पुर्ख्यौली परम्परा भनेको ऋषिमुनि परम्परा हो । गोत्र, कुल, वंश र परम्परा आदि भनेर पनि बुझ्न सकिन्छ । परम्परा दुई प्रकारका हुन्छन् । ती हुन नाद परम्परा र विन्दु परम्परा । नाद परम्परा गुरुबाट सिकेको परम्परा हो । विन्दु परम्परा वंश, गोत्र, पर्वर, थर जस्ता वास्तविक स्वरुप र पहिचान हुन् । जसबाट हाम्रो परिचय खुल्दछ । आउँदा पिढिंलाई पनि यस विषयमा जानकार गराउन आवश्यक छ । कुनै जातिको पनि गोत्र र प्रवरको याद भएन भने आफ्नो पहिचान गुमे पछि गोत्र र प्रवर विहिन बन्न पुग्दछन् । नेपालका केही जातिको गोत्र र प्रवरको पहिचान खुल्न सकेको छैन ।

## ६.२ गुरुकुल शिक्षा पद्धति

प्राचीन समयमा आर्यहरूले चिन्तनग्रन्थ वेद र वेदमा भएका कुराको व्याख्या ( स्मृतिग्रन्थ आदि) अध्ययन गर्दथे । त्यसबेला गुरुकै घरमा गएर त्यहीँ बसेर पढ्ने गर्दथे । गुरुले कालोपाटीमा खरी घोटेर पढाउनुको सट्टा प्रवचन र शास्त्रार्थमा जोड दिएर पढाएको कुरा कण्ठस्थ पार्ने चलन थियो, जुन श्रुतिपरम्पराले गर्दा वेदको नामकरण नै ‘श्रुति’ रही यो परम्परित हुन पुगेको हो । आर्यहरुमा उपनयन संस्कार सम्पन्न भएपछि शिक्षा हासिल गर्न मृगचर्म, पीतवस्त्र ब्रह्मचर्य धारण गरी गुरुका घरमा जाने व्यवस्था गरिन्थ्यो । विद्वान् सायणले विद्या अध्ययन गर्न ब्रह्मचारी हुनुपर्ने अनिवार्यता बताएका छन् । नङ्, केश नकाटी, त्रिकालदर्शी भई, भिक्षाटन गरी, नियममा रही, इन्द्रीय निग्रह गर्ने जस्ता सात्विक वृत्ति

निर्वाह गर्न सक्ने विद्यार्थीलाई मात्र गुरुहरू शिक्षा दिने गर्दथे । त्यस बखत शिक्षा सशुल्क र निःशुल्क दुवै प्रकारका दिने चलन थियो ।

लक्ष्य विनाको शिक्षा अधुरो हुने भएकोले त्यतिखेर शिक्षाका दुई लक्ष्य हुन्थे - पहिलोमा आत्मविकास र दोस्रो छात्र प्रशिक्षण । शिक्षा दिनुको हेतु चरित्र निर्माण र व्यक्तित्व विकास गर्नु थियो । गुरुले चेलालाई आत्मविश्वास दिलाउँथे र आप्तवाक्यका रुपमा शिक्षा दिन्थे । शिक्षा प्रदान गर्दा स्वास्थ्य पनि ख्याल गरिन्थ्यो भने मानसिक विकास गर्ने वातावरण पनि प्रदान गरिन्थ्यो । चेलालाई अभ्यस्त र विश्वस्त बनाउनु गुरु स्वयम् पनि निष्ठानमा रहन्थे । छात्रलाई कर्तव्य र उत्तरदायित्व तोकेर सामाजिक हक र अधिकारबारे सजग गराइन्थ्यो । आफूले प्राप्त गरेको ज्ञान जस्ताको तस्तै भावी पिंढीलाई हस्तान्तरण गरिन्थ्यो । शिक्षा अधुरो र अपूर्ण हुने. गरी बीचैमा नछोड्ने चलन थियो । नियमित परीक्षा भइपरीक्षा उत्तीर्ण गरेपछि पनि ज्ञानको प्रयोजन सकिएको हुदैन्थ्यो । वैदिक युगमा ज्ञानका लागि विविध विषयको पढाइ हुन्थ्यो । मानव जीवनको लागि आवश्यक पर्ने अनेक विषय पढाउने गुरुकुलहरू थिए । उदाहरणको लागि आकृति-औषधी रोग निदानबाट आयुको ज्ञान हासिल गर्ने चाहना हुनेले आयुर्वेद पढ्दथे जसमा शल्य, शालाक्य तथा विविध निदान र औषधोपचारविधिको प्रशिक्षण पनि पाउथे । त्यस्तै सामरिक ज्ञान आर्जन गर्ने इच्छा हुनेहरुले शस्त्र, अस्त्र, सेना, व्यूह, द्वन्द्व आदिको ज्ञान हासिल गर्न धनुर्वेद पढ्ने गरेका थिए । गीत, वाद्य, सङ्गीतको ज्ञान आर्जन गर्न वीणा, कण्ठ, कण्ठउत्थित-उदात्त, अनुदात्त स्वरितादि स्वरको ज्ञान आर्जन गर्न चाहनेहरु तीनको तत्व र रङ्गमञ्चीय विषयको अध्ययन गर्न चाहने शिक्षा हासिल गर्ने छात्रले गायन, नृत्य-मञ्चन, अभिनय, रसनिसृत दीर्घ आनन्द दिने (सामवेद) को ज्ञान दिने गुरूकुलमा पर्दथे। त्यस्तै गान्धर्व वेद पढाइ हुने गुरूकुलमा पनि सम्पर्क राख्दथे । त्यस्तै प्रकारबाट अर्थशास्त्रको अध्ययन गर्न चाहनेले आय-व्यय, बन्दव्यापार, कृषिउत्पादन, भण्डारन, वितरण, पशुपंक्षिपालन, कर, पण, आपण, क्रयविक्रय आदिको ज्ञान हासिल गर्ने छात्रहरु अथर्व वेदको पढाइ हुने गुरुकुल केन्द्रहरु खोजी खोजी गई अध्ययन गर्ने चलन थियो ।

आयुर्वेदका आवश्यक खण्ड निकालेर सम्बन्धित विषय पढाइन्थ्यो भने धनुर्वेदमा यजुर्वेदका निर्धारित अंश झिकेर छात्रलाई शिक्षा प्रदान गरिन्थ्यो । त्यस्तै गरी गान्धर्ववेदमा समवेदनका अति महत्वपूर्ण कुरा अर्थ्याएर पढाइन्थ्यो भने अथर्व वेद पढ्ने छात्रलाई अथर्व वेद र वार्हस्पत्य अर्थशास्त्रजस्ता ग्रन्थबाट मूल-मूल भाग उद्धृत गरेर विवेचनासाथ पढाइने

हुँदा उपर्युक्त चारै ज्ञानलाई मूल वेदको उपवेद भनिन्थ्यो । अर्को पाँचौ उपवेदमा पर्थ्यो- उपासना, पूजाका मन्त्रभेद, साम, दाम, दण्ड, भेद, तन्त्र-मन्त्र, वंशीकरण, सम्मोहन, उच्चाटनको र धर्मकर्मादिको नियम पढाइन्थ्यो । तन्त्रशास्त्र पढ्न चाहने छात्रहले त्यस्तै गुरुकुल खोजी-खोजी अध्ययन गर्दथे । त्यो तन्त्रशास्त्रको शिक्षा अथर्व वेदबाट मूल अंश उद्धृत गरेर विद्यार्थीलाई शिक्षित, दीक्षित पारिन्थ्यो *(सुवेदी, वि.स. २०६३, पृ. ९ )*।

शिक्षार्थीहरुआफूले लिएको विषयमा प्रारङ्गत हुन्थे । धर्मकर्मको शिक्षा लिने ब्राह्मण, युद्ध र राजनीति विषय पढ्ने क्षत्रीय, वाणिज्य तथा कृषि पढ्ने वैश्य र शिल्पविद्या पढ्ने छात्र शुद्र कहलिने गर्दथे । ती सबै जातिबीच एकआपसमा भातभान्सा र वैवाहिक लेनदेन हुन्थ्यो । समय वित्दै गएपछि धेरै पछि आएर मात्र जन्मका आधरमा जात विभाजित भयो र मुसलमानको आक्रमणपछि जातिय सङ्कीर्णतासाथ बालविवाह र सतीप्रथाजस्ता सामाजिक कुरीतिहरु प्रारम्भ भए । सतीप्रथा उन्मुलन भएता पनि बालविवाह कुरीति अहिले सम्म पनि विद्यमान रहेको छ ।

वैदिककालमा निम्नलिखित सङ्कायबाट उपवेदका अङ्गका रुपमा अध्ययन गर्ने प्रचलन थियो ।

क) व्याकरण :- वैदिक युगमा शिक्षालाई भाषिक स्थान र ज्ञानको मूल आधार मानिथ्यो, जसमा ह्रस्वदीर्घादि, स्वर र व्यञ्जनाहरुको उच्चारणस्थान, बाह्यआभ्यन्तर प्रयत्न आदि पर्दछन् । वैदिक शास्त्रमा व्याकरणलाई वेदको मुख ठानिएको छ । त्यस अङ्गअन्तर्गत धातु, सन्धि, समास, लिङ्ग आदिद्वारा व्युत्पादन हेतु देखाउने गरिन्थ्यो ।

ख) शिक्षा :- ज्ञानार्जनका नयाँ-नयाँ विधि, पद्धतिहरु तयार हुदै गए । तीनलाई अँगाल्दा मान्छे ज्ञानले भरीपूर्ण बन्यो । यसलाई वेदको घ्राणेन्द्रिय मानियो ।

ग) कल्प :- वैदिकशास्त्रमा कल्पलाई बाहु भन्ने चलन थियो । यस शास्त्रमा श्रौतकल्प र स्मार्तकल्पद्वारा वैदिक पाठ यात्राको आरम्भ गर्ने परम्परा व्यवस्था थियो ।

घ) निरुक्त :- वैदिकशास्त्रमा निरुक्तलाई कान वा कर्ण भन्ने चलन थियो । यसमा निर्वचन अर्थात् व्यत्पत्तिशास्त्र (शब्दको बनावट) को अर्थसिद्धि र रीतिसिद्धि गर्ने निर्णायक विधि ठानिन्थ्यो ।

ङ) ज्यौतिष :- वैदिक शास्त्रमा ज्यौतिषलाई नेत्र भन्ने चलन थियो । यो उपाङ्गमा नक्षत्र, ग्रहपिण्डको गतिबाट सहिता, होरा, गणित र फलित ज्योतिषको ज्ञान दिने चलन

थियो र ज्ञानबाट ग्रह गोचरबाट हुने लाभ आर्जन, क्षति तथा ब्रह्माण्ड सञ्चालनको समेत वृहत् खगोल र भूगोलको ज्ञान आर्जन समेत हुन्थ्यो ।

च) छन्द :- वैदिक शास्त्रमा छन्दलाई वेदको पाउको स्थान दिने चलन थियो । यसैको आधारमा वैदिक सूक्त-ऋचा, स्मृतिग्रन्थ पद्य आदिको यति, गति, लय र सार-स्वरको ज्ञान गरिन्थ्यो । अनि पद्यमा वर्ण र मात्राका आधारमा यगण, रगण तगण, जगण, भगण, सगण, मगण, नगण, लघु, गुरु र प्लूत आदिको ज्ञान पनि दिइन्थ्यो ।

संक्षेपमा भन्नुपर्दा आर्षवाङ्मयलाई शरीरको रुपमा कल्पना गरी त्यसका अङ्ग उपाङ्गका रुपमा शास्त्रलाई सजिलै बुझ्ने गरी सरलीकृत गर्ने चलन थियो ।

शिक्षाका अङ्ग तथा उपाङ्गहरुका अतिरिक्त अङ्गका प्रत्यङ्गहरु पनि विभाजन गरिएका छन् । जस्तै : अङ्ग भन्नाले हात र प्रत्यङ्ग भन्नाले हातका औलाहरु भन्ने बुझिन्छ । त्यस्तै सनातन हिन्दू शास्त्रमा पनि अङ्ग शास्त्र र उपाङ्ग शास्त्र भनेर व्याख्या गरिएको छ । सक्नेले अङ्ग र नसक्नेले उपाङ्ग भए पनि पढ्दथे । शास्त्रका अङ्ग तथा उपाङ्गको संक्षेपमा तल उल्लेख गरिएको छ ।

१) पुराण :- पुराणमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशचरित्र, विस्तार वर्णनका आधारमा १८ पुराणहरु र १८ उपपुराणहरु रचना गरिएका छन् । पुराणको पढाई मात्र गुरुकुल-ऋषिकुलमा हुन्थ्यो । सक्नेले उपपुराणको पनि अध्ययन गर्ने चलन थियो ।

२) न्याय :- न्यायमा भाव, अभाव, विवेचन, प्रत्यक्ष, तर्कविवेचन, आशय, मानसिक, भौतिक, प्राकृतिक, प्राणीजन्य न्यायको ज्ञान न्यायशास्त्रमा दिने चलन थियो । वैदिक न्यायशास्त्र आधुनिक वैज्ञानिक न्यायशास्त्रको मूल स्रोत मानिएको छ ।

३) मीमासा :- मीमासामा अर्थको कल्पना, विधिको भेद, वेदका वाक्य, शास्त्रविचार, पूर्वमीमासा, उत्तरमीमासा, तर्कशास्त्र आदिको पठनपाठन स्वतन्त्र रुपमा हुने चलन थियो । यी शास्त्र पढ्ने व्यक्तिहरु तर्कशील र विचारवान् हुन्थे । यस शास्त्रको अध्ययनबाट मनोविज्ञानको ज्ञान पनि प्राप्त हुन्थ्यो ।

४) धर्मशास्त्र :- धर्मशास्त्रमा चारै वर्णका धर्म, चारै आश्रमका आचरण, नित्यकर्म, आपत्धर्म, राजधर्म, प्राचीनइतिहास शास्त्र, पुराण इतिहास, वंशक्रमको इतिहास, सृष्टिस्थिति प्रलनको इतिहास, वंशलता जस्ता शीर्षकमा गहन अध्यापन गराउने चलन थियो । त्यसमा पृथ्वीभरका धर्महरु विवेचनाका साथसाथै वैदिक र लौकिक

प्रचलनको समेत ज्ञान दिइन्थ्यो । भौगोलिक आधारमा नीति-नियम तथा निष्ठाकाष्ठाको नियमन गर्ने अलग अलग ज्ञान दिने चलन पनि थियो ।

५) स्मृतिशास्त्र :- स्मृतिशास्त्रमा विविध वर्णका धर्मकर्म, संस्कार, नित्यकर्म, वैदिककर्म, अन्त्यकर्म, नीति-नियम, अर्थशास्त्र, स्मृतिवचन जस्ता विषयको पढाइ हुन्थ्यो । मुनस्मृति वार्हस्पत्यस्मृति, याज्ञवल्क्यस्मृति, व्यासस्मृति, पराशरस्मृति, दक्षस्मृति, नारदस्मृति तथा श्रौतसूत्रहरुको ज्ञान प्राप्त गर्दथे । विद्याभ्यास गरेका मानिसले राजकाज, राजनीति, राज्यनीति र कूटनीति पनि अध्ययन गर्ने चलन थियो ।

६) वास्तुशास्त्र :- वास्तुशास्त्र विशेष गरी प्राविधिक ज्ञान दिने शिल्पको उत्पादन गर्ने हेतुले शिक्षा दिने चलन थियो । घर, मन्दिर, पाटीपौवा, प्रासाद, धरहरा, जलाशय, बाँध, कुलो, पैनी, आखेट, किल्ला, द्रोण, व्यूह, गौडागल्फा, धराप तथा शत्रुलाई झुक्याएर धरापमा पार्ने जस्ता व्यूह आदिको निर्माण गर्दा वास्तुविद्याको विशेष महत्व रहने गर्दथ्यो । वास्तु गर्दा वास्तुयाग गर्ने चलन थियो । वास्तुयुगमा भवन वा बाँधको जग स्थापना गर्दा योग्य प्राणीको बलि दिइन्थ्यो । प्राणीको बलि नदिइने ठाउँमा बलिविधि पूर्ण गर्नको लागि कुष्माण्ड (कुभिण्डो) बलि दिइन्थ्यो । यस्ता विधि पश्चात् प्राणप्रतिष्ठा गराई अनुष्ठानको आयोजना पनि गरिन्थ्यो । वास्तुविद्याको आधारमा भवन निर्माण गराएपछि ती भवन भूकम्पले भत्कने, आगलागी हुने, चट्याङ पार्ने आदि जस्ता दैवी विपत्तिबाट सुरक्षित हुने कुरामा विश्वास गर्ने चलन थियो । भवन बनाउँदा शयनकक्ष, पूजाकोठा, भान्छाकोठा, स्वागतकक्ष, विश्रामखण्ड तथा व्यायामशालाको प्रबन्धमा विचार गरी बनाइन्थ्यो । शौचालय भने मूल भवनदेखि २०० गज दक्षिण-पश्चिम कोणमा बनाउने चलन थियो ।

आर्यशिक्षापद्धति मानव जीवनका हरेक पक्षहरूमा काम लाग्ने कुरालाई विचार गरेर निर्माण गरेका थिए । यस्ता शिक्षाको आधारभूत स्रोत वेदलाई मानिएको छ । आर्यहरुले वेदमा भएको मूल खण्डबाट शिक्षा लिन्थे । वेद शब्द 'विद्' धातुबाट बनेको हो र यसको अर्थ ज्ञानको भण्डार हो। वेदको ज्ञान नै पूर्ण हो र जहाँ ज्ञान हुँदैन त्यहाँ अज्ञानको राज्यले जरा गाड्छ भनिएको छ । आर्यग्रन्थहरुमा ज्ञान-विज्ञानका सम्पूर्ण पक्षहरू समेटिएको सर्वप्राचीन ग्रन्थ वेदलाई नै मानिएको छ । वेदलाई अनादि, अविनाशी र अपौरुषेय भनिएकाले यसको अर्थ-उत्पत्ति काल थाहा नभएको, नाश नहुने तथा व्यक्तिविशेषबाट तयार नभएको भन्ने बुझिन्छ । त्यसकारण वेदको पठनपवाठन आजकल मात्र हैन प्राचीनकालमा

पनि महत्वपूर्ण विषय थियो । वेद पढी योग्यबनेका मानिस पहिले पनि ज्यादै कम हुन्थे । प्राचीनकालमा मानिस स्वतःस्फूर्त र प्रतिभाशाली शक्ति भएका हुन्थे । उनीहरुमा अन्वय, परिभाषा, व्याख्या र परिणामको ज्ञान स्वभावैले उपस्थित हुन्थ्यो । वेदको ज्ञानको स्रोत सूत्रबद्ध श्रुतिपरम्परामा आधारित रहेको कुरा पनि उल्लेख गरिएको छ । तत्कालिन मानिसहरूमा प्रबलरूपमा नैसर्गिक ज्ञानधारण शक्ति निहित थियो । उनीहरूका निम्ति त्यही शक्तिका कारणले असम्भव र दुर्लभ वस्तु सहज र सुलभ हुन्थे । त्यसैले उनीहरु चाहेको बेलामा जहाँ पनि पुग्दथे, जे बोले पनि पुऱ्याउँथे अथवा वाक्सिद्धि थियो । त्यो शक्ति उनीहरुमा उचित शिक्षा र साधनाबाट प्राप्त भएको हो । त्यस बेला शास्त्रीय ज्ञान लेखेर राख्नुपर्ने आवश्यकता ठानिँदैनथ्यो । श्रुतिपरम्पराबाट नै त्यो ज्ञानले निरन्तरता कायम भएको थियो । श्रृतिपरम्परा कायम रहेसम्म लेख्नुपर्ने बाध्यता मानिदैनथ्यो । आर्यहरूमा धारणशक्ति प्रबल थियो र सोही शक्ति अनार्यहरुमा नभएको हुनाले उनीहरुमा स्मरणशक्ति कम भई लेख्ने र सङ्कलन गरी राख्ने चलन थियो । अनार्यमा वेदको अमृत वाणी पुग्न पाउँदैनथ्यो । 'वेद' शब्दको व्युत्पादन निम्नलिखित धातुहरुबाट भएको मानिएको छ ।

अ) 'विद् ज्ञाने' धातुबाट आदिगण धातु "वेत्ति वित्त, विदन्ति" रुपबाट वेद हुन्छ ।

आ) 'विद् सत्तायाम्' धातुबाट "विद्यते" हुँदै 'दैवादिक' वेद शब्द सिद्ध भएको हुन्छ ।

इ) 'विद् लृ लाभे' बाट तौदादिक उभयपदी हुँदै' 'विन्दति विन्दते रुपबाट वेद भएको हुन्छ ।

ई) 'विद् विचारणे' धातुबाट पनि रूधादि गणमा निन्ते रुपबाट वेद शब्द बनेको हुन्छ ।

उ) 'विद् चेतनाख्यान निवासेषु' धातुबाट चौरादिक वेद्यतेबाट वेद रुप बन्छ ।

वेदमा विचार र साधनको चरम अभ्यास गरेर धर्मको जिज्ञासा पूरा गर्न चेतनामूलक शिक्षा प्रदान हुने गरेको थियो । इष्ट प्राप्ति तथा अनिष्टनिवारण हुन्थ्यो । वेदले विगत, वर्तमान, भविष्य, अदृश्य, दूरस्थजस्ता तत्वहरुको ज्ञान प्राप्त गर्न सक्ने क्षमता बनाउँछ । वेद आर्यजातिको प्रमाणित ग्रन्थ हो र यसको अध्ययनले कसैलाई बेफाइदा गर्दैन । वेद प्राकृत प्रमाणमा र सिद्धान्तमा आधारित रहेको छ । प्राकृत प्रमाणलाई तीन प्रकारबाट उल्लेख गर्न सकिन्छ, जस्तै : ऋक्, यजु, साम (पद्य, गद्य, गेय) आदि । वेदलाई जम्मा पाँच प्रकारमा बाँड्न सकिन्छ । ति निम्न हुन् ।

क)	ऋग्वेद - यसका एक्काइस शाखा छन् । यो सर्वप्राचीन मानिन्छ र यसको भाषा क्लिष्ट छ ।

ख)	यजुर्वेद - यसका एक सय एक शाखा छन्, यसको भाषा सजिलो छैन ।

ग)	सामवेद - यस वेदका एक हजार शाखा छन्, यसमा पनि क्लिष्ट भाषा छ ।

घ)	अथर्ववेद - यस वेदका नौ सय शाखा छन्, यो पनि क्लिष्ट वैदिक भाषामा छ ।

ङ)	वाकोवाक्य - यस (प्रश्नोत्तर ग्रन्थ) लाई पनि वेदको प्रकार मानिन्छ र यो सरल, कथोपकथन एवम् ज्ञानयुक्त पनि छ ।

च)	इतिहासपुराणलाई पनि पाँचौं वेद भनेर भनिएको छ । इतिहास पुराणमा प्रागऐतिहासिक कालको वर्णन उल्लेख गरिएको छ र त्यहाँको वंशावली गहिराइपूर्वक अध्ययन गरेमा वर्तमान इतिहाससम्मलाईसंयोजन गर्न पनि सकिन्छ ।

चारवटै वेदको मूल तात्पर्य धर्म र कर्तव्यपालन हो । वेद विषयका जम्मा दुई भेद छन्-मन्त्र र ब्राह्मण । मन्त्रको अर्थ आवृत्तिद्वारा कार्यसिद्धि हुन्छ भने ब्राह्मणको अर्थ मन्त्रलाई कसो गरे सिद्धि मिल्छ भन्ने विधिवर्णन गरिएको हुन्छ । यसरी चारवटै वेदलाई संयुक्त रुपमा जोड्दा ११३१ प्रकार हुन्छ र प्रत्येक वेदका ११३१ मन्त्र र ११३१ ब्राह्मणग्रन्थ हुन्छन् । त्यसै गरी मन्त्रका पनि ब्राह्मण, आरण्यक र उपनिषद् हुन्छन् । ब्राह्मणग्रन्थका पनि ब्राह्मण, आरण्यक, उपनिषद् हुन्छन् । त्यसकारण मन्त्रका दुई प्रकार, ब्रह्मणका तीन प्रकार हुन जान्छन् । चारवटा वेदका ११३१ भाग भए । ती ११३१ का मन्त्रोपनिषद् ११३१, ब्राह्मणोपनिषद् ११३१ भए । ती वेदका ११३१ वटा भेदमा ११३१ ब्राह्मण, ११३१ आरण्यक र ११३१ उपनिषद् छन् । अब ब्राह्मणग्रन्थका ११३१ भेदका पनि यज्ञका भेद ११३१ तथा कर्मकाण्डका ११३१ भेद छन्। आरण्य ग्रन्थका भेद ११३१ नै हुन् । उपनिषध ११३१ छन् । समष्टीमा बेदमा न्यूनतम १ ब्राह्मण, १ आरण्यक, १ उपनिषद् अवश्य हुन्छन् *(सुवेदी, वि.स.२०६३, पृ. १२-१३ )*।

वेदका ११३१ शाखालाई ५ ले गुणा गर्ने हो भने ११३१×५=५६५५ ग्रन्थहरु हुनआउछ। ती वेदका अङ्ग-उपाङ्ग रहेका हुन्छन् । मनन गर्दै जाँदा ग्रन्थहरुको सङ्ख्या हजारौं भएको स्पष्ट थाहा हुन आएको छ । आर्यहरुले  पनि शास्त्रलाई अपरम्पार छ भनेका थिए । पढ्न इच्छुकले कुनै एक विषयको एक शाखाको एक भाग मात्र पढ्न सक्दछ । सबै शास्त्र

पढेर साध्य हुदैन । जगतमा मानिसको आयु छोटो छ । पढ्ने शास्त्र  धेरै छन् । मानिसको ब्रह्मचर्याश्रम २५ वर्षसम्मको समय तोकिएको छ । सात वर्षमा चूडाकर्म, उपनयन, वेदारम्भ भएपछि मात्र पढाई सुरु गर्नुपर्दछ । बाँकी पढ्ने समय १८ वर्ष रहन्छ । त्यो आयुमा रात कटाउँदा नौ वर्ष रहन्छ । नौ वर्षका  दिनभरि नै पढ्ने कुरा हुदैन । बिहान बेलुका आधा समय पढ्न सकेमा साढे चार वर्ष पढिने हुँदा छात्रहरूलाई गुरुहरुले सूत्रात्मक ज्ञान मात्र दिन गर्दथे । एक दुई छात्र र शिक्षकले मात्र तत्वबोध गर्न र नयाँ ग्रन्थ थप अध्ययन गर्न सक्दथे ।

अहिलेआएर पूर्वीय शिक्षापद्धति र गुरुकुल परम्परा पूर्णतः लोप हुँदै गइरहेको अवस्था छ । पाश्चात्य शिक्षापद्धति व्याप्त हुँदै आएको छ । आज पूर्वीय पद्धतिबाट शिक्षा दिने प्रचलन हटेर पश्चिमी पद्धतिबाट शिक्षा दिन थालिएको छ । यस प्रकारको स्थिति कसरी आयो भनी विवेचना गर्नु पनि गौतम वंशको ऐतिहासिक पृष्ठभूमिमा पर्ने विषय हो । त्यस पक्षको चर्चा गर्दा हिन्दूराष्ट्रको मर्मलाई बुझ्नु पर्ने कुरा मुख्यरुपमा देखिन्छ । युग-युगदेखि अनवरत रुपमा प्रचलित हुँदै आएकाले त्यसमा उथलपुथल हुन पनि धेरै समय लाग्यो । गौतम वंश पनि हिन्दू भएकोले हिन्दूहरुमाथि आइपरेका समस्या र चुनौतीहरुको चर्चा गर्नु गौतम वंशको इतिहाससँग जोडीएको कुरा हो  ।

### ६.३  गोत्र र थरको  चिनारी

नेपालमा प्राचीनकालदेखि हिन्दूधर्म मानिदै आएको छ । यहाँ प्रचलित हिन्दूराजा र हिन्दूराज्य व्यवस्था सप्रमाणहुन् । हिन्दूराष्ट्रमा हिन्दू मर्यादा नै धर्मशास्त्रको मूल आधार हुनाले त्यसको निरुपण धर्मशास्त्र, धर्माधिकारीहरूले गर्ने गर्दथे । विशाल भारतभूमिमा छरिएका धेरै हिन्दूहरु बुद्धका प्रभावले भिक्षु बने, आश्रय प्रणाली हट्न गयो । पाँच वर्षदेखि नै भिक्षापात्रको लागि तालिम दिइयो । तत्कालिन भारतमा यस प्रकारको प्रचलनबाट हिन्दूहरुको सङ्ख्या घट्न गयो । झन् मुसलमानी आक्रमणपछि त हिन्दूत्वको परम्परा र प्रभाव घट्दै जानु स्वाभाविक हो । हिन्दूत्वमा ह्रास आउन थालेको हुँदा त्यस्ता धर्मबाट पलायन भएकाहरु जो पुनः हिन्दू बन्न चाहन्थे उनीहरुलाई संस्कार दिन धर्माधिकारीहरुको व्यवस्था मिलाउने गरिएको थियो । यो पछि मात्र ल्याइएको परम्परा होइन । यसरी हिन्दूधर्म सर्वप्राचीन हुँदाहुँदै पनि यसको ह्रास गराउन यस धर्मप्रति असहमत हुनेहरु मात्र होइन यसको मर्म नबुझ्ने हिन्दूहरुसमेत लागेको देखिनाले निकै दुःखद अनुभूतिको बोध हुन आएको छ । धर्माधिकारको अर्थ धर्म र अधर्मको निर्णय गरी पतिया दिने अधिकारी भन्ने

बुझिन्छ *(सुवेदी,वि.स.२०६३, पृ. १४)* यसको शाब्दिक अर्थ (१) धर्म र अधर्म केलाई त्यसको यथोचित न्याय दिने अधिकार (२) न्यायाधीश (३) दानको उचित प्रबन्ध गर्नका निम्ति नियुक्त गरिएको राजकर्मचारी (४) धर्मशास्त्र, ऐन, कानुन, रीतिस्थिति वा चाल-चलनबमोजिम न्याय भएको छ छैन भनी जाँचबुझ गर्ने र सो नभएमा यथोचित रुपमा धर्म र न्यायको व्यवस्था गर्नका निम्ति नियुक्त भएको प्रमुख अधिकारी (५) राजालाई धार्मिक सल्लाह दिने व्यक्ति (६) धर्मशास्त्रका आधारमा न्याय गर्ने व्यक्ति, धर्म-अधर्मको निर्णय वा न्याय गर्ने व्यक्ति ।

प्राचीनकालदेखि नेपाल हिन्दूराष्ट्र रहिआएको छ । सारा भारतमा यवन शासनले तहल्का मच्चाउँदा नेपालले मात्रै आफ्नो हिन्दूत्वको गरिमा रक्षा गरेको सत्य हो । त्यस बखतमा पनि राज्यसञ्चालनको आधार हिन्दूशास्त्रबाटै लिइन्थ्यो । यी नियमका स्रोतहरु संस्कृत वाङ्मय नै हुन् । याज्ञवल्क्य स्मृतिमा “अठार पुराण, न्याय, मीमासा, धर्मशास्त्र र व्याकरण जस्ता छ अङ्ग चार वेद र चौध विद्याको अर्थ पुरुषार्थ, ज्ञान र धर्मको कारण हो” भनिएको छ । मनु, अत्रि, विष्णु, हरित, याज्ञवल्क्य, भृगु, अङ्गिरा, यम, आपस्तम्ब, संवर्त, वृहस्पति, पराशर, व्यास, दक्ष, गौतम, शतातप र वशिष्ठ आदि धर्मशास्त्रका निर्माता हुन्*( सुवेदी,वि.स.२०६३, पृ १४)* ।

गोत्रको सम्बन्ध वंशरम्परागतसँग जोडिएको विषय हो ।हिन्दू परम्परा र धार्मिक विधिअनुसार एकै वंशमा विवाह निषेध गरिएको छ । यदि चलाएमा अनिष्ट हुन्छ । अनिष्ट आफ्नै वंशमा हुन्छ, वंशमा खिया लाग्छ, सन्तान खियाउटे जन्मिन्छन् । रोगसँग लड्ने शक्ति क्षीण हुन्छ । शरीरको तेज हराउने हुँदा वंश दीर्घरोगी, अल्पायु तथा निःसन्तान हुने डर रहन्छ । यस कुरालाई विचार गरेर हिन्दूसमाजमा विवाह गर्दा कुलघराना, शीलस्वभाव, शारीरिक बनोट, पेसा, संस्कार, खानपिन र गोत्र तथा प्रवरको ख्याल गर्ने चलन छ । गोत्र र प्रवरका अतिरिक्त बाबुको सात र आमाको पाँच पुस्ता बाहिरमात्र विवाह गर्न सकिन्छ भन्ने परम्परा मान्यतारहि आएको छ । विवाह भइहाल्यो भने त्यस्तो विवाह सपिण्डीभित्र भएको ठानिन्छ । विवाह सपिण्डीबाहिरै गर्नुपर्ने हुन्छ । मावलीको थर बार्नु बुढामावलीको घर बार्नु भन्ने लोकोक्ति पनि हाम्रो समाजमा प्रचलित छ ।

वेदमा गोत्रको सट्टामा गौशाला (गाईगोठ) शब्दको प्रयोग भएको छ । ‘छान्दोग्योपषिद्’ मा जावालिक आचार्यले जाबालको गोत्र सोधेको कुरा चर्चा गरिएको छ । बौधायन मतमा ८ प्रकारका गोत्र भएको कुरा समावेश छ । त्यस्तै गोत्रको गणना श्रीसूत्रमा

पनि बयान गरिएको छ र मत्स्यपुराण वायुपुराण, स्कन्दपुराण, स्मृत्यर्थसार, निर्णयसिन्धु, संस्कार-रत्नमाला र महाभारत जस्ता ग्रन्थमा समेत गोत्रका बारेमा उल्लेख गरिएका छन् ।

फुपूचेला र मामाचेलीको विवाह अर्थात् पाण्डवविवाह केही जातिमा मात्र रहेको कुरा 'महाभारत' र 'हरिवंशपुरण' मा उल्लेख गरिएको छ । बौद्ध साहित्यअनुसार राजा अजातशत्रु राजकुमारी बजिराका फुपूका छोरा हुन् । जैन साहित्यमा पनि अयोधन राजाकी बहिनी सत्यपासाको तृणविन्दुसँग विवाह भएको प्रसङ्ग छ । आफैंले पाली, पोसी, हुर्काई, बढाई, पढाई, सिकाई गरेका व्यक्तिबीच आपसमा यौनआकर्षण हुनु हुँदैन । राजपत्नी, गुरुपत्नी, मित्रपत्नी, भार्यामाता, स्वमातालाई माता नै मान्नु भनिएको छ । माइजू र फुपू पनि आमा-बाबु सरह नै ठानिएको छ । पछिपछि यस कुराले झन् मान्यता प्राप्त गर्दै गएको थियो । प्राचीन कालमा योद्धाले स्त्रीहरण गरी पत्नी तुल्याउँथे । पछि बाहिर विवाह गर्ने परम्परा नै बस्यो । त्यसबाट आपसी ईर्ष्या पनि बढेन । एउटी केटीका कारणले केटाहरुको आपसमा झगडा नहोस् भनेर बाबुआमाले विवाह छिन्न थालेका थिए ।

गोत्रको बारेमा नेपालीशब्दकोशले निम्न तरीकाबाट परिभाषितगरेको छ ।

गोत्रकार ऋषिका जति सन्तान हुन ती गोत्र हुन, गोत्र भन्नु नै खलक हो ।

-अमरकोश

वंश प्रवर्तक ऋषिमुनिका नामबाट चलि आएको पुर्ख्यौली चिनाउने उपनाम गोत्र हो ।

-नेपाली बृहत शब्दकोश

वंश प्रवर्तक ऋषिमुनि आदिको चलि आएको पुर्ख्यौली वंश गोत्र हो ।

-प्रयोगात्मक नेपाली शब्दकोश

आफ्ना नामबाट सन्तान वा खलकैको उपनाम बनेको गोत्र प्रवर्तक मूल पुरुष गोत्र हो

-नेपाली शब्द सागर

गोत्र भन्नाले वंश प्रवतक ऋषीमुनीहरूका नामबाट चलि आएको आफ्नो पुर्खौली चिनाउने उपनाम भन्ने बुझ्नु पर्दछ । गोत्र शब्द वैदिक सन्दर्भममा प्रयोग भएको हो । यसले समूहको अर्थमा पनि लिन सकिन्छ । समूहचाहि रगत सम्वन्धबाट निर्मित भएको हुन्छ । गोत्र पूर्व पुरुषको नाम हो । जसबाट कुल वा वंश निमार्ण हुन्छ । सन्तान र वंश गोत्रबाटै चिनिन्छन् । बौद्धायनले सारा मानवका गोत्रका संस्थापक आठवटा ऋषीलाई मानेका छन् । ती ऋषीहरू विश्वामित्र, जमदग्नि, भरद्धाज, गौतम, अत्रि, वशिष्ठ, कश्यप र अगस्त्य हुन् । आठवटै ऋषीका सन्तानले उनै पुर्खा ऋषीको गोत्र पाए । पहिलेका

ऋषीहरूको विवाह गर्ने चलन नगण्य मात्रमा हुने गरेको थियो । हजारौ ऋषीमा एकादुई जनाले मात्र विवाह गर्ने गरेका थिए । जसले विवाह गरेर सन्तान भए । उनका सन्तानले त्यही गोत्र  पाए । कतिपय गोत्रको ठेगान नहुने पनि थिए । तिनीहरुले जुन गुरुसँग पढे त्यही गुरुको गोत्र पाए । हिन्दू परम्परामा गोत्रको सम्वन्ध रगतसँग रहेको छ । आजकाल अंग्रेजहरु टोटेम (TOTEM) भनी रगतमा सम्वन्ध भएकालाई आफ्नो बन्धु ठान्ने गर्दछन् । सहगोत्र भनेको आफ्नै रगत हो । सहगोत्रमा विवाह गर्नुहुदैन । यदि गरी हालेमा अनिष्ट हुन्छ  भनेर शास्त्रमा समेत उल्लेख गरिएको पाइन्छ । गोत्र हिन्दूहरूको लागि मात्र  होइन सारा मानव जातिमा लागु हुने विषय हो ।

गोत्रहरूमा खास गरी अत्रि, बशिष्ठ, भारद्धाज, कौडिन्य, कश्यप, विश्वामित्र, गर्ग, कौशिक, घृतकौशिक, शाण्डिल्य, सांकृत्म, कात्यायन, उपमन्यु, गौतम, कविस्तु, धनज्य, वत्स, पराशर, आत्रेय, मिहिर, जमदग्नि, मौदगल्य, भार्गव, शाकटायन, सावर्ण, वृहस्पती, अगस्ति, कनबट, शौनक, कृष्णत्रि, हारित, आलाबुक, विष्णुवृद्धि, कृष्णवसु, शिशिहर, आङगेरस, कपिल, बैह्याग्र, कुशिक, लोहित, रौक्षक, कत, अज, वादभूत, अघमर्षण, गाविष्ठर, पूरण, इन्द्रकौशिक, हर्यश्व, वेणु, शालङकायन, रौहिण, कथक, साहुल, हिण्यरेतस, सुवर्णरेतस, कपोतरेतस, निघुव, रैभ, लौगाक्ष, भृगु, विद, आर्ष्टिषेण र मावर्ण गरी केही गोत्रको नाम उल्लेख गरिएको छ । बौधायन गृह सुत्रमा गोत्र लाखौ हुन सक्ने चर्चा गरिएको छ

गोत्र भन्दा पनि ठूला ऋषीलाई प्रवर भनिएको छ । प्रवर भनेका गोत्र पर्वतक श्रेष्ठ मुनीहरु हुन् । गोत्रसँग सम्वन्ध प्रसिद्ध पुर्खाहरूको नाम पनि पर्वर हो । गोत्र अनुसार प्रवर फरक हुन्छ । एउटा गोत्रको एउटा प्रवर हुनु ज्यादै दुर्लभ छ । गोत्र अनेक हुन सक्छन् तर प्रवर ४९ मात्र रहेको थाहा हुन आएको छ ।कुन गोत्रको के के प्रवर हुन्छ भन्ने विषयमापरिशिष्ट दुईमासानो सूची प्रस्तुत गरिएको छ ।

नेपालमा बसोबास गर्ने गौतमका आत्रेय, आर्चनानस र ईशावाश्य गरी ३ प्रवर रहेका छन्।गौतमको अत्रि गोत्र हो । गौतम जस्तै धेरै थर र गोत्र भएका मानिसहरु नेपालमा बसोबास गर्दै आएका छन् । तिनीहरुको थर र  गोत्रहरुको चिनारीपरिशिष्ट तीनमा उल्लेख गरिएको छ ।

ठाउँ, नदी, गाउँ, कर्म र मानव पदका आधारमा पनि मानिसका थरहरु बनेकाछन् । त्यसरी विभिन्न नाउँरहनका कुनै न कुनै शास्त्रीय आधारहरू हुन्छन् भन्ने कुरा महाभारत ग्रन्थमा पनि उल्लेख गरिएको छ । त्यहाँ भनिएअनुसार जुन चिन्ह वा सङ्केतका आधारमा

ठाउँको नाउँ हुन्छ र जुन आधारमा त्यस्ता ठाउँको परिचय पाइन्छ, त्यसको नाउँ त्यही किसिमबाट राखिन्छ । यसो गर्दा विद्वानहरुले इतिहासको र शास्त्रको आधार लिन्छन् । प्रस्तुत प्रसङ्गमा विभिन्न ठाउँका नाउँ रहनका कुनै न कुनै शास्त्रीय आधार, पेशाको आधार, कामको आधार, ठाउँको नाउँसमेतलाई मानिसका थरको निर्धारण वा पहिचान गरिएकोछ । उदाहरणका लागि टेम्पलर भन्ने अङ्ग्रेजी थरलाई लिउँ । मन्दिरको निर्माण गर्नेलाई अङ्ग्रेजीमा टेम्पलर भनिन्छ । गाडा वा कार्ट बनाउनेलाई कार्टर भनिन्छ भने घरको छाना छाउने वा थ्याचिङ गर्ने वा त्यस्ता काममा दक्षता पाएकालाई थ्याच्चर भनिन्छ । त्यसैगरी चर्च बनेकै पहाडमा बसोबास गर्नेको थर पनि चर्चहिल वा चर्चिल भएको पाइन्छ । विशेष गरेर स्थानका आधारमा थर रहन गएको हो । संस्कृतको 'स्थल' शब्दबाट अपभ्रंश भई 'थल' हुँदै 'थर' शब्द बनेको हो । कुनैपनि जातजाति बसेको स्थानको आधारमा 'थर' निर्धारण भएको पाइन्छ । स्थान बाहेक मानवपदवी र कार्य विभाजनका आधारमा पनि 'थर' निर्धारण हुन गएको देखिन्छ । यसै सन्दर्भमा विभिन्न ठाउँ/गाउँको स्थल, मानवपदवी र कार्य विभाजनबाट विभिन्नथररहन पुगेकोले तिनीहरूको केही विवरण परिशिष्ट चारमा उल्लेख गरिएको छ ।

वर्तमान विश्वमा भौगोलिक सीमितता र सिमानालाई आधार मानेर राष्ट्रहरू स्थापना भएका छन् । त्यही प्रसङ्गमा हामी नेपालका बासिन्दा हुनाले नेपाली नामले विश्वप्रसिद्ध हुन पाएका छौं । नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुवंशीय मानिसहरूको साझा घर हो । यहाँ धेरै थर भएका नेपालीहरूका बस्ती छन् । ती बस्तीहरूमा गौतम थर हुनेहरूले पनि बसोबास गर्दे आएका छन् । गौतम वंशमा मानिसहरू युगौंदेखि यही समाजमा बसी लेनदेन, बिहावारी, सांस्कृतिक, व्यवद्वारा आदानप्रदान गर्दै आएकाले त्यस वंशको रगत अरु वंशमा र अरु वंशको रगत गौतमहरूमा सञ्चारित भएको छ । त्यसैबाट युगौंदेखि सत्यको विस्तार भई आएको गौतम वंशसँग मिल्ने गोत्र भएकावस्ती, चापागाईं, मिश्र, ओझा, खतिवडा, गौतम, घोघाने गुरुङ, मल्ल, हारागाईं, ठारागाईं, अधिकारी, रास्कोटे र समाल शाही, अवस्थी जस्ता विभिन्न थर तथा जातहरु पनि छन्। हामीलाई गौतम भन्नासाथ ब्राह्मण मात्रै होलान् जस्तो लाग्ला तर त्यस्तो होइन । थर बन्नका विभिन्न आधार भएका कुरा माथिल्ला प्रसङ्गहरुमा चर्चा गरिएको छ । त्यसैले हालसम्म उपाध्याय, जैसी, सन्यासी, गिरी, खत्री, कामी, दमाई र सार्कीआदिका बारेमा केही जानकारी भएको छ । गौतमहरूका पुरुषले कार्कीका कन्या विवाह गरी सन्तान पैदा भएमा

"कार्की" लेख्ने परम्परा हुनाले गौतम कार्की लेख्ने गरेमा अझ स्पष्ट  गौतमको थर पहिचान हुन सक्ने देखिन्छ ।

थापा, कार्की, बस्नेत, कुमाई, खड्का, खाण, चन्द, के.सी. र खत्री आदि गौतम कसरी भए भन्ने प्रश्न पनि उठ्न सक्छ । त्यसको कारण बिहाबारी नै हो । किनभने उपाध्याय गौतमले थापांको कन्या विवाह गरे थापा सन्तान हुने, विधवा ल्याए वा अर्काले बिहा गरेकी सजातिय पत्नी राखेमा जैसी, ठकुरीकी कन्या ल्याई जन्मेका सन्तानलाई गौतम खाण (मालिक), कुमारीसित सहवास गरी जन्मेका गौतम खवास्या, खड्काधारी हुनाले गौतम खड्का, खुँडाधारी हुनाले खाण, क्षत्रियी कन्या पत्नी राखेर उनैबाट सन्तान भएमा के.सी. वा खत्री थर कहलिन थाले । गौतमहरूले सन्यास धारण गरेर योगी भएमा गौतम गिरी हुन्छन् भन्ने कुरा हालको रोल्पा जिल्लाको रूमटामा जन्मिएका नारायण गौतमले सन्यासी लिई 'हंसानन्द गिरी' धारण गरी तपस्या गरेर नेपालको प्रशिद्ध तीर्थस्थल प्युठानको स्वर्गद्धारीमा बसेका थिए । उनी गिरी थरले चिनिएका *थिए (शर्मा गौतम, वि.स.२०७४ पृ.११)।*

गौतम ब्राह्मणका खाण, चन्द, भाट, खड्का, के.सी., खत्री, गिरी, खवास आदि आपसमा दाजुभाइ देखिन्छन् । अहिलेको सन्दर्भ विचार गर्दा हाँसो लाग्ने कुरा हुन्छ जुन सत्य हो । सबैजसोले नेपालका गाउँघरमा प्रयोग गर्ने शब्द 'खान व्यवस्था' हो । जो मालिक वा पति (अधिपति) हुन् । तिनलाई खान र तिनका सेवकलाई खवास्य भनिन्थ्यो । त्यसैले खान वा खाण मुसलमानी शब्द र थर नभई हाम्रो गाउँघरका मौलिक हुन् । अलिकति शङ्काको भान थरमा लाग्न सक्छ । गौतमहरूका पत्नी तीन ठाउँमा पोइला गएर सन्तान पैदा भएमा त्यस्तालाई भाट, राना भाट वा राइभाट भनिन्थ्यो । गौतमहरूका भाटहरू पनि प्रशस्त हुनुपर्छ । अनि अनुसूचित जातकी कन्यासँग लसपस गरी पत्नी तुल्याएमा त्यसबाट जन्मने सन्ततिले पिताको नभएर माताकै जात पाए । त्यसैले अनुसूचित जातमा पनि गौतमहरू हुन सक्दछन् । वर्तमान युगको माग अनुसार हामीले आ-आफ्ना वंशमा गौरव राख्दै भाइचारा सम्बन्ध बढाउनु पर्दछ ।

गौतमहरूको पहिचान गरिसकेपछि सबैको मूलवंश (गौतम वंश) वा गौतम थर कसरी प्रचलित हुन गयो त्यस विषयमा पनि जानकारी राख्नु जरुरी हुन्छ । गौतमथर रहनका विविध आधारहरु हुन सक्छन । त्यस्ता आधारहरुलाई क्रमबद्ध रुपमा अध्ययन गर्दा अझै राम्रो हुन्छ । त्यसकारण गौतम शब्दको उत्पत्ति र त्यसको अर्थ सिद्ध गर्ने प्रयत्न तल प्रस्तुत गरिएको छ ।

- गोतामे र गौतमको व्याकरणगत सन्दर्भ शब्दको अक्षारिक संरचना यस प्रकार छ । गोतामे = ग्+ओ, त+आ+म्+ए (३ अक्षर), गौतम =ग+औ, त्+अ, म् = गौतम (२ अक्षर), यसरी हेर्दा गोतामे शब्द तीन अक्षर र गौतम शब्द दुई अक्षर मिलेर बनेकोले उच्चारणगत सरलताको कारणले सजिलोको लागि गौतम शब्द लेख्न थालिएको हुनुपर्दछ ।
- रुकुम जिल्लाको गोतामकोटमा बसोबास गरेकोले स्थानको आधारमा गोतामे भन्न थालिएको हो ।
- सिञ्जाका शासक नरेशले गोताम बिर्ता दिई गोतामे मानपदवी दिएकोले गोतामे मानपदविका अधिकारी गौतमका पूर्वज गोतामे कहलाएका हुन् ।
- अग्निहोत्रीको समयमा धेरै गाई पाल्ने चलन थियो । गो-धन नै उनीहरूको सम्पत्ति हुने गरेको थियो । गोतामकोटमा अत्रि वंशीय राजाले गाई पालेका थिए । गाईलाइ घाँस पराल दिनको लागि तामाको डुँड बनाइ गाईको सेवा गरिन्थ्यो । गोतामकोटमा गाईलाई तामाको डुँडमा दाना पानी खुवाउने गरेकोले तामा नामपदलाई विश्लेषण बनाउदा तामा+ए = तामे हुन्छ । तामाको डुँड भएकोले यसलाई तामे डुँड भन्न थालियो । संस्कृत भाषामा गाईलाई गो भनिन्छ । गो भनेको गाई र तामाको विशेषण बनाउँदा तामे-वि (तामा+ए) हुन्छ । यस सन्दर्भमा गो -गाई) र तामे ( तामाको भाँडो) सँग जोड्दा गोतामे हुन्छ । यसरी गोतामे भएको कुरा रुकुमकोट र खलंगातिर प्रचलित छ*(गौतम, नारायण वि.स २०७० पृ.३०)*।
- भारतको गढवालमा एक ब्राह्मण परिवार बस्दै आएको थियो । उक्त परिवार मध्ये कान्छाको अपुताली परेको थियो । उनीहरूले साधुसन्त र महात्माहरूलाई हेराउँदा उनीहरूको कान्छो पट्टिको बच्चा जन्मने वित्तिकै आमाको दूध नखुवाउनु उसलाई गाईको दूध खुवाउनु भनेको हुँदा गाईको दूध खुवाएर बच्चा पालियो । यसरी गाईलाई संस्कृतमा गो भनिएको हुँदा गाईको दूध खुवाएर पालिएको बच्चा पनि गोतामे कहलिन थाल्यो । यही गोतामे थर भएका व्यक्तिहरू अत्रि गोत्रका सन्तान कहलिन्छन् *(गौतम, नारायण वि.स २०७० पृ.२९१)*।

रुकुमकोट प्राचीन जुम्ला राज्यअन्तगर्त पर्दथ्यो । अहिले रुकुम जिल्लामा पर्दछ । रुकुमकोटको उत्तरमा गोतामकोट पर्दछ । डोल्पा जिल्लाबाट बगेर आएको ठूलीभेरी नदीको किनारामा अवस्थित सानो उपत्यका नै गोतामकोट हो । रुकुमकोट, गोतामकोट,

आठबिसकोट र बैफीकोट आदि रुकुम जिल्लामा चर्चित ठाउँ हुन् ।  यी मध्ये एउटा रमणीय उपत्यकाको रुपमा गोतामकोट चिनिएको छ । यही गोतामकोटका निवासीलाई ठाउँको आधारमा गोतामे भनिएको कुरा  माथि उल्लेख भैसकेको छ ।

स्थान, मानवपदवी र कार्य विभाजनका आधारमा विभिन्न थर रहन गएको कुरा विद्वानले परिशिष्ट चारमा दिएको तथ्यको आधारमा पुष्टी गरेका छन् । प्राचीन जुम्ला राज्य अन्तर्गत हालको रुकुम जिल्लमा पर्ने 'गोताम' भन्ने ठाउँमा बसेको आधारमा गोतामे भनिएको कुरामा धेरैजसो विद्वाहरूको धारणा एकमत रहेको छ । त्यस्तै सिञ्जाका राजा नरेशले दिएको 'गोतामे' पदवीको आधारमा गोतामे भन्न थालिएको भनाई पनि छ ।

यसरी माथिको आधारलाई विश्लेषण गर्दा गोतामकोटमा अत्रि वंश बस्न थालेपछि गोतामे थर कायम भएको हो ।  मानवपदवी, ठाउँ र गाइपालन  जे जस्ता सन्दर्भ जोडिएता पनि रुकुम जिल्लाको गोतामकोटमा बस्न थालेपछि गोतामे भन्न थालिएको हो भन्ने निर्कोलमा पुग्नु पर्दछ । गोतामे शब्दलाई सुधार गरेर गौतम लेख्न थालिएको हो । सबैभन्दा पहिला कुलचन्द्र गोतामेले गौतम लेख्न सुरु गरे । आजभोलि गोतामे  कही पनि लेखिदैन । गौतम लेख्ने गरिन्छ । विशेष गरी गौतम सहित अन्य जैसी ब्राह्मणलाई शर्मा लेख्ने गरिन्छ । केही उपाध्याय ब्राह्मणले पनि शर्मा लेख्ने गरेका छन् । शर्माबाट थर र गोत्रको पहिचान खुल्दैन । कतैकतै उपाध्याय गौतम ब्राह्मणले पनि शर्मा भनेर लेखेको पाइन्छ । तर आफ्नो थर पहिचान बिर्सिएर शर्मा लेख्नु उचित हुदैन । शर्मा लेखेता पनि गोतामे शर्मा भनेर लेख्नु पर्दछ ।  गौतम लेख्न थालेको अहिले करिव७० वर्ष पुगेको छ । गोतामेको सट्टा गौतम लेख्दा अत्रि वंशका  सन्तानको पहिचान  गुम्न पनि सक्छ ।  कसैको गौतम गोत्र भएकोले गौतम लेख्दा गौतम गोत्रमा अत्रि गोत्र विलय नहोला भन्न सकिन्न । भन्न खोजेको गौतम नलेखी गोतामे लेखेर अत्रि वंशको पहिचान सधै राख्नुपर्दछ ।

### ६.४ जुम्लाकोसिञ्जामाअत्रि वंशको प्रवेश र विस्तार

आर्यहरूको उद्गम तथा सभ्यता सिन्धुघाटी हो भन्ने तथ्य इतिहास सिद्ध छ । यिनमा ब्राह्मणहरूको मुख्य स्थल पञ्जकौड, कान्यकुब्ज, कन्नोजमा धेरै काल देखि रही भारतमा जातित्व संघर्ष हुँदा आफ्नो धर्म संस्कृति र ज्यूज्यानको रक्षा खातिर एसिया महादेशको पृथ्वीकै शिर सगरमाथा अवश्थित एक मात्र हिन्दू राष्ट्र नेपालको सुदुर पश्चिम भेगबाट अत्रि गोत्रीय वंशज नेपाल पसी सेती अञ्चलको सावला हिमाली भेगमा तपस्या गर्दै बसोबास गर्दा वंश वृदिको क्रमले पूर्व उत्तर बढ्दै गरेको पाइन्छ । ब्राह्मणहरूले ब्रह्मणत्व

र आफ्नो उद्गम स्थलको परिचय दिंदा काश्मिरी "कन्नोजियाब्राह्मण" भनी परीचय दिदै आएको पाइन्छ *(शर्मा गौतम, वि.स. २०५७, पृ.३)*। भारतमा मुसलमानको आक्रमण भन्दा धेरै पहिले देखि नै पश्चिम नेपालमा ब्राह्मण र पाल तथा मल्ल क्षत्रिय थिए भन्ने चाहिं प्रमाणित तथ्य भइसकेको छ *(अधिकारी, वि.स.२०६१, पृ. ३१)*। यसरी फर्केर हेर्दा ब्राह्मण मुसलमानको आक्रमण भन्दा धेरै पहिले र पछाडि नेपाल प्रवेश गरेको देखिन्छ।

हरेक धर्मावलम्बीहरूले आआफ्नै धर्म अनुसार यस ब्रह्माण्डका सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताको नाम लिइरहेको पाइन्छ । हिन्दूहरूले पनि क्रमश श्रीब्रह्मा, श्रीविष्णु र श्रीमहेश्वर सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताको रुपमा मान्दै आएका छन् । श्रीविष्णुका नाभिदेखिपद्यकमल र पद्यकमलमा प्रादुभार्व हुनु भएका श्रीब्रह्मा श्रीबैह्मा यस ब्रह्माण्डका अधिष्ठाता मानिनु हुन्छ *(शर्मा गौतम, वि.स.२०५७, पृ.३)*। मानव यस जगतको सर्वश्रेष्ठ प्राणी हो । मानव सभ्यतापूर्वको इतिहास र पृष्ठभूमि अहिले पनि खोजको विषय हो । खोजतसास गर्दै गएमा नभेटेको कुरा पत्ता लाग्न सक्छ । अत्रि गोत्रीयहरूको पुर्खाको नाम कति पुस्ताको विखण्डन पश्चात जोडिई पुनः विखण्डनको क्रम पनि कतिपटक भएहोला र जोडिए पनि होला ।

ब्रह्माका कौयौ छोराहरूमध्ये ब्रह्माका नेत्रबाट जन्मेका मानस पुत्र अत्रि ऋषि हुन् । अत्रिकी पतिपरायण पत्नी अतीअनुसयाको सतीत्वबलबाट श्रीब्रह्मा, श्रीविष्णु र श्रीमहेश्वरले समेत बालको रुपमा परिणत भई अनुसूयाको वात्सल्यमा केही समय अत्रिआश्रममा बस्नु परेथ्यो । यसकारण अत्रि महर्षिका छोराहरूको जन्म विभिन्न प्रकारले भएता पनि छोरा सोम र यिनका सन्ताहरूको गोत्र अत्रि नै त्रिप्रवरमा अत्रि, अर्चनास र श्यावास्यको प्रवर निरुपण विद्वतमण्डलबाट आएको बुझिन्छ *(शर्मा गौतम, वि.स.२०५७, पृ.३)*।

महर्षी अत्रि र अनुसूयाका तीन पुत्र थिए :- (१) दत्तात्रय (२) दुर्बासा (३) सोम ( चन्द्रमा) । दत्तात्रय र दुर्बासा विवाह नगरेकाले सन्तान थिएनन् । सोम (चन्द्रमा) ले विवाह गरेका थिए । यसर्थ अत्रि गोत्रीयहरू सोमका सन्तान हुन् । यही सोम वंशमा विश्वामित्र जस्ता राजर्षी तथा भरत, गाँधी, युधिष्ठर जस्ता पुराण प्रसिद्ध राजाहरू जन्मेका थिए । सोम पछिका सन्तानहरूको विवरण क्रमशः पाउन सकिएको छैन । तर ऋतु भद्रलाई मूल पुरुषका पुस्ताको रूपमा राखिएको छ । ऋतु भद्र प्रथम पुस्ता मानिआएको अवस्था छ । यिनी पछिका आठौ पुस्ता काशीदास भारतको कन्यौजबाट जुम्लाको सिञ्जा आई बसोबास गरेका थिए । काशीदास सम्मका पुस्ताहरू विभिन्न थरमा विभाजन नभई अत्रि थरमा मात्र

चलेको पाइन्छ । काशीदासका पलाति 'निम्बुक' का पुत्रहरूले सिञ्जाका खश आर्य राजाबाट उनका राज्यका विभिन्न ठाउँमा बिर्ता पाएका थिए । बिर्ता पाएको ठाउँमा गई बस्न थालेपछि ठाउँको नामबाट विभिन्न थर कायम भएका छन् । हालम्म पाइएका थरहरूमा (१) गौतम (गोतामे) (२) खतिवडा (३) मिश्र (४) वस्ती (५) चापागाई (६) ठाडा राई (७) अधिकारी (८) ओझा (९) कडरिया (१०) श्री मल्ल (११) पहाडी (१२) शाह ठकुरी (१३) समाल (१४) जोशी (१५) डोटेल आदि हुन् *(शर्मा गौतम,वि.स.२०७४,पृ.१०)* । भारतको कान्यकुब्जको अशान्ति र दंगले आत्तिएका अत्रिहरू फराकिलो शान्त भेगमा आएर धार्मिक राजाको संरक्षणमा बस्न थाले । फलस्वरूप सिञ्जामा राजालाई आफ्नो दरवारमा अग्निहोत्री यज्ञ गर्ने ब्राह्मणको आवश्यकता परेकोले काशिदास जस्ता विद्वानले राजालाई सघाएकोले सिञ्जामा काशिदासलाई मुल पुरोहितको रूपमा राखेको पाइन्छ । काशिदास लगायत अन्य ब्राह्मणहरूले सिञ्जाका शासकबाट विभिन्न ठाउँमा बिर्ता जग्गा पाएका थिए । सिञ्जा प्रदेश जाजरकोट जिल्लाको पूर्व उत्तर हालको रुकुम जिल्लाको स्थालारवादी र साविक गोतामपुर गा.वि.स. सम्म फैलिएको बुझिन्छ । सिञ्जा राजाले दिएका बिर्तामा पछि गएर बिर्तावाद आफै राजा भएको बुझिन्छ । तत्कालिन कर्णाली प्रदेश सिञ्जा क्षेत्र अन्तर्गत हालको गोतामाकोट स्थानमा अत्रिवंशिय ब्राह्मण राजा भई राजकाज चलाएको इतिहास विद्यमान छ *(गौतम, वि.स.२०७०, पृ.२९०)* । यिनै गोतामेले राजकाज चलाएको ठाउँ गोतामकोट हो । गोताकोटमा प्रसिद्ध सिस्ने हिमाल पर्दछ । यस हिमालमा बाह्रै महिना हिउँ पर्दछ । यसलाई मुखद्य हिमचुली पनि भनिन्छ ।

मुसमानहरूको आक्रमणबाट बची हिन्दू धर्म र वैदिक संस्कृतिको रक्षार्थ काशिदास भारतको कन्यौजको निकटवर्ती गाँउ हरियानबाट कर्णालीको सिञ्जा आई बसोबास गरेको देखिन्छ । वि.स. १२५० तिर हर्यानक राज्यमा म्लेच्छ राजा शाह बौद्दिन गोरीले आक्रमण गरी त्यहाँका हिन्दू धर्मावलम्बीहरूलाई जवरजस्ती इस्लाम धर्म ग्रहण गर्न लगाउने, नमान्नेहरुलाई अनेक तरिकाले दुःख दिने, जनै छिनाइदिने, चेलीबेटीको अस्मितामाथि खेलवाड गर्नेजस्ता कुकृत्यबाट बच्न बृहत्तर शक्तिशाली जुम्लाको सिञ्जा राज्यमा प्रवेश गरेको कुरा अधिकांश इतिहासकारको भनाइ मेल खाएको छ ।

अत्रि गोत्रीय गौतमहरूले बहुदेवबातको सिद्वान्तलाई मान्दै आएका छन् । विभिन्न देवी देवताहरूको पूजा तथा आरधना गर्दछन् । अत्रि गोत्रीय गौतम वन्धुहरूका इष्ट देवता शंकर (महादेव) र कुल देवता बराह हुन् ।

भारत वर्षमाप्रसिद्ध सम्राट हर्षवद्धन शासन काल पछि करिव ५०० वर्ष सम्म उत्तरी भारतकोराजधानीको रूपमा कन्यौज रहेको थियो । केही समय सम्म कन्यौजमा गौडको पाल वंशी राजाहरूको पनि प्रभाव रहेको थियो । कन्यौज पुग्नको लागि त्यस समय तिब्बतको गुंगे प्रदेशबाट मानसरोवर, सिञ्जा, दुल्लु, सुर्खेत, श्री वस्ती, अयोध्या हुँदै आवतजावत गर्ने एउटा चल्तीको बाटो थियो । कन्यौजका ती पाल वंशीहरूमा आफ्नो प्रभाव बढ्दै गएपछि उत्तर तर्फ लागी सिञ्जामा राजधानी बनाईआफ्नो साम्राज्य विस्तार गरे । कन्यौजमा वि.स. १२५०/०५१ तिर मुसलमान राजा शाहबुद्धिन गौरीले आक्रमण गरे । विजय प्राप्त पनि गरे । मुसलमान राजाले जवरजस्ती त्यहाँका हिन्दू धर्मावलम्बीहरूलाई इस्लाम धर्म मान्न बाध्य गराउन थाले । आफूले भनेको नमान्नेहरूलाई अनेक प्रकारले दु:ख दिन थाले । त्यसै समयमा कन्यौजको नजिकै पर्ने हरियाना भन्ने गाउँमा अत्रि गोत्रीय ब्राह्मणहरू बस्दै आएका रहेछन् । अत्रि गोत्रीयब्राह्मण मध्येमा षटशास्त्र वेत्ता तथा चतुर्वेदमा पारंगत काशिदास  हिन्दू धर्म र वैदिक संस्कृतिको रक्षा गर्ने उद्देश्यले अयोध्या,श्री वस्ती, सुर्खेत, दुल्लु हुदै सिञ्जा प्रवेश गरेका थिए । काशीदासलाईसिञ्जाका राजा नरेश (खश राजा) ले पनि सम्मानपूर्वक आश्रय दिए । उनले बिर्ता जमिन पनि पाए । त्यसपछि काशिदास र उनका सन्तानहरूसिञ्जामा बस्न थाले *(शर्मा गौतम, वि.स.२०७४, पृ.१०)*।

कर्णाली प्रदेशका मल्ल राजाहरूको शक्ति पतन भएपछि कर्णाली र गण्डकी प्रदेशमा बाईसी र चौबीसी राज्यहरुको सृजना भयो भने गढवाल-कुमाउँतर्फ पनि बाह्र-चौध ठकुराई (राज्य) को सृजनाका साथै तिब्बतको गुँसे, तपराङ पनि मानसरोवर क्षेत्रमा छुट्टाछुट्टै स्वतन्त्र राज्यहरू थिए । त्यस समयमा कुमाउँमा पनि धर्माधिकारीको अस्तित्व पाइन्छ । विशेष गरी मध्यकालीन समाजमा धर्माधिकार शब्दकै चलन कुमाउँतर्फ भेटिन्न तापनि त्यस्ता काम र कर्तव्य गर्ने व्यक्तिलाई भट्टमहोत्तम भनिएको पाइन्छ । भट्टमहोत्तम शास्त्रीय विशेषज्ञ हुनुका साथै नीति-नियमको प्रकाउण्ड विद्वान् हुनु अनिवार्य हुन्थ्यो ।

नेपाल अधिराज्यको एकीकरण हुनुभन्दा पहिले जुम्लाको विशाल खशसम्राज्य अन्तर्गत दैलेख, रुकुम, जाजरकोट र सल्यानआदि क्षेत्रहरु पर्दथे । एकिकरण पछि रुकुम जिल्ला सल्यान राज्य भित्र रहेको थियो । खश राज्यभित्र पर्नेरुकुमलाई गौतमहरूको आदिथलो मानिएको छ। रुकुम जिल्लाको गोतामकोट गौतहरूको आदिथलो हो ।

काशीदासका सन्तति'निम्बुक' का चारभाइ छोराहरुमध्ये  जेठा गोलास्यसिञ्जामै राजगुरु भई बसेछन् । माइला कपडी (काबु) लाई सिञ्जाका सम्राटले  गोताम भन्ने ठाउँमा

बिर्ता दिई पठाए । साहिला सिँगरुलाई रारा दहको निकास  खत्याड खोलामा  बिर्ता दिइ पठाए भने कान्छा केदारलाई लेब्रम भन्ने ठाउमा बिर्ता दिई पठाइयो । पछि यिनै चारभाइ सन्तानहरू क्रमशः गोतामे, खतिवडा, मिश्र र ओस्ती भनिन थाले(*शर्मा गौतम, वि.स.२०७४, पृ.११)*।

ऋतुभ्रद देखि आठौ पुस्ताका काशीदास १३ औ शताब्दीमा भारतको हरियानबाट सिञ्जाको खशआर्य राज्यको आश्रममा आएका थिए । सिञ्जाका शासकले काशीदासका माहिला पलाति कपडी (काब्रु) लाईगोतमाकोट भन्ने ठाँउ बिर्ता दिई पठाए । गोतामकोट ठाँउको नामबाट गोतामे थर लेख्न शुरुवात भएको हो । गोतामे, खतिवडा, मिश्र र ओस्तीका पुस्ता एउटै थिए । भारतको कन्यौजको हरियानबाट हिन्दू धर्म र बैदिक संस्कृतिको रक्षार्थकाशीदास सिञ्जामा छिरेका थिए । जुम्लाका खश आर्य सम्राटबाट काशीदासका वंशजहरूले आश्रयकासाथै बाहुनी पट्टिका सन्तानहरूले विभिन्न ठाउँमा बिर्ता समेत प्राप्त गरी बसेका थिए ।बिर्ता पाई बसेको ठाउको नामबाट गोतामे, खतिवडा, मिश्र र ओस्ती थर कायम भयो । अहिले यी चारै थर नेपाल अधिराज्यभर फैलिएर रहेका छन् ।

ऋतुभ्रद देखि आठौ पुस्ताका काशीदास १३ औ शताब्दीमा भारतको हरियानबाट सिञ्जाको खशआर्य राज्यको आश्रममा आएका थिए । सिञ्जाका शासक नरेशले काशीदासका माहिला नाति कपडि (काब्रु) लाई गोतमाकोट भन्ने ठाउँबिर्ता दिई पठाए । पुस्ता क्रम वित्दै जाँदा २९ पुस्ताका लक्ष्मीदासका चार भाइ छोरा थिए । चारभाइ छोरामध्ये कान्छा श्रीधर गोतामकोटबाट पूर्वतर्फ लागे । पूर्वतर्फ लाग्ने क्रममा श्रीधर हालको अर्घखाँची जिल्लाको खिंदिम आइपुगेछन् । त्यतिखेर खिदिम गुल्मी राज्य अन्तर्गत पर्दथ्यो । त्यसबेला त्यहाँका राजा रामसिंह बर्माले ठूलो दरबार बनाउन लागेका रहेछन् । उनले कर्मीहरूले सपेट ठ्याउन लागेको देखि धरान राख्नेबेला कुसाइत परेछ, मानिस मर्छ भनी हिडेछन् । पछि धराप खसेर त्यसले लागी कर्मीको नाइके मरेछ । यो कुरा सुन्ने व्यक्तिले एक जना बटुवा ब्रहामणले जस्तो भने त्यस्तै भएको खवर राजालाई पुऱ्याएछ । राजाले उनको खोजी नीति गरी बोलाउन पठाएछन् । तर उनी धैरै पर पुगेका रहेछन् । राजाका मानिसले भेट गरी उनलाई राजआज्ञा सुनाएछन् । उनले मेरो बन्दोबस्त नहुँन्जेल सम्म पश्चिमतर्फ फर्केर पनि हेर्ने छैन भनी हिंडेको कुरा बताएछन् । म कसरी फर्कु ? के काम पऱ्यो राजाको मसँग ?सोध ?तिमीहरु नर्फकिदा  सम्म पर्खने कुरा गरी पठाएछन् । राजालाई सबै कुरा सुनाएछन् । राजाले वृतान्त सुनेपछी  ससम्मान उनलाई बोलाएछन् । उनलाई दिनभर खिदिमको

चौतर्फी  हिड्न लगाएछन् । राजाले खिदिमको जग्गा बिर्ता दान दिएर श्रीधरलाई राखेका रहेछन् ।  गौतम समाज स्मारिका (२०६२)रामबहादुर गौतमको गौतम वंशको संक्षिप्त चिनारी लेखनुसार वि.स. १६६९ सालमा गुल्मीका रामसिंह बर्मा राजाले खिदिमको गाउँ कुश बिर्ताको रुपमाश्रीधरलाईदिएका थिए । उनी खिदिमको पोखराथोकमा बसोबास गरेको कुरा उल्लेख गरिएको छ । उक्त स्मारिकामा रमेश गौतम 'पाल्पाली' खिदिमेली गौतमको कुलपूजा लेखनुसार जुम्लामा कनकसुन्दरी देवीको मन्दिर थियो । श्रीधरले खिदिम पोखराथोकमाकनकसुन्दरी देवीको प्रतिमूर्ति स्थापना गरी मन्दिर बनाउन लगाएछन् । यस मन्दिरलाई अहिले दशैं घर भनिन्छ । उनीहरुले शक्तिरुपिणी देवीलाई कुलदेवताको रुपमा पूजा गर्दा रहेछन् भन्ने कुरा प्रतित हुन्छ भनेर स्मारिकामा उल्लेख गरिएको छ ।

श्रीधरका छोरा श्रीदास खिंदिमै बसे । श्रीधरका ३१ पुस्ताका नाति मध्येका श्रीधर दास उत्तरतर्फ लागी बाग्लुङ जिल्लाको गल्कोट अन्तर्गत पर्ने गल्याङ् भन्ने ठाउँमा आइ बसोबास गर्न थाले । त्यसपछि उनका सन्तति ३२ औ पुस्ताका गिरी धर,  ३३ औ पुस्ताका धुरु, ३४ औ पुस्ताका पितु गोतामे (गौतम) हुन् । पितु गोतामेका तीन भाइ छोरा थिए । जेठा छोरा देवल गौतमका सन्तान भएनन् । कान्छाछोरा वामदेव गौतमका सन्तानहरू गल्कोटमै फैलिएर रहे । माइला गोविन्द गौतम गल्कोटबाट भित्रीवनको धुरिकाटी तलतिर लागे । सल्यान भन्ने ठाउँमा आइपुगे । त्यहाँ सम्म मिलेको ठाउँ देखे । त्यहीं बस्न थाले । सल्यान भूमि केही उच्च भएता पनि सम्म मिलेको बस्न लायक ठाँउ भएर बस्न थालेको हुनु पर्दछ । सल्यानबाट भित्रिवनको धुरी काटेपछि आफ्ना दाजुभाइसँग पनि भेट हुने । तलपट्टी  सल्लै सल्लाले र धानको फाँटैफाँटले घेरेको, माथिपट्टि लाली गुराँसको मनोरह दृश्य, खर्शुले भरिएको हरियो जंगल, तङ्मखोला गल्कोट र चन्द्रकोटको सिमाना रहेको ठाउँ उपयुक्त ठानी बसोबास गरेको हुनुपर्दछ ।

गल्कोट र चन्द्रकोट राज्यको सिमाना तङ्खोलाले छुट्टाएको थियो । गोविन्द गौतमको पालामा एउटा ठूलो राँगो तङखोलाको किनारमा चर्न गएको थियो । त्यसैवखत चन्द्रकोटका राजा शिखार खेल्न आएका थिए । राजाले बँदेल भनेर राँगोलाई गोली ठोकेर मारीदिए । यो घटना गोविन्द गौतमले थाहा पाई चन्द्रकोटका राजासँग कुरा गरे । राजाले आफ्नो गल्ती स्विकार गरी क्षतिपूर्ति माग्न भने । गौतमले राँगाको छालाबाट घेर्न सकिने जमिन दिनको लागि माग गरे । राजा जमिन दिन सहमत भए । राँगाको छालाबाट मसिनो डोरी (नर) निकालेर घेरा हाल्दा हालको थप्लुङ फाँटको डाँडा खेतको ढीकमाथि सम्मको जग्गा भेट्यो ।

राजाले ढीक माथिको डाँडा खेत, टारी, गौरी, गौसरा, ठूलो डिहीं भनेर वर्तमान समयमा पनि चिनिने खेत गोविन्द गौतमलाई दिए । डाँडाखेतको ढीक तल हुग्दी खोला सम्म पर्ने जमिन भने गोविन्द गौतमका माहिला छोरा कालुपाध्ये गौतमको समयमा गाँभिएको हो । पछि थपिएको भएर यस ठाउँलाई थप्लुङ भनिएको हो। धावा फाँट पनि कालुपाध्ये गौतमकै समयमा सल्यानमा समेटिएको हो । यसरी फर्केरहेर्दा धावा र थप्लुङ चन्द्रकोट राज्य अन्तर्गत पर्दथ्यो । पछि गोविन्द गौतम र उनका छोरा कालु गौतमको समयमा गल्कोट राज्य भित्र रहेको देखिन्छ ।

## ६.५ गौतमहरूको जनजीवन

नेपाल अधिराज्य गाउँहरूले भरिएको देश हो र अहिले तिव्ररुपमा शहरीकरण हुँदै गएको छ । यहाँको अर्थतन्त्र वैदेशिक रेमीटान्स, कृषि र कृषिजन्य वस्तुमा निर्भर छ । मुलुकको भौगोलिक र वाणिज्य स्थिति जस्तो छ त्यस्तै यहाँका बासिन्दाको हुनु स्वभाविकै हो । मुलुकको पर्याप्त विकास नभएकाले आम जनताहरु गरिबीको रेखामुनी परेका छन् र त्यो क्रम तीव्ररुपमा बढिरहेको छ । हालसम्म त्यस गरिबीको रेखामुखीको जनसमुदायको कल्याणका लागि शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ता, कपडा, रोजगार, सुरक्षा, यातायात, सञ्चार, सिप तथा बेरोजगार हटाउने कार्यक्रमहरू आएका पनि छैनन । यस्तो परिस्थितिमा नयाँ कार्यक्रम जनसमक्ष ल्याउनुपर्ने र त्यसमा निम्ति जनसङ्गठन गरी मानवीय स्रोतलाई जुटाउनुपर्ने भएको छ । त्यस्तो परिस्थितिलाई हृदयङ्गम गरी आफ्नो वर्गमा मानिसलाई वंशका पहिचान गरी नेपाल अधिराज्य बाहिरसम्म छरिएर रहेका गौतमहरूको अध्ययन चरणमा एक पाइला अगाडि बढाउने उद्देश्यले सर्वप्रथम अध्ययन गरिएको छ ।

चन्द्र वंशीहरूमा ५ हजार वर्ष अगाडिको वंशावली उतार हुँदा भगवान कृष्णको वंश ६४ पुस्तामा परेको छ *(गौतम, वि.स.२०७०, पृ.११)*। वंश र कुल पूजा एक आपसमा एक आपसमा जोडिएका विषय हुन् । वंशावली लेख्न काम पूर्वीय परम्परामा पौराणिक कालबाटै रहिआएको जानकारी प्राप्त हुन्छ । बेलायतमा पनि वंशलेखनको परम्परा सोह्रौ शताब्दीबाट भएको बुझिन्छ र त्यसक्रममा WILSON, NELSON, TEMPLE, TEACHER, HANOVER FAMILY बाट समेत प्रारम्भ भएको पाइन्छ र त्यसको प्रसारण सारा यूरोप र अमेरिकासम्म भएको हो । तर नेपालमा यूरोपेली प्रभावबाट वंशावली लेख्न प्रेरित नभई गौतम वंशावली, चालिसे वंशावली, अर्याल, वंशावली, आचार्य वंशावली, गोपाल वंशावी, सेन वंशावली, भाषा वंशावली, बाइसीचौबिसी वंशावली जस्ता वंशावली लेखनसम्बन्धी

कार्यहरुबाट प्रेरणा प्राप्त भएको र प्रस्तुत वंशावलीको पाण्डुलिपि तयार गरेका छन् । हालसम्म जानकारी भएका वंशावलीमा गौतम वंशावली, गोरखा वंशावली बानिया, खनाल, कोइराला, पोखरेल, नेपाल, कार्की, थापा, गुरुङ, मगर, तामाङ, ढुङ्गेल, पौडेल, बराल, सिञ्जापति, बस्न्यात, चाँपागाई, अर्ज्याल, भट्टराई, ज्ञवाली, लम्साल, खड्का, कुँवरराणाजी वंशका वंशावलीका ग्रन्थहरु प्रकाशनमा आइसकेका छन् भने प्रकाशोन्मुख वंशावलीहरु पनि प्रशस्त छन् । यसै क्रममा वंशावली सङ्कलन, खोजी, चर्चा र पहिचान गर्ने कार्य पनि तीव्र गतिमा अगाडि बढेको पाइन्छ ।

नेपाल अधिराज्यभित्र र अन्तर्राष्ट्रिय धरातलमा समूह-समूहमा वितरित रहेका सबै गौतम एउटै वंशका  हुन् । बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा गौतमहरुको कुल पूजामा आएको परिवर्तनलाई अध्ययन गर्नु यस कार्यको उद्देश्य हो । नेपालको एकिकरणपूर्व नेपालका नदी पद्धतिका आधारमा कर्णाली, गण्डकी, बाग्मती र कोशी प्रवाह प्रश्रवण क्षेत्रमा स-साना रियासत, राज्य, थपौला तथा सामन्तहरु थिए । अधिकांश त्यस्ता साना आकारहरु राज्यहरुमा हिन्दू किराँत राजाहरुको शासन गर्दथे । ती राजाहरुलाई राजकाज, कर्मकाण्ड, पठनपाठन, नीतिरीति, दण्ड, पुरस्कार, षट्गुण्य र कूटनीतिको शिक्षा धर्माधिकारी वा राजगुरूहरुले प्रदान गर्थे । त्यसरी स-साना राजाका गुरु-पुरोहित भई बसेका समेत प्रमाणहरू पनि गौतम वंशमा घोत्लिदा प्राप्त भएका छन् । प्रस्तुत अध्ययनगौतमको कुल पूजा र यसमा आएका परिवर्तनहरूअध्ययन गर्ने विषय इतिहासको धरातलमा आधारित रहेको छ ।

मलैबम राजाका साँहिला छोरा प्रीतिबम मल्ल रुकुमको गोतामकोटमा  उपराज्य खडा गरी राजा भएर आए । यही क्रममा दरवारमा गुरू पुरूहितको आवश्यक पऱ्यो । राजाले पूर्वजसँग परामर्श गरी काशीदासका सन्तान निम्बुकका छोरा कापडीलाई गुरू पुरुहितको रुपमा दरवारमा ल्याइएको थियो । यिनै कापडीले राजालाई शिक्षादिक्षा दिन थाले । गोतामबाट राज्य सिमा बढ्ने क्रमसँगै गोतामेहरू पूर्वतिर सर्दै गए *(गौतम, शालिग्राम वि.स. २०६९ पृ.१-४)* ।

गोतामकोटमा अत्रि वंशीय राजा भएका थिए भन्ने इतिहास पाइन्छ । ब्राह्मण राजाहरूले प्रशस्त गाई पालेका थिए । गाईलाई घाँस  पराल दिनको लागि तामाको डुँड बनाइ गाईको सेवा गरेको कुरा बुझिन आएको छ । ब्राह्मण राजाको  शासनकालमा गाईको हेरचाह गर्ने गोठालालाई कठिन भएको थियो । ब्राह्मण राजाले गाईका सेवामा कुनै

पनि किसिमले कमी आउन दिएनन् घाँस काट्ने, दूध दुहुने, दही, घिउ बनाउने आदि काम गर्दा त्यहाँका शासकले ब्राह्मणको शासन कडा ठानी रुकुमबाट ठकुरी राजालाई शासनको भार सुम्पिई ब्राह्मण राजालाई पदच्यूत गरे *(गौतम, नारायण वि.स. २०७० पृ.३०)*। यिनै गोतामेले राजकाज चलाएको ठाउँ गोतामकोट हो ।

गोतामकोट बिर्ता पाएर गोताम थर भनिएका अत्रिगोत्रीय गोतामेका सन्तानमध्ये हालको रोल्पा जिल्लाको रूमटा भन्ने ठाउँमा जन्मेका नारायण खत्री गोतामेले बाल्यअवस्थामै सन्यास लिएका थिए । उनले 'हंशानन्द गिरी' नाम धारण गरी तपस्या गरेर बसेको ठाउँमा स्थापना गरेको स्वर्गद्धारी आश्रम हाल नेपालकै प्रमुख तीर्थस्थलमध्ये एक मानिन्छ । नारायण खत्री गोतामे "हंशानन्द गिरी" ले नै "स्वर्गद्धारी प्रभु" को नामले ख्याती प्राप्त गर्नुभएको छ । *(शर्मा गौतम, वि.स.२०७४, पृ.११)*। उनी रूमटाका बासुदेव गौतमका नाति थिए । उनको जन्म पिता सन्तुराज गौतम र माता श्वेता कुमारी गौतमको काखबाटवि.स. १९१६ मा भएको थियो । उनको न्वारनको नाम नारायण गौतम थियो । उनी जन्मेको छ दिनका दिन उनको आमाले मासु खाएकोले आमाको दूध खान छोडेको किंवदन्ती छ । बाल्य अवस्थामा उनलाई गाईको दूध खुवाएर हुर्काइएछ । यी बालकले छ वर्षको उमेर देखि नै तपस्या गरेकोले "बाल तपस्पी" भनिन थालेको रहेछ । । उनको देहान्त वि.स. १९९७ साल मंसिर १० गते सोमवारका दिन भएको हो ।

नेपालमा ७७ जिल्लामध्ये अधिकांश जिल्लामा गौतमहरूको बसोबास रहेको पाइन्छ । नेपालको एकीकरण पूर्वकालबाटै विभिन्न क्षेत्रमा कुनै न कुनै तरिकाले राज्यसमृद्धिको भूमिका खेल्दै आएका गौतमहरुले बृहत् नेपालको निर्माणमा उच्च मूल्याङ्कन हुने किसिमको योगदान गरेका छन् । त्यसकारण गौतम वंश नेपाल राष्ट्र निर्माणका एक अभिन्न अङ्गको रुपमा रहेको देखिन्छ । नेपालको राष्ट्रिय अस्तित्वसँग गौतम वंशको पनि अन्य वंशसरह प्रत्यक्ष सरोकार रहेको छ ।

अत्रिका सन्तान ऋतुभद्रका आठौ पुस्ताका काशिदास सिञ्जाली राजदरबारमा अग्निहोत्री कर्म गर्ने नैष्ठिक ब्राह्मण थिए भने ऋतुभद्रका ३३ पुस्ताका सन्तान स्वामी बद्रीनाथ गौतम पृथ्वीनारायण शाहका दरबारमा अग्निहोत्री कर्म गराउने पण्डित थिए । पृथ्वीनारायण शाहदेखि शाहवंशीय दरबारमा बद्रीनाथकै सन्तानले अग्निहोत्री कर्म गर्दै आएका थिए । गणेशप्रशाद शास्त्री गौतम पनि नारायणहिटी दरबारमा  अग्निहोत्री कर्म

गराउने पण्डित थिए । राजा विरेन्द्रको पालासम्म यिनै परिवारले दरबारमा  अग्निहोत्री कर्म गरेका थिए ।

परम्परादेखि केही ठाउँमा गौतमहरूले आफ्नो वंशावली तयार पार्ने कार्यलाई अगाडि बढाउने प्रयास गरे पनि एकै गोत्र र एकै थर भएका अन्य कुनै खास भेद नभएका गौतमहरूको  एउटा पनि इतिहासमूलक कुल पूजाको अध्ययन हुन सकेको थिएन । त्यस कुरालाई प्राथमिकता दिई सकेसम्म सबैजसो ठाउँ र क्षेत्रका गौतमहरूको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गरी शोधपत्र तयार पार्ने काम भएको छ । गौतम वंश एउटा खानदानको थर भएको सामाजिक वर्ग हो ।यिनै गोतामेले राजकाज चलाएको ठाउँ गोतामकोट हो ।  राजदरबार परिवारसँग पनि गौतमको पहुँच पुगेको वर्ग हो । राजदरबारमा पण्डितको रुपमा कार्य गर्दै आएको थियो ।  सर्सर्ती अध्ययन गर्दा सामान्यतः राजा भएको, केही गौतमहरू राजदरबारसँग पहुँच भएका, कोही गरिबीको रेखामुनी परेका, केही आफ्नो जीविकासम्म गर्न सक्ने र थोरै मात्रमा आर्थिक समस्या देखिएका छन् । त्यस्तो स्थिति भोगिरहेका आफ्नो संस्कार, परम्परा, लोकाचार, कुलाचार हैसियतसमेत बचाउन नसक्ता कतिपयले धर्म परिवर्तन गरेका वा त्यस्तो सङ्गत, प्रलोभनबाट उच्च आर्यमर्यादा त्यागी दिग्भ्रममा परेका बन्धुहरुको बारेमा पनि यदाकदा सुनिदै आएको छ । गौतमहरूको हिन्दू धर्म भनेको आफ्नो पहिचान भएकोले कहिल्यै पनि गुमाउनु हुदैन । अनेक प्रलोभनमा परेर धर्म परिवर्तन गर्नबाट रोकिनु पर्दछ ।

## अध्यायसात

## गौतमहरूकोकुल पूजामा बलि प्रथा

### ७.१ बरेङ गाउँपालिकाका गौतमहरूको सङ्क्षिप्त परिचय

बरेङ गाउँपालिकाका धुल्लुबाँस्कोट र हुग्दिशिरमा गौतम घर परिवारको बसोबास छैन । बाटाकाचौर, सल्यान र सुखौरमा बसोबास छ ।यी परिवारको घरधुरी सङ्ख्या बाटाकाचौर, सल्यान र सुखौरमा क्रमशःछ, तीनसय पचास र अठार रहेको छ ।कुनै बेला गौतमहरूको घरधुरी सङ्ख्या सल्यानमा १८ र बाटाचौरमा १२ थियो *(अन्तर्वार्तालीलामणि शर्मा गौतम : २०७९/०५/१६)* ।अहिले सरसर्ती गौतमहरुको बस्ती हेर्दा वरेङ गाउँपालिकाको हुग्दिशिर र धुल्लुवाँस्कोटमा छैन । सल्यान, सुखौरा र बाटाकाचौरमा यिनीहरुको बसोबास छ ।

बहुसङ्ख्य गौतमको सल्यानमा वस्ती रहेको छ । करिव ३५० घर परिवार सल्यानमा बसेको देखिन्छ । सल्यानमा मुख्य वस्ती स्थल थप्लुङ, धाँवा, तल्लाथोक, कामीटोला, भनिडाँडा, डाँडा, पाल्यावन, राजबोट, कार्तिके, हिले, वगाले, लैंख, तिते, वखलढुङ्गा, बाटामुनी, डहरे र ठूलापोखराको आसपासमा रहेका छन् । यी सबै ठाउँमा गौतम बस्ने गरेका छन् । सल्यानको चारैतिर छरिएर रहेका छन् । सल्यानमा पौडयाल, ज्ञवाली, चालिसे, कुँवर र मगरको पनि नगण्य मात्रमा वस्ती रहेको छ । त्यहाँ कामी, दमै, सार्कीको पनि बसोबास रहेको छ । दलितहरुको बसोबास भने निश्चित ठाउँ तोकेर तिते, लेख, वगाले, चित्रेटोला र कामीटोलामा पुरानो वस्ती रहेको छ भने अहिले छरिएर वस्ती विस्तार भएको छ । गौतमहरु तराईतिर बसाई सर्दा यिनीहरुलाई बीचबीचमा बस्ने मौका मिलेको हो । तल्लाथोक यिनीहरुको मुख्य बसोबास स्थल बनेको छ ।

बाटाकाचौरको पदमफुल, चौर र लिग्दीमा यिनीहरूको बसोबास थियो । पदमफुलबाट बसाइँसराई गरेर एक घर परिवार बाटाकाचौरको नयाँबजार आईसकेका छन् । अन्य घर परिवारको तराईका विभिन्न इलाका र राजधानी काठमाडौंमा बसाइँसराई भई सकेको छ । अहिले चौर, लिग्दी र नयाँबजारमा मात्र बसोबास छ । बाटाकाचौरकागौतमहरूतराई र राजधानी काठमाडौं जस्ता ठाउँमा बसाइँसराई भएपछि घरधुरी सङ्ख्याघटेको हो । बसाइँसराई भैसकेका र त्यहाँ बस्नेको घरधुरी सङ्ख्या२२ पुगेको छ । सल्यानमा १८ घरधुरीबाट ३५० भएको हो । तुलनात्मक रूपमा बाटाकाचौरमा गौतम परिवारको जनसङ्ख्या वृदि भएको पाइँदैन । त्यस्तै यिनीहरूको बसाइँसराई गरेर

आएकोस्थानको विवरण पनि स्पष्ट छैन । अर्घखाची, गुल्मी र बाग्लुङ जिल्ला मध्ये कुनै ठाउँबाट आएको हुनुपर्दछ । नयाँबजारमा बस्ने गोतामेहरूले आफूलाई बाग्लुङ जिल्ला गल्कोटको मल्लबाट आएको बताउने गरेका छन् । नयाँबजारका गौतमहरु पुरोहितको रुपमा बाटाकाचौरमा भित्रिएका थिए । यी परिवारले अहिले पनि पुरोहितको कार्य गर्दै आएका छन् । व्यपार र अध्ययन जस्ता शिलशिलामा यी परिवार केही सदस्य काठमाडौं छिरेका थिए । काठमाडौंमा व्यपार व्यवसाय गरेर बसेका छन् । यहाँ भन्दा बढी विवरण यिनीहरूको थाहा हुन आएको छैन । सुखौरा र सल्यानका गौतमहरूको भने विस्तृत जानकारी प्राप्त भएको छ । सुखौरका गौतमहरू पनि सल्यानबाटै गएका हुन् । सुखौरा र सल्यानका गौतमहरूको विस्तृत विवरण यस्तो छ ।

बाग्लुङ जिल्लाको गल्कोटको गल्याङ्बाट ३५ औ पुस्ताका गोविन्द गौतम सल्यान आई बस्न थालेका थिए । उनकै सन्तान अहिले सल्यान र सुखौरामा फैलिएका छन् । हालको तल्लाथोकमा बस्ती बसालेका थिए । उनी बस्ने बेला तल्लाथोकको पुरनठाँटीमा पानीको मुहान थियो । त्यहाँकोपानी भासिई तुषारे निस्केको हो *(अन्तर्वार्ताडीलाराम शर्मा गौतम : २०७९/२/१५)* । कसैकसैले भने पुरठाँटीमा रहेको पानी भाषिइ आँखेतबाट निस्केकोभनेका छन् । मानव बस्तीको इतिहास केलाएर हेर्दा नदीको किनारा र पानीको मुहान नजिकै बस्ती रहेको पाइन्छ । पानीको मुहान नजिकै बस्ती हुनु स्वभाविक हो । गोविन्द गौतमले बसोबास गर्न थालेको स्थान तल्लाथोक हो भनेर निर्कोलमा पुग्न सकिन्छ । यस ठाउँमा पानीको मुहान भएको विषयमा उत्खनन् गर्न जरुली छ । उत्खनन् गरेर पानीको मुहान भेटीयो भने सल्यानको गाउँलाई सिंचाइ गर्न सकिन्छ । सल्यानकोतल्लाथोकमा रहेका बारीहरु सिञ्चीत भई खेतको रूपमा परिणत हुने छन् । यस विषयमा सम्वन्धित राज्य तथा सरकारको ध्यान जान जरूली छ । राज्य जहिले जनता र समाजको हिततर्फ उन्मुख हुनु पर्दछ । अनिमात्र लोककल्याणकारी राज्यको आभास जनतासँग पुग्दछ । तवमात्र जनतालाई पनि राज्य हाम्रो लागि हो भन्ने अनुभूति हुन्छ ।

पुरनठाँटी भनेर अहिले पनि चिनिने गरेको ठाउँ हो । तल्लाथोक पुरनठाँटीमा पानीको मुहान भएनेर जोगीको कुटी थियो । जोगी सधै विहान ध्यानमा बस्दथे । पुरानठाँटी नजिकै दक्षिणपट्टिको घरबाट वृद महिला सधै विहान जोगीलाई भेटी चढाएर जाने गरेकी रहिछन् । एकदिन उनको खेतमा रोपाइँ गर्ने बेला परेछ । रोपाइँ गर्न तल धावा वेशी खेतमा जानु पर्दथ्यो । बेलुकी रोपाइँ गरेर बास बस्न पुरनठाँटीको वस्तीमा फर्किने गरिन्थ्यो । वेशी खेतमा

बास बस्ने घर, गोठ केही पनि थिएनन् । पानी परेमा ओडारमा बस्ने गरिन्थ्यो । बिहान सवेरै भोजन लिई दिउँसको लागि पनि खाजाको व्यवस्था गरी लिएर खेतमा जाने गरेका रहेछन् । त्यसैले त्यस दिन ती वृदलाई हतार भएछ । उनी विहानै हतारहतारमा जोगीलाई भेटी चढाउन गईछन् । त्यसबेला जोगी ध्यानामा रहेछन् । ध्यानबाट नउठुन्जेल भेटी चढाउन मिलेन । धेरैबेर पर्खदा बल्ल जोगी ध्यान गर्न छोडेछन् । ती वृद महिलाले जोगी ध्यानबाट उठेपछि भेटी चढाएर घर फर्किछन् । उनी घर पुग्दा सधैजसो फर्कने बेला भन्दा निकै अबेर भएको रहेछ । उनका श्रीमान्ले अनेक शङ्खा गर्न थालेछन् । आफ्नी श्रीमतीले जोगीसँग अनैतिक सम्वन्ध गर्दा ढिंलो गरेकी हो भनेर सोचेछन् । रिसको आवेगमा आफ्नी श्रीमतीलाई तामाखुको भाँडोको नियालाको नलिले हिर्काएछन् । तत्कालै उनको मृत्यु भएछ । मृत्यु भएपछि उनको घरमा गाउँलेहरू भेला भएछन् । दाहसंसकारको लागिउनको लास गुल्मी जिल्लाको पूर्तिघाट (काली गण्डकीको किनार) तर्फ लाने निधो गरेछन् । लास त्यहाँबाट भालीडाँडाको चौर, टुटुङ्गे, आखेत हुँदै बेंशी भारेछन् । बेंशीको रिठारूखनेर लास बिसाएछन् । मलामीको अगाडिपट्टि एकजना वृद र जोगी हिंडेको दृश्य देखिएछ । मलामीले अगाडि बढेर भेट्टाउन खोजेछन् तर सकेनछन् । बेशीबाट लास गुल्मीको थुम, चन्द्रकोट, बाउन्नथोक, ग्वाग र फोक्सीङको फाँट हुँदै पूर्तिघाट (काली गण्डकीको किनार) लगिएछ । बाटोमा अगाडि वृद र जोगीको दृश्य देखिरहेछ । पूर्तिघाट पुगेपछि पनि  कालीपार उनीहरूको दृश्य देखिरहेछ । मलामीले लास जलाई रहँदा जोगी र वृदको दृश्य हेरिहेका रहेछन् । दाहसंस्कार सम्पन्न गरेपछि मलामी त्यहाँबाट फकिर्न थालेछन् । फर्किदा पनि बाटोमा अगाडि पट्टि दृश्य देखिरहेछ । वृद र जोगी अगाडि र मलामी पछाडि हुँदै बेशी आइपुगेछन् । अगाडिको दृश्यले मलामी छक्क परेछन् । मलामीले जसरी भएपनि जोगी र वृदलाई भेट्टाउने निधो गरेछन् । बेंशीको रिठारूखबाट  युवाहरू उनीहरूलाई भेट्टाउन दौडिदै अगाडि बढेछन् । हालको सिद्धको थानेर आएर दुवैजना लोप भएछन् । मलामीबीच लोप भएको कुरा आपसमा कानखुशी गर्दै फर्केर पुरनठाँटीमा आएछन् । पुरनठाँटीमा आएर हेर्दा त्यहाँ पानीको धारो पनि सुकेको रहेछ । जोगी पनि आफ्नो कुटी छोडी अलोपभैसकेका रहेछन्*(अन्तर्वार्ता बालकृष्ण शर्मा गौतम : २०७९/०५/१६)* जोगी भनेका भगवान शिवका रुप हुन् । विनाकारण वृदाको हत्या भएको हुँदा भगवान शिव रिसाएर आफू पनि लोप भएको र पानीको मुहान पनि भासिएको हो भन्ने मान्यता समाजमा प्रचलित छ । बेँशीबाट ढाँडा उक्लने मूल बाटोमा सिद्धको पाइला जस्ता देखिनेतीनवटा ढुङ्गा छन् । ती ढुङ्गाको दूरी

करिव ३०० मिटरको अन्तरमा छ । यी ढुङ्गामा अहिले पनि सिद्धको पाइला भनेर फूलपाती चढाउँदै आएको पाइन्छ । सिद्ध लोप भएको ढाँडामा थान बनाइएको थियो । त्यस थानमा प्रत्येक वर्ष बैशाख/जेठ महिनामा भेंडाको पाठो बलि दिएर पूजा गरिन्थ्यो । भेंडाको पाठो सहजरुपमा उपलब्ध नभएपछि पछिल्लो कालखण्डमा सेतो वर्णको बोका बलि दिएर पूजा गर्न थालियो । यो थानमा तल्लाथोक र बेशीघरबाट आई पूजा गर्दथे । समय वित्दै जाँदा मानिसहरु सौखिन हुन पुगे । एकातिर उकालोमा हिड्नु पर्ने र अर्कोतर्फ हुँरी, बतास र पानी पर्दा ओतीने ठाउँको समस्या हुँदा बेशीघर बस्नेहरुले वि.सं २०७६ साल देखि सिद्धको थान बेशीको रिठारुखनेर सारेर पूजा गर्न थाले ।तल्लाथोक बस्ने बन्धुहरूभने बेशी झर्न कठिनाई हुने भएकोले सिद्धको थानमा पूजा गर्न छोडेर माइका थान र छत्रको थानमा मिसिएर पूजा गर्न थालेका छन् । रिठारुख चौपारीको माथिपट्टि काँढेको रुखनेर सिद्धको थान छ । प्रत्येक वर्षवर्षा र सहकालका देवताको रुपमा सिद्धलाई नाताको पूजा भनेर गर्ने गरिएको छ । त्यस्तै सल्यानको माइको थान (तल देउराली), माथि देउरालीको थान (बाँझखोला नजिक), बाखरनेट देउरालीको थान, भनीडाँडाको छत्रको थान, तङखोलाको मुहानमा देउरालीको थान र थप्लुङको देउरालीको थानमा पनिनाताको पूजा गरिन्छ । पिपलसारे र बाखनेटको देउरालीको थानमा पाठी बलि दिइन्छ भने माथी देउरालीको थान रछत्रको थानमा बोका बलि दिने गरिन्छ । त्यस्तै तङ्खोला र थप्लुङमा पनि बोका बलि दिइन्छ । यो पूजा एकै दिनजतासुकै गरिदै आएको छ । पूजा गरेपछि खडेरी अन्त भई वर्षा हुन्छ भन्ने समाजमा आस्था र विश्वास रही आएको छ ।

सल्यान आई बस्न थालेपछि गोविन्द गौतम्का तीन जना सन्तानको जन्म भयो । तीन जना सन्तान दामु गौतम, कालु गौतम, विष्णु गौतम थिए । यी तीनभाइबाट छ भाइ, छ भाइबाट १८ भाइको जन्म भएको हो *(अन्तर्वार्ताबालकृष्ण शर्मा गौतम : २०७९/०५/१६)* । यिनै सन्ततिले अहिले सल्यानको डाँडाकाँडा ढाकेका छन् । दामु गौतम, कालु गौतम र विष्णु गौतमका सन्तानहरूलाई अहिले क्रमश जेठाको परिवार, माइलाको परिवार र कान्छाको परिवार भनेर चिनिने गरेका छन् *(शर्मा गौतम, वि.स.२०७४, पृ.१२)* । दामु गौतम, कालु गौतम र विष्णु गौतमले क्रमशः सल्यानको तल्लाथोकको धाराको थुम्पो, नयाँघरको थुम्को र कामीटोलाको थुम्कोमा घर बनाइ बस्न थालेका थिए । यिनै स्थानबाट यिनका सन्ततिहरू सल्यानभर फैलिएका हुन् *(अन्तर्वार्तालीलामणि शर्मा गौतम : २०७९/०५/१५)* । धाराको थुम्को ठूला पोखरादेखि दक्षिण पट्टि रहेको अग्लो थुम्को हो । यस

ठाउँमा अहिले दलितहरूको बसोबास रहेको छ । नयाँ घरको थुम्को भाँलुडाँडाको चौरको सिधामाथि पट्टि रहेको थुम्को हो । यस ठाउँमा पनि दलितहरूकै बसोबास छ । कामीटोलाको थुम्को पहिखोलाको उत्तर पट्टि र हालको सल्यान सुखौरा माध्यामिक विद्यालयको दक्षिण पट्टिको थुम्को हो । विष्णु गौतमले बस्ती बसालेको ठाउँ अहिले खड्क देवताको मन्दिर रहेको आसपासमा हुनुपर्दछ । यो जग्गा अहिले पनि कान्छाका परिवारले भोग चलन गर्दै आएका छन् ।

यसरी गोविन्द गौतमका तीन सन्तानहरु धाराको थुम्को, नयाँघरको थुम्को र कामीटोलाको थुम्कोमा बसोबास गरेका  थिए । अहिले भने तल्लाथोकमा कान्छाको तीन घर परिवार र माइलाको दुई घर परिवारको बसोबास छ । तल्लाथोकमा जतातत्तै दलितहरूको बस्तीले ढाकेको छ । सल्यानमा धेरै सङ्ख्यामा दलित बस्ती रहेको स्थल हो । तल्लाथोकमा २६ घर परिवार दलित बस्दै आएका छन् । दलितमा कामीको बाग्लो उपस्थिती रहेको छ । सार्की र दमाईको नगण्य सङ्ख्यामा उपस्थिती छ । जसनुसार घर परिवार सङ्ख्यासार्कीको दुई घर र दमाईको चार घर र कामीको बिस घर रहेको छ । केही कामी र दमाईले आफ्नो परम्परागत पेशा क्रमशः आरनको काम र सिलाईकटाईको कार्य गर्दै आएका छन् । धेरैजसो कामी र दमाईले आफ्नो परम्परागत पेशा छोडी सकेका छन् । दलितहरू वैदेशिक रोजगारमा पनि जाने गरेका छन् भने केही दलित त्यहीं दैनिक ज्यालादार मजदुरी गर्दै आएका छन् ।

तल्ला थोकमा पानीको मुहान भएको हालको पुरनठाटीको आसपासमा गोविन्द गौतमले बसोबास गरेको स्थल हो भन्न सकिन्छ किनकी मानव बसोबास पानीको मुहान र नदीको किनारा नजिक रहेको पाइन्छ । त्यहाँ पानीको मुहान भएकोले  गोविन्द गौतम बस्न थालेको हुनु पर्दछ । उनी कहिलेदेखि बस्न थाले त ?यो खोज तथा अनुसन्धानको विषय हो । राजा तथा महाराजको अभिलेख, ताडपत्र, शिलापत्र, वंशावली आदिमा उल्लेख गरिने भएकोले सजिलै शासनकालको समयवधि थाहा पाउन सकिन्छ । तर यो छुट्टै विषय भएकोले मिति थाहापाउनु आफैमा कठिन कुरा हो । यति हुँदाहुँदै पनि थानेश्वर गौतम (वि.स.२०७४) को गौतम वंशावलीमा वि.स. १७०० तिर बस्तीबसेको अनुमान गरिएको छ । गौतम समाज स्मारिका (२०६१) मा रामबहादुर गौतमको गौतम वंशको संक्षिप्त चिनारी लेखनुसार वि.स. १६६९ सालमा गुल्मीका रामसिंह बर्मा राजाले खिदिमको गाउँ कुश बिर्ताको रुपमा श्रीधर गौतमलाई दिएको उल्लेख छ । श्रीधर २९ पुस्ताका भएको गौतम वंशावली (२०६९) मा

भनिएको छ भने खिदिमबाट सल्यान आउने गौतम ३५ पुस्ताका मानिएको छ । यसलाई विश्लेषण गर्दा २९ पुस्ताबाट ३५ पुस्ता सम्मपुग्दा ६ पुस्ता हुन्छ । इतिहासको चलनअनुसार एक पुस्तालाई पचिस वर्ष समयवधि मान्दा छ लाई पचिसले गुणा गर्दा १५० वर्ष हुन्छ । वि.स. १६६९ मा १५० जोड्दा वि.स. १८१९ हुन आउँदछ । अर्कोतर्फ पृथ्वीनारायण शाहको राजदरवारमा पुरुहित बस्ने धादिङका ब्रदीनाथ गौतम ३३ पुस्ताका भएको कुरा उल्लेख गरिएको छ । पृथ्वीनारायण शाहको शासनकाल समय अवधि वि.स. १७९९ देखिवि.स. १८३१ सम्म हो । लगभग वि.स. १८०० सम्म पुग्दा ३३ पुस्ता भएको देखिन्छ । एक पुस्तालाई पचिस वर्ष मान्दा ३५ औ पुस्ता पुग्दा वि.स. १८५० हुन आउँछ । धेरै टाढाको पुस्ताको आधारमा मात्र बस्ती बसेको मिति तोक्नु उचित नहोला । वि.स. १६६९ सालमा गुल्मीका रामसिंह बर्मा राजाले खिदिमको गाउँ कुश बिर्ताको रुपमा गौतमलाई दिएको मितिको आधारमा पुस्ताको विश्लेषण गर्दा वि.स.१८१९को आसपासमा बस्ती बसेको देखिन्छ । स्थानीय बुढापाकाको भनाइ अनुसार अहिले वस्ती रहेको देउजीको थाननेर घना जंगल थियो । त्यहाँ गाईवस्तुको लागि घाँस लिन जाने गरेको बताउने गरेका छन् । त्यस्तै बुढापाकाले गोविन्दगौतम र उनका सन्तानको नाम उच्चाहरण गर्नुले वि.स.१८१९ को आसपासमा बस्ती बसेको हो भन्ने स्पष्ट आधार मिलेको छ । यस भन्दा धेरै पहिले वस्ती बसेको भए भुली सक्थे ।

सल्यानमा बस्न थालेपछि गोविन्द गौतमका तीन जना पुत्र जन्मेका थिए । जेठा, माइला र कान्छा क्रमशः दामु गौतम, कालु गौतम र विष्णु गौतम हुन् । अहिले सल्यानमा दामु गौतमका सन्तानलाई जेठाको परिवार, कालु गौतमका सन्तानलाई माइलाको परिवार र विष्णु गौतमका सन्तानलाई कान्छाको परिवार भन्ने गरिन्छ । जेठाको र कान्छाको सन्तान भने वरेङ गाउँपालिकाको सुखौरमा समेत गई बसोबास गरेका थिए । सुखौरामा जे जति गौतम छन् गोविन्द गौतमकै सन्तति हुन् । माइलका परिवार वरेङ गाउँपालिकाको सल्यानबाट यसै पालिकाको अन्यत्र बसाइँ सरेर गएको पाइएको छैन । यी तीनै परिवारको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

**जेठाको परिवार** : जेठाको परिवार माइलाको भन्दा बढी र कान्छाको भन्दा कम सङ्ख्यामा फैलिएको छ । बहुसंख्यक ब्राह्मण भएको परिवार हो । सबैभन्दा शिक्षित परिवारको रुपमा समेत चिनिएको छ । सल्यानमा शिक्षाको ज्योती फैलाउने परिवार हो । सल्यान सुखौरा प्राथमिक, निम्न माध्यामिक र माध्यामिक विद्यालयको प्रधानध्यापक पद २०२३/०९/०१

देखि लगातार हालसम्म यही परिवारका सदस्यहरूले समाल्दै आएका छन् । त्यहाँ बसोबास गर्ने काल्यासोरा, काँफलपोखरी, किमबोटे, गैरा, डहरे/राजबोट, बुढामुख्य, थोर्गेली, बाटामुनी, बाटाघर, पानीबाटा, रिपाह, ठूला सौरा/बर्मेली, धारा, एक्लेबाँझ, एक्लेसल्ला भनेर चिनिने घर परिवारलाइ जनाउँदछ । जेठाको परिवार वरेङ गाउँपालिकाको सुखौरामा पनि बसोबास रहेको छ । सुखैरामा बस्ने बाटामुनी (धम्पु) का गौतम घरपरिवार पनि जेठाको सन्तान हुन् ।

जेठाका सन्तानका एक समूहलाई थोर्गेली परिवार भनिन्छ । सल्यानबाट गुल्मीको थोर्गा गई केही समय बसोबास गरी पुनः सल्यान फर्केको हुनाले थोर्गेली परिवार भनिएको हो । थोर्गेली परिवारमा उपल्लाहर, तल्लाहर, देउराली गौरा भनेर चिनिने घर परिवार हुन् । यिनीहरू चितवनको क्षेत्रपुर, यज्ञपुरी लगायत तराईको विभिन्न इलाकामा बसाइँसराई गरेर आएका छन् । केही घर परिवार भने सल्यान र सुखौरमा पनि बस्दै आएका छन् ।

जेठाको सन्ततिको अर्को एक समूहलाई गल्कोटे परिवारभनिने गरेको छ । सल्यानबाट गल्कोट गई केही समय बसोबास गरी पुनः सल्यान फर्केको हुनाले गल्कोटे परिवार भनिएको हो । यी परिवार बाग्लुङको सल्यान,गल्कोट, दुधिलाभाटी भन्ने ठाउँमा छरिएर रहेको पाइन्छ । यी परिवार भित्र सल्यानमा देउजी, डाँडा, लेख, भुङ्गाने, धारा, देउराली र भनिडाँडा भनेर चिनिने घर परिवार पर्दछन् ।सल्यानमा १३ घर परिवारको बसोबास छ । बसाइँसराई गरी तराईका वर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लाको भुताह, रुपन्देही जिल्लाको भैरहवा, बुटबल, छोपिया, रुद्रपुर हरैया, फर्साटिकट र मुर्गिया लगायत विभिन्न ठाउँमा४२ घर परिवार बस्न थालेका छन् । अहिले पहाड र तराई बस्ने घर परिवार सङ्ख्या ५५ छ । *(अन्तर्वार्ताभिवान सिंह खत्री : २०७९/२/१५)* । यसरी हेर्दा लगभग ७६ प्रतिशत घर परिवार तराईमा बसाइँ सरेको देखिन्छ भने २४ प्रतिशत गाउँमा बस्ने गरेका छन् । गल्कोट परिवारको ठूला हिस्सा तराईतिर बसोबास गरेको देखिन्छ । आयस्रोत कम भएका परिवार गाउँमा बस्दै आएका छन् । सल्यानका लगभग सबै गौतम परिवारको अवस्था यस्तै रहेको छ ।

सल्यान र सुखैरामा बस्ने जेठाको घर परिवार तराईका विभिन्न इलाकामा बसाइँसराई गरेका छन् । बसाइँसराई हुँदासल्यान र सुखैरामा घर परिवार सङ्ख्या घट्दै आएको छ । गाउँमा शिक्षा, स्वास्थ्य, रोजगार जस्ता समस्याले गर्दा बसाइँ सरेर जान बाध्य भएको पाइन्छ । राज्यले समयमा ध्यान पुऱ्याई गाउँमा शिक्षा, स्वास्थ्य, रोजगार जस्ता विषयलाई प्राथमिकता दिई व्यवस्थापन गर्न सकेमा बसाइँसराई घट्न सक्छ । यस विषयमा

राज्यको ध्यान जान जरुली छ । अर्को पक्ष भनेको गाउँमै रोजगारी सिर्जना गरेर वैदेशिक रोजगार बन्द गर्न सकेमा गाउँबाट हुने बसाइँसराई रोकिने देखिन्छ ।

**माइलाको परिवार :** माइलाको परिवारसबैभन्दा कम सङ्ख्यामा फैलिएको छ । सल्यानमा बसोबास गरेका कोल, तल्लार, देउराली, धर्मशाला, नयाँघर, पल्लाहर, पाल्पाली, बागखोर, भाँलुडाँडा/पुच्छरडाडा, बनियापखरा, सिरानघर, माजर र वेशीयारे घर परिवार हुन् । अहिले सल्यानमा ४५ घर परिवारको बसोबास छ । ती मध्ये धावा बेशीघर ३७ घर परिवार र हिले दुई घर परिवार र माथिमाजर चार घर परिवार, तल्ला थोक दुई घर परिवार छन् । धेरैजसो यी परिवारको सल्यान धाँवाबेशीघर, वर्दघाट सुस्ता पश्चिम नवलपरासीको भुताह र रुपन्देहीको छोपियामा बसोबास रहेको छ । त्यस्तै गुल्मी जिल्लाको शान्तिपुर र चितवन जिल्लामा क्रमशः एक घर र चार घर परिवारको बस्ती रहेको छ । बसाइँसराइले गर्दा सल्यानमा घर परिवार सङ्ख्या घट्दै आएको हो ।

अहिले माइलाका परिवार (क्षत्री समूह) भनेर चिनिने गरेका कोल, तल्लार, देउराली, धरशाला, नयाँघर, बागखोर, माजर र वेशीयारे घर परिवार कान्छाका परिवार हुन् । माइलका परिवार (ब्राह्मण समूह) पल्लाहर, पाल्पाली, भाँलुडाँडा/पुच्छरडाडा, बनियापखरा, सिरानघर भनेर चिनिने घर परिवार हुन् । यी परिवारमासदस्य सङ्ख्या कम भएछ । यिनी परिवारले कोल, तल्लार, देउराली, धरशाला, नयाँघर, बागखोर, माजर र वेशीयारे परिवारका पुर्खालाई आफ्नो परिवारमा आउन आग्रह गरेछन् । दुवै परिवार आपसमा गाभिँने सहमती पनि भएछ । दुवै पक्षको आपसी सम्झौतनुसार दहीको ठेकी एकै ठाउँमा मिसाएको दिनदेखि माइलाको परिवार हुन पुगेका हुन् । ठेकी मिसाएको दिनदेखि कान्छाको परिवार छोडेका थिए । कान्छाको परिवारको सदस्य मर्दा नुन छोड्न नपर्ने र तर गाँभिन आएको माइलाको परिवार मर्दा नुन छोड्ने चलन अहिले पनि यथावत छ *(अन्तर्वार्ता यमबहादुर खत्री : २०७९/५/१५)* नुन दुवैतर्फका परिवारले छोड्ने गर्दथे । ब्राह्मण परिवारको सदस्यमा मृत्यु भएमा क्षेत्री परिवारले सात दिन बार्ने र क्षेत्री परिवारको सदस्यको मृत्यु भएमा ब्राह्मण समूहले पाँच दिन बार्ने चलन थियो । अहिले भने यस्ता चलन हट्दै जान थालेको अनुभूती गर्न थालिएको छ ।

माइलाको परिवार सहयोगी, लगनशिल, मेहनती, सोझो र इमानदार छ । भाग्यमा विश्वास नगरी कर्मको आधारमा फल पाउने आशा राख्दै आएको छ ।समाजसेवा र अरुको हितको लागि सधै समय खर्चिदै आएको छ । समाजसेवा र सहयोग उनीहरूको लागि प्राण

भन्दा प्रिय वस्तु बनेको छ । त्यसैले गाउँमा लोकप्रिय परिवारको रूपमा ख्याती प्राप्त गरेको हो । गाउँका धेरै लोकप्रिय व्यक्तिमध्ये कालु गौतमका सन्तति भाँलुडाँडाका पृथ्वी पाध्ये गौतमका छोरा भक्तराम गौतम एक हुन् । वहाँको जन्म वि.स. १९६७ सालमा भएको हो । वहाँको ५० वर्षको उमेरमा वि.स. २०१७ साल मंसिर १ गते बुधवारका दिन निधन भएको थियो । वहाँको निधनले गाउँ नै शोकमय भएको थियो । त्यतिखेर आँशु नबग्ने कोही पनि थिएनन् । घर परिवार सदस्य जति रोए त्योभन्दा बढी गाउँले रोएका थिए ।गाउँले र घरपरिवारको धेरै दिनसम्म रूवाबासी चलेको थियो । हाल वहाँको पलाति सन्दिप गौतमले आफ्ना पुर्खा सरह लोकप्रियता प्राप्त गरेका छन् *(अन्तर्वार्ताटीकाराम शर्मा : २०७९/३/१५)* । जो मर्दा पनि घर परिवारको सदस्यमा रुवाबासी चल्नु स्वाभिक हो । घर परिवारको सदस्यमा रुवाबासी हुनु र सारा गाउँलेमा रुवाबासी चल्नुले विशेष अर्थ राख्दछ । यसको मतलब भक्तराम गाउँलेहरूको सेवामा तल्लिन भएर उनीहरूको अवश्य पनि दाहिने हात भइ लोकप्रियतामा ख्याती प्राप्त गरेको हुनुपर्दछ । वर्तमान संसारमा स्वार्थी, व्यपारी र प्रेमी गरी तीन किसिमका मानिस हुन्छन् । स्वार्थी मनुश्यले त कलि युग ढाकिसक्यो । व्यपारी मनुश्य पनि कमै होलान् । तर प्रेमी मान्छे पाउन गाऱ्है पर्छ । भक्तराम प्रेमी मान्छेका एक उदाहरण हुन् । वहाँमा स्वार्थ र व्यपार रहित प्रेमी गुण भरिपूर्ण भएकोले लोकप्रियता हासिल गरेका थिए । निस्वार्थ तरिकाले अरुलाई सहयोग गर्ने गुण हुनु नै प्रेमी मान्छेको लक्षण हो । यो त कलि युग हो प्रेमी मान्छे पाउन त सत्य युगमा फर्किनु पर्दछ । तर कलि युगमै भक्तराम जस्ता प्रेमी मान्छेको जन्म भएको रहेछ । यस्तै नेपालका शासक भई दिएकोभए नेपाल आज आर्थिकरुपले सम्पन्न भई विकसित राष्ट्र भइसक्थ्यो । नेपालीहरू रोजगारीको लागि विदेशमा भौतारीनु पर्ने थिएन ।आफ्नै देशमै रोजगार पाउँथे । नेपाल र नेपालीहरु पर निर्भर हुन  पर्ने थिएन । यो संसार नै विचित्रको छ । यस्ता लोकप्रिय व्यक्ति विरलै धरतीमा पाइला टेक्छन्,पाइला टेकीहाले पनि पुरा आयु भोग गर्न पाउँदैनन् । तर नीच, घटिया, कुर्कमी,पापी, दुष्ट र अपराधीको मुत्युपछिको स्थान खाली नहुँदा धेरै वर्षसम्म यस धरतीमा जीवित रही विनाकारण अरूलाई दु:ख दिइरहेका हुन्छन् । मन, बचन र कर्मले अरुको कुभलो चिताउनु नै नीच, घटिया, कुर्कमी, पापी, दुष्ट र अपराधीको लक्षण हो । उच्च सोचविचार भएका मान्छे ज्ञानविज्ञान, आफ्नो पेशा व्यवसाय र विषयवस्तुको कुरा गर्दछन् । निम्न सोचविचार बोकेका नीच, घटिया, कुर्कमी, पापी, दुष्ट,दानव, अधर्मी

रअपराधीहरुको लागि अरुको कुरा काट्नु, कुभलो चिताउनु र चरित्र हत्या गर्नु जीवनकै प्रमुख पेशा बनेको हुन्छ ।

यस परिवारले गाउँमा पटक पटक मुखिया र जिम्वाल जस्ता पदको पनि जिम्वेवारी बहन गरेको हो । यही परिवारका सदस्यवि.स. २०४९ देखि २०५४ गा.वि.स अध्यक्ष भएका थिए । वि.स.२०५८ देखि २०७३ सम्म गाउँमा गा.वि.स अध्यक्ष/सचिव पदको कार्यभार पनि यस परिवारका सदस्यले समाल्ने अवसर पाएका थिए । गाउँको सामाजिक कार्यमा पनि तल्लिन रहदै आएको छ । यस परिवारका सदस्यबुद्धसिंह खत्री गोतामेले सल्यानको तलुका ( गौडा) मा रहेको भिर (पँहरो) काटेर बाटाकाचौर निस्कने बाटो निमार्ण गरेका थिए । बरेङ गाउँपालिकाको बाराकोटबाट मगरलाई पहरो काट्नको लागि आमन्त्रण गरेका थिए । मगरले पँहरो काटेर बाटो निकालेका थिए *(अन्तर्वार्ताचन्द्रबहादुर खत्री : २०७९/२/१५)* । सानो गोरेटो बाटो मात्र थियो । गाईवस्तु हिड्न सक्ने थिएन ।छहरामा ढुङ्गा खानी भेटियो । खानीमा काम गर्ने कामदारले बाटो विस्तार गरेपछि गाईवस्तु हिड्न सक्ने गरी फराकिलो भएको हो *(अन्तर्वार्तानरबहादुर खत्री : २०७९/५/१५)* । कोलका मुखिया कर्नबहादुर खत्री गोतामेको घरको छानो ढुङ्गाले छाउने ताका विस्तार हुन गएको रहेछ।

यसरी हेर्दा सल्यान र बाटाकाचौर जोड्ने बाटो निकालेर माइलाका परिवारका बुद्ध सिंहले समाजको लागि ठूलो योगदान गरेको देखिन्छ । यदि यो बाटो नखोलेको भए सल्यानमा बस्ने मानिसहरु कोही पूर्वबाट पश्चिम हुँदै दक्षिण तर्फ लागी पुनः पूर्वतर्फ फर्किई बाटाकाचौर जाने गर्दथे । त्यस्तै अरु सल्यानबाट आखेत र ढाँडाको बाटो दक्षिणतर्फ लागी धावा निस्केर फेरी पूर्वतर्फ फर्किन्थे । कोहीकोही भने धुसिनलोटाको बाटो हुँदै दक्षिणतर्फ थप्लुङ गई पूर्वतर्फ लाग्दथे । बाटाकाचौर सल्यानदेखि ठिक पूर्वतर्फ रहेको छ । अहिले हेर्दापनि चट्टान काटेर बाटो निकालिएको प्रष्ट देखिन्छ ।

पुर्खाको पालदेखि हासिल गरेको लोकप्रियता, प्रशिद्ध शालिनता र शिष्टतालाई माइलाको परिवारले सधै कायम राख्दै आएको छ । गाउँमा उच्च छवि राख्न सफल पनि भएको छ । अहिले आएर पनि गाउँको हरेक सामाजिक विकास कार्यमा यस परिवारले भूमिका खेल्दै आएको छ । सामाजिक सेवा र समाजको विकास यस परिवारको मूल मन्त्र जस्तै बनेको छ । जतिखेर पनिसमाजको हितमा तल्लिन हुँदै आएको छ । गाउँको विकासको लागि उज्जवल नक्षत्र जस्तै बनेको छ ।

**कान्छाको परिवार :** सल्यानमा धेरै फैलिएको सन्तान कान्छाको परिवार हो । यिनीहरू लेख, बेंसी, हिले बगाले, सपाउदे, धुसेनी लगायत चारैतिर फैलिएका छन् । यी परिवारका सदस्य सल्यानमा गा.वि.स.को अध्यक्ष एक पटक, गाउँ पञ्चायतको प्रधानपञ्च चार पटक र गाउँपालिका संरचना अनुसार वडा अध्यक्ष एक पटक सम्म निर्वाचित भएका थिए । त्यहाँ बसोबास गर्ने कात्तिके, खर्क, खालीडाँडा, गैरा, गाँवट, घडेरी, घौरन, झारसादी, देउराली गौरा, नेटा, पखरामुनी, पखरार, पाल्यावन, पोखरी, पौरखवाली, पँधेरा, बजेनी, बसाढ, बुढाघर, मँसुरवारी, म्यालका रुख, राजबोट, रामेश्वरा, राहासे, सुर्लीकाफ्ल, अंसारे घर परिवार हुन् । यी परिवार गुल्मी जिल्लाको हराचौरमा पनि फैलिएका छन् । यी परिवारको तराईतिर बसाइँसराई हुँदा सङ्ख्या घट्दो क्रममा रहेको छ ।

कान्छाको कार्तिके भन्ने घर परिवार एक समूह सुखौराको बाउनडाँडामा पर्ने साहुटोलमा बसाइँ सरेर गएको रहेछ । तुल विर खत्री र दामोदर खत्री सल्यानबाट सरेर साविकको सुखौरा गाविस वडा न. एक र दुईमा गई बस्न थालेका थिए । यी दुवैका सन्तान फैलिएर घर परिवार सङ्ख्या २३ पुगेको थियो । अहिले तराई लगायत विभिन्न ठाउँमा बसाइँ सरेर गएकोले अहिले त्यहाँ १४ घर परिवारको बसोबास छ । एक घर परिवार बसाइँ सरेर सल्यानको थप्लुङ भन्ने ठाउँमा बस्न थालेका छन् *(अन्तर्वार्ता टेकबहादुर खत्री गौतम : २०७९/३/१५)* ।

कान्छाको परिवारका सदस्य नर बहादुर खत्रीले वि.स २०१७ सालमा सल्यानको ठूला पोखरीको उत्तरपिट्ट रहेको चउँरको छाप्रोमा गाउँमा लेख्न र पढ्न चाहनेहरूलाई शिक्षा दिन सुरु गरेका थिए । गाउँमा लेख्न र पढ्न चाहनेहरू त्यहाँ गई लेखपढ गर्दथे । उनले सल्यानमा औपचारिक शिक्षाको अध्यापन सुरुवात गरेका थिए । सल्यानमा उनलाई शिक्षाका पिता भनेर चिनिएको छ । उनले इन्डीयन आर्मी सेकेण्ड क्लास (कक्षा ८) उर्त्तिण गरेका थिए । उनको अध्ययन भारतमा सम्पन्न भएको थियो । भारतमा उनको सेवा अवधि पुरा भएपछि सल्यान आई अध्यापन सुरु गरेका हुन् । उनले साधारण लेखपढ सम्वन्धी शिक्षादिन्थे।

यसरी फर्केर हेर्दा सल्यानमा शिक्षाको ज्योती फैलाउने र धेरै शिक्षित व्यक्ति भएको परिवार जेठाको परिवार हो भनेर माथि उल्लेख भैसकेको छ । तर शिक्षाको जग स्थापना गर्नमा कान्छाका घरपरिवारको उल्लेखनिय भूमिका रहेको छ । विद्यालय स्थापना गर्दा कान्छाकै परिवार राजवोट घरपरिवारका सदस्य रणबहादुर खत्री गौतम विद्यालय व्यवस्थापन

समितिका अध्यक्ष थिए भने सदस्यमा कान्छाकै परिवार सदस्य पोखरीका श्री तुलबहादुर खत्री गौतम, माइलका परिवार सदस्य कोलका मुखियाश्री रनबहादुर खत्री गौतम, जेठाका परिवार सदस्य धारका श्री पूर्णबहादुर खत्री गौतम र कान्छाका परिवार सदस्य घौरनका श्री दुर्गाबहादुर खत्री गौतम थिए । श्री नरबहादुर खत्रीले वि.स.२०१७/०१/०१ देखि २०१९/०३/३० सम्म सल्यान सुखौरा प्राथमिक विद्यालयको प्रधानध्यापकको कार्यभार समेत समालेका थिए भने २९ वर्ष सम्म विद्यालयमा अध्यापन गरेका थिए । मिठो शैलीमा अध्यापन सेवा गर्दथे । अध्यापन शैलीको प्रशंसा भई पटकपटक पुरस्कृत समेत भएका थिए । उनले अध्यापन गरेको विद्यालय अहिले माध्यामिक विद्यालयमा परिणत भैसकेको छ । उनले शिक्षामा गरेको योगदान अतुलनिय छ ।

विद्यालय स्विकृति लिनको लागि रणबहादुर खत्रीको अगुवाइमा स्वर्गीय राजा महेन्द्र बाग्लुङ जिल्लाको गल्कोट सवारी भएको अवसर पारी विन्ती पत्र चढाइएको थियो । विन्तीपत्र चढाए लगत्तैस्विकृति पाई वि.स.२०१७ साल वैशाख १ गते औपचारीक शिक्षाको सुरुवात भएको हो । अध्यापन कार्य भने वि.स. २०१६ सालदेखि थालिएको हो । अध्यापन सुरुवात भएकै मितिलाई आधार मानेर विद्यालयको स्थापना वि.स. २०१६ साल भनिएको छ *(अन्तर्वार्ताहरिकृष्ण गौतम : २०७९/२/१५)* ।विद्यालय सञ्चालन गर्नको लागि राहत उठाउने कार्यमा रणबहादुर खत्रीले महत्वपूर्ण भूमिका खेलेका थिए । सल्यानमा त्यतीखेर छ वडा थिए र तीनवटा वडा सुखौरामा पर्दथे । सल्यानको छ वटै वडामा पुगेर राहत सङ्कलन कार्य भएको थियो *(अन्तर्वार्ता दुर्गाप्रसाद गौतम : २०७९/२/१५)* । राहत कोषबाट विद्यालय चलेको थियो । शिक्षाका पिता नरबहादुर खत्री भनेरमाथि उल्लेख भइसकेको छ । त्यस्तै शिक्षाका संरक्षक संस्थापक रणबहादुर खत्री हुन् जसले विद्यालय सञ्चालनको लागि स्विकृति माग गर्नुको साथै विद्यालयको लागि आर्थिक स्रोत जुटाई योगदान गरेका थिए ।

गोविन्द गौतमका सन्तानहरू बाग्लुङ जिल्लाको सल्यानमा मात्र नभई बाग्लुङ जिल्लाको सुखौरा, खुइल, हिल, गुल्मी जिल्लाको शान्तिपुर, हराचौर, थोर्गा, सिंदुरे आदि ठाउँका अतिरिक्त रुपन्देही, कपिलवस्तु, बर्दिया, नवलपरासी, चितवन, मोरङ, काठमाडौं, भक्तपुर, ललितपुर आदि जिल्लाका विभिन्न ठाउँ तथा भारत, म्यान्मार तथा अन्य देशहरूमा पनि स्थायी बसोबास गर्दै आइरहेका छन् *(शर्मा गौतम, वि.स.२०७४, पृ.१२)* । बसाइँसराईले गर्दा सल्यान, सुखौरा र बाटाकाचौरमा घर परिवार सङ्ख्या घट्दै आएको छ । विशेष गरी शिक्षा, स्वास्थ्य, यातायात र रोजगारीको अभावमा गाउँबाट बसाई सरेको देखिन्छ ।

मुख्यतया तराई नै बसाइँ सर्ने गन्तव्य बनेको छ । अहिले आएर शिक्षा, स्वास्थ्य, यातायातमा केही पहुँच पुगे पनि बसाइँ सरेर जाने क्रम रोकिएको छैन । स्थानीय स्तरमा रोजगारका अवसर सिर्जना भएमा बसाइँ सराई  रोकिने देखिन्छ ।

सल्यानमा गौतम वाहेक पौड्याल, ज्ञवाली, चालिसे, कुँवर र मगरको पनि बसोबास रहेको कुरा माथि उल्लेख गरिएको छ । यी मध्ये समाज सेवामा पौडेलको ठूलो योगदान रहेको छ । पौडेल परिवारका थानेश्वर गौतमले दुई कार्यलय गाउँ पञ्चायतको प्रधानपञ्चको कार्यभार समालेका थिए । उनको कार्यवधिमा गाउँमा खानेपानी, वृक्षारोपण, गाउँ पञ्चायतको भवन निमार्ण,हुलाकको स्थापना, पाँच ठाउँमा पूर्व प्राथमिक विद्यालय स्थापना, उप स्वास्थ्य चौकी स्थापना र अधिकांश ठाउँमा व्यवस्थित गोरेटो बाटो  विस्तार कार्य सम्पन्न भएका थिए । उनले वि.स २०४५ सालतिर सुखौराको तङ्खोलाबाट पाइप विछाई साहुका पोखरी र कार्तिकेमा ट्यांङ्की बनाई पानी जम्मा गरी गाउँमा वितरण गरेका थिए । गाउँको पहिलो पटक पाइपबाट पानी वितरण गरिएको हो । यस भन्दा अगाडि तङ्खोलाबाट रणबहादुर खत्रीले कुलो खनेर पनि गाउँमा पानी वितरण गरेका थिए । पौडेलको अर्को कार्य वृक्षारोपण हो । तिते, तलुका, दिपाको चौर, छोरेखर्क र डाँडामा वृक्षारोपण कार्य सम्पन्न गरेका थिए । उनले रोपेका विरुवाको प्रत्यक्ष रुपमा अवलोकन गरेमा देखिने हरियालीले पुष्टी गर्दछ । जनताको मुखमा पानी सिञ्चित गर्नु र गाउँलाई वृक्षरोपण गरीहरियाली बनाउनु समाजको लागि चानचुने योगदान होइन । उनले गाउँमा डहरीपोखरीनेरको धवलागीरि प्राथमिक विद्यालय, धावाको सरस्वतीप्राथमिक विद्यालय, थप्लुङ्को शिवालय प्राथमिक विद्यालय, लेँख सपौदेको जनजागृति प्राथमिक विद्यालय र बगालेको सत्यवती प्राथमिक विद्यालय,उपस्वास्थ्य चौकी र हुलाकको स्थापना गरेका थिए । यसरी हेर्दा पौडेलले शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, हरियाली निमार्णर गोरेटो बाटो विस्तार गरेको देखिन्छ । जसलेराम्राराम्रा विषयको इतिहास लेख्छ, आफूले लेख्न नसकेपनि इतिहास लेख्नेलाई सघाउछ र जसले समाजको लागि चाहिने आधारभूत पूर्वधारको विकास गर्दछ, त्यस्ता व्यक्तिलाई राजनेता भनिन्छ । आधारभूत पूर्वधारको विकास गरेकोले राजनेतामा हुनु पर्ने गुण उनमा देखिन्छ । त्यसैलेविशिष्ट समाजसेवीको रुपमाउनको नाम इतिहासको सुनौलो पानमा कोरीएको छ । लेखिएको अक्षर त पुछ्न सकिएला, कोरीएको कुरा कसैले मेट्न सक्ने छैन ।

माथि उल्लेख गरिएका जेठा, माइला र कान्छाका परिवारले सामाजिक विकासको क्षेत्रमा आआफ्नो  योगदान दिएको देखिन्छ । जेठाका परिवारले गाउँमा शिक्षाको ज्योती फैलाउने काममा योगदान गरेका छन् । गाउँको शैक्षिक संस्थाको नेतृत्व आधा शताब्दि भन्दा बढी लिएर अहिले पनि निरन्तरता छ । माइलाको परिवारको कुरा गर्दा सामाजिक विकासमा विशेष योगदान गरेको देखिन्छ । लोकप्रियतामा माइलाको परिवारले ख्याती कमाएको छ । भक्तराम गौतम लोकप्रिय व्यक्तिका एक उदाहरण हुन् । वहाँको देहवासन हुँदा घर परिवार भन्दा बढी गाउँलेमा रुवाबासी हुनुले लोक प्रियताको पुष्टी गरेको छ । बुद्धसिंह खत्रीले विशाल पहरो काटेर सल्यानबाट बाटाकाचौर जाने बाटो निकाल्नु चानचुने योगदान होइन । कान्छाको परिवारले सल्यानमा शैक्षिक संस्थाको जग स्थापना गरेको देखिन्छ । गाउँमा लामो समयसम्म गाउँ प्रमुखको नेतृत्व समालेको  पाइन्छ ।  जे होस यी तीनै परिवारको योगदान समाजमा अतुलनिय छ । खानेपानी, वृक्षारोपण,शिक्षा, स्वास्थ्य, सञ्चार र गोरेटो पथ विस्तार जस्ता समाजको लागि अति आवश्यक पूर्वधारको विकास गरेर गौतम समाजमा विशिष्ट समाजसेवीको रुपमा पौडेल उदाएको देखिन्छ ।

**७.२ कुल पूजा स्थल**

बरेङ गाउँपालिकाका बाटाकाचौर, सल्यान र सुखौरमा गौतम घर परिवारको बसोबास रहेको र धुल्लुबाँस्कोट र हुग्दिशिरमा नभएको कुरा माथी उल्लेख भैसकेको छ । यी परिवारको घरधुरी सङ्ख्या बाटाकाचौर, सल्यान र सुखौरमा क्रमशःछ, तीनसय पचास र अठार रहेको छ । बाटाकाचौरको पदमफुल र लिग्दीमा कुलपूजा स्थल थिए । पदमफुल कुल पूजा गर्नेहरू काठमाडौं, रुपन्देहीको मुर्गीया र बुटवल बसाई सरेर गई सकेपछि पूजा गर्न छोडिएको छ । सुखौरमा एकवटा कूलपूजा स्थल छ । सुखौरा बसोबास  गर्ने  कान्छाका परिवारलेसुखौरको लाटखर्कमा पूजा गर्दै आएका छन् । सल्यानबाट बसाइँ सरेर गएका जेठाको सन्तान भनेर चिनिने थोर्गेली परिवारहरू पहिले देखि सल्यानमा कुलपूजा गर्दै आएका छन् । अहिले बाटाकाचौरमा एक वटा, सल्यानमा दश वटार सुखौरामा एकवटा कुल पूजा स्थल  छन् । सल्यान, बाटाकाचौर र सुखौरामा रहेका कुल पूजा स्थल सम्वन्धी विवरण तल उल्लेख गरिएको छ । सल्यान र सुखौराबाट बसाइँसराई गरेर तराईमा आएपछि विस्तार भएका कुल पूजा स्थललाई पनि समेटिएको छ ।

**.२.१ सल्यान** :एक जनश्रुति अनुसार धैरै सल्लाहरूको रुखभएकोले सल्यान नाम रहन गएको हो भन्ने चलनछ । सल्यानको पूर्वमा बाटाकाचौर, पश्चिममा चन्द्रकोट गाउँपालिका र

सुखौरा, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा चन्द्रकोट गाउँपालिका रहेको छ । सल्यानका प्रमुख पुराना बस्ती तल्लाथोक, उपल्लाथोक, डाँडा, भनिडाँडा, डँहरे, बाटामुनी, कार्तिके हुन् । पछि क्रमशः लेख, समाउँदे, हिले, बगाले, वेशी र थप्लुङ बस्ती विस्तार भएको पाइन्छ । अहिले थप्लुङमा बस्तीबढेको छ भने सल्यानका अरु ठाउँमा बस्ती घट्दै गएको छ । पुरानो वस्ती डाँडा त लगभग शुन्य हुँदैछ । अन्य ठाउँमा पनि घट्दो क्रममा छ । यी सबै ठाउँमा गौतम परिवारको बसोबास रहेको थियो । सायद नेपालमा त्यस्तो ठाउँ छैन होला, जहाँ एउटै बाउका सन्तानले गाउँ नै ढाकेको । एउटै रुखमुनी कुल पूजा गरेको । एउटै रुखमुनी कुल पूजा गरेता पनि अहिले पूजामा परिवर्तन आएको छ । नयाँ कुल पूजा स्थल थपिदै आएका छन् । पाल्यावनको उद्गम कुल पूजा स्थल सहित सामजिक विकृति, आपसमा मतभेद र बसाइँसराईले गर्दा विस्तार भएका पूजा स्थलको विवरण तल प्रस्तुत गरिएको छ ।

**७.२.१.१. गौतमवन्धुको उद्गम** कुल **पूजा स्थल पाल्यावनको चउर :** गाउँका सबै गौतमवन्धु भेला भई पूजा गरिने स्थान पाल्यावनचउरमा रहेको थानहो । गाउँका सबै गौतमवन्धु पूजा गर्न पाल्यावनको चउरमा जान्थे । यो थानमा सल्यान सहित सुखौरा, हराचौर, गल्कोट र दूधिलाभाटीबाट समेत आई पूजा गर्दथे । यो ग्राम कुल देवताको थान हो । धेरै वर्ष सम्म गौतमवन्धु मिलेर एउटै थानमा कुल पूजा गरेतापनि कालान्तर सम्म कायम रहन सकेन । विभिन्न कुल पूजा थान विस्तार हुन पुगे । अहिले यो थानमा कान्छाका परिवारका केही सदस्यहरूले पूजा गर्दै आएका छन् ।

गोविन्द गौतम र उनका छोराहरुको पाला देखि धेरै वर्ष सम्म सबै भाइ मिलेर एउटै थानमा कुल पूजा गरेका थिए । सबै दाजुभाइ मिलेर पाल्यावनको चौरमा रहेको एउटा रुखको फेदमा पूजा गर्दथे । ढुङ्गाको सामान्य पर्खालको घेरवन्दीमा लिंगाहरु गाड्ने बलि चढाएको बोकाको रगत गाईको गोवरको कुण्ड बनाई भोग दिने, बलि दिएका बोकाहरुको भित्रि अंश, खिर, चामलको पिठोबाट बनेको प्रशाद सबै उपस्थित दाजुभाइले बाँडेर खाने र बाँकी प्रशाद घर लगि नातागोता तथा इष्टमीत्रलाई खुवाउने गरिन्थ्यो । कुल पूजासबै भाइ आफसमा सरसल्लाह गरेर गरिन्थ्यो । यसरी पूजा गर्ने चलन धेरै वर्ष सम्म चलेको थियो । समय वित्दै जाँदा जनसङ्ख्या पनि वृदि हुदै गयो । एकै ठाउँमा कुल पूजा गर्दा भींडभाड हुने स्थिती सिर्जना भयो । त्यसपछि अन्यत्र कुलपूजा स्थल विस्तार हुँदै गए ।

यो थानमाअहिलेसम्म मन्दिर बनाइएको छैन । रूखको फेदमा रहेको थानमा पूजा गरिन्छ । कुलदेवता मन्दिर भित्र नबसी खुला रहने विश्वास भएकोले मन्दिर निमार्ण नगरेको कुरा स्थानीयहरूले बताउने गरेका छन् । कूल देवतालाई विष्णुका बराह अवतार मानिएको छ । बाह्र मष्ट बराहको रुपमा पूजा गरिदै आएको छ । मस्टसँगै भान्जा पनि हुने भएकोले सँगै पूजा गर्ने चलन छ । कुल देवताको पूजामा दियोमा बत्ती बाल्नको लागि न्यौपाने ब्राह्मण निरन्तर सहभागी हुँदै आएका छन् । उनीहरूलाई सहभागी गराउने चलन कसरी चल्यो भन्ने विषयमा विभिन्न जनश्रुती  रहेका छन् ।

एक जनश्रुती अनुसार सल्यानबाट महिलाको सती जानेबेलामा उनको आँशु बगी रहेको थियो । रोइँकराई गरिहेकी थिइन् । किन रोइँकराई गरेको भनेर देख्ने मानिासले सोधेछन् । उनले केही चाहना गरेको संकेत गरिछन् ।  बुढापाकले उनको भाषा बुझेर केहीइच्छा भएमा बताउन भनेछन् । उनले कुल देवताको पूजामा बत्ती बाल्नको लागि न्यौपाने ब्राहमणलाई बोलाउनु भनेर आफ्नो धारणा प्रकट गरिछन् । उनले आफ्नो चाहना पुरा भएमा आफ्नोस्वर्गमा बास हुने भनिछन् । बुढापाकाले  उनको चाहना पूरा गरिदिने बचन दिएछन् । उनको आँशु वग्न रोकिएछ । उनी हाँस्दै सती गईछन् । त्यतिखेर देखि कुल देवताको पूजामा न्यौपाने ब्राह्मण सहभागी गराउन थालिएको हो*(अन्तर्वार्ताप्रेमबहादुर खत्री : २०७९/२/१५)* ।

अर्को जनश्रुती अनुसार बटौली (अहिलेको बुटबल) मा नुन उपलब्ध नहुँदा सम्म सल्यानबाट नुन लिन मुस्ताङको थाक खोला जाने गर्दथे ।माइलाको परिवार नुन लिन थाक खोला गए । उनीहरू बाटोमा नुन लिएर फर्कदा म्याग्दीको गलेश्वरमा निकै चिन्ताको अवस्थामा एक जना ब्राह्मणसँग भेट भयो । उनी टोलाई रहेका थिए । बटुवाले चिन्ता गर्नुको कारण सोधे । उनले आफ्नो विवाह नभएर चिन्ता गरेको बताए । उनको विषयमा आफसमा छलफल भयो । पूजा गर्नको लागि ब्राह्मणको आवश्यकता भएको महसुस गरे । पूजा, कर्मकाण्ड ज्ञान सम्वन्धमा सोधपुछ गरे । आफूमा पूजा, कर्मकाण्ड सम्वन्धी ज्ञान भएको उनले बताएछन् । उनलाई आफ्नो गाउँ लैजाने कुरा सुनाए । गाउँ लगेर विवाह गराईदिने बचन पनि दिए । उनी बटुवासँग जान सहमत भए । उनलाई आफ्नो गाउँ लिएर आए । सल्यानको हालको हेल्थपोष्ट भवन भएको जग्गा दिई बसोबासको व्यवस्था मिलाए । उनको विवाह कर्मकाण्ड पनि वचन अनुसार पुरा गरिदिए ।  पुरुहितको रुपमा पौडेल थरकाउनलाई पूज्न थाले ।  त्यहाँ  बस्न थालेको बेलादेखि पूजा, श्राद्ध  लगायत अन्य

कर्मकाण्ठ गर्नको लागि न्यौपाने बोलाउने गरेका थिए । पहिले देखि पुरोहित गर्दै आएका उनीहरूआफ्नो ठाउँमा पौडेललाई सहभागी गराएको खबरले दुःखी बने । गाउँमा उनीहरू निराश भएको विषयमा चर्चा हुन थाल्यो । उनीहरूलाई भेट गरी खुशीबन्न आग्रह गरे । गौतमहरूले अरु सबै कर्मकाण्ड गर्न पौडेलाई बोलाउने गरेता पनि उनीहरूको सबैभन्दा ठूलो कुल पूजामा न्यौपानेलाई  बोलाउने बचन दिए । यस्तो बचन पाएपछि न्यौपाने खुसी भए । उनीहरूलाई खुसी तुल्याउन गरिएकोत्यही बचन पालना अनुसार अहिले सम्म पनि बोलाउने चलनरहेको हो *(अन्तर्वार्ताइन्द्रसिंह  खत्री : २०७९/२/५)* । लालमणि पौडेलको पौडेल वंशावली (वि.स.२०७८) मा उल्लेख गरिएअनुसार सल्यान आउने पहिलो व्यक्ति कमलपति पौडेलहुन् ।  उनका अनुसार म्याग्दी जिल्लाको पुला भन्ने ठाउँबाट सल्यान आई बसेका थिए । कमलपति बाग्लुङ गएको बेला  काम विशेषले बाग्लुङ आएका गौतमहरूसँग भेटघाट भयो । गौतमहरूले सल्यानमा पूजा तथा अन्य कर्मकाण्ड गर्नको लागि ब्राह्मणको समस्या भएको कमलपतिलाई बताएकोले उनीहरूको समस्या समाधानको लागि कमलपति सल्यान आएर बस्न थालेको कुरा बताउनु भएको छ । अहिले सम्म पनि पौडेलहरूले पुरुहित रुपमा कार्य गर्दै आएको पाइन्छ । यसरी  पौडेलगौतमहरूको पुरुहित कार्य गर्नको लागि सल्यानमा भित्रिएको देखिन्छ । पौडेल प्रवेश गर्नुभन्दा अगाडिसल्यान देखि नजिक बसोबास गरेका बाटाकाचौरका न्यौपानेलाई  पूजा तथा अन्य कर्मकाण्ड गर्नको लागि पुरुहितको रुपमा बोलाउने गरिन्थ्यो । गौतमको कुलपूजा सबैभन्दा ठूलो पूजा हो । पौडेललाई पुरुहित मान्न थालेपछि कुल पूजामा न्यौपाने ब्राह्मणलाई खुशीतुल्याउनको लागि दियो बाल्न उनीहरूलाई बोलाउन थालिएको हो भन्ने इन्द्रसिंह खत्रीको भनाइमा सत्यता देखिन्छ । धर्मशास्त्रमा कुटुम्वलाई दियो बाल्न दिनु हुँदैन भनेर उल्लेख गरिएको छ । तर भन्जाको भने मान्यता राखेको पाइन्छ । सोध्दाबुझ्दा जानकारीमा आएअनुसार अरुजातिले पनि कुलपूजामा भान्जालाइ सहभागी गराउँदै आएको पाइएको छ ।

त्यस्तै अर्को भनाइ अनुसार गौतमहरूका भान्जा न्यौपाने  थिए । उनको पालादेखि कुल पूजामा न्यौपानेलाई दियो बाल्न बोलाउने गरियो । त्यही प्रचलन अहिलेसम्म चलेको हो *(अन्तर्वार्ताहिमलाल शर्मा गौतम : २०७९/०५/१६)* ।  अहिले पनि गौतमहरुमा भान्जालाई दान दक्षिण गरेमा फलिफाप हुन्छ भन्ने आस्था छ । पूजा, कर्मकाण्ड लगायत विभिन्न समारोहमा आ-आफ्ना भान्जालाइ बोलाउने चलन छ ।

अहिले पनि पाल्यावनको चउरको थानमा न्यौपानेको सहभागीतामा कुल पूजा हुने गरेको छ । बुढाघरबाट दियो बालेर निकाल्नको लागि न्यौपाने नै चाहिन्छ । बुढाघरबाट दियो बाले पछि मात्र कुल पूजाको औपचारिक उद्घाटन हुन्छ । त्यस्तै अरू घरघरबाट पनि दियो बालेर कुल पूजा गर्ने थानमा ल्याइन्छ । कुल भनेका सबैभन्दा ठूला देवता हुन् । कुललाई खुशी राखेमा आफ्नो मनोआकांक्षा पुरा हुन्छ जस्ता जनविश्वास रहिआएको छ । कुललाई कहिल्यै पनि बेखुसी बनाउनु हुदैन । कुल रिसाएमा अनिष्ठ हुन्छ भन्ने आस्था कायम छ । निःसन्तान भएकाले कुललाई प्रशन्न बनाई सन्तान मागेमा मिल्दछ भनेर पनि पूजा गर्दै आइरहेका छन् ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ । एउटा मूल बोको ( सेतो वर्णको) सबै दाजुभाइको पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुका देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ । त्यसपछि नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दियो समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार, भाँडाकुँडा र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ ।कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिलासेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने

चलन छ । पूजा सकेपछि उपस्थित सबैले टीका लगाएपछि  प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा  स्थल परिक्रमा गरेर मूलद्धारमा  ल्याई समापन गर्ने गरिदै आएको छ ।

कुल पूजा स्थलमा तीनवटा थान छन् । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । मामा र भान्जाको थान सँगसँगै हुन्छ भने आमन्त्रित देवताहरूको थान अलि पर रगत भोग नपर्ने गरी रहेको हुन्छ ।  यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ ।

आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ ।  यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने गरिन्छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ ।

दूध चढाउने थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै  दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । भान्जाको लागि बलि दिइने बोको एउटै रंङको हुनुपर्दछ । पहिला भान्जालाई बलि दिने चलन छ । त्यसपछि मामालाई बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि  सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने चलन छ । पूजा सकेपछि सबै दाजुभाइले प्रशाद बाँडेर खाने र बाँकी रहेको प्रशाद घरघर लग्ने प्रचलन छ  ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ । अर्को

दिनको लागि सञ्चय गर्दा फ्रिज हुनेले त्यसमा राख्ने गर्दछन् भने नहुनेले अगेनाको माथिपट्टि झुण्डाएर राख्दछन् । कसैकसैले भने घिउ र तेलमा भुटेर सुक्खा बनाई सञ्चितगर्दै आएका छन् ।

गोविन्द गौतम गल्कोटको गल्याङबाट सल्यानमा बस्न थालेपछि पाल्यावनको चउरमा पूजा गर्न थालेका थिए । योकुल पूजाको उद्‌गमथान गाँउको शिरमा पर्दछ । यही थानबाट माटो लिएर अन्यन्त्र कुल पूजा स्थल विस्तार भएका छन् । अहिले यो थानमा कान्छाका सन्तान पखरार, पोखरी, पाल्यावन, मसुँरबारी र झाँरसादी घरपरिवारले पूजा गर्दछन् । पूजामा ९० घर परिवारको सहभागितारहेको छ *(अन्तर्वार्ताबाबुराम खत्री : २०७९/५/५)* । अहिले पनि गाउँकै सबैभन्दा धेरै गौतमवन्धु सहभागी भई पूजा गरिने थान हो । तराईतिर बसाइँसराई हुँदा पूजा गर्ने घर परिवारको सङ्ख्या घट्‌दै आएको छ ।

**७.२.१.२. कार्तिकेको थुम्कोमा कुल पूजा मन्दिर** : पाल्यावनको चौरमा कुल पूजामा चाहिने भाँडाकुँडा, थाल कचौरा वन्धु मिलेर किन्ने गरिन्थ्यो । संयोवश भाँडाकुँडा हराएपछि वन्धुविच विवाद सीजर्ना भयो । कान्छाका परिवार लेख पँधेरा बस्दै आएका लालु पाध्येको अगुवाइमा मोतीलाल खत्री (राजबोट, पखरामुनी), खड्क बहादुर खत्री गौतम (बुढाघर), अमृत र नर बहादुर खत्री गौतम (कात्तिके) तथा करविर खत्री गौतम (म्यालरुख) हरू मिलेर अबदेखि यहाँ नआई अर्कै ठाउमा मन्दिर बनाई कूल पूजा गर्छौ भनी कार्तिकेको थुम्कोमा सामान्य कुल पूजा मन्दिर बनाएर परम्परागत रुपमा पूजा गरी आएको पाल्यावनको चउरको थानबाट माटो ल्याई कुल देवताको मूर्ति स्थापना गरी पूजा सुरु गरेका थिए । धेरै पछिसम्म पनि अरू जेठा, माइला र कान्छा परिवारका दाजुभाइले पाल्यावनको चौरमा पूजा गर्दै आएको पाइन्छ ।

यो मन्दिरमा कात्तिके, राजबोट, पखरामुनी, लेखपँधेरा र बुढाघर परिवार पूजामा सहभागी हुँदै आएका छन् । अहिलेयस मन्दिरमा ४२ घर परिवारले पूजा गर्ने गरेका छन् । तराईतिरको बसाइँसराइले गर्दा पूजा गर्ने घर परिवारको सङ्ख्या घट्‌दै आएको छ ( अन्तर्वार्ताक्याप्टेन यम बहादुर खत्री : *२०७९/०५/११*) । कुल पूजा मन्दिरको सङ्कलित तस्विर चित्र न ४ मा उल्लेख गरिएको छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी

हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ । एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ । नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दियो समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

बुढाघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ । कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिला सेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ । पूजा सकेपछि उपस्थित सबैले रक्षाबन्धन र टीका लगाएपछि प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गर्ने गरिदै आएको छ ।

पूजामा दियो बाल्न न्यौपाने ब्राह्मण उपस्थिती हुने गरेका छन् । बलि दिने प्रथा निरन्तर चलि आएको छ । बोका वलि दिइन्छ । कुल पूजा मन्दिरमा तीनवटा थान छन । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । यी तीनवटै थान अलग अलग बनाइएको हुन्छ ।

कुल पूजामा आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु

पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ ।  यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ ।

आमन्त्रित देवताहरूको थानमा पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै  दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । भान्जाको लागि बलि दिइने बोको एउटै रंङको हुनुपर्दछ । पहिला भान्जालाई बलि दिने चलन छ । त्यसपछि मामालाई बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईका गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि  सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाइन्छ । पूजा सकेपछि सबै दाजुभाइले प्रशाद बाँडेर खाने र बाँकी रहेको प्रशाद घरघर लग्ने प्रचलन छ  ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ । अर्को दिनको लागि सञ्चय गर्दा फ्रिज हुनेले त्यसमा राख्ने गर्दछन् भने फ्रिज नहुनेले  अगेनाको माथिपट्टि झुण्डाएर राख्दछन् । कसै कसैले भने घिउ र तेलमा भुटेर सुक्खा बनाई सञ्चय गर्दछन् ।  स्वास्थ्यका दृष्टिकोणले धेरै दिन सम्म सञ्चय गरी राखेर खानु हानिकारक हुन्छ । यसले स्वास्थ्यमा जटिल समस्या निम्त्याउन सक्छ ।

**७.२.१.३. डहरे पोखरीको कुल पूजा स्थल** : समयक्रम वित्दै जाँदा जनसङ्ख्या पनि वृदि हुँदै गयो । एकै स्थलमा बलि दिएर पूजा गर्दा सहभागीको सङ्ख्या पनि बढ्दै गयो र पालो पर्खिदा ढिंला हुने कुराको महसुस गरी जेठाका परिवारका केही सदस्यहरूले डहरेको पोखरीदेखि माथितिर बुढामुख्य घर परिवार बारीको पुछारमा कुल पूजा स्थल बनाइ पूजा गर्न सुरु गरेका थिए । कुल पूजा स्थलको  सङ्कलित तस्विर चित्र न ५ मा उल्लेख गरिएको छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ। कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ। शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ। एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ। एउटा मूल बोको (सेतो वर्णको) सबै दाजुभाइको पहिला मन्साउने परम्परा छ। त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ। पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ। कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ। नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ। एकजनाले होशियारपूर्वक दियो समाएर पूजा स्थल लाग्दछन्। बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ। थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ। कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ। पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ। दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन्। पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ। पहिला सेतो वर्णको पाठो बलि दिइन्छ। त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ। बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ। पूजा सकेपछि उपस्थित सबैले टीका लगाएपछि प्रशाद लिने गरिन्छ। त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गर्ने गरिदै आएको छ।

यो पूजा स्थलमा काल्यासोरा, माथी गैरा, डाँडा गैरा, ठूलासौर/बर्मेली, तल्ला डहरे घर परिवारहरू सहभागी हुँदै आएका छन्। कुनैबेला पूजा गर्ने घर परिवारको सङ्ख्या५५ पुगेको थियो। अहिले घटेर २५ घर परिवारले पूजा गर्दछन्। तराईतिर बसाइँसराई हुँदा पूजा गर्ने घर परिवारको सङ्ख्या अझै पनि घट्दो क्रममा रहेको छ। पूजा गर्दा बलि दिने प्रथा निरन्तर चलि आएको छ। बोका वलि दिने गरिन्छ। पूजामा दियो

बाल्न न्यौपाने ब्राह्मण सहभागी हुने चलन छैन *(अन्तर्वार्तादुर्गाप्रसाद गौतमः २०७९/३/११)* ।कुल पूजा स्थलमा आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान अलगअलग बनाइएको हुन्छ ।

आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती,गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७ र ९ वटासम्म कुण्ड बनाउने चलन छ । यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद यस थानमा चढाइन्छ ।

आमन्त्रित थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिनेभोग सहित प्रत्येक परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार एउटा भोग भान्जाको नाममा दिने परम्पराछ । भान्जाको लागि बलि दिइने बोका एउटै रंङको हुनुपर्दछ । पहिला भान्जालाई बलि दिने चलन छ । त्यसपछि मामालाई बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईका गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङर मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य रमुटुकलेजो पनि सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछिसबै दाजुभाइलेप्रशाद बाँडेर खाइन्छ र बाँकी रहेको प्रशाद घरघर लगिन्छ ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ । अर्को दिनको लागि सञ्चय गर्दा फ्रिज हुनेले त्यसमा राख्ने गर्दछन् भने फ्रिज नहुनेले अगेनाको माथिपट्टि झुण्डाएर राख्दछन् । कसै कसैले भने घिउ र तेलमा भुटेर सुक्खा बनाई सञ्चित गर्दछन् ।

**७.२.१.४.माथि देउरालीको थाननेर कुल पूजा मन्दिर** :प्रत्येक पाँच वर्षको अन्तरमा कुल पूजा गर्दै जाँदावि.स. २०३० सालतिर कुल पूजा गर्ने समय आएछ । त्यसै वखत माइलाका

परिवारमा सुत्केरो परेछ । सुत्केरो परेपछि कुल पूजा गर्न मिलेन । कुलपूजा सुत्केरो उम्केपछि गर्ने चलन थियो । तर जेठा र कान्छाका परिवारले सुतक पनि नबारी पाल्यावनको थानमा कुल पूजा गरेछन् । माइलाको परिवारमा सुतक उम्केपछि कुल पूजा गर्न खोजेछन् । कुल पूजाको विषयमा पण्डितसँग परामर्श गर्दा उनले एउटै थानमा छ महिना नपुगी दुई पटक पूजा गर्न नहुने कुरा बताएछन्*(अन्तर्वार्ता चन्द्रबहादुर खत्री,: २०७९/२/१९)* ।यी परिवारका दुईवटा विकल्प थिए । पूजा गर्नको लागि अर्को पाँच वर्ष कुर्ने वा अरू थानमा पूजा गर्ने । तर अरू थानमा मिसिएर पूजा गर्न पनि अनुकूल भएनछ । बाध्यताबस नयाँ थान बनाएर पूजाको थालनी गरेका रहेछन् ।

यसरी बाध्यतावस माइलको परिवार ग्राम कुल पूजास्थलबाट छुट्टिन पुगेछन् । माइलका परिवारका क्षेत्री र ब्राह्मणदुवै समूहले ग्राम कुल पूजा स्थलमा पूजा गर्दथे ।यी दुवै समूह बीच कुल पूजा स्थल छनोट सम्वन्धमा छलफल भयो । एकै स्थानमा कुलपूजा थान राख्ने कुरामा सहमती जुट्न सकेन । फलस्वरुप क्षेत्री समूहले माथि देउरालीको थाननेर कुल पूजा थान बनाई पूजा गर्न थाले । यो कुल पूजा थान पाल्यावनको नजिकै देउरालीको थाननेर रहेको छ । माइलका परिवार (ब्राह्मण समूह) का सजु पाध्येको अगुवाइमा ढाँडा कुलपूजा थान बनाई पूजा सुरुवात गरे *(अन्तर्वार्ता नरबहादुर खत्री:२०७९/३/१९)* ।

कुल पूजा गर्ने घर परिवारको सङ्ख्या बढेर ९५ पुगेको थियो । अहिले२६ घर परिवारले पूजा गर्दछन् । माइलाका परिवारतराईतिर आएर बस्न थालेका छन् । तराई आएको समूहले वर्दघाट सुस्ता पश्छिम नवलपरासीको भूताह थान बनाई पूजा गर्दै आएका छन् *(अन्तर्वार्ता तमबहादुर खत्री :२०७९/४/१)* ।तराईतिर बसाइँसराई हुँदा पूजा गर्ने घर परिवारको सङ्ख्या घट्दै आएको छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ । एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री

सहित परिक्रमा गर्नुपर्दछ । नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दियो समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ । कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिला सेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ । पूजा सकेपछि उपस्थित सबैले टीका लगाएपछि प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गर्ने गरिदै आएको छ ।

कुल पूजा स्थलमा तीन वटा थान छन् । ती हुन् : आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । मामा र भान्जाको थान सँगसँगै हुन्छ भने आमन्त्रित देवताहरूको थान अलि पर रगत भोग नपर्ने गरी रहेको छ । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ ।

आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । यिनीहरुको अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको ५,७ र ९वटासम्म कुण्ड बनाउने चलन छ । यिनै कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद यस थानमा चढाइन्छ ।

कुलले मानेका देवताको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै दाजुभाइ मिलेर एक वर्णको एउटा भोग भान्जाको नाममा

दिने परम्परा छ । भान्जालाई बलि दिएपछि मामालाई बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको बाख्राको पाठाको  रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि  सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछि सबै दाजुभाइले प्रशाद बाँडेर खाने र बाँकी रहेको प्रशाद घरघर लग्ने प्रचलन छ  । कुल पूजाको सङ्कलित तस्विर चित्र न ६,७र ८ मा उल्लेख गरिएको छ ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ । अर्को दिनको लागि सञ्चित गर्दा फ्रिज हुनेले त्यसमा राख्ने गर्दछन् भने फ्रिज नहुनेले अगेनाको माथिपट्टि झुण्डाएर राख्दछन् । कसैकसैले भने घिउ र तेलमा भुटेर पनि राख्ने गर्दछन् ।

**७.२.१.५. ढाँडा कुल पूजा स्थलः** माइलाका परिवार (ब्राह्मण समूह) को कुल पूजा स्थल ढाँडा रहेको छ । यो जंगलको विचमा पर्दछ । दुई वटा चिलौनीको रुख मुनी थान छ । सुरूमा १३ घर परिवारले पूजा गरेका थिए ।  घर परिवार सङ्ख्या बढ्दै जाँदा २३ पुगेको थियो। अहिले १९ घर परिवारले पूजा गर्दछन् *(अन्तर्वार्तापितम्बर शर्मा :२०७९/३/२५)* ।कुल पूजाको सङ्कलित तस्विर चित्र न ९ र १0मा उल्लेख गरिएको छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ ।  एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ । नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दियो समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र

पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध  भएर थानमा जाने चलन छ ।

अलि पर रगत भोग नपर्ने गरी रहेको हुन्छ । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ । यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ । यस थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । पहिला भान्जाको नाममा बलि दिने चलन छ । त्यसपछि मामाको नाममा बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछि उपस्थित दाजुभाइले प्रशाद खाने र बाँकी रहेको प्रशाद बाँडेर घरघर लग्ने प्रचलन छ ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाउने गरिन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ । अर्को दिनको लागि सञ्चय गर्दा फ्रिजमा राख्ने गर्दछन् ।

यो मन्दिरमा पूजा गर्नुभन्दा अगाडि कान्छाका सन्तति पखरामुनी, राजबोट, म्यालका रुख, चौर र बुढाघर घर परिवारले रुपन्देही जिल्लाको भलुवाईमा कुल देवताको थान बनाई तीन पटकसम्म पूजा गरेका थिए । पूजामा १५ घर परिवार सहभागी भएका थिए । आपसमा परिवार बीच एकै ठाउँका पूजा गर्ने सहमती जुटेपछि मुर्गिमा पूजा गर्न थालिएको हो । अहिले त्यहाँ ९२ घर परिवारले पूजा गर्दै आएका छन् (*अन्तर्वार्ता क्याप्टेन यम बहादुर खत्री : २०७९/०५/११)* ।

तराईमा विभिन्न स्थनामा बसेका कान्छाको परिवारमा दाजुभाइ एकै ठाउँमा भेला भई पूजा गरेकोले आफ्नो परिवारिक एकताको महत्वलाई यो परिवारले दर्शाएको छ । एकै ठाउँमा कुलपूजा गरेर परिवारिक एकता कायम राख्नको लागि उच्च, फराकिलो, सोच र विचारलाई आत्मसाथ गर्नुपर्दछ । कुल, परम्परा, गोत्र, प्रवर र थर एकै भएको जातिले एकै ठाउँमा कुल पूजा गर्नु श्रेयकर मानिन्छ ।

**७.२.१.१६. मोतीपुरको कुल पूजा मन्दिर :** जेठाको सन्तति भनेर चिनिने डहरे, काल्यासर, बुढामुख्य, जिम्वाल,ठूलसौर घरपरिवार जो रुपन्देही जिल्ला बुटवलको आसपासमा बसोबास रहेको छ । यी परिवारहरुले रुपन्देही जिल्लाको मोतीपुरमा मन्दिर बनाई कुल पूजा गर्दै आएको पाइन्छ *(अन्तर्वार्तादलबहादुर खत्री गौतम : २०७९/४/१)* । वि.स. २०३८ सालदेखि मोतीपुरमा थान बनाई पूजाको सुरुवात भएको हो । त्यतिखेर पूजा गर्ने कविराम गौतम र जगन्नाथ गौतम गरी दुई घर परिवार थिए । अहिले घर परिवार सङ्ख्या बढेर ३२ पुगेको छ । पहिला तीन वर्षको अन्तरमा पूजा गर्ने चलन थियो । बोका बलि दिइन्थ्यो । वि.स. २०७५ सालमा आएर बोका बलि दिन छोडिएको छ । प्रत्येक वर्ष मंसीर महिनाको देवाली पूर्णिमाका दिन पूजा हुने गरेको छ । कुल पूजामा न्यौपाने ब्राह्मणलाई संभव भएसम्म उपस्थिती गराउने गरिएको छ । अहिले मन्दिर निमार्ण कार्य सम्पन्न भएको छ । मन्दिर सहित कम्पाउण्डको क्षेत्रफल लगभग५ धुर छ *(अन्तर्वार्ता जगन्नाथ गौतम : २०७९/४/१)* । मन्दिर निमार्णको लागि जग्गा डहरे घर परिवारमा जगन्नाथ गौतमले उपलब्ध गराउनु भएको हो *(अन्तर्वार्ता दुर्गाप्रसाद गौतम : २०७९/४/१)* । कुलपूजा मन्दिरको सङ्कलित तस्विर चित्र न २२ मा उल्लेख गरिएको छ ।

कुल पूजा मन्दिरमा तीनवटा थान छन् । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ । यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ । यस थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । पहिला भान्जाको पूजा गर्ने चलन छ । त्यसपछि मामाको पूजा हुन्छ ।

त्यस्तै प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछि उपस्थित दाजुभाइले प्रशाद खाने र बाँकी रहेको प्रशाद बाँडेर घरघर लगिन्छ ।

**७.२.१.१७. चितवन शिवघाटको कुल पूजा मन्दिर** : गौतमहरूको कुल पूजामा आएको एउटा परिवर्तनको उदाहरणको रुपमा चितवनको कुल पूजालाइ लिन सकिन्छ । बोको वलि नदिई पूजा मात्र गरिन्छ । सल्यानबाट बसाइँसराइ गरेर आएका कान्छा, जेठा, माइलाका परिवार सहित अन्य पहाड एरियाबाट चितवनमा आएका अधिकांस गौतम बन्धु सहभागी भई कुल पूजा गर्ने गरेको पाइन्छ । वि.स. २०६४ बाट पूजा गर्न सुरुवात गरिएको थियो । प्रत्येक वर्ष मंसिर महिनाको धान्य पूर्णिमाको दिन गौतम वन्धु भेलाभई पूजा गर्ने गरिन्छ । सात सुते बत्ती कुल थानमा रहेका पितृको लागि दिप प्रज्वलन दिइँदै आएको छ । पूजा गर्ने क्रममा कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरूको पूजा गरिन्छ । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । त्यसपछि अत्रि ऋषि र उनकी पत्नी अनुसूया, बराहमस्टको पूजा गर्ने चलन छ । पूजा गर्ने नेतृत्व लगायत अन्य जिम्वेवारी समेत सल्यानका गौतम वन्धुहरूले लिदै आएका छन् । पूजामा ३५० गौतम परिवार सहभागी हुने गरेका छन् । कुल पूजा गर्ने घर परिवारको सङ्ख्या बढ्दै गएको छ । मन्दिर सहित वरपरको क्षेत्रफल ७ कट्ठामा फैलिएको छ । मन्दिर परिसरभित्र पञ्चायन देवताको मूर्ति स्थापना गरिएको छ । मन्दिर परिसरभित्रै पौवा, हवनशाला, पाकशाला, धारा, पूजारी आवास भवन, चर्पी, शिलालेख स्तम्भ आदि निमार्ण भइसकेको छ । मन्दिर जिल्ला प्रशासन कार्यलय चितवनमा दर्ता भएको छ । कुल पितामाता अत्रिर अनसूया तथा कुलदेवता बराह भगवानका काला पत्थरका मूर्ति स्थापना प्राण प्रतिष्ठा गरी दैनिक साँझ विहान पूजा अर्चना समेत हुने गर्दछ । पूजाको लागि गौतम वन्धुबाट नगद संकलनबाट अक्षय कोषको स्थापना गरिएको छ ।

बरेङका गौतमहरु विवाहको लगनका दिन पूजा गर्ने गरेकोमा चितवनमा बसाइँ सरेपछि त्यहाँ मंसिर महिनाको धान्य पूर्णिमाको दिन कुल पूजा गर्नु, पशुको बलि नदिनु र कुल पूजा मन्दिरमा दैनिक नित्य पूजाको परम्परा थालनीभई संस्कृतिले नयाँ स्थान लिएको छ । अत्रि ऋषि र उनकी पत्नी अनुसूया, बराहमस्टको पूजा गर्ने चलन छ । गाईको दूध, चामलको पिठो र खिरको प्रशाद यिनीहरुको नाममा चढाइन्छ । कुल पूजाको सङ्कलित तस्विर चित्र न २३ मा उल्लेख गरिएको छ ।

**७.२.२ बाटाकाचौर** :एक जनश्रुति अनुसार बाटामा चौर भएकोले बाटाकाचौर नाम रहन गएको हो भन्ने चलन छ । बाटाकाचौरको पूर्वमा हुग्दिशिर, पश्चिममा सल्यान, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा चन्द्रकोट गाउँपालिका रहेको छ । बाटाकाचौरका चौर, धनमुडा, लिग्दी, साग्दी, खाल्ले, कुँडहर, भलाचौर, चिदिखर्क, पदमफुल, चिप्लेटी र नयाँबजार प्रमुख वस्ती हुन् । यी वस्तीमध्येबाटाकाचौरको पदमफुल, चौर र लिग्दीमा गौतम परिवार बस्ने गरेका थिए । पदमफुलमा अहिले गौतम परिवारको बसोबास छैन । पदमफुलमा बस्ने एक घर परिवार नयाँ बजार आएर बसेका छन् भने अरू काठमाडौं, रुपन्देहीको मुर्गीया र बुटवल बसाइँसराई गरेर गइसकेका छन् । चौर बस्नेहरू १६ घर परिवार थिए । एक घर परिवार सल्यानमा र नौ घर परिवार तराईका विभिन्न इलाकामा बसाइँसराइ भैसकको छ । अहिले छ घर परिवार मात्र बस्ने गरेका छन् । बाटाकाचौरमा पदमफुल र चौरमाकुलपूजा थान थिए । पदमफुलमा कुल पूजा गर्न छोडिसकेका छन् । लिग्दीमा भने कुल पूजा गर्दै आएका छन् । यसको विवरण तल प्रस्तुत छ ।

**७.२.२.१ लिग्दीको कुल पूजा स्थल** : धनमुडादेखि माथिपट्टि लिग्दीमा कुल पूजा थान छ । यो थानमा २३ घर परिवारले पूजा गर्दछन् । तीन वर्षको अन्तरमा पूजा हुने गर्दछ । यी परिवार बसाइँसराई गरेर अन्यन्त्र गएता पनि त्यहीं गई पूजा गर्दै आएका छन् (*अन्तर्वार्तामदन कार्की : २०७९/३/१९)* । जन्मभूमिमा गई पूजा गरेकोले आफ्नो जन्मभूमिको महत्वलाई यो परिवारले दर्शाएको छ । वास्तकमा जन्म दिने आमा र जन्मभूमि भन्दा ठूलो संसारमा कुनै वस्तु पनि छैन । यिनीहरूलाई बिर्सियौ भने हाम्रो जीवन सधैं अधुरो रहन्छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ । एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ ।नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ ।

एकजनाले होशियारपूर्वक दिए समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ । कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिला सेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ । पूजा सकेपछि उपस्थित सबैले रक्षाबन्धन र टीका लगाएपछि प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गरिदै आएको छ ।

कुल पूजा स्थलमा तीनवटा थान छन् । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । मामा र भान्जाको थान सँगसँगै हुन्छ भने आमन्त्रित देवताहरूको थान अलि पर रगत भोग नपर्ने गरी रहेको हुन्छ । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ । यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ । यस थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । पहिला भान्जाको बलि दिने चलन छ । त्यस पछि मामाको बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ ।

आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछि उपस्थित दाजुभाइले प्रशाद खाने र बाँकी रहेको प्रशाद बाँडेर घरघर लग्ने प्रचलन छ ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ ।

**७.२.३ सुखौरा** : एक जनश्रुति अनुसार सुक्खा ठाउँ भएकोले सुखौरा नाम रहन गएको हो भन्ने भनाइ छ । सुखौराको पूर्वमा सल्यान, पश्चिममा झारखर्क, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा चन्द्रकोट गाउँपालिका रहेको छ । सुखौराका बाउनडाँडा, हेप्लादी, पञ्चौल, भित्रिवन, तिते,त्रिवेणी, गाउँ र धम्पु प्रमुख वस्ती हुन् ।

सुखौराको धम्पु रबाउनडाँडामा गौतम परिवार बस्ने गरेका थिए । धम्पुका अधिकांश गौतमहरको तराईका विभिन्न इलाकामा बसाइँसराइ भैसकको छ । अहिले धम्पुमा तीन घर परिवारको बसोबास छ । त्यहाँ बस्नेहरु पहिले देखि हालसम्म सल्यानको कुल पूजा थानामा पूजा गर्दै आएका छन् । यिनीहरुको सल्यानमा रहेको माइकाथाननेरको कुल पूजा थान हो । यो कुल पूजा थानको विवरण अगाडि उल्लेख गरिएको छ ।बाउनडाँडामा बस्ने एक घर परिवार सल्यानको थप्लुङ आएर बसेका छन् । अहिले पनि १४ घर परिवारको बसोबास बाउनडाँडामा रहेको छ । सात घर परिवार बसाइँ सरेर तराईका विभिन्न ठाउँका बस्न थालेका छन् । एक घर परिवारकोभने काठमाडौंमा बसाइँसराई भैसकेको छ । यिनीहरूको सुखौराको लाटाखर्कनेर कुल पूजाको थान छ । तराई आएकाहरुले भने रुपन्देही जिल्लाको लौसाको शान्तिनगरमा थान बनाई पूजा गर्न थालेका छन् ।यसको विवरण तल प्रस्तुत छ ।

**७.२.३.१ लाटखर्कको कुल पूजा स्थल** :बाउनडाँडाको लाटाखर्कमाकुल पूजा थान छ । यो थानमा २३ घर परिवारले पूजा गर्दथे । अहिले भने १८ घर परिवारको पूजामा सहभागिता हुने गर्दछ । तीन वर्षको अन्तरमा पूजा गरिन्छ । यी परिवार बसाइँसराई गरेर बुटवल आएका दुई घर परिवार र काठमाडौं आएका एक घर परिवार पनि त्यहीं गई गई पूजा गर्दै

आएका छन् (*अन्तर्वार्ता टेक बहादुर खत्री : २०७९/०५/१९*) । जन्मभूमिमा गई पूजा गरेकोले आफ्नो जन्मभूमिको महत्वलाई  तीन घर परिवारले दर्शाएको छन् । वास्तकमा जन्म दिने आमा र जन्मभूमि भन्दा ठूलो संसारमा कुनै वस्तु पनि छैन । यिनीहरूलाई बिर्सियौ भने हाम्रो जीवन सधैं अधुरो रहन्छ ।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ ।  एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ । नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दिए समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ । कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिला सेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः  बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ । पूजा सकेपछि उपस्थित सबैले रक्षाबन्धन र टीका लगाएपछि  प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा  स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गरिदै आएको छ ।

कुल पूजा स्थलमा तीनवटा थान छन् । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । मामा र भान्जाको थान सँगसँगै हुन्छ भने आमन्त्रित देवताहरूको थान अलि पर रगत भोग नपर्ने गरी रहेको हुन्छ । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती, झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ ।  यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ । यस थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । पहिला भान्जाको बलि दिने चलन छ । त्यस पछि मामाको बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि  सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने  प्रचलन छ । पूजा सकेपछि उपस्थित दाजुभाइले प्रशाद खाने र बाँकी रहेको प्रशाद बाँडेर घरघर लग्ने प्रचलन छ  ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने चलन छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ ।

**७.२.३.२रुपन्देही जिल्लाको लउसाको कुल** **पूजा स्थल** :रुपन्देही जिल्लाको लउसा शान्तिनगरमा कुल पूजा थान छ । यो थानमा ५ घर परिवारको सहभागिता हुने गर्दछ । तीन वर्षको अन्तरमा पूजा गरिन्छ । सुखौराको बाउनडाँडाबाट बसाइँ सरेरतराई आएका घर परिवारले पूजा गर्दै आएका छन् (*अन्तर्वार्ता टेकबहादुर खत्री : २०७९/०५/१९)*।

कुल पूजाको दिन घरमा पूजा अर्चना गर्ने चलन छ । कुल पूजामा लैजाने बोकाहरू उनीहरुको शिरमा पानी राखी मन्साएर लैजाने गरिन्छ । शिरमा पानी हाल्दा बोकाले टाउको हल्लायो भने कुलदेवता खुशी भइ मानेको भन्ने अर्थ लगाइन्छ । एकपटक शिरमा पानी हाल्दा मानेन भने पुनः पानी हालेर शिर हल्लाएपछि मानेको ठानिन्छ । एउटा मूल बोको सबै दाजुभाइको (सेतो वर्णको) पहिला मन्साउने परम्परा छ । त्यसपछि भाकल, विवाहको बढाइ, पुत्र लाभ जस्ता अवसरमा दिइने बोको मन्साउने चलन छ । पूजाको दिन मूलघरमा जम्मा भई अघिल्लो दिन बेलुकी देखि बालेको दियो निकाल्ने गरिन्छ । कुल पूजा स्थलमा प्रस्थान गर्नु अगाडि सम्पूर्ण उपस्थित दाजुभाइहरु मूल घरमा दियो र पूजाका सामाग्री सहित परिक्रमा गर्नुपर्दछ । नियालोमा राता, सेता र पहेंला ध्वजा बाँधी थान तर्फ लागीन्छ । एकजनाले होशियारपूर्वक दिए समाएर पूजा स्थल लाग्दछन् । बाजा, आवश्यक हतियार र पूजाको लागि चाहिने सम्पूर्ण सामाग्री लिएर सबै दाजुभाइ पङ्तीवद्ध भएर थानमा जाने चलन छ ।

मूलघरबाट कुल पूजाको दिन दियो, कलश, पूजा सामाग्री, हतियार, डोली र बाजागाजा सहित कुल पूजाको थानमा जाने गरिन्छ । थानमा पुगेपछि दायाँ तर्फबाट परिक्रमा गरी लींगाहरू थानको उत्तरपट्टि ठडाएर राख्ने चलन छ । कुलको थानमा पाँच सुते (एक लाख) र सात सुते (एक लाख) बत्तीको दिप प्रज्वलन दिइन्छ । पाँच सुते बत्ती कुल थानमा रहेका भान्जाको लागि र सात सुते बत्ती कुल थानमा रहेका मामाको लागि दिप प्रज्वलन दिइँदै आएको छ । दिप प्रज्वलन पछि जेष्ठ नागरिकले पितृ तपर्ण दिने गर्दछन् । पितृ तपर्ण पछि बोका बलि दिने गरिन्छ । पहिला सेतो वर्णको पाठो बलि दिइन्छ । त्यसपछि सम्पूर्ण पाठाहरु क्रमशः बलि दिने चलन छ । बलि दिने बोकाहरु जेष्ठ नागरिकले मन्साउने चलन छ । पूजा सकेपछि उपस्थित सबैले रक्षाबन्धन र टीका लगाएपछि प्रशाद लिने गरिन्छ । त्यस्तै कुल पूजा विसर्जन लागि दियो, कलश, हतियार, डोली र बाजागाजा सहित कुल पूजा स्थल परिक्रमा गरेर मूलद्धारमा ल्याई समापन गरिदै आएको छ ।

कुल पूजा स्थलमा तीनवटा थान छन् । ती हुन् आमन्त्रित देवताहरूको थान, मामाको थान र भान्जाको थान । मामा र भान्जाको थान सँगसँगै हुन्छ भने आमन्त्रित देवताहरूको थान अलि पर रगत भोग नपर्ने गरी रहेको हुन्छ । यी तीनवटा थानमध्ये आमन्त्रित देवताहरूको थानमा पहिला पूजा गरिन्छ । आमन्त्रित देवताहरू भनेका गाउँमा पूजिने सिद्ध देवता सहित कुलले मान्दै आएका शिव, पार्वती, गणेश, कुमार, सरस्वती,

झाँक्री, नाग आदि देवताहरू हुन् । अक्षता, पाती, फूल र ध्वजा आदि चढाएर पूजा गरिन्छ । यो थानमा बीजोर सङ्ख्यामा गाईको गोवरको कुण्ड बनाउनु पर्दछ । प्रायजसो ५,७, ९ र ११ वटासम्म कुण्ड बनाउने चलन छ । यी कुण्डमा गाईको दूध चढाइन्छ । चामलको पिठो र खिरको नैवेद्य प्रशाद बनाउने चलन छ । नैवेद्य प्रशाद यस थानमा चढाइन्छ । यस थानको पूजा सकेपछि बराह मस्ट र उनको भान्जाको पूजा गर्ने चलन छ । मामा र भान्जाको नाममा छुट्टाछुट्टै बोका बलि दिइन्छ । कुल परिवारमा जेष्ठ पुत्रलाभ, विवाह जस्ता अवसरमा दिने भोग सहित प्रत्येक घर परिवारैपिच्छे दिने भोग मामाको र नियम अनुसार सबै दाजुभाइ मिलेर एउटा भोग भान्जाको नाममा दिने परम्परा छ । पहिला भान्जाको बलि दिने चलन छ । त्यस पछि मामाको बलि दिइन्छ । मामा र भान्जा दुवैलाई बलि दिएको पाठाको रगत आआफ्नो कुण्डमा चढाइन्छ । आआफ्नो थानमा एक/एक वटा गाईको गोवरको कुण्ड बनाउने चलन छ । त्यस्तै चार खुर, सिङ र मुटुकलेजो निकालेर आआफ्नो थानका चढाउने गरिन्छ । नैवेद्य र मुटुकलेजो पनि सहित भित्र अंशको प्रशाद बन देवता, भूत प्रेत आदिलाई चढाउने प्रचलन छ । पूजा सकेपछि उपस्थित दाजुभाइले प्रशाद खाने र बाँकी रहेको प्रशाद बाँडेर घरघर लग्ने प्रचलन छ ।

भान्जाको नाममा बलि दिएको पाठो कुल देवताको थानमा प्रशाद बनाएर खाने गरिन्छ । तर मामाको नाममा बलि दिएको आआफ्नो पाठो भने घरघर लगेर प्रशाद बनाई सबै परिवारले खाने गरिन्छ । त्यस्तै आफन्त, इष्टमित्र र पाहुँनाहरूलाई बोलाएर खुवाइन्छ । पूजा गरेको दिन सकिएन भने पछिल्ला दिनसम्म पनि खाने चलन छ ।

### ७.३ कुल पूजाको विधि तथा पक्रिया

महान ऋषि अत्रि र उनका पत्नी अनुसूयाका सन्तानगौतम (गोतामे) लगायत खतिवडा, मिश्र, वस्ती, चापागाई, ठाडाराइ अधिकारी, ओझा, कडरिया, श्री मल्ल, पहाडी, शाह ठकुरी, समाल, जोशी र डोटेल आदि रहेका छन् । अत्रि ऋषिका सन्तान उनैको शरीर (गात्रा) को अंश भएकोले गौतमको अत्रि गोत्र रहेको हो । धर्म सिन्धु निर्णय सिन्धु निमार्ण गर्ने प्रसिद्ध ऋषि अत्रि हुन् *(गौतम, वि.सं.२०७०, पृ.३७)* । यिनै अत्रिका सन्तान ऋतुभद्रका आठौ पुस्ताका काशिदास सिञ्जाली राजदरबारमा अग्निहोत्री कर्म गर्ने नैष्ठिक ब्राह्मण थिए भन्ने तथ्य बृहत अत्रि दपर्ण (२०३९) मा भवानी प्रसादले उल्लेख गरेका छन् । अग्निहोत्री कर्म गर्ने भएकाले बलिद्धार कुलपूजा गरेको तथ्य फेला पर्दैन । काशिदास र उनका सन्तान सिञ्जाको त्यतिखेरको तत्कालिन दरवारमा अग्निहोत्री कर्मकाण्ड गराउने

ब्राह्मण भएकोले बिर्ता जग्गा पाएका थिए । गोतामकोट बिर्ता पाएर गौतम थर भएको विषयमा अगाडि उल्लेख भैसकेको छ ।

कुल पूजा भनेको सबै दाजुभाइ जुटेर सामूहिक रूपमा पितृका निम्ति गरिने श्राद्धकर्म हो । पितृकर्ममा बलि दिने कुरा शास्त्र विपरित छ । हामी बसाइँसराई गर्दै जाँदा अरूको देखासिकीमा लागि हाम्रा अघिल्ला पूवर्जले बीचमा चलाएको क्षणिक परम्परा हो तर हाम्रो मौलिक प्रवृत्ति शाकाहारी भएकोले नै भएकोले हामीले कुल पूजा सात्विक विधिले गर्नु पर्दछ *(गौतम, वि.सं.२०७०, पृ. ३७)* । गौतम कुल पूजाको सम्वन्धमा सहप्रध्यापक नारायण गौतमले गौतमहरू बसाइँसराई गर्दै जाँदा अरूको देखासिकीमा लाग्दा कतैकतै गौतमको कुल पूजामा बलि दिने प्रथाको विकास भएको विषयमा चर्चा गर्नु भएको छ । गौतमको कुल पूजामा बलि दिन हुदैन भनेर प्रस्टाउन खोज्नु भएको हो । तर गौतमहरूले पुर्खाको पालादेखि पूजा गर्ने कुल देवता दाह्रे मष्ट वा दूधे मष्ट कुन हुन भन्ने स्पष्ट आधार प्राप्त भएमा मात्र यसको निर्कोलमा पुग्न सकिन्छ । यदि गौतमा कुल देवता दाह्रे मष्ट भएमा बलि दिनु पर्छ । दूधे मष्ट भएमा सहप्रध्यापक नारायण गौतमको बीचारसँग मेल खान्छ ।

कुल धर्म सबैभन्दा ठूलो धर्म हो । कुलको रक्षा गर्ने देवतालाई कुल देवता भनिन्छ । लोकमा कुलपूजालाई कुलयान पूजा पनि भनिन्छ । कुल विनाको कुनै पनि वंश हुदैन । अत्रि गोत्रीय गौतमहरुले बहुदेवबातको सिद्धान्तलाई मान्दै आएका छन् । विभिन्न देवी देवतहरुको पूजा तथा आरधना गर्दछन् । अत्रि गोत्रीय गौतम वन्धुहरुका इष्ट देवता शंकर (महादेव) र कुल देवता बराह हुन् ।

यस गौतम समुदायमा प्रचलित कुल पूजा कानुनहरू निम्न प्रकार छन् ।

- सहगोत्री, हाडनाता, दलित र मुश्लिम वा अन्य यस्तै जातिसँगवैवाहिक सम्वन्ध जोडेमा कुलपूजागर्ने परिवारको सदस्यबाट निस्काशन गर्ने व्यवस्था,
- कुल पूजा गर्ने परिवारको सदस्यमा जुठो सुत्केरो परेमा उम्केपछि गर्ने व्यवस्था,
- कुल पूजा गर्ने परिवारको सदस्यमा मृत्युभएका ती परिवारको सदस्य एक वर्ष पुगेपछि मात्र कुल पूजामा सहभागी हुने व्यवस्था । यदि एक वर्ष नपुगेमा अरु परिवारले पूजा गर्ने प्रावधान,
- १२ मष्ट बराह र उनीहरूका भान्जालाई कुल देवता मान्ने प्रावधान,
- कुल पूजामा दियो बाल्न न्यौपाने उपस्थिती गराउने प्रावधान,

- कुल पूजागर्दा प्रत्येक गतिविधिमा सबै परिवार सदस्य अनिवार्य उपस्थिति हुनु पर्ने व्यवस्था,
- कुल पूजा समितिले गरेका परहेज र प्रथाजनित कानुन नमान्ने ब्यक्ति वा परिवारलाई कुल पूजा समितिको सभाले निष्काशन गर्ने व्यवस्था,
- कुल पूजाबाट निष्काशित ब्यक्ति वा परिवारस्वतः निष्कासित हुने प्रावधान,
- कुल पूजाको अघिल्लो दिन रेखी पिध्ने, दूध चोखो राख्ने, घर लिपपोत गर्ने परम्परा,
- कुल पूजाको दिन बलि दिएको पशुको पेटका अंगहरूको प्रशाद बनाई खाने व्यवस्था,
- कुल पूजाको दिन वृदा र बाल बच्चाहरूलाई प्रशादपहिल्यै वितरण गर्ने व्यवस्था,
- रजस्वला भएको महिला र निजको श्रीमानले कुल पूजाको सामाग्री छुन नहुने र कुल पूजा स्थल जान पनि नमिल्ने व्यवस्था,
- कुल पूजाको नेतृत्व जेष्ठ सदस्यबाट हुने प्रावधान,
- कुल पूजाको नयाँ नेतृत्व चयन गर्दा जेष्ठताको आधारमा हुने प्रावधान,
- कुल पूजा चार वर्ष पुगी पाँच वर्ष लागेको दिन गर्ने व्यवस्था,
- कुल पूजा गर्दा बुढाघरबाट दियो निकाल्ने व्यवस्था,
- कुल पूजा गर्दा प्रत्येक घर परिवार मिलेर बलिदान दिने व्यवस्था,
- कुल पूजामा भान्जालाई बलिदान दिने बोको एक वर्ण (सेतो रंग) को हुनुपर्ने व्यवस्था,
- भान्जाको बलि दिएपछि मात्र मामाको बलि दिने व्यवस्था,
- परिवारमा विवाह र जेष्ठ पुत्र लाभ भएको अवस्थामा कुललाई एक/एक वटा बोको बलिदान दिने व्यवस्था,
- मंसिर महिनाको विवाहको लगनका दिन कुल पूजा गर्ने व्यवस्था,
- मंसिर महिनामा मलमास र क्षयमास परेमा त्यसपछि आउने महिनामा विवाहको लगनका दिन कुल पूजा गर्ने चलन,
- कुल पूजाको अन्तमा चामलका अक्षता खाएर एक आपसमा विदा हुने प्रथा,

यसरीगौतमहरूको आफ्नै कुल पूजाको आफ्नै कानुन छ । स्वेत बराहरुको स्वरुपमा कुल देवतालाई पूजा गरिदै आएको छ । मस्ट बराहकारुपमा १२ भाइलाई मानिएकोछ । कुल देवताले वरदान दिएमा सबै परिवारलाई फलिफाप हुन्छ । कुलमा अपार शक्ति हुन्छ । जहाँ भएपनि कुललाई सम्झनु पर्दछ । अरू देवता रिसाए केही पनि हुन्न तर कुल देवता रिसाए

भने अनिष्ट हुन्छ । कुल पूजा गर्नाले घरमा सुख र शान्ति मिल्दछ भन्ने आस्थाकासाथ पूजा गर्दै आएका छन् ।

मष्ट आफ्नो भान्जा विना बस्न नसक्ने भएपछि उनलाई बोलाउन पठाएछन् ।खवर पाएपछि भान्जा मामाकहाँ आइपुगेछन् । त्यसपछि उनीहरू सँगै रहन थाले । मष्टका आदिबारो भान्जो, अगोबारो भान्जा हुन् । जहिले पनि कुलमा मामा र भान्जासँगै रहने हुनाले उनीहरूलाई पूजिदै आएको हो ।विवाहित दिदी बहिनी कुलमा रहदैननन्तर अविवाहित दिदी बहिनी भनेकुलमा रहने विश्वास गरेर पूजा गर्ने गरिएको छ*(अन्तर्वार्ताडीलाराम शर्मा गौतमः २०७९/१/१५)* । परापूर्व कालमा मामा र भान्जा आफसमा मिलेर सँगै बस्दथे । उनीहरूबीच आपसमा घनिष्ट सम्वन्ध थियो । कुलायन पूजामा मामा र भान्जालाई सँगै पूज्ने गरेमा कार्य सिद्ध हुने कुरा शास्त्रमा पनि उल्लेख गरिएको छ ।कुल देवतालाई चित्त बुझायौ भने हामीले चिताएको पुग्छ ।

परापूर्वकालमा मामा र भान्जा एक समयमा धेरै नजिक थिए । मामा सानो बच्चा हुँदाआफ्नो दिदीको घरमा बस्दछे । उनको दिदीको घरमा आफ्नै भान्जा सानोबच्चा थिए । दुवै मामा र भान्जा सँगै खाने, खेल्ने, बस्ने र सुत्ने गर्दथे । उनीहरू इमानदारभई सत्कर्म गर्दथे । ढाँट, छल र झुँटो कहिल्यै पनि बोल्दैन्थे । अरुलाई दुःख पनि दिदैन्थे । हाँस्दै खेल्दै रमाउँथे । अकस्मात अघि र पछि गरी दुवै बच्चाको देहान्त भयो । मृत्यु पश्चात आफ्नै वंशमा उत्पन्न भई अलगअलग रहन पुगे । उनीहरूको आत्मछुट्टाछुट्टै रहन नसकेर तड्पीन थाल्यो । मामाले भान्जालाई आफ्नो वंशमा ल्याउने कुरा गरे । धाँमी आङमा सरेर हल्लिदै भान्जा आफ्नो वंश त्याग गर्न तयार भए । मामाको वंशमा गाँभिन सहमत भए । मामा र भान्जा बीचसँगै बस्ने समझदारी भयो । मामाले भान्जालाई आफूसँगै राख्नको लागि आफ्नो वंशमा सहमति लिने कुरा गरे । मामाले आफ्नो कुलमा कुरा राखे । बेलुका कुलको धाँमी आङमा सरेर कन्या कुमारमा आएर भने कुलको म १२ मस्ट हु किनकी म शक्तिशाली छु । मेरो वंश हाँक्दछु । मेरो वंश चलाउने खुबी छ । मेरो वंश चलाउछु ।मेरो वंशको उन्नती र प्रगती चाहन्छु । मेरो वंश के मैले मेरो भान्जा कुलमा ल्याउन सक्छु ?के मेरो वंशमा सधै भान्जा राख्न सक्दछु ?के मेरो वंश राजी छौ?मलाइर भान्जालाई दिनेगरी दुई भाग भयो । के मेरो वंशखुशि छौ ? छौ भने छौ भन?यदि छैनौभने छैनौ भन्?तर मेरो वंशमा भान्जा विना बस्दिन् । वंश एकछिन अलमल परेछ । अन्तमा वंश (कुल) ले पनि भान्जालाई ल्याउन सहमति दिएछन् । यो खवर भान्जालाईसुनाए । आफू रहने ठाउँमा

भान्जोलाई सँगै राख्ने कुरा गरे । भान्जाले आफ्नो वंश त्याग गरे । उनी मामाको वंशमा विलय हुन पुगे । अनिमामा र भान्जा पनि सँगै रहन थाले । त्यसैले कुल देवताको पूजामा मामा र भान्जा पूज्न थालिएको हो *(अन्तर्वार्ताडीलाराम शर्मा गौतम :२०७९/१/१५)* ।

परापूर्वकालमा मामा र  भान्जा सँगै बस्दछे । मृत्युपश्चात पनि फेरी आत्म मिलन भई दुवै सँगै बस्न थालेका थिए । मामासँगै भान्जा पनि  रहने भएकोलेसँगै पूजा गर्न थालिएको हो । यसरी मामा र भान्जाबिच नङ र मासुसँग जस्तो सम्वन्ध छ ।

कुल पूजामा दियो बत्ती पूर्वतिर फर्काएर बाल्ने चलन छ ।रातो, पँहेलो र सेतो कपडाको ध्वजाबनाइन्छ । कुललाई मन गर्ने रातो कपडा भएकोले यसको प्रयोग गर्नु उचित हुन्छ । नरीवल, सुपारी, ल्वाङ, फलफूल, पइसा र प्रशाद कुलको थानमाचढाउने गरिएको छ । विवाह र जेष्ठ पुत्रलाभ भएको अवस्थामा कुललाई थप एक/एक वटा बोकाबलिदान दिइँदै आएको छ । थप बोका बलिदान दिन नसक्नेले एक/एक माना घ्यू चढाउने गर्दछन् । बोका वधः गर्ने कार्य ब्राह्मणले गर्दैनन् । क्षेत्री वन्धुहरूले सम्पन्न गर्ने चलन छ । क्षेत्री वन्धुको पनि गर्भधारण गरेकीश्रीमती छ भने उसले पनि पशु बधः नगर्ने चलन छ। कुल पूजामा खिर र भुट्न प्रशाद अलगअलग बनाई सँगै मिसाएर  खाइन्छ । चामलका अक्षता खाएर एक आपसमा विदा हुने प्रथा छ । कुल पूजामा सबै बन्धु सहभागी हौ भन्दै आआफ्नो घरतर्फ लाग्दछन् ।

कुल पूजा गर्नुभन्दा अघिल्लो दिन घर लिपपोत र कपडा पनि धोई शुद्ध बनाउने गरिन्छ ।  पूजामा जुठो र सूतक बार्ने चलन छ । जुठो १३ दिन बारिन्छ । सूतकछोराको ११ दिन र छोरीको सात दिन बार्ने चलन छ । न्वारन सम्पन्न गरेपछि पूजा गर्ने गरिन्छ । छोरीको सात दिन र छोराको भने ११ दिनमा न्वारन गरेपछि  पूजा गर्न मिल्दछ । जसको परिवारको सदस्यको मृत्यु भएको छ । ती परिवारका सदस्य एक वर्ष नपुगीपूजामा सहभागी हुदैनन् । अरू परिवारले  पूजा गर्दछन् । महिनावारी भएका महिलाको पुरूष पनि कुल पूजामा सहभागी नहुने गर्दछन् । महिनावारी भएको सात दिन पुगे पछि सहभागी हुने चलन छ । यस्ता सामाजिक मूल्य र मान्यतामा रही कुल पूजा गरिदै आएको छ ।

कुल पूजा ४ वर्ष पूरा भएर  ५ वर्ष लागेको दिन गरिन्छ । पूजाको अघिल्लो दिन नुवाइधुवाइ, घर लिपपोत गरी साँझमा चोखो दूध राखी, पूजा गर्ने सामाग्री तयार पारेर छोटकरीमा कुलको स्मरण गर्ने चलन छ  । आफ्नो घरमा जुठो तथा विटुलो गर्नु हुदैन । कुल पूजाको दिन लिपपोत गरिएको घरभित्र खाना पकाउने चलन पनि छैन । पूजाको दिन

बुढाघरमा भेलाभइ दियो बालेर कुलको थानतिर जान्छन् । सबै परिवारबाट जम्मा भएको पूजा समान एकै ठाउमा भेला गरिन्छ । अघिल्लो दिनदेखि कुल देवताको स्थान सरसरफाईर लिपपोत गर्ने गरिन्छ । लिपपोतको लागि आवश्यक मान्छे खटाइ पठाउने चलन छ । सरसफाई गरिएका पूजा स्थलमा केही व्यक्तिछिर्दछन् । अरूले सरसमान सजाउन, मिलाउन र पूजा गर्नको लागि तयारी गर्नतिर लाग्दछन् । कुलयानको थानमा तीनवटा देवताको स्थापना गरिन्छ । यसको लागि तीनवटा थान बनाइन्छ । तीनवटै थानमा गाईको गोवरको कुण्ड बनाइन्छ । आमन्त्रित देवताको थानको कुण्डमा गाईको दूध राखिन्छ । त्यसपछि चन्दन अक्षता र फूलपातीले पूजा गरिन्छ । पूजापछि धुपबत्ती आरती निराजन गरिन्छ । बलिको बोको काट्दा वराहरुपीभन्ने चलन छ । बलि दिएको सेतो पाठो भान्जाको थानको कुण्डमा र अरु पाठा मामाको थानको कुण्डमा रगत चढाइन्छ । पाठा काटी सकेपछि ठाउँठाउँका अंगबाट टुक्रा झिकी आआफ्नो थानमा चढाइन्छ । अंगबाट झिकिएको टुक्राबाट प्रशाद बनाइन्छ । प्रशाद बनाउन बलिको मुटुकलेजो झिकिन्छ । टुक्रा पारेर पकाएर प्रशाद बनाउने चलन छ । धैरैजसो भाग हवन पनि गर्ने गरिएको छ । खिर र चामलको पिठोको नैवेद्य बनाइन्छ । नैवेद्य कुल देवतालाई चढाएपछि सबैले बाँडेर खाने चलन छ । कुल पूजा सकिएपछि प्रशाद सबैलाई वितरण गरिन्छ ।

कुल पूजा सामूहिक पूजा भएकोले सबै दाजुभाइले मिलेर पूजाको लागि चाहिने समान व्यवस्था गरिदै आएको छ । कुल पूजामा दाजुभाइले लैजानु पर्ने समानको विवरण निम्न रहेका छन् ।

ध्वजा (राता, सेता, पँहेला) : पाँचजोर,

५ सुते बत्ती : २०००,

सात सुते बत्ती : २०००,

अगर बत्ती : एक थान,

चामल : आवश्यकता अनुसार,

चामलको पिठो : एक माना,

भेटी : आवश्यकता अनुसार,

घिउ : आवश्यकता अनुसार,

दूध : आवश्यकता अनुसार,

तिलको तेल : १०० मि.लि,

दुनाटपरी : आवश्यकता अनुसार,

महिलाले लगाउने सुतिको कपडा : आवश्यकता अनुसार,

पुरुषले लगाउने सेतो वस्त्र : आवश्यकता अनुसार,

भाँडाकुँडा : आवश्यकता अनुसार आदि ।

कुल पूजामा बलि दिने बन्धुहरुले एक वर्ष अगाडिदेखि बाख्राका पाठाहरु पाल्ने गर्दछन् । घरमा नपाल्नेहरुले पनि बन्दोबस्त गरीसकेका हुन्छन् । पूजामा सहभागी वन्धुहरु अघिल्लो दिन नुवाइधुवाई गरी चोखो बस्ने गर्दछन् । अघिल्लो दिन घर लिपपोत गरी साँझमा चोखो दूध राखी, पूजा गर्ने सामाग्री तयार पारेर कुलको स्मरण गर्ने कुरा माथि उल्लेख भइसकेको छ । एकदिन पहिले देखि आफ्नो घरमा जुठो तथा विटुलो नगरी चोखो राखिन्छ। कुलको सम्झनामा यसैदिन साँझपख दियो बाल्ने गरिन्छ । दियो हेर्नको लागि एक जनालाई खटाइन्छ । त्यस दियोलाई निम्न दिनु हुदैन । यदि दियो निभेमा त्यस वर्ष घरमा अनिष्ट पर्न सक्ने आशङ्का हुन्छ । अरु दाजुभाई पनि त्यस दिन अबेर सम्म गफगाफ गरेर बस्दछन् । आपसमा सुखदुखका कुराकानी समेत हुन्छ । पूजा आरम्भ भएपछि नसकिएसम्म अरुलाई आगो पनि नदिने गरिन्छ । यो चलन कुल पूजाप्रति निष्ठा राख्ने परम्पराको सूचक हो । एकदिन पहिलेदेखि कुल देवताको स्थान सरसफाई र लिपपोत गर्नुपर्दछ । सरसफाई र लिपपोत गर्नको लागि केही व्यक्तिहरुलाई खटाइएको हुन्छ । तिनीहरुले थानमा रहेका काठकसिङ्गर, बोटविरुवाका पात, धुलो आदि सफा गरी लिपपोत गर्ने गर्दछन् । कुल पूजामा चाहिने आवश्यक सामाग्रीहरुको पनि अघिल्लोदिन नै व्यवस्था गरिएको हुन्छ । कुल पुज्ने पुजारी पनि एकदिन अगाडिदेखि शुद्ध भएर बसेका हुन्छन् । कुल पूजाको दिन बुढाघर भेला भई आवश्यक सामाग्री लिएर कुल पूजा स्थलतिर जाने गर्दछन् । कुल पूजा स्थलमा भाइवन्धुहरुबाट पूजा समान एकै ठाउँमा जम्मा गरिन्छ।सकेसम्म केराको पातामा चामलको थुप्रो पारी राखिन्छ । चामलको थुप्रोको छेउमा खुकुरी उभिण्डो पारी राख्ने चलन छ । चामलको थुप्रोको छेउमा अघिल्लो दिन देखि बालेको दियो राखिन्छ । पुजारीले थानमा पूजा गर्ने गर्दछन् । पूजाको लागि चाहिने सामाग्री तयार अवस्थामा राखिन्छ । पुजारीले मागेको बेला दिइन्छ् ।

कुल देवताको स्थानमा कुलले मानी आएका गुरुको थान, मष्ट बराह र उनका भान्जाको गरी तीनवटा देवताको क्रमश दाँयाबाट वाँया सम्म स्थापना गरिन्छ ।कुलका गुरु भनेर गणेश, सेती नाग, काली नाग र झाँक्री आदि देवतालाई आमन्त्रित देवताको रुपमा

पनि पूज्ने गरिएको छ।  यी तीनवटै थानमा गोवरको कुण्ड बनाइन्छ। मष्ट बराह र उनका भान्जाको थानमा रक्त भोग दिने एक/एक वटा कुण्ड बनाइन्छ । कुलका गुरुको थानमा बिजोर सङ्ख्यामा ३, ५, ७, ९ र ११ वटासम्म कुण्ड बनाउने गरिन्छ। गुरुको कुण्डमा दूध धार दिइन्छ । चन्दन अक्षता तथा फूलपातीले पूजा गरिन्छ । पूजापछि धूपबत्ती आरती निराजन हुन्छ । यसपछि भान्जाको नाममा सेतो पाठो बलि दिइन्छ । बलि दिएको रगत उनको कुण्डमा चढाइन्छ । चार खुर मुटुकलेजो पनि उनको थानमा चढाइन्छ । भान्जाको बलि दिएपछि मामाको नाममा पनि पाठो बलि दिइन्छ। मामाको कुण्डमा रगत र थानमा चारखुर मुटुकलेजो चढाइन्छ। बोकाको मुटुकलेजो निकाली प्रसाद बनाइन्छ। धेरै भाग हवन गर्ने चलन पनि छ । नैवेद्यको रुपमा खिर र चामलको पुवा बनाइन्छ । नैवेद्य प्रसाद कुल देवताको थानमा चढाएपछि सबैलाई बाँडिन्छ। मंसिरको विवाहका लगनका दिन कुल पूजा गर्ने परम्परा रही आएको छ।

कुल पूजाको लागि सबै सामाग्री तयार भएपछि कुलदेवताका स्थानमा सफा सुग्घर लिपपोत गरी वेदीका तयार पारी रेखी हाल्नुपर्दछ। त्यसको नमूना निम्नानुसार छ :

१) ताम्रपत्रमा कर्मपात्र तयार पार्ने विधि : ॐ यद्देवा देवाहेडेन देवासिश्चक्रिरमा वय्म । अग्निर्मा तस्मा देनसो विश्वान्मुञ्चत्वः हसः । ॐ यदि दिवा यदि नक्तमेना : सिश्चक्रिर्म्मा वयम् ।

२) र्मपात्रमा कुशको पवित्र राख्ने मन्त्र : (त्यहाँ कुश राख्ने) ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वः प्रसवऽउत्पुनाम्याच्छिद्रेण पवित्रेण सूर्यस्यरश्मिभिः। देवीरापोऽअग्रेगुवोऽअग्रेपुवोग्रऽइममद्य यतन्नयताग्रे यज्ञपतिम् सुधा तुं यज्ञपतिं देवयम् ।

ॐ शन्नो दवीरभिष्टयऽआपो भवन्तु पीतये। शंयोरभि स्रवन्तु नः।

(जल राख्ने)

ॐ गन्धद्वारा दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरी सर्वभूतानां तामिहोपव्हये श्रियम् ।

(चन्दन राख्ने)

ॐ अक्षन्नमीमदन्त ह्यवप्रिया़धोषत । अस्तोऽषत स्वभानवो विप्रा नविष्टया मती योजान्विन्द्र ते हरि ।

(अक्षता राख्ने)

ॐ यवोसि यवमास्मद्वेषो यवयारात्रीर्दिवेत्वान्तरिक्षायत्व पृथिव्यै स्त्वा । शुद्धन्ताँल्लोकाः पितृषदनः पितृषदनमसि ।

(जौ राख्ने)

ॐ तिलोसि सोमदेवत्यो गोसवो देवनिर्मितः । प्रपत्नमभिः पृङ्क्त स्वधता पितृँलोकान् प्रिणहि नः स्वाहा ।

(तिल राख्ने)

ॐ श्रीश्च ले लक्ष्मीश्चपत्क्यावहोरार्त्रे पार्श्वे नक्षत्राणि रुपमश्विनौ व्यात्तम् । इष्णन्निषाणा मुम्मइषाण सर्वलाकम्मऽइषाण ।

(फूल राख्ने)

३) तीन टुक्रा कुश कर्मपात्रामा चोबर मण्डपमा जल छर्कने

ॐ अपवित्रः पवित्रो र सर्वावस्थाङ्गतोऽपिवा । यः स्मेरत्पुण्डरीकाक्षं स वाह्याभ्यन्तरः शुचिः ।

कुलपूजा गर्ने वेदीमा रेखी हाल्ने नमुना (मण्डपमा) सर्स्यू छर्नुपर्छ ।

क) अग्निस्थापना विधिअनुसार प्रायश्चित गोदान गर्ने ।

दीप, कलश, गणेश, चारैवेद, ब्रह्मा, विष्ण, महेश्वर (प्रजापति), रक्षासूत्र प्रोक्षणी पात्र, शूरो, चरु, अर्थ, समिक्षा पूजा गरेपछि चपूर्वाङ्गसम्म हर्पन गर्ने ।

ख) पितृकोष्ठकको १६ वटा कोठामा दिक्पाल पितृको पूजा पञ्चोपचारले गर्ने ।

ग) ढुङ्गा व खोपा सामान्यतः मष्टा, कुशाभट्ट, अतिभट्ट, मतिभट्ट गरी ४ खोपा बनाउने/खोपाभित्र ५×५ धर्का पारेर रेखी हाल्ने ।

घ) पितृपूजाको लगत्तै . बलि दिइन्छ ।

ङ) बलिपूजा नगर्नेहरुले पायसले हवन गर्न सक्छन् ।

च) बलिपूजा गर्नेले बलिको चार खट्टाका खुर र मुटुकलेजो सहित चरुसँग मिसाएर हवन गर्नुपर्दछ । पितृ देवताको नाममा हवन हुन्छ ।

छ) त्यसपछि तर्पण दिने कार्य गर्नुपर्छ । पितृलाई तर्पण गर्दा आन्हिक सूत्रावलीअनुसार गर्नुपर्छ ।

ज) तर्पण गरेपछि पितृका नाउमा बलि दिन वर्जित छ, दिनु हुँदैन ।

झ) बलि दिनेले हवन मात्र गर्नुपर्छ । तर्पण गर्नेले बलि दिनु हुँदैन ।

ञ) एउटै देवालीमा बलि दिने र नदिने बन्धुहरु हुनु हुँदैन ।

ट) पूजा सरजाम, पितृको स्थान हेर्न नदिने नियम आफ्नो परम्परादेखि जे जस्तो चलन छ तदनुसार गर्न सकिन्छ ।

ठ) कुलपूजा आफ्ना परम्परागत चलनअनुसार गर्न सकिन्छ ।

ड) कुलपूजामा दोष वायु भएका पितृहरुका नाउँमा खोपा बनाएर पूजा गर्ने प्रचलन हुन्छ ।

ढ) कुलपूजा, सम्पन्न भएपछि त्यस थानामा भेला भएका सबैलाई कर्मपात्र र शान्ति कलशको जल छर्केर अभिषेक गर्नुपर्दछ ।

ण) पितृ विसर्जन र टीकोटालो, तिलकपाती, रक्षाबन्धन गरिसकेपछि मात्र प्रसाद वितरण गरिन्छ । त्यसपछि खानपिन गर्न सकिन्छ । त्यसभन्दा अगाडि खानपित गर्न मिल्दैन । श्राद्ध जस्तो बीचमा ब्राह्मण भोजन गराउनु पर्दैन ।

कुल पूजा गर्ने पूजारी सकभर माछा, मासु, लसुन र प्याज नखाने हुनु पर्दछ । परिवार नियोजन गरेको, श्रीमती गर्भिणी भएको पनि पुजारी हुन पाउँदैन । पुजारीले अघिल्लो दिन एक छाक मात्र खानुपर्दछ । माछा मासु, लसुन,प्याज, टिमुर, भटमास लगायत असवनहुने खाद्य पदार्थ खानु हुदैन । हातगोडाको नङ काट्ने र कपाल खौरने गर्नुपर्दछ । त्यसदिन स्त्रीसँग सहवास गर्नु हुदैन । पूजाको दिन रुद्राक्षको माला, भस्मको त्रीकुण्ड,

चोखो वस्त्र र धोती लगाएर पूजा गर्नु पर्दछ । गुरू शुक्र र वृहस्पति अस्तमा र ग्रहणको-सुर्य ग्रहणको सूतक १२ घण्टा अगाडि र चन्द्र ग्रहणको सुतक ९ घण्टा अगाडिबाट गर्न मिल्दैन । आफ्नो परिवार भित्रको जुठो र सूतकमा पनि पूजा गर्न मिल्दैन ।जुठो र सूतक उम्केपछि पूजा गर्नुपर्दछ *(अन्तर्वार्ता डीलाराम शर्मा गौतम : २०७९/५/२०)* । कुल पूजामा भुत, प्रेत, झाँक्री, देवी आदिको सम्झनामा छुट्टै पूजा गर्नुपर्दछ । पाठा बलि दिने ठाउँमा पनिअलग थानमादूध चढाउने कुण्ड बनाउनु पर्दछ । कुण्ड गाईको गोबरबाट बनाइन्छ । कुण्ड बनाउदा विजोर सङ्ख्यामा५, ७,......जति पनि बनाउन सकिन्छ । त्यस कुण्डमा गाईको दूध र थानमा नैवेद्य प्रशाद चढाइन्छ । थान बनाउँदा दूध चढाउने र रगत भोग दिने छुट्टाछुट्टै बनाउनु पर्दछ । दूध चढाउने थानमा पूजा गरेपछि भान्जाको थानमा पूजा गर्नुपर्दछ । भान्जाको पूजा सकेपछि मामाको पूजा गर्ने परम्परा। कुलमा मामा र भान्जासँगै एउटै थानमा दायाँपट्टि मामा र वाँयापट्टि भान्जा रहेका हुन्छन् । जहिले पनि मामा र भान्जाको रक्त भोग दिने कुण्ड क्रमश दायाँपट्टि र वाँयापट्टि बनाइन्छ । मामा र भान्जाको एक/एक वटा कुण्ड बनाइन्छ । कुण्डमा रगत र थानमा चार खुर, सिङ, मुटुकलेजो चढाइन्छ*(अन्तर्वार्ताहिमलाल शर्मा गौतम : २०७९/५/२०)* ।

यसरी गौतमहरूको कुल पूजा परम्परागत संस्कृतिका दृष्टिले अत्यन्त सम्पन्न छ । कुलपूजा वैदिक विधि अनुसार गर्ने चलन रहँदै आएको छ । यसले कुल पूजाको प्राचीन र मौलिक विशेषता बोकेको छ । गौतमहरुको परम्परागत धर्म, संस्कृति, परम्परा रीतिरिवाजहरू गोतामकोटबाट आरम्भ भई विकसित र परिवर्तित हुँदै आएका छन् । त्यस्तै गौतमको कुल पूजा एकातर्फ विकसित र परिवर्तित अवस्थामा आई पुगेको छ भने अर्कोतर्फ आफ्नो मौलिक पहिचान यथावत रहेको पाइन्छ ।

### ७.४ कुल पूजामा आएका परिवर्तन

समाजमा विकृति ल्याउनेहरूले आफ्नै गोत्रमा पनि विभाजन छ भन्ने धारणा विकसित गरेका छन् । यो राम्रो पक्ष होइन । गौतम भनेका जहाँसुकै भएपनि सबै अत्रि गोत्रीय हुन् । सह गोत्रिसँग विवाह गर्नु हुदैन भन्ने कुरा शास्त्रमा पनि उल्लेख छ । गौतमवन्धु विच वैवाहिक सम्वन्ध जोडेपछि कुल पूजामा फुटको स्थिती आएको छ । यो अन्यन्तै दुर्भाग्यको कुरा हो । विकृतिले कहिल्यै पनि समाजालाई उन्नति र प्रगति तर्फ डोऱ्यादैन सधैं अधोगति तिर लैजान्छ । समुन्नत समाज निर्माण गर्नको लागि समाजका

विकृतिलाई जरैबाट उखेल्नु पर्दछ । विकृतिले जरा गाड्यो भने वर्षौंसम्म कायम रही समाजको हितलाई बाधा पुऱ्याइरहेको हुन्छ ।

बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्ने अत्रि गोत्रीय गौतमहरूले बहुदेवबातको सिद्धान्तलाई मान्दै आएका छन् । विभिन्न देवी देवताहरूको पूजा तथा आराधना गर्दछन् । यिनीहरुका इष्ट देवता शंकर (महादेव) र कुल देवता बराह हुन् । इतिहासमा हिन्दू धर्म अनुसारकाधार्मिक अस्तित्व गुमाउन नपरोस् भनी सामाजिक विकृति र बसाइँसराइले कूल पूजामा पारेको असरको ज्ञान पाईसमयै सचेत भएर कुल पूजा संरक्षण गर्नु पर्दछ ।

सुरुमा पूजा गर्दा सजिलो भएतापनि समयवित्दै जाँदा सल्यानको पाल्यावनको थानमा कुल पूजा गर्दा निकै भिडभाड हुन थाल्यो । दिनभर कुरेपछि साँझपख वाखाका पाठा बलि दिने पालो आउने गर्दथ्यो । केही भाइवन्धुले धैर्य गरेर त्यस थानमा पूजा गरेता पनि अरु भाइवन्धुले अलग्गै थान स्थापना गरी पूजा गर्न सोच्न थाले । यसरी सोच्ने क्रममा एकै ठाउँमा कुल पूजा गर्ने भाइवन्धुहरू फुट्न गई कुल पूजा स्थल पनि विस्तार भए । अर्कोतर्फ समाजिक विकृति, वेथिति, बन्धुबीच आपसमा मनमुटाव, बसाइँसराईबाट कुल पूजामा प्रत्यक्ष असर पुग्दा परिवर्तन देखा पर्न थाले ।

मानिसहरूवरेङबाट बसाइँसराई गरेर तराई आएपछि सौखिन हुन पुगे। आफ्नो जन्म स्थल र पुर्खादेखि मानिआएको कुल पूजा थानसम्झना गर्न छोडे । आफ्नो बसोबास नजिकै थान बनाई कुल पूजा गर्न थाले । फलस्वरुप चितवनको शिवघाट, बर्दघाट सुस्ता पश्चिम नवलपरासीको भुताह, रुपन्देहीको मुर्गिया, भलवारी, पत्थरगञ्ज, मोतीपुर र लउसा शान्तिनगरमा कुल पूजा स्थल स्थापना हुन पुगेको देखिन्छ ।

गौतम समुदायका मानिसहरू आफ्नो मौलिक कुल पूजाको संरक्षणमा निरन्तर रूपमा लागी परेका छन् । यद्यपि हिजोआज यस समुदायका कतिपय कुल पूजाका परम्परागत पक्षहरू परिवर्तन हुँदै आएका छन् । एकातिर समाजमा देखा परेका कतिपय विकृति, बसाइँसराई र अर्कोतिर पाश्चात्य संस्कृति अंगाल्न पाउँदा रमाएका आजका युवाहरूले गर्दा त्यस्तो परिवर्तन देखा परेको हो । पाश्चात्य मुलुकमा गइसकेपछि आफ्नो कुल पूजालाई बिर्सने परिपाटीको विकास भएको छ । आधुनिकताको नाममा समाजमा भित्रिदैँ गएको विकृति, उच्छृङ्खलता, सामाजिक बेभिचार जस्ता कारणले पनि यस गौतम समुदायका सामाजिक तथा सांस्कृतिक परम्पराहरू सहित कुल पूजामा परिवर्तन देखा पर्न

थालेका हुन् । आजका युवाहरूलाई जीवनमा पूरा गर्नु पर्ने संस्कारलगायत कुल पूजा सहित अन्य परम्परा, रीतिरिवाजको अर्थ, महत्व र औचित्यबारे राम्रो ज्ञान दिन नसक्दा कुल पूजा जस्तासांस्कृतिक सम्पदा क्रमशः लोप हुँदै गएका छन् । अर्कोतिर परम्परागत नियम र परिधिको जटिलताले पनि मानिसहरूलाई वितृष्णा उत्पन्न गराएको छ । पूजा सम्पन्न गर्दा वढी चोखोनीति र निराहारमा बस्नु पर्ने,समय धेरै विताउनु पर्ने, आर्थिक भार र ठाउँको अभाव आदि जस्ता कठिनाई आइपर्न थालेका छन् ।

तराई बसाइँसराई भएका परिवारले आफू बसेको नजिकै थान बनाई पूजा गर्न थालेका छन् । यस्तो गर्दा भाइवन्धबीच फुटको स्थिति आएको छ । तर चितवनको शिवघाटमा कुलपूजा गर्ने भाइवन्धु थपिदै गएको पाइन्छ । सल्यानका गल्कोटे परिवारले कुलपूजा एकै ठाउँमा गर्दै आएका छन् । सल्यानबाट बसाइँ सरेर तराई आए पनि उनीहरू आफ्नो जन्मभूमि सल्यान गई कुल पूजा गर्दै आएको देखिन्छ । उनीहरूको पुर्खाको कुल पूजा स्थलमा व्यवस्थित तरिकाले छेकबार समेत भएको छ । तराई आएका ४२ घर परिवार त्यहाँ गई पूजा गर्दै आएका छन् । आपसी सहयोग, सद्भाव र सदाचारको धारणलाई आत्मसाथ गरेका छन् । पाँच वर्षको अन्तरमा भए पनि सबै दाजुभाइको आपसमा भेटघाट हुने अवसर मिलेको छ । यो एउटा सिङ्गो धागोमा फूल गाँसिएर माला बनेझैं पहाड तराई जहाँ भएपनि एक हौं भन्ने संकेत हो । सल्यानबाट तराई आएका माइलाको परिवार पनि एकै ठाउँमा भुताह जम्मा भई  कल पूजा गरेको पाइन्छ । यिनीहरुले पनि एकताको सन्देश दिएको देखिन्छ ।

सल्यानमा कुलपूजा पाँच वर्षको अन्तरमा मंसिर महिना विवाहको लगनका दिन गर्ने चलनमा परिवर्तन आएको छ । कार्तिकेको थुम्कोमा पूजा गर्ने कान्छाका परिवारले तीन वर्षको अन्तरमा गर्न थालेका छन् । चितवनको शिवघाटमा प्रत्येक वर्ष कुलपूजा हुनुको साथै दैनिक बिहान बेलुका नित्य पूजाको थालनी भएको छ । चितवनमा विवाहको लगन छोडेर मंसिर महिनाको धान्य पूर्णिमाको दिन पूजा गर्न थालिएको छ । चितवनको मन्दिरमा नियमित रूपमा दियो बल्ने भएकोले घरबाट दियो बालेर लानु पर्दैन । अन्यत्र घरबाट दियो बालेर लानुको साथै पाँच वर्षकै अन्तरमा मंसिर महिनामा विवाहको साइतका दिन पूजा गर्दै आएका छन् । धेरै ठाउँमा बलि दिने चलन छ । चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमा बलि दिने प्रथाको अन्त भई नयाँ परम्पराको थालनी भएको छ । कुल पूजामा दियो बाल्न न्यौपाने उपस्थिति गराउने परम्परामा परिवर्तन आएको छ । न्यौपानेको

सहभागिता पाल्यावनको थान, कार्तिकेको थुम्को, देउरालीको थाननेर गल्कोटे परिवारको थान, मुर्गिया, थप्लुङको टारीर ढाँडा यथावत रहेको छ । चितवनको शिवघाट, सल्यानको माइकाथानेर, डहरेपोखरी, देउरालीको थानेरको माइलाको परिवारको थान, काँफलपोखरी अन्त भई संस्कृतिले पनि नयाँ ठाउँ लिएको छ । कुल पूजामा मामा र भान्जालाई कुल देवता मानी पुज्ने गरिएको रुपन्देहीको भलवारीमा मामालाई मात्र पुज्न थालिएको छ । सल्यानको पुर्खौली कुल पूजा थानबाट छुट्टीई अलग भइ थान बनाई पूजा गर्ने परम्पराको विकास भएको छ ।

सुखौराको लाटाखर्कमा कुल पूजा पाँच वर्षको अन्तरमा हुने गरेको थियो । अहिले आएर तीन वर्षको अन्तरमा गर्न थालिएको छ । त्यहाँ दियो बाल्न लागि न्यौपाने ब्राह्मण बोलाउने चलन थियो । अहिले यो चलन हटिसकेको छ । सुखौराको लाटार्खकबाट बसाइँ सरेर तराई आएपछि गौतमवन्धुहरूले रुपन्देहीको लउसा शान्तिनगरमा थान स्थापना गरी कुल पूजा गर्ने गरेका छन् ।

बाटाकाचौरको पदमफुलमा पूजा गर्न छोडिएको छ । लिग्दीमा पूजा हुँदै आएको छ । त्यहाँ बोका बलि दिइन्छ । पाँच वर्षकै अन्तरमा मंसिर महिनामा विवाहको साइतका दिन पूजा गर्दै आएका छन् । बुढाघरबाट मात्र दियो निकाल्ने प्रथामा परिवर्तन भई प्रत्येक घरबाट दियो निकाल्न थालिएको छ ।

समग्रहमा बरेङ गाउँपालिकाको गौतमहरूको कुल पूजामा आएका परिवर्तन निम्न छन् ।

- खुला थानमा कुलपूजा गर्ने चलन थियो । अहिले केही ठाउँमा मन्दिर बनाएर पूजा गर्न थालिएको छ । पहिलेजस्तै सल्यानको पाल्यावन, ढाँडा, काँफलपोखरी, डहरे पोखरी, देउरालीको थाननेर र घडेरी खुला थानमा पूजा गरिदै आएको छ । सल्यानमै रहेका कात्तिकेको थुम्को, माइका थानेर र टारीमा मन्दिर बनाएर पूजा गर्न थालिएको छ । त्यस्तै चितवनको शिवघाट, रुपन्देहीको मुर्गिया, भलवारी, पत्थरगञ्ज र मोतीपुर मन्दिर बनाई कुल पूजा गरिदै आएको छ भने बर्दघाट सुस्ता पश्चिम नवलपरासीको भुताहमा खुला थानमा कुलपूजा हुने गरेको छ । बाटकाचौरको लिग्दी र सुखौरको लाटाखर्क, रुपन्देहीको लउसा शान्तिनगरमा खुला थानमै निरन्तर रुपमा कुल पूजा गरिदै आएको छ । देउरालीको थाननेर, घडेरी र भुताहका थानलाई अलि व्यवस्थित

गरेको पाइन्छ । त्यहाँ सिमेन्ट, वालुवा र गिंटीको समिश्रणबाट कुल देवताको थान निमार्ण गरिएको छ ।

- कुल पूजामा दियो बाल्न न्यौपाने उपस्थिति गराउने परम्परामा परिवर्तन आएको छ । न्यौपानेको सहभागिता पाल्यावनको थान, कार्तिकेको थुम्को, ढाँडा, देउरालीको थाननेर गल्कोटे परिवारको थान, भूताह कान्छाको परिवारको थान,मुर्गिया, पत्थगञ्ज, थप्लुङको टारी यथावत रहेको छ । सल्यानको माइकाथानेर, डहरेपोखरी, काँफलपोखरी, घडेरी, लाटाखर्क, भलवारी, मोतीपुर,लउसा शान्तिनगर, भूताह माइलाको परिवारको थान, चितवन अन्त भई संस्कृतिले पनि नयाँ ठाउँ लिएको छ । बाटकाचौरको लिग्दीमा भने कुल पूजामा दियो बाल्न न्यौपाने ब्राह्मण बोलाउने चलन नभएको पाइएको छ ।
- पहिला बुढाघरबाट दियो निकाल्ने चलन थियो । यो चलन कार्तिकेको थुम्को, देउरालीको थाननेर,ढाँडा, थप्लुङको टारी, घडेरी, मुर्गिया, भुताह, पत्थगञ्ज, भलवारी, मोतीपुर, लाटाखर्क र लउसा शान्तिनगरको थानमा यथावत रहेको छ । अहिले पाल्यावन, माइकाथानेर, डहरेपोखरी, काफलपोखरी र लिग्दीको थानमा प्रत्येक घर परिवारबाट दियो निकाल्ने चलन आएको छ ।
- कुल पूजा गर्दा सबै ठाउँमा घरबाट दियो निकाल्ने चलन यथावत छ । तरचितवनको शिवघाटमा घरबाट दियो निकाल्ने चलनको अन्त्य भएको छ । प्रत्येक दिन विहान बेलुकी नित्य पूजा गर्ने गरिन्छ । दियो नियमित रुपमा मन्दिरमा बाल्ने चलन छ । कुल देवताको थानमा देखापरेको यो नयाँ परम्परा हो ।
- कुल पूजाको सबै ठाउँमा पशुबलि प्रथा निरन्तर चल्दै आएको छ भने चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमाबलि प्रथा अन्तभई दूधधार दिने परम्पराको थालनी भएको छ ।
- पाँच वर्ष पुगेपछि गरिने कुल पूजा पाल्यावन, ढाँडा, माइकाथानेर, डहरेपोखरी, काफपोखरी, देउरालीको थाननेर,भुताह माइलाको परिवारको थानमानिरन्तरता भएतापनि चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमा प्रत्येकवर्ष गर्न थालिएको छ । थप्लुङको टारी, भूताह कान्छाको परिवारको थान,कार्तिकेको थुम्को, घडेरी, लिग्दी, पत्थगञ्ज, भलवारी, मुर्गियामा, लाटाखर्क र लउसा शान्तिनगरमा तीन वर्ष पुगे पछि कुल पूजा गर्ने परम्पराको थालनी भएको छ ।

- मंसिर महिनाको विवाहको लगनका साइतका दिन पूजा गर्ने चलन पाल्यावन, माइकाथानेर, डहरेपोखरी, काफलपोखरी, ढाँडा, घडेरी, लिग्दी, देउरालीको थाननेर, भुताह, थप्लुङको टारी, कार्तिकेको थुम्को, पत्थगञ्ज, भलवारी, मुर्गिया, लाटाखर्क र लउसा शान्तिनगरमा यथावत रही आएको छ । चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमा मंसिरको धान्य पूर्णिमाका दिन पूजा गर्न थालिएको छ ।
- कुल पूजामा मामा र भान्जालाई कुल देवता मानी पूज्ने परम्परा पाल्यावन, माइकाथानेर, डहरेपोखरी, काफलपोखरी, ढाँडा, घडेरी, लिग्दी, देउरालीको थाननेर, भुताह, थप्लुङको टारी, कार्तिकेको थुम्को, पत्थगञ्ज, भलवारी, मुर्गिया, लाटाखर्क र लउसा शान्तिनगर यथावत चल्दै आएको छ । तर रुपन्देहीको भलवारीमा  मामालाई मात्र पूज्ने गरेको देखिन्छ । चितवनको शिवघाटमा अत्रि, अनुसूया र बराहको मूर्ति पूज्न थालिएको छ ।
- पुर्खौली कुल पूजा गर्ने स्थलबाट अलग भई विभिन्न ठाउँमा कुल देवताको थान स्थापना गरी पूजा गर्ने गरिएको छ । सल्यानको पुर्खौली कुल पूजा स्थल पाल्यावनबाट अलग भई  कुल देवताको थान बनाई पूजा गर्दै आएको पाइन्छ । पुर्खौली कुल पूजा स्थलबाट माटो लिएर कुल देवताको थान विस्तार भएको देखिन्छ । सल्यानमै माइकाथानेर, डहरेपोखरी, काफलपोखरी, ढाँडा, कार्तिकेको थुम्को,  देउरालीको थाननेर (माइलाको परिवार), देउरालीको थाननेर (गल्कोटे परिवार),थप्लुङको टारी र घडेरीगरी नौवटा कुल पूजाको थान स्थापना भएका छन् । यिनै भाइवन्धुलेसल्यानमाआफूले पुज्दै आएको थानबाट माटो लिएर भुताह, भलवारी, पत्थरगञ्ज, मोतीपुर, मुर्गिया रचितवनमा कुल देवताको थान स्थापना गरेको देखिन्छ । पाल्यावनको थानबाट माटो लिएर सुखौराको लाटाखर्कमाथान विस्तार भएको पाइन्छ । लाटाखर्कको थानबाट माटो लिएर रुपन्देहीकोलउसा शान्तिनगरमा कुल पूजा थानको स्थापना भएको  देखिन्छ । बाटाकाचौरको लिग्दीबाट कुल पूजाको थान विस्तार भएको पाइएको छैन ।

यसरी हिजोआज आफ्नो परम्परागत कुल ूजामा परिवर्तन देखापर्न थालेको देखिन्छ् । दाजुभाइवीच मनमुटाव, बसाइँसराई, सामाजिक विकृतिले गर्दा कुल पूजा थान विस्तार हुन गएका छन् । सामूहिक रूपमा कुल पूजा गर्ने चलन घट्दै गएकोछ । यसले समाजमा नकारात्मक प्रभाव पारेको छ । पाँच वर्षको अन्तरमा हुने कुल पूजा कतैकतै तीन वर्ष रकतै प्रत्येक वर्ष गर्ने चलन पनि आएको छ । बलि दिने विषयमा पनि धेरैजसो ठाउँमानिरन्तरता

दिएता पनि कतै नदिने प्रथाको पनि सुरुवात भएको छ। यो नयाँ विकास भएको परम्परा हो । कुल पूजामा दियो बाल्न न्यौपाने उपस्थिति गराउने परम्परा कतै यथावत रहेको छ भने कतै अन्त भईसंस्कृतिले पनि ठाउँ लिन थालेको छ । परम्परागत रूपमा पाहुँना बोलाउने चलन कतै देखिन्छ,कतै हटिसकेको छ । बुढाघरबाट मात्र दियो निकाल्ने प्रथामा परिवर्तन भई प्रत्येक घर परिवारबाट दियो निकाल्ने चलनको विकास भएको छ । त्यस्तै विवाहको लगनका दिन गर्ने कुल पूजामा परिवर्तन आई मंसिर महिनाको धान्य पूर्णिमाको दिन पूजा गर्ने चलन पनि आएको छ। कुल पूजामा मामा र भान्जालाई पुज्ने गरिएकोमा एक ठाउँमा मामालाई मात्र पुज्ने परम्पराको थालनी भएको देखिन्छ। यस किसिमको परिवर्तित अवस्था निरन्तररूपमा अभ्यास भइरहे आउने दिनमा गौतम समुदायको कुल पूजाको मौलिक पहिचान सङ्कटमा पर्ने सम्भावना देखिन्छ।

### ७.५ कुल पूजा संरक्षणमा स्थानीयहरूको भूमिका

कुल पूजा संस्कृतिको पहिलो उत्पादक र उपभोक्ता सम्बन्धित गौतम समुदाय नै हुन् । त्यसको संरक्षणको पहिलो दायित्व र जिम्मेवारी सम्बन्धित समुदायको हो । समुदायमा हिजोआज आधुनिक परम्पराले महत्व पाउन थालेको छ। यसको प्रभाव युवा पुस्तामा अझ बढी परेको देखिन्छ । परम्परादेखि सम्पन्न गर्दै आएको कुल पूजाका सांस्कृतिक क्रियाकलापहरू हिजोआज रूपान्तरण हुँदै गएका छन्। युवाहरूले कुल पूजा गर्नु पर्दछ भन्ने तर्फ ध्यान दिन छाडेका छन्। निरन्तर सक्रियतामा कमी आएको अनुभूति गरिदैछ। कुल पूजा लगायत अन्य परम्परागत धार्मिक तथा सांस्कृतिक सम्पदाको विकास तथा विस्तारमा राज्यको ठूलो उतरदायित्व रहन्छ । स्थानीयहरूले दिएको सूचनाअनुसार यस क्षेत्रका गौतमहरुको कुल पूजा निरन्तरता र विकासको निमित्त सरकारी पक्षबाट यथोचित ध्यान नपुऱ्याएको बुझिन्छ। कुल पूजा, मठ मन्दिर, देवदेवालय चाडपर्व जात्रा आदि सञ्चालन गर्न सम्बन्धित स्मारक एवम् परम्पराका नाउँमा बेलाबखतमा सरकारले गुठी जग्गा राखी दिएका थिए । कुल पूजाको लागि कुनै पनि गुठी जग्गा राखीएको छैन । त्यस कारण विस्तारै लोप हुने अवस्थामा पुगेको देखिन्छ। हिजोआज मनोरञ्जनका विविध साधनहरू खासगरी टेलिभिजन, भिडिओ, कम्प्युटर, ल्यापटप, चलचित्र जस्ता विद्युतीय साधनहरूप्रति मानिसहरू बढी आकर्षित हुँदै गएका छन्। यसको प्रत्यक्ष प्रभाव हाम्रा पुरानो चालचलन र परम्परामा पर्दै गएको छ। कुल पूजाप्रति विस्तारै रुची घट्दै गएको पाइन्छ।

कुल पूजा सम्पन्न गर्ने क्रममा कतिपय स्थानीय व्यक्तिहरू जाँड रक्सी जस्ता नसालु पदार्थ सेवन गरी मातीने, असामान्य बन्ने, असन्तुलित हुने गर्दछन् । साथै उत्सवमा उछृङखल युवाहरूले चाडपर्व, जात्रामा सहभागी भएकाहरूलाई दुर्व्यवहार गर्ने, ढुङ्गा, शिशा र बोत्तलले हिर्काउने, बैमनस्यताको भावले बदला लिने आदि विकृतिको कारणले लोप हुँदै जाने चरणमा रहेका छन् । कुल पूजामा सहभागी हुने सबैले धेरै नियम तथा परेजहरू पालन गर्नु पर्दछ । वर्तमान समयमा मानिसहरूको जीवन निकै व्यस्त हुँदै गइरहेको अवस्थामा त्यस सम्बन्धी नीति नियमको कडाइका साथ पालन गर्नु पर्ने बाध्यताले गर्दा नयाँ पिढी यस्ता परम्परा अबलम्बन गर्न मन पराउँदैनन् । केवल वुढापाकाहरूले मात्र जीवन्त राखी रहनु परेको छ ।  कुल पूजा गर्न तान्त्रिक साधनाद्वारा सम्पन्न गर्नु पर्ने हुनाले विज्ञ व्यक्तिहरूको महत्वपूर्ण भूमिका हुन्छ । पाश्चात्य सभ्यताको वढ्दो प्रभाव, आर्थिक लाभ नहुनु, कर्मकाण्डमा खास ध्यान नदिनु, पुरोहित वर्गमा अध्ययनको कमी तथा नयाँ पिंढी पुरोहितको कार्यमा भन्दा अन्य पेशामा आकर्षित हुँदै जानाले क्रमशः लोप हुँदै गइरहेका छन् । कुल पूजा गर्नाले घरमा शान्ति मिल्दछ । कुल देवता सबैभन्दा ठूला देवता हुन् । कुल पूजा सम्बन्धित समुदाय एवम् राष्ट्रको पहिचान हो ।  यस्ता सम्पदाले संसारको जुनसुकै कुनामा पनि सम्बन्धित समुदाय र राष्ट्रलाई चिनाउन ठूलो योगदान गर्दछ । यो विषय हिजोआजका युवापुस्तामा उतिधैरै जानकारीको विषय बन्न सकेको छैन । विस्तारै परिवर्तन एवम् लोप हुँदै जाने अवस्थामा पुगेका छन् ।

गौतमहरूको कुल पूजाले जगतमा उनीहरुको मौलिक छवि स्थापित गर्न उल्लेख्य भूमिका निर्वाह गर्दछ । कुल पूजा सम्पदाको उत्पादक, अभ्यासकर्ता र उपभोक्ता स्थानीय सम्बन्धित समुदाय हुन् । यस्ता सम्पदालाई निरन्तर प्रयोग तथा अभ्यासमा ल्याउने पहिलो पक्ष भनेका पनि सम्बन्धित समुदाय नै हो । यिनीहरूको संरक्षण सम्वर्द्धनको पहिलो दायित्व र जिम्मेवारी पनि उनीहरूकै हुन्छ ।  यसको निमित्त निम्न अनुसारका कार्य सम्पादन गर्नु पर्ने हुन्छ ।

- कुल पूजा सम्पदाको अर्थ, महत्व र उपयोगितावारे  जनमानसमा विस्तृत जानकारी गराउने ।
- समाजमा प्रचलित कुल पूजा सम्वन्धी अन्धविश्वास एवम् रुढिगत परम्परा जस्ता समय सापेक्ष  नदेखिएका नीति नियम तथा विधिलाई विस्तारै विस्थापित गरी त्यसका ठाउँमा समय सापेक्ष परम्परा स्थापित गर्दै जाने ।

- कुल पूजा परम्पराका लागि  आर्थिक स्रोतको व्यवस्था गर्ने,
- कुल पूजाको लागि स्थानीय सरकारी पक्षबाट यथोचित आर्थिक व्यवस्था मिलाई दिने ।
- कुल पूजा सम्वन्धी लिखित दस्तावेजको संरक्षण गर्नु पर्दछ । विभिन्न भाषामा  रचना गरिएका ग्रन्थहरूलाई सबैले पढ्न र बुझ्न सक्ने गरी अनुवाद गरिनुपर्दछ ।
- आ-आफ्नो कुल पूजा बारेमा जनचेतना विस्तार गरीसञ्चालन गर्न स्थानीय व्यक्तिहरूलाई प्रोत्साहित गर्ने ।
- नयाँ पिंढिका युवायुवतीहरूलाई आ-आफ्नो कुल पूजा महत्व अवगत गराई आवश्यक तालिम र प्रशिक्षण दिने ।
- राज्य सरकारको सम्बन्धित निकाय, स्थानीय क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूलाई स्थानीय क्षेत्रमा रहेका कुल पूजाको पहिचान एवम् सूचीकरण, संरक्षण सम्वर्द्धनका निम्ति आवश्यक जानकारी उपलब्ध गराउने ।
- कुल पूजा बारेमा बेला बखतमा अध्ययन अनुसन्धान गरी आवश्यक प्रचार प्रसारका लागि प्रकाशनमा ल्याउने ।
- नियमित कुल पूजालाई निरन्तरता दिने कार्यमा कुनै किसिमको कसुर बाँकी नराखी आवश्यक कार्यको लागि आवश्यक व्यवस्था मिलाउने ।
- कुल पूजा संरक्षणको लागि स्थानीय तहबाट विभिन्न किसिमका समिति गठन गर्ने ।
- कुल पूजा कुनै एउटा व्यक्तिगत निजी सम्पदा होइनन् । सबैको साझा सम्पदा हुन् भन्ने भावनाको विकास गर्ने ।
- कुल पूजाको विषयमा साझेदारीको भूमिका निर्वाह गर्ने ।
- स्थानीय क्षेत्रमा बसोबास गर्ने प्रत्येक नागरिकलाई यी कुल पूजा मेरा हुन र म यस्ता सम्पदाहरूको संरक्षणका लागि हुँ भन्ने भावनाको विकास गर्ने ।
- कुल पूजाको विषयमा स्थानीय समुदायलाई जानकारी दिने गोष्ठी, अर्न्तक्रिया एवम् छलफल जस्ता कार्यक्रम बेला बखतमा सञ्चालन गर्ने ।

स्थानीयहरूमा सम्पदा हाम्रै हुन् र संरक्षण गर्न हामी नै लाग्नु पर्दछ भन्ने भावनाको विकास गर्न सकिएमा गौतमहरूको कुल पूजामा देखा परेका वर्तमान समस्याहरू समाधानभई संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण योगदान पुग्नेछ । कुल पूजाले दिर्घकालिन रुपमा निरन्तरता पाउने आधार तयार भईपुर्खाले सित्तैमा दिएको सम्पदा संरक्षण हुने छ ।

## अध्यायआठ

## सारांश, अध्यनबाट प्राप्त तथ्य र निष्कर्ष

अध्याय छ शोधपत्रको अन्तिम खण्ड हो । यस खण्डमा मूलत अध्ययनबाट प्राप्त भएका तथ्याङ्कलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले विश्लेषण गरिएको छ । यस खण्डमा सारांश, अध्यनबाट प्राप्त तथ्य र निष्कर्ष जस्ता पक्ष समावेश गरिएका छन् । यस्ता पक्ष समावेश गर्दा सत्यमा आधारित रहेर विश्लेषण गरी निचोडमा आएका कुरा सङ्लग्न गरिएको छ ।

### ८.१ सारांश

बरेङ गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ जिल्लामा पर्दछ । बरेङ गाउँपालिकाको स्थापना साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समाबेश गरी भएको हो । यस गाउँपालिकामा हाल पाँच वटा वडाहरु कायम गरिएको छ । यी पाँचवटा वडामध्ये सल्यान, बाटकाचौर, सुखौरामा गौतम परिवारको बसोबास रहेको छ ।

यस अध्ययनले बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्ने गौतमको कुल पूजाको परम्परागत तौरतरीका कस्तो छ । अहिले कुल पूजामा के कस्तो परिवर्तन आएको छ र परिवर्तन आउनुका कारण के के हुन् भन्ने कुरालाई प्रष्टाउने प्रयास गरिएको छ । अध्ययनको शिलशिलामा कुल पूजा र बलि प्रथाको इतिहास, नेपाली समाजमा मष्टो पूजा तथा उपसना, अत्रि वंशको उत्पति, शिक्षादिक्षा, गोत्र र थरको चिनारी, अत्रि वंशको सिञ्जामा प्रवेश र विस्तार, गौतमको जनजीवन, गौतमको धार्मिक तथा सांस्कृतिक परम्परालाई पृष्ठभूमि बनाइएको छ । यस्ता पृष्ठभूमिको सेरोफेरामा रहेर गौतमका कुल पूजाका पक्षहरु अध्ययन गरिएको हो । पृष्ठभूमिमा पर्ने विषयवस्तुले एउटा निश्चित बाटो तय गरिदिएकोले प्रस्तुत अध्ययन गर्न सहजीकरण भएको छ ।

नेपालको अलगअलग ठाउँमा गरिने गौतमको कुल पूजाले आफ्नै परम्परा र संस्कृतिको इतिहास बोकेकोले संस्कृति र परम्पराका लगायतका अन्य दृष्टिले निकै सम्पन्न छ । यस विषयमा अहिले सम्म पनि अनुसन्धान भएको थिएन । त्यसैलेएउटा नमूनाको रुपमाबरेङ गाउँपालिकाको गौतमहरुको परम्परागत रुपमा चलि आएको कुल पूजाको समीक्षा गर्दै वर्तमान समयमा यसको यथार्थ पहिल्यान खोज्नु नै यस अध्ययनको प्रमुख समस्या हो । फलस्वरूप कुल पूजा सङ्कलन, सूचिकरण र विश्लेषण गर्नुपर्ने देखिन्छ ।

समग्रमा प्रस्तुत अध्ययनका निम्न लिखित समस्याहरू पहिचान गरी उत्तर खोज्ने प्रयास गरिएको हो

- कुल पूजा र बलि प्रथाको सुरुवात कहिले भयो ?
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बस्ने गौतमहरूको परम्परागत कुल पूजाको तौरतरिका, विधि, पक्रिया, संरक्षण कस्तो छ ?
- गौतमहरूको परम्परागत कुल पूजामा आएका परिवर्तन र पक्रिया कस्ता छन् ?

यिनै प्रश्नहरुको उत्तर खोजी गर्नको अध्ययनको कममा स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, पुजारीसँग छलफल, प्रश्नावली प्रयोगबाट प्राथमिक तथ्याङ्क तथा वंशावली सहित विभिन्न लिखित दस्तावेजबाट द्बितीयक तथ्याङ्क लिइएको हो । प्राप्त भएका सबै तथ्याङ्कहरुको समीक्षा गर्दै तुलनान्तक अध्ययन गरेर प्रस्तुत शोधपत्र तयार भएको छ ।

आर्य संस्कृति अनुसार प्रत्येक जाति र गोत्र अनुसार कुल देवता मान्ने र पूजा गर्ने प्रचलन रही आएको छ । कतिपय प्रचलन आफ्नो धर्मशास्त्र अनुसार रहेका हुन्छन् । कतिपय आफ्नो कुल परम्पराले अगालेका आफ्नै किसिमका रहेका हुन्छन् । कुल भनेको वंश, घराना र खान्दान हो । यस अर्थमा कुल शब्दले आफ्नो वंश परम्परा, घर परिवारको श्रेष्ठता, खान्दानको उच्चतम् अवस्थालाई सङ्केत गर्दछ । नेपाली समाजमा कुल देवताको पूजा एवम् देवाली गर्ने परिपाटी अनादिकालदेखि नै अविछिन्नरूपमा चल्दै आएको लोकपरम्परा हो ।

कुनै समयमा भगवानले दानवलाई नास गर्न प्राणी जन्माए । ती प्राणी पछि गएर मानवको लागि घात बन्न पुगे । तिनलाई शान्त पार्न मानवको बलि दिन थालियो । गुरु गोरखानाथले नरबलि प्रथा रोकेपछि नरबलिको ठाउँमा कुभिण्डो, नरिवल, कुखुरा, बोका र राँगाको आदिको बलि दिने थालेको पाइन्छ । प्राचीनकालमा राजा महाराजका यज्ञमा बलि दिने गरेकोले खशआर्यमा बलिप्रथाको सुरुवात त्यतिखेरै भएको हो । पूर्ववैदिककालमा चलेको बलि दिने प्रथा उत्तर वैदिककालिनमा आउदा पनि यज्ञ र बलिको महत्वमा वृदि देखिन्छ ।उपनिषद र सुत्रकालमा पनि चलेको देखिन्छ । कोलहरूको समयकालमाढुङ्गालाई देवता मानी बलिको रगत चढाउने चलन प्रचलित थिए । बलिप्रथा लिश्छवीकाल देखि मल्लकाल हुँदै अहिलेसम्म हाम्रो समाजमा निरन्तर चलीरहेको छ ।

हाम्रो समाजमा पुजिने देवता मध्ये मष्ट एक हुन् । ऐतिहासिक सिञ्जा क्षेत्रका खश जातिले मनाउने संस्कृतिको नाम हो मष्टो । खशआर्य जातिका ब्राह्मण, क्षेत्री, ठकुरी, बम तथा शिल्पी समुदायका कुल देवता हुन् । यिनै जातिहरूले आफ्नो बसोबास स्थलमा पूजागर्दै आएका छन् । बरेङका गौतमहरुले यिनै बराह मष्टलाई कुलदेवताको रुपमा पुज्दै आएका छन् ।

आर्य शिक्षा पद्धति मानव जीवनका हरेक पक्षहरुमा काम लाग्ने विषयवस्तु सङ्लग्न गरिएको छ । यस्ता शिक्षाको आधारभूत स्रोत वेदलाई मानिएको छ । आर्यहरुले वेदमा भएको मूल खण्डबाट शिक्षा लिन्थे ।

गोत्र भन्नाले वंश प्रवतक ऋषीमुनीहरूका नामबाट चलि आएको आफ्नो पुर्खौली चिनाउने उपनाम भन्ने बुझ्नु पर्दछ । 'बौधायन गृह्सुत्र'मा गोत्र लाखौ हुन सक्ने चर्चा गरिएको छ । प्रवर भनेका गोत्र पर्वतक श्रेष्ठ मुनीहरू हुन् । यहाँ धेरै थरगोत्र भएका नेपालीहरुका बस्ती छन् । ती बस्तीहरुमा गौतमथर हुनेहरु पनि बसोबास गर्दे आएका छन् । गौतम वंशमा मानिसहरु युगौंदेखि यही समाजमा बसी लेनदेन, बिहावारी, सांस्कृतिक, व्यवद्वारा आदानप्रदान गर्दै आएकाले त्यस वंशको रगत अरू वंशमा र अरू वंशको रगत गौतमहरूमा सञ्चारित भएको छ ।

आर्यहरूको उद्गम तथा सभ्यता सिन्धुघाटी हो । यिनमा ब्राह्मणहरूको मुख्य स्थल पञ्जकौड, कान्यकुब्ज, कन्नोजमा धेरै कालदेखि रही भारतमा जातित्व संघर्ष हुँदा आफ्नो धर्म संस्कृति र ज्यूज्यानको रक्षा खातिर अत्रि गोत्रीय वंशज नेपाल पसी सेती अञ्चलको सावला हिमाली भेगमा तपस्या गर्दै बसोबास गर्दा वंश वृदिको क्रमले पूर्व उत्तर बढ्दै गरेको पाइन्छ ।

हिन्दूहरूले पनि क्रमश श्रीब्रह्मा, श्रीविष्णु र श्रीमहेश्वर सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताको रुपमा मान्दै आएका छन् । ब्रह्माका कौयौ छोराहरूमध्ये ब्रह्माका नेत्रबाट जन्मेका मानस पुत्र अत्रि ऋषि हुन् । ती मध्ये महर्षि अत्रि ब्रह्माजीका द्धितिय मानस पुत्रका छोरा सोम (चन्द्रमा) का सन्तान ऋतु पुरुषलाईगौतमका प्रथम पुस्ता मानिएको छ। यिनी पछिका आठौ पुस्ता काशीदास भारतको कन्यौजबाट १३ औ शताब्दीमा जुम्लाको सिञ्जाआई बसोबास गरेका थिए । काशीदासका माहिला पलाति कापडी (काब्रु) लाई सिञ्जाका शासक नरेशले गोतमाकोट भन्ने ठाँउ बिर्ता दिई पठाए । गोतामकोटमा बस्न थालेपछि गोतामे भन्न थालियो । पुस्ताक्रम वित्दै जाँदा २९ पुस्ताका लक्ष्मीदासका चारभाइ छोरामध्ये कान्छा श्रीधर

गोतामकोटबाट अर्घखाची जिल्लाको खिदिम आउदा त्यहाँका राजाले खिदिमको जग्गा बिर्ता दान दिएर श्रीधरलाई राखेका थिए । श्रीधरका ३१ पुस्ताका नाति मध्येका श्रीधर दास त्यहाँबाट उत्तर तर्फ लागी बाग्लुङ जिल्लाको गल्कोट अन्तर्गत गल्याङ आएर बस्न थाले । यिनैका सन्तति ३४ औ पुस्ताका पितु गोतामे (गौतम) हुन् । पितु गोतामेका तीनभाइ छोरा मध्ये माइला ३५ औ पुस्ताका गोविन्द गौतम गल्कोटबाट पूर्वतर्फ लागी सल्यानमा आई बस्न थाले । सल्यानमा बसोबास गरेपछि उनकातीन जना सन्तानदामु गौतम, कालु गौतम, विष्णु गौतम जन्मिए । यिनै सन्तानका सन्ततिले अहिले सल्यानको डाँडाकाँडा ढाकेका छन् । दामु गौतम, कालु गौतम र विष्णु गौतमका सन्ततिहरूलाई अहिले क्रमशः जेठा, माइला र कान्छाको सन्तानभनेर चिनिने गरेका छन ।

बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकामा बसोबास गर्ने अत्रि गोत्रीय गौतमहरूले बहुदेवबातको सिद्धान्तलाई मान्दै आएका छन् । विभिन्न देवी देवताहरुको पूजा तथा आराधना गर्दछन् ।यिनीहरूका इष्ट देवता शंकर (महादेव) र कुल देवता बराह हुन् । बाटाकाचौर, सल्यान र सुखौरमा कुल पूजा थान छन् । बाटाकाचौरमा पदमफुलको थानमा कुल पूजा गर्न छोडिएको छ । अहिले लिग्दीको थानमा कुलपूजा हुन्छ । त्यस्तैसल्यानमा सातवटा कुल पूजा थान र तीनवटा कुल देवताका मन्दिर छन् । सुखौरमा एकवटा कुल पूजा थान छ । यी सबै सबै थानमा पूजा हुँदै आएको छ । सल्यान र सुखौराबाट बसाइँसराई भएका परिवारले तराईमातीन ठाउँमा थान र पाँच वटा मन्दिर बनाईपूजा गर्न थालेका छन् ।

कुल पूजामा बराह मष्ट, उनका भान्जा र आमन्त्रित देवताकोअलगअलग थान स्थापना गरी पूजा गरिदै आएको छ । थानमा नियालोका लींगा गाड्नुको साथै फूलपाती, धजा र अक्षता चढाइन्छ । प्रत्येक थानमा छुट्टाछुट्टै गाईको गोबरको कुण्ड बनाइन्छ । कुलका आमन्त्रित देवताको कुण्डमा गाईको दूध र थानमा नैवेद्य प्रसाद चढाइन्छ । भान्जा र मामाको कुण्डमा बाखाका पाठाको रक्त भोग दिने गरिन्छ ।चार खुर, सिङ, मुटुकलेजो थानमा चढाइन्छ । यस्तै तौरतरिकाबाट कुल पूजा हुँदै आएको छ ।

गौतम कुल पूजा अध्ययन गर्दा खुला थानमा कुल पूजा गर्ने, दियो वाल्न न्यौपाने बोलाउने, सबै भाइवन्धुलेमूलघरबाट दियो निकाल्ने,बाखाका पाठा बलि दिने, पाँच वर्ष पुगेपछि मंसिर महिनाको विवाहको लगनका दिन पूजा गर्ने, कुल देवता मानी मामा र

भान्जालाई पूज्ने र एकै ठाउँमा जम्मा भई  पूजा गर्ने गरिएकोमा धेरैजसो ठाउँमा निरन्तरता भएतापनि अहिले आएर केही ठाउँमा परिवर्तन देखा परेको पाइएको छ ।

- सल्यानका रहेका कात्तिकेको थुम्को, माइका थानेर र टारीमा  मन्दिर बनाएर पूजा गर्न थालिएको छ । त्यस्तै चितवनको शिवघाट, रुपन्देहीको मुर्गिया, भलवारी, पत्थरगञ्ज र मोतीपुर मन्दिरमा कुल पूजा गरिदै आएको छ ।
- कुल पूजामा दियो बाल्न न्यौपाने उपस्थिति गराउँने परम्परामा चितवनको शिवघाट, सल्यानको माइकाथानेर, डहरेपोखरी, देउरालीको थानेर, काँफलपोखरी अन्त भई संस्कृतिले पनि नयाँ ठाउँ लिएको छ ।
- पाल्यावन, माइकाथानेर, डहरेपोखरी, काफलपोखरी र लिग्दीको थानमा प्रत्येक घर परिवारबाट दियो निकाल्ने चलन आएको छ
- चितवनको शिवघाटमा दियो निकाल्ने चलन हटेको छ ।
- चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमा पशु बलि दिन छाडिएको छ ।
- चितवनको शिवघाट र रुपन्देहीको मोतीपुरमा प्रत्येक वर्ष र कार्तिकेको थुम्को, थप्लुङको टारी, लिग्दी, लाटाखर्क, रुपन्देहीको मुर्गिया, भलवारी, लउसा शान्तिनगर, पत्थरगञ्ज तीन वर्ष पुगेपछि  गर्न थालिएको छ ।
- चितवनको शिवघाटमा मंसिरको धान्य पूर्णिमाका दिन गर्ने चलन  आएको छ ।
- रुपन्देहीको भलवारीमा कुल पूजामा भान्जालाई पूज्न छाडिएको छ ।
- पुर्खौली कुल पूजा गर्ने थानबाट अलग भई पूजा गर्न थालिएको छ ।

यसरी गौतमको कुल पूजाको परिवर्तन पक्ष अध्ययन गर्दा खुला थानमा पूजा गरिएकोमा मन्दिरमा कुलपूजाको थालनी, दियो वाल्न न्यौपाने नबोलाउने, प्रत्येक घर परिवारबाट दियो निकाल्ने,  दियो निकाल्न छोड्ने, पशु बलि बन्ध गर्ने, प्रत्येक वर्ष पूजा गर्ने, तीन वर्षमा पूजा गर्ने, मंसिरको धान्य पूर्णिमाका दिन पूजा गर्ने, भान्जालाई कुल देवता मानी पूजा गर्न  छोड्ने, पुर्खौली कुल पूजा गर्ने थानबाट अलग भई नयाँ थान स्थापना गरेर पूजा गर्ने जस्ता परिवर्तन देखा परेका छन् । यस किसिमको परिवर्तित अवस्था निरन्तररूपमा अभ्यास भइरहे आउने दिनमा गौतम समुदायको कुल पूजाको मौलिक पहिचान सङ्कटमा पर्ने सम्भावना छ ।

कुलपूजा संस्कृतिको पहिलो उत्पादक र उपभोक्ता सम्बन्धित गौतम समुदाय नै हुन् । त्यसको संरक्षणको पहिलो दायित्व र जिम्मेवारी पनि उनीहरूकै हो । समुदायमा हिजोआज

आधुनिक परम्पराले महत्व पाई यसको प्रभाव युवा पुस्तामा पर्दा युवाहरूले कुल पूजा गर्नु पर्दछ भन्ने तर्फ ध्यान दिन छाडेका छन् । कुल पूजा लगायत अन्य परम्परागत धार्मिक तथा सांस्कृतिक सम्पदाको विकास तथा विस्तारमा राज्यको ठूलो उतरदायित्व भित्र पर्ने विषय हो ।

**८.२ अध्ययनबाट प्राप्त तथ्य**

प्रस्तुत अनुसन्धानको मुख्य उपलब्धी गौतमहरूको कुल पूजासम्बन्धी विवरण स्पष्ट पार्नु हो । गौतमहरुको कुलपूजा परम्पराको अध्ययनबाट भाइचारा, सद्भाव, सहृदयता, सहयोग र पारस्परिक आत्मीयताको अवस्था स्पष्ट भएको छ । गौतमहरुका पूर्वजले गर्दै आएका कुल पूजाका बारेमा अध्ययन गरी भावी पुस्तालाई यसको ज्ञान प्रसार गर्नु यसको अर्को उपलब्धी हो ।कूल पूजाको माध्यमबाट तन, मन, वचन, धन, क्षमता, सिपका माध्यमबाट कुलमा कसरी आपसी सहयोग हुँदो रहेछ भन्ने कुरा पनि यसबाट स्पष्ट भएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त मुख्य तथ्य निम्न छन् ।

- कुल पूजा परम्परा र बलि प्रथाको इतिहास लामो रहेको थाहा हुन आएको छ ।
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाका गौतमहरुको कुल पूजाको इतिहास, तौरतरिका, पूजा विधि र संरक्षणआफ्नै प्रकारको रहेको स्पष्ट भएको छ ।
- बाग्लुङ जिल्लाको बरेङ गाउँपालिकाका गौतमहरूको कुल पूजा परम्परामा निकै परिवर्तन आएको छ र आएका परिवर्तनको बारेमा विवरण प्राप्त भएको छ ।

यसरी प्रस्तुत अध्ययनबाट कुल पूजा र बलि प्रथाको थालनी सम्वन्धी जानकारी प्राप्त भएको छ भने अर्कोतर्फ गौतमहरुको कुल पूजाको परम्परागत तौरतरिका र अहिले आएका परिवर्तन पक्षको विवरण प्राप्त भएको छ । अहिलेसम्म खोजतलास नभएको गौतमको कुल पूजाको विषयमा दस्तावेज तयार भई इतिहासको पानामा नयाँ आयाम थपिएको छ ।

**८.३ निष्कर्ष**

मानिसले जब देवता जान्न र पुज्न थाल्यो, त्यतिखेर देखि नै कुल पूजाको सुरुवात भएको पाइन्छ । नेपाली समाजमा कुल देवताको पूजा एवम् देवाली गर्ने परिपाटी अनादिकालदेखि नै अविछिन्नरूपमा लोकपरम्पराको रुपमा चल्दै आएको देखिन्छ । खसआर्य संस्कृति अनुसार प्रत्येक जाति र गोत्र अनुसार कुल देवता मान्ने र पूजा गर्ने चलन रही

आएको छ । कतिपय चलन प्रचलित धर्मशास्त्र अनुसारकै हुन्छन् भने केही कुल परम्पराले आफ्नै अगालेका खास आफ्नै किसिमको रहेको पाइन्छ ।

प्राचीनकालमा राजा महाराजका यज्ञमा बलि दिने गरेकोले खशआर्यमा बलिप्रथाको सुरुवात त्यतिखेरै भएको हो । त्यतिखेर सिकेको परम्परा अहिले पनि निरन्तर रुपमा चलेको छ । बलि प्रथाका विरोधका आवाज पनि उठेको देखिन्छ ।

बरेङका गौतमहरुका पुर्खा गोतामकोटमा बस्न थालेपछि गोतामे भन्न थालेको पाइन्छ । अहिले गोतामेलाई सुधार गरेर गौतम भन्न थालिएको छ । यिनीहरुको पुर्खा गोतामकोटबाट अर्घखाची, अर्घखाचीबाट गल्कोट गल्याङ, गल्कोट गल्याङबाट वि.स. १८१९ को आसपासमा बरेङको सल्यान आई बसेको देखिन्छ । त्यतिखेर देखि बराह मष्टलाई कुलदेवताको रुपमा  अहिलेसम्म पुज्दै आएका छन् ।  बाखाका पाठाको रक्त भोग दिएर कुल पूजा गरेको देखिन्छ । कुल पूजामा दियो वाल्न न्यौपाने बोलाउने, भाइवन्धु भेलाभई मूलघरबाट दियो निकाल्ने, एकै ठाउँमा पूजा गर्ने, बाख्राको सेतो पाठो बलि दिने, पाँच वर्ष पुगेपछि मंसिर महिनाको विवाहको लगनका दिन पूजा गर्ने जस्ता आफ्नै मौलिक संस्कृति रहेको पाइन्छ । तर पछिल्लो कालखण्डमा आएर यस्ता मौलिक संस्कृति लोप हुँदै जान थालेको देखिन्छ । सामाजिक वेथिति, आपसमा मनमुटाव, अरुको देखासिकी र बसाइँसराई जस्ता कारणले मौलिक संस्कृति गुम्न पुगेको छ । कुल पूजामा भएका सकारात्मक मौलिक संस्कृतिको जर्गेना गर्नुपर्दछ । मौलिकपन गुम्यो भने फेरी स्थापित गर्न गाह्रो हुन्छ ।

बरेङका गौतमवन्धुहरूले एकै स्थलमा कुल पूजा गर्नको लागि म होइन हामी भन्ने विचारधाराको विकास गर्नुको साथै सामाजिक विकृति तथा बेथिति अन्त गर्नुपर्दछ । अनि मात्र सबै वन्धु एकवद्ध भएर कुल पूजा गर्ने वातवरण बन्दछ । सबै दाजुभाइ एकै ठाउँमा पूजाको लागि भेला हुने मौका मिल्दछ । यस्तो अवसरलाई सदुपयोग गरेर वन्धुहरूले एकै ठाउँ पूजा गर्ने परम्पराको विकास गर्नुपर्दछ ।

स्पष्ट भाषमा भन्नुपर्दा विगतका राम्रा पक्षलाई  निरन्तरता दिदै जानु पर्दछ । नराम्रा पक्षलाई  विर्सेर परित्याग गर्नु पर्दछ । तर कुनै बेलाको सकारात्मक पक्ष समय वित्दै जाँदा त्यही पक्ष  नकारात्मक बन्न सक्छ । यस्ता विषयलाई ख्याल गर्नु पर्दछ । उदाहरणको लागि पानीको धारा जति सफा भएता पनि कालान्तरमा धारमा ल्याउ लाग्न सक्दछ । पानी बग्ने धारमा ल्याउ लाग्नु पानीको स्वभाव हो । धारालाई पनि बेलाबेलामा सफा गर्नु पर्दछ । त्यस्तै मानिसले मान्दै आएको जतिसुकै राम्रो संस्कृति भएता पनि कालान्तरमा समय

सान्दर्भिक नहुन सक्छ । समयअनुकूल सुधार गर्दै जानु पर्दछ । भन्न खोजेको हाम्रो धर्म संस्कृति परम्परामा भएका विकृतिहरु सच्चाउदै जानु पर्दछ । त्यस्तै धर्म संस्कृति परम्परामा पछि घुसेका विकृति पनि हटाउनु पर्दछ । अत्रि ऋषिका सन्तानगौतम वन्धुहरूका कुल पूजामापहिले बलि प्रथा थिएन । यो प्रथा बीचमा घुसेको विकृति हो ।यस प्रथालाई वन्द गर्नुपर्दछ । पूजामा दूधधार दिनु पर्दछ । सर्वे भवन्तु सुखिनःसर्वे सन्तु निरामयाः भन्ने धारणालाई विकास गरेर सात्विक विधि अपनाउनु पर्दछ ।

समय अनुसार हरेक कुरा परिवर्तनशिल छन् । समाजमा चलि आएका सकारात्मक पक्षलाई निरन्तरता दिदै नकारात्मक पक्षलाई परित्याग गर्नु पर्दछ । मानिस जहिले पनि उच्च सोच विचार लिएर अगाडि बढ्नु पर्दछ । हाम्रो समाजमा कुल पूजामा बलि दिने प्रथा कायम छ । कुल पूजा मात्र होइन अन्य पूजामा पनि बलि दिने गरिन्छ । बलि प्रथा समाजमा जरा गाडेको नकारात्मक पक्ष हो ।  यी नकारात्मक पक्षहरू हटाउन सकेमा हाम्रो समाज सुखी र समृद्ध बन्न सक्छ । यसमा सबैको नागरिकको ध्यान जान जरुली छ । हटाउनु पर्ने दायित्व हामी सबैको हो ।

# परिशिष्ट एक

## बरेङ गाउँपालिकाको नक्शा




(चित्र न. १)

## परिशिष्ट दुई

गोत्र अनुसारका प्रवर

| गोत्र | प्रवर |
|---|---|
| १. भरद्वाज गोत्र | - भरद्वाज, आङ्गिरस, वार्हस्पत्य |
| २. वशिष्ठ गोत्र | - वशिष्ठ, इन्द्रम्रत, आभारदसु |
| ३. कौडिन्य गोत्र | - वशिष्ठ, कौडिन्य मैत्रावरुण |
| ४. कश्यप गोत्र | - कश्यप, आवत्स, नैवधुव |
| ५. अत्रि गोत्र | - अत्रि, अर्चना, ईशावास्य |

६. विश्वामित्र गोत्र - यस गोत्रका दश वटम शाखा छन् ।

क) कुशिक गोत्र - विश्वामित्र, देवरात र औद्दालक

ख) लोहित गोत्र - विश्वामित्र्, अष्टक, लोहित

ग) रौक्षक गोत्र - रौक्षक, वैश्वामित्र र ऐवर्ण

घ) धनञ्जय गोत्र - धनञ्जय, वैश्वामित्र र मधुच्छन्द

ङ) कत गोत्र - कात्य, वैश्वामित्र र किल

च) अज गोत्र - अज, वैश्वामित्र र मधुच्छन्द

छ) अघमर्षणको - अघमर्षण, वैश्वामित्र र कौशिक

ज) पुरण - पुरण र वैश्वामित्र

झ) इन्द्र कौशिक गोत्र - इन्द्र कौशिक र वैश्वामित्र

ञ) कामायन - विश्वामित्र, गाधि र ऐवण

७. गर्ग गोत्र - गर्ग, गार्ग्य र गौतम

८. कौशिक गोत्र - कौशिक, देवरात र औद्दालक

९. घृत कौशिक गोत्र - घृत कौशिक, विश्वामित्र

१०. शाण्डिल्य गोत्र - शाण्डिल्य, काश्यप र आवत्सर

११. सांकृत गोत्र - सांकृत, वशिष्ठ र च्यावर

१२. कात्यायन गोत्र - कात्यायन, विश्वामित्र र असित

१३. उपमन्यु गोत्र - उपमन्यु, कपिला र विरुज

१४. कविस्तु गोत्र - थाह नभएको

१५. गौतम गोत्र - आङ्गिरस, वाशिष्ठ र बार्हस्पत्य

१६. वत्स गोत्र -   वत्स, और्व, च्यवन, भार्गभ र जामदग्न्य

१७. पाराशर गोत्र - पाराशर, वाशिष्ठ र शक्ति

१८. जमदग्नी गोत्र - वत्स, विद र आर्ष्टिषेण

१९. आत्रेय गोत्र   -  आत्रेय, अर्चन र ईशावाश्य

२०. मौदगल्य गोत्र - मौदगल्य, आंगिरस र भार्म्याश्व

२१. मिहिर गोत्र  - मिहिराशन, वशिष्ठ, और्व, च्यवन र जामदग्न्य

२२. भागर्व गोत्र - भामर्याश्व, आङ्गिरस र  मौद्गल्य

२३. शाकटायन गोत्र - शाकटायन, आङ्गिरस,  अलभ, आथवर्ण  वैशम्पायन

२४. सावर्ण गोत्र - सावर्ण, आर्व, च्यवन, जामदग्न्य, आप्तवान

२५. वृहस्पती गोत्र - वृहस्पती, कपिल र पावर्ण

२६  पुरण गोत्र -  थाह नभएको

२७. कनबोट गोत्र - कनबोट, अश्वत्थ र  र देवल

२८. मिहिल गोत्र-  मिहिल, असित र देवल

२९. शौनक गोत्र - शौनक, वशिष्ठ र पाराशर

३०. कृष्णत्रि गोत्र - कृष्णात्रेय, आल्यावन र शास्वत

३१.  हारित गोत्र - हारित, देवरात र विश्वामित्र

३२  आलुवुक गोत्र - सागर, वशिष्ठ र  गौतम

३३.  विष्णुबुद्धि गोत्र  - विष्णुबुद्धि, कौत्स्यपुच्छ र आश्वित

३४. कृष्णवासु गोत्र - सव्य, च्यवन र सारस्वत

३५. शिशिहर गोत्र - शिशिहर, कौशिक र जामदग्न्य

३६. आङ्गिरस गोत्र - आङ्गिरस, वाहस्यपत्य र औदुम्बर

३७. कपिल गोत्र - कपिल, काञ्जन र विश्वामित्र

३८. वैह्याग्र गोत्र - वैह्याघ, सांकृति र माण्डव्य

३९. कुशिक गोत्र - वैश्वामित्र, आश्मरथ्य र बान्धुल

४०. लोहित गोत्र - लौहित, वैश्वामित्र  र  अष्टक

४१  रौक्षक गोत्र - रौक्षक, वैश्वामित्र र ऐवण

४२. अज गोत्र - अज, वैश्वामित्र र मधुच्छन्द

४३. वद्भुत गोत्र - वद्भुत, वैश्वामित्र   र आर्चनानस

४४. अघमर्षण गोत्र - अघमर्षण, वैश्वामित्र र कौशिक

४५. गाविष्ठर गोत्र - गाविष्ठर, आत्रेय र आर्चनानस

४६ .मुग्दल गोत्र - आत्रेय, आर्चनानस र पौर्वातिथ्य

४७. अतिथि गोत्र - पामैर्वातिथ, आत्रेय र आर्चनानस

४८. सुमङ्गल गोत्र - सुमङ्गल, अत्रि र ईशावाश्य

४९. अत्रि गोत्र - आत्रेय, आर्चनानस र ईशावाश्य

५०. (क) विद गोत्रकी - विद्, भार्गव, च्यवन, आह्वान र और्व

५१. (ख) विद गोत्रको - भार्गव, और्व र जामदग्न्य

५२. (क) आर्ष्टिषेण गोत्र - आष्टिषेण, भार्गव,च्यवन, आत्पवा र अनूप

५३. (ख) आर्ष्टिषेण गोत्र - आष्टिषेण, भार्गव र अनूप

५४. आघअत्रि गोत्र - आत्रेय, आर्चनानस र इशावाश्य

५५. श्याम गोत्र - चण्डीश्वर, शाखावर र कुल

५६. हर्यश्व गोत्र - विश्वामित्र, गाधि र वैणम

५७. वेणु गोत्र - वैणम, विश्वामित्र र गाधि

५८. शालङ्खानयन गोत्र - वैश्वामित्र, काथक र काथक

५९. रौहिण गोत्र - रौहिण, वैश्वामित्र र मधुच्छन्द

६०. कथक गोत्र - रौहिण, वैश्वामित्र र मधुच्छन्द

६१. साहुल गोत्र - साहुल, वैश्वामित्र र बाहुल

६२. हिरण्यतरेस गोत्र - हैरण्य, वैश्वामित्र र रेतस

६३. सुवर्णरेतरस गोत्र - सौवर्णरतेस र वैश्वामित्र

६४. कपोतरेतस गोत्र - कपोतरेतस र वैश्वामित्र

६५. निधुक गोत्र - नैधुव, काश्यप र आवत्सर

६६. रैभ गोत्र - रैभ, काश्यप र आवत्सर

६७. लौगाक्ष गोत्र - काश्यप, आवत्सर र वाशिष्ठ

६८. भृगु गोत्र - भागर्व, च्यवन, आम्तवान, और्व र जागदग्त्य

६९. मानव गोत्र - मनु, माण्डव्य र विश्वामित्र

७०. रवि गोत्र - रवि, दिवाकार र शारद्वसु

७१. काशी गोत्र - काशी, ल्हासा, कैलाश, गान्धर र नल

७२. अगस्ति गोत्रका चार प्रकार छन् ।

(क) इध्मवाह गोत्र - च्युतऐध्यमवाह, आगस्त्य र दाढ्‌र्य

(ख) सम्भवाह गोत्र - च्युतसोमवाह, आगस्त्य र दाढ्‌र्य

(ग) सोमवाह गोत्र - च्युतसोमवाह, आगस्त्य र दाढ्‌र्य

(घ) यज्ञवाह गोत्र - च्युतयज्ञवाह, आगस्त्य र दाढ्‌र्य

७३. अगस्ति गोत्र - अगस्ति, जैमिनी र दधीचि

## परिशिष्ट तीन

गोत्र अनुसारका थर

गोत्र थर

१) वत्स गोत्र : राणा, लम्साल, कुँवर, दाहाल, रुपाखेती कुँवरखड्का

२) भारद्वाज गोत्र : सुवेदी, देवकोटा, वाग्ले, पन्थी, लोहनी, पन्त, सिलवाल, दूधपोखरेल, निरौलाभण्डारी, बोहरा खडका, राउल, शेर्पालीबस्न्यात, कुलटापाँडे, लामागुरुङ, घलेगुरुङ, लटौराजोशी, बलायर, चिमौरिया, सङ्ग्रौंला, थपलिया, बिमली, थिङ, घ्याब्रें, राजोपाध्याय, चन्द (प्युठानी), सेन (भिंग्री), धामी, रजौरिया, मझगैंयाँ, सिञ्जापति चवाईं, काप्री, कंणेल, सिटौला, सौका टिङकरी, गर्व्याल, ब्याँसी, जमरकट्टेल, जोशी (नेवार), रानामगर

३) अत्रि गोत्र : वस्ती, चापागाईं, मिश्र, ओझा, खतिवडा, गौतम, घोघाने गुरुङ, मल्ल, हारागाईं, ठारागाईं, अधिकारी, रास्कोटे र समाल शाही, अवस्थी ।

४) मौद्गल्य गोत्र : कोइराला, बिडारी, रिमाल, रेग्मी, लामिछाने, खड्का, खप्तडीबिष्ट, बुढाथोकी, खप्तडी खड्का, ढुङ्गाना, धिताल, तेवारी, रायमाझी, सप्तडी बस्नेत, लुइँटेल, पुडासैनी, बानियाँ, रघुवंशी, भण्डारी, बस्ताकोटी, खड्का (बझागाई), खड्का (खप्तडी) बेलकाँडी ।

५) कश्यप गोत्र : सूर्यवंशी शाह, शाही, ठकुरी, माझी, घिमिरे, गर्तौला, बोगटी, गोदार थापा, सोणारी, बुढाथोकी, बडाल, पाँडे, बडखौरा, सिमाल, दियापाँडे, कौवाली अधिकारी, खिलचिने अधिकारी, भण्डारी, सिलाजोशीगौतम, छत्कुली, भुजेल, सिंह, बडू, बर्मा, बडुवाल, बड्गाई, घिमिरे खड्का ।

६) घृताकौशिक गोत्र : बराल, पण्डित, गाहा, खनाल, टिमुरे खनाल, खोरिया खनाल, नेपाल, सुतार कार्की, बोचलीकार्की ।

७) धनञ्जन गोत्र : हुमागाईं, रिमाल, बयेल, कुकुर कट्टेल, गुरागाई, खुलाल बस्न्यात, खुलाल कुँवर, भुसाल, खुलाल बुढाथोकी, गैरिपिप्ली, खुलाल, डुम्रे, रिजाल, भण्डारी, मरासिनी, खुलाल खड्का, धमला, बस्याल ।

८) गर्ग मात्र : बाँस्तोला, गजुरेल, भट्ट, लामिछाने, लामिछाने गुरुङ, भुर्तेल, आचार्य, रिसाल, लामिछाने थापा, रोका, रोकाया, चुडाल, भेटुवाल, पाल्पाली खड्का, राजोपाध्याय, लामिछाने खड्का, पुर्तेल खड्का, बझाडी खड्का (पडेस) ।

९) वशिष्ठ गोत्र : भट्टराई, सुयेल, राउ.त, घर्ती, सुयेल थापा, सुयेल, त्रिपाठी, मुडभरी, भट्ट, कासलीपाठक, मिश्र, भिभार, भिभार जोशी, दवाडी, थानसिङ्गेभण्डारी, खरेल, चालिसे, चौरसिया, खनिया, सोती, घिमिरेबिष्ट ।

१०) माण्डव्य गोत्र : बजगाईं, ज्ञवाली, मास्के, पन्थी, अधिकारी, कटुवाल, खड्का ( खप्तडी) ।

११) शाण्डिल्य गोत्र : प्रसाईं, महत, लटौला जोशी, काण्यकुब्जा तिवारी, थलाल, साफी काफ्ले, मिश्र, बासीकाफ्ले ।

१२) कृष्णाञ्जली गोत्र : कालीकोटे बिष्ट ।

१३) आत्रेय गोत्र : पानीपोखेल, कालापौडेल, गोरापौडेल, दुवाडी, बगालेअर्जेल, बिहारेअर्जेल, सिग्देल, कालीकोटेथापा, पुवारथापा, बगालेथापा, दुलाल, कालीकोटेखड्का, घोताने गुरुङ, खुलाल-थापा ।

१४) कौडिण्य गोत्र : प्याकुरेल, आचार्य, सापकोटा, सत्याल, पराजुली, बाँस्कोटा, मरासिनी, त्रिताल, न्यौपाने, थापा, खप्तडी खड्का, कालीकोटे खड्का, पनेरु, हमाल, लकाईं खड्का, लंजेरेआचार्य, लंजेल, थानी ।

१५) कपिल गोत्र : पुँवर विष्ट, पुवाँरखड्का ।

१६) पराशत्र गोत्र : मरहट्टा, लामा कार्की, मैथिली मिश्र, पण्डित ।

१७) उपन्यु गोत्र : मैनाली दुवाल भट्ट, ढकाल, दैनी, कर्माचार्य, द्विवेदी, ओली, उप्रेती ।

१८) अगस्ति गोत्र : ढुंगेल ।

१९) विश्वामित्र गोत्र : अलिनाभट्टराई, निरवंशीभट्ट, रयालभट्ट, दुमाडीभट्ट, क्षेत्रीभट्ट ।

२०) पुलस्त्य गोत्र : बम्म ।

२१) कौशिक गोत्र : खप्तड बस्नेत, बोहरा, खप्तडी खड्का, स्वाँर, रिमाल, बिँडारी, खप्तडी थापा, लामिछाने खड्का, ढुगाना, खप्तडीबुढा, रेग्मी, धिताल, नेपाल, लुइँटेल, रायमाफी, बुढासैनी, बानियाँ, तेवारी, खप्तडीविष्ट, खप्तडी बस्नेत, रघूवंशी चौलाने, घोडासैनी जोशी, भण्डारी/खनाल ।

२२) गौतम गोत्र : चन्द (बैतडी), त्रिपाठी, तिवारी (पूर्वीय), ढोडारी, दङाल ।

२३) रवि गोत्र : शाह कल्याल ।

२४) काशी गोत्र : थुलुङे, कुलुङे, चामलिङे, बान्तावा राई, लिम्बू, खम्बू, याक्खा ।

२५) श्याम गोत्र : ब्रिजासुनुवार, सेतीसुनुवार, राई ।

२६)	बाल्मीकि गोत्र : नागिला ।

कतिपयको थर एउटै भएर पनि गोत्र फरक हुन्छ । गोत्र फरक पर्नेबीच वैवाहिक सम्वन्ध जोड्न पनि मिल्दछ । थर एउटै भएर पनि गोत्र फरक पर्नेको विवरण तल प्रस्तुत गरिएको छ ।

१)	भण्डारी : ५ प्रकारका छन् - सुन्तला खाने निरौला भण्डारी (भारद्वाज), सिञ्जापति थानसिङ्गे भण्डारी (वशिष्ठ), रघुवंशी भण्डारी (कौशिक), बझगाई भण्डारी (माण्डव्य) र रिमाल भण्डारी (धनञ्जन) ।

२)	जोशी : ३ प्रकारका छन् - लटौलाजोशी (भारद्वाज), किजारजोशी (गर्ग), सिलाइँ जोशी (अङ्गिरस) ।

३)	बस्नेत : ३ प्रकारका - रिुपाली बस्नेत (भारद्वाज), खप्तडी बस्नेत, (कौशिक), खुलाल, बस्नेत (धनञ्जय) ।

४)	पोखरेल : २ प्रकारका - दूधपोखरेल (भारद्वाज), पानीपोखरेल (आत्रेय) ।

५)	खड्का : ६ प्रकारका छन् - महाराजी सुवेदीखड्का (भारद्वाज), खप्तडीखड्का ( कौशिक), लकाँइँखड्का (कौडिण्य), कालीकोटे खड्का (आत्रेय), पाप्पाली वा लामिछाने खड्का (गर्ग) र कुँवरखड्का (वत्स) ।

६)	बिष्ट : ४ प्रकारका छन् - सिञ्जापति बिष्ट (भारद्वाज), पुँवार बिष्ट (कपिल), खप्तडी बिष्ट (कौशिक), कालीकोटेबिष्ट (कृष्णाञ्जनी) ।

७)	अधिकारी : ६ प्रकारका छन् - थामीअधिकारी (भारद्वाज), ठाडाराई अधिकारी (अत्रि), खिड्सिने अधिकारी (काश्यप), कौवाली अधिकारी र भँडारे अधिकारी (काश्यप), बझगाँई अधिकारी (माण्डव्य) ।

८)	पाँडे : ३ प्रकारका छन् - कुलटापाँडे (भारद्वाज), समाल्दियापाँडे (काश्यप), बड्खौलापाँडे (काश्यप) ।

९)	कुँवर : २ प्रकारका छन् - प्रभाल कुँवर (धनञ्जय), राणाजी कुँवर (वत्य) ।

## परिशिष्ट चार

स्थान, मानवपदवी र कार्य अनुसारका थरहरू

| जिल्लागाउँ | थर | | गोत्र |
|---|---|---|---|
| जुम्ला | धमाली | धमाल | धनञ्जय |
| ” | धिता | धिताल | कौशिक |
| ” | पाण्डुसेरा | पाण्डे | भारद्वाज |
| ” | खलाडिल | खलाल | घृतकौशिक (खनाल) |
| ” | कसलीडाँडा | कँड्याल | भारद्वाज |
| ” | काँडा | कँडेल | भारद्वाज |
| ” | चम्डिलगाउँ | चौलागाईं | भारद्वाज |
| ” | बारला (कोट) | बराल(कोटी) | काश्यक |
| ” | ढुङ्गा गाउँ | ढुङ्गेल | अगस्ति |
| ” | बाञ्जाडा | बञ्जाडे | - |
| ” | नयाँपानी | नेउपाने | कौडिन्य |
| ” | खनाया | खनिया | - |
| ” | खारीगाउँ | खरेल | वशिष्ठ |
| ” | लमसु | लम्साल | वत्स |
| ” | कोइऱ्यालापाटा | कोइरला | मौद्गल्य |
| ” | पुडासेन | पुडासैनी | - |
| ” | भुसा | भुसाल | - |
| ” | बस्ताकोट | बस्ताकोटी | कौशिक |
| ” | लोहखानी | लोहनी | भारद्वाज |
| ” | प्याकुरी | प्याकुरेल | कौडिन्य |
| ” | छातीकोट | छन्त्याल | - |
| ” | दुवाडा | दुवाडी | वशिष्ठ |
| ” | रिजु | रिजाल | धनञ्जय |
| ” | काफलमेला | काफ्ले | शण्डिल्य |

| | | | |
|---|---|---|---|
| " | रुपाखेत | रुपाखेती | वत्स |
| " | कालैगाउँ | कल्याल | रवि |
| " | पाहाडा | पहाडी (पहारी) | - |
| " | सिञ्जा | सिञ्जापति | भारद्वाज, कपिल, कौशिक |
| " | कालीकोट | कालीकोटे थापा | मौद्‌ग्ल्य गोत्र |
| " | बडुवालगाउँ | बडुवाल | बड्‌गाईं |
| रोल्पा | गजुरकोट | गजुर्‍याल | गर्ग |
| दैलेख | लामाछानी | लामीछाने | - |
| " | भूर्तिगाउँ | भुर्त्याल | गर्ग |
| " | दुल्लु | दुलाल | आत्रेय |
| " | पराजुलगाउँ | पराजुली | कौडिन्य |
| " | कट्टीगाउँ | कट्टेल | - |
| " | बाँसकोट | बाँस्कोटा | कौडिन्य |
| " | बाँस्तोली | बाँस्तोला | गर्ग |
| " | बस्ताकोट | बस्ताकोटी | - |
| " | निपगाउँ | नेपाल | कौशिक, घृतकौशिक |
| " | लमसूगाउँ | लम्साल | - |
| " | गैह्रगाउँ | गैरे | - |
| " | लमजीगाउँ | लम्जेल | कौडिन्य |
| " | भूसाकोट | भूसाल | - |
| सल्यान | वडागाउँ | बडाल | काश्यप |
| " | शिवकोट | शिवाकोटी | भारद्वाज |
| " | सिग्दीगाउँ | सिग्देल | आत्रेय |
| दाङ | माझगाउँ | मजगैयाँ | भारद्वाज |
| " | दाङ | दङौरा, डाँगी | - |
| गुल्मी | दहपुर्कोट | दाहाल | वत्स |
| " | अजैगाउँ | अर्याल | आत्रेय |
| " | घमिर | घिमिरे | काश्यप |

| | | | |
|---|---|---|---|
| ” | खानी गाउँ | खनेल | - |
| ” | खन | खनाल | घृतकौशिक |
| ” | बूढाथोक | बूढाथोकी | - |
| ” | कारीकोट | कार्की | मौद्‌गल्य |
| अछाम | देवीकोट | देवकोटा | भारद्वाज |
| ” | ओलीगाउँ | ओली | - |
| ” | तिमिल्सैन | तिमिल्सिना | मौद्‌गल्य |
| ” | डुंगानी | ढुङ्गाना | कौशिक |
| ” | घिमिरिया | घिमिरे | काश्यप |
| ” | ढाकु | ढकाल | उपमन्यु |
| ” | बाँझगाउँ | बझगाईं | माण्डव्य |
| ” | रिमागाउँ | रिमाल | कौशिक |
| ” | श्वाँरा (अश्वरा) | स्वार | कौशिक |
| ” | मरासैन | मरासैनी | कौडिन्य |
| ” | घोडासैन | घोडासैनी | - |
| ” | दर्नाल | दर्नाली | - |
| ” | कुइँका | कुइकेल | मौद्‌गल्य |
| ” | चाल्सा | चालिसे | वशिष्ठ |
| ” | चापागाउँ | चाँपागाईं | अत्रि |
| ” | बाझाकोट | बझाकोटी | - |
| ” | बरला | बार्लाकोटी | - |
| ” | जुपु | जुप्याल | - |
| ” | बूढाकोट | बुढा | - |
| ” | चिसी | चिस्याल | - |
| ” | मूली | मुलेल | - |
| ” | भाटाकाटिया | भाट | भारद्वाज |
| ” | कुच्ची | कुच्याल | - |
| ” | बाँझजडा | बन्जाडे | - |

| | | | |
|---|---|---|---|
| ” | बूढासेनगाउँ | बूढासैनी | - |
| ” | मानसेनगाउँ | मानसैनी | - |
| ” | खुलालगाउँ | खुलाल | धनञ्जय |
| ” | सिमलखाँडागाउँ | सिमलखाँडी | मौदगल्य (काँडी |
| ” | बसुट | बसुट्याल (बस्याल) | - |
| बझाङ | रिगमगाउँ | रेग्मी | कौशिक |
| ” | खतेडागाउँ | खत्यौडा (खतिवडा) | अत्रि |
| ” | सोतागाउँ | सोती | - |
| ” | खारगाउँ | खराल | - |
| ” | कँडेलगाउँ | कँडेल | भारद्वाज |
| ” | धमनेगाउँ | धम्याला | - |
| ” | बाँझगाउँ | बजाल | - |
| ” | रायलगाउँ | रयाल | विश्वामित्र |
| ” | कुमागाउँ | कुमाई | - |
| ” | लुयाँटागाउँ | लुयाटी, लुँइटेल | कौशिक |
| बैतडी | वसकोटगाउँ | बस्ताकोटी | कौशिक |
| ” | स्वराङ | स्वराडी | भारद्वाज |
| ” | गाजरीगाउँ | गजुर्‍याल | - |
| बाजुरा | कुण्डीगाउँ | कुण्डयाल | - |
| ” | जम्माकट्टी | जम्मरकट्टेल | भारद्वाज |
| ” | छातिगाउँ | छन्त्याल | - |
| ” | गमौड | गमौडल (डग्रेल) | - |
| ” | डोग्रीगाउँ | गमौडल (गौडल | - |
| डोटी | रुपाखेत | रुपाखेती | वत्स |
| ” | पन्तपाली | पाल | - |
| ” | पन्तगाड | पन्त | भारद्वाज |
| ” | डोटीखोला | डोट्याल | - |
| ” | बोगटान | बोगटी | काश्यक |

| | | | |
|---|---|---|---|
| ” | बिँडगाउ | बिँडारी | कौशिक |
| ” | निरुली | निरौला | भारद्वाज |
| ” | ओझना | ओझा | अत्रि |
| ” | पडाबिरु | पनेरु | कौडिन्य |
| ” | मूढभरा | मूढभरी | वशिष्ठ |
| ” | पौडीगाउँ | पौडेल | आत्रेय |
| ” | सुयागाउँ | सुएल | वशिष्ठ |
| ” | मल्वारा | मल्ल | अत्रि |
| ” | कार्तिकेयपुर | कत्युरी | शौनक |
| ” | पोखरा | पानीपोखरेल | आत्रेय |
| ” | पोखरा | दूधपोखरेल | भारद्वाज |
| मुगु | खनायाखर्क | खनिया | - |
| ” | मुगुगाउँ | मुगाल | गर्ज |
| ” | जपरागाउँ | जप्रेल | - |
| रुकुम | गोतमागाउँ | गोतामे | अत्रि |
| ” | सर्पकोट | सापकोटा | कौडिन्य |
| ” | तकसेरा गाउँ | तक्सेरी | - |

| मानवपदवी/कार्य | थर | गोत्र |
|---|---|---|
| मुगल वादशाहबाट पाएको उपाधि | शाह | - |
| सिञ्जाका राजा नरेशबाट पाएको उपाधि | गोतामे | अत्रि |
| सिञ्जाका राजा नरेशबाट पाएको उपाधि | खतिवडा | अत्रि |
| सिंह झैं बलियो विर | सिंह | - |
| चन्द्र झैं शीतल स्वभाव भएका | चन्द | - |
| बसेर न्याय तय गर्ने | बस्नेत/बस्न्यात | - |
| भट्ट झैं विद्वान तर राई टोलमा बस्ने | भट्टराई | - |
| विद्वान पण्डित | भट्ट (भर्तु-संस्कृत मूल राष्ट) | - |
| पुराणवाचन वा यज्ञ गर्ने | आचार्य | - |

| | | |
|---|---|---|
| ज्योतिष विद्या जान्ने | जोशी/दैवज्ञ | - |
| शास्त्रादि जानेका पण्डित्याई युक्त | पण्डित | - |
| सार्वजनिक सम्पत्तिको हेरचाह गर्ने | अधिकारी | - |
| भण्डारको काम गर्ने | भण्डारी | - |
| खड्क भिरी सेवा गर्ने | खँड्का/खड्गाह | - |
| वर्म/बम्य | बम | - |

## परिशिष्ट पाँच

अनुसन्धानमा सोधिएका प्रश्नावली

१. गौतम वंशको विषयमा तपाईंलाई के थाहा छ ?

२. तपाईंकले मान्दै आएको कुल देवता कुन हुन् ?

३. कुलपूजा भनेको के हो ? यसको औचित्य, महत्व र उपयोगिता के छ ?

४. कुल पूजाका विधि, प्रक्रिया र पद्धति के के हुन् ?

५. कुल पूजामा बलि प्रथाको सुरुवात कहिले भयो ?

६. कुल पूजामा मामा र भान्जालाई किन सँगै पूज्ने चलन छ ?

७. बरेङ गाउँपालिकाभित्र गौतमहरूका कतिवटा कुलपूजा स्थल छन् र कहाँकहाँ छन् ?

८. बरेङ गाउँपालिका बाहिर बरेङबाट बसाइँ सरेका गौतमहरूका कतिवटा कुलपूजा स्थल छन् र कहाँकहाँ छन् ?

९. बरेङ गाउँपालिकाको सल्यानर बाटाकाचौरमा कुलपूजा कहिले, कसले, किन सञ्चालनमा ल्याएको हो ?

१०. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा गौतम वंशको आदिथलो कहाँ हो ?

११. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा बस्ती बसाल्ने प्रथम व्यक्ति को हुन् ?

१२. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा गौतम परिवारलाई कसरी विभाजन गरिएको छ ?

१३. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा गौतम परिवारको समाजमा के कस्तो योदान रहेको छ ?

१४.. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा कुल पूजाको परिवर्तनको अवस्था कस्तो छ ? परिवर्तन तथा लोप हुँदै जानुका प्रमुख कारण के के हुन् ?

१५. बरेङ गाउँपालिकाकोसल्यान र बाटाकाचौरमा कुल पूजाको संरक्षण सम्वर्द्धनमा स्थानीय समुदाय, स्थानीय क्षेत्रमा क्रियाशील संघसंस्था, स्थानीय निकाय तथा सरकारको सम्बन्धित निकायले के कस्ता कार्यहरू सम्पादन गर्नु पर्दछ ?

१६.. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा कुल पूजाको संरक्षणबाट स्थानीय समुदाय, क्षेत्र र राष्ट्रलाई के कस्तो लाभ पुग्दछ ?

१७. बरेङ गाउँपालिकाको सल्यान र बाटाकाचौरमा कुल पूजाले पर्यटन विकासमा के कस्तो भूमिका निर्वाह गर्न सक्दछन् ?

१८. यस विषयमा तपाईं थप केही सुझाव दिन चाहनुहुन्छ ?

## परिशिष्ट छ

## सूचनाका मुख्य स्रोत व्यक्तिहरूको विवरण

| क.सं | नाम | ठेगाना | उमेर | विशेज्ञता क्षेत्र |
|---|---|---|---|---|
| १. | डीलाराम शर्मा गौतम | बरेङ-४ सल्यान (भालुडाँडा), बाग्लुङ | ७६ | गौतम कुल पूजाको ज्ञाता/पुजारी |
| २. | थानेश्वर शर्मा गौतम | क्षेत्रपुर, चितवन | ६८ | सम्वन्धित पूजाको ज्ञाता |
| ३. | इन्द्रसिंह खत्री गौतम | बरेङ-४ सल्यान(माजघर),बाग्लुङ | ६० | सम्वन्धित पूजाको ज्ञाता |
| ४. | दुर्गाप्रसाद गौतम | बरेङ -४ सल्यान(डाँडागैरा), बाग्लुङ | ५८ | सम्वन्धित पूजाको ज्ञाता |
| ५. | तमबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (माजघर), बाग्लुङ | ५९ | सम्वन्धित पूजाको ज्ञाता |
| ६. | चन्द्रबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (बेशियार), बाग्लुङ | ५१ | सम्वन्धित उपभोक्ता |
| ७. | नरबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (कोल), बाग्लुङ | ७१ | सम्वन्धित पूजाको ज्ञाता |
| ८. | भवानसिंह खत्री गौतम | बरेङ -४ सल्यान (धारा), बाग्लुङ | ५० | सम्वन्धित पूजाको ज्ञाता |
| ९. | पितम्बर शर्मा गौतम | बरेङ -४ सल्यान (पुच्छरडाँडा), बाग्लुङ | ५६ | सम्वन्धित पूजाको ज्ञाता |
| १०. | रुद्रप्रसाद शर्मा गौतम | बरेङ -४ सल्यान( एक्लेबाँझ),बाग्लुङ | ५१ | सम्वन्धित पूजाको जानकार |
| ११. | प्रेमबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (पाल्यवन), बाग्लुङ | ५२ | सम्वन्धित उपभोक्ता |
| १२. | टीकाराम शर्मा गौतम | बरेङ -४ सल्यान, पुच्छरडाँडा, बाग्लुङ | ७० | सम्वन्धित उपभोक्ता |
| १३. | हिमलाल शर्मा गौतम | बरेङ -४ सल्यान (उपल्लाहर) बाग्लुङ | ८६ | सम्वन्धित पूजाको ज्ञाता/पुजारी |
| १४. | लीलामणिशर्मा गौतम | बरेङ -४ सल्यान (ठूलासौर) बाग्लुङ | ६७ | सम्वन्धित पूजाको ज्ञाता/पुजारी |
| १५. | यमबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (बाग्खोर), बाग्लुङ | ६८ | सम्वन्धित उपभोक्ता |
| १६. | तेजबहादुर खत्री गौतम | बरेङ -४ सल्यान (बेशियार), | ६५ | सम्वन्धित उपभोक्ता |

| | | | | |
|---|---|---|---|---|
| | | बाग्लुङ | | |
| १७. | कृष्णप्रसाद शर्मा गौतम | बरेङ -४ सल्यान (भालुडाँडा), बाग्लुङ | ५९ | सम्वन्धित उपभोक्ता |
| १८. | रुकुम शर्मा गौतम | मुर्गिया, रुपन्देही | ६९ | सम्वन्धित पूजाको ज्ञाता |
| १९. | गंगाराम शर्मा गौतम | बरेङ -४ सल्यान (बनियापोखरा), बाग्लुङ | ८७ | सम्वन्धित उपभोक्ता |
| २०. | दलबहादुर खत्री गौतम | बरेङ -४ सल्यान( कात्तिके),बाग्लुङ | ७० | सम्वन्धित उपभोक्ता |
| २१. | बालकृष्ण गौतम | बरेङ -४ सल्यान (बाटघर) बाग्लुङ | ८३ | सम्वन्धित पूजाको ज्ञाता/पुजारी |
| २२. | खिमानन्द शर्मा गौतम | बरेङ -४ सल्यान(देउरालीगौरा) बाग्लुङ | ७१ | सम्वन्धित उपभोक्ता |
| २३. | क्याप्टेन यमबहादुर खत्री गौतम | बरेङ -४ सल्यान(ढुङ्गेघर), बाग्लुङ | ५५ | सम्वन्धित उपभोक्ता |
| २४. | हरिकृष्ण गौतम | बरेङ -४ सल्यान (धारा), बाग्लुङ | ७० | सम्वन्धित पूजाको ज्ञाता/पुजारी |
| २५. | जगन्नाथ गौतम | बरेङ -४ सल्यान (धारा), बाग्लुङ | ५२ | सम्वन्धित उपभोक्ता |
| २६. | मदन कार्की | बरेङ -५ बाटाकाचौर, बाग्लुङ | ४७ | सम्वन्धित पूजाको ज्ञाता |
| २७. | प्रकास गौतम | बरेङ -५ बाटाकाचौर, बाग्लुङ | ४८ | सम्वन्धित पूजाको ज्ञाता/पुजारी |
| २८. | बाबुराम खत्री गौतम | बरेङ -४ सल्यान (पखरार), बाग्लुङ | ५८ | सम्वन्धित उपभोक्ता |
| २९ | जगन्नाथ गौतम | बरेङ -४ सल्यान (डहरे), बाग्लुङ | ७४ | सम्वन्धित उपभोक्ता |
| ३०. | भीमसेन गौतम | बरेङ -५ बाटाकाचौर, बाग्लुङ | ४७ | सम्वन्धित पूजाको ज्ञाता |
| ३२ | टेकबहादुर खत्री गौताम | बरेङ -५ सुखौरा (लाटाखर्क), बाग्लुङ | ७६ | सम्वन्धित पूजाको ज्ञाता |

## सन्दर्भग्रन्थ सूची


अधिकारी,सूर्यमणि,(वि.स.२०६१), *खश सम्राज्यको इतिहास,* भुँडीपुराण प्रकाशन।

उपाध्याय (गौतम), ढुण्डीराज,(एन.डी.*),कुल देवता पूजा पद्धती र तिथि निर्णय संग्रह,* ढुण्डीराज उपाध्याय गौतम।

"कुलपूजा देवाली र गोठपूजा", (वि.स.२०७४), (*उन्नयन, ८६),*उन्नयन प्रकाशन, (पृ.९६-११७) ।

के.सी, सुरेन्द्र, (वि.स.२०७९) *मष्टोको उत्पति र विकास,* युटुव च्यानल ।

खड्का, श्यामबहादुर (वि.स.२०७२), *मष्टो संस्कृति र परम्परा,* एकता बुक्सडिस्ट्रिब्युटर्स प्रा.लि प्रकाशन ।

खत्री, मेख (वि.स.२०७७), *खत्री वंशावली,* खत्री परिवार वंशावली समिति ।

गौतम, टेकनाथ (वि.स.२०६१),*गोतामे वंश परिचय,* किशोर चन्द गौतम प्रकाशन ।

गौतम, नारायणप्रसाद (वि.स.२०७०),*गौतम वंशावली,* गौतम भातृसमाज केन्द्रीय कार्यलय प्रकाशन ।

गौतम, राजेश (वि.स.२०७८),*विश्वको इतिहासका केही पानाहरू,* भुँडीपुराण प्रकाशन ।

गौतम, शालिग्राम (वि.स.२०६९), *गौतम वंशावली (द्रोसो संस्करण),*गौतमसमाज प्रकाशन ।

चाँपागाई, जगन्नाथ ( वि.स.२०६३),*बृहत अत्रि गोत्रीय वंशावली,* रमादेवी नेपाली चाँपागाई प्रकाशन ।

डब्लुडब्लु डट गुगल *कास्ट सिस्टक इन* नेपाल।

दुलाल, लोकनाथ (वि.स.२०५९), *"नेपाली धार्मिक र सांस्कृतिक परम्परामा मष्ट पूजा परम्परा", कस्तुरी मुखपत्र,* पद्मकन्या बहुमुखी क्याम्पस,*(वर्ष ३९, पूर्णाङ्क १४),* (पृष्ठ १३५-१४२) ।

दुलाल, लोकनाथ (वि.स.२०७४), *ललितपत्तन क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा,* मानव तथा प्रकृति संरक्षण नेपाल ।

पण्डित, कृष्णप्रसाद (वि.स.२०५०), *मिश्र वंशावली,* मिश्र वंशावली प्रकासन समिति ।

पन्त, जयराज(वि.स.२०६४), *मष्ट परम्परा र त्यसको गीतहरू,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पार्श्वचित्र(वि.स. *२०७५), बरेङ गाउँपालिका,* बरेङ गाउँपालिका ।

पाण्डे र रेग्मी, रामनिवास र दिनेशचन्द्र (वि.स.२०५४), *नेपालको पौराणिक इतिहास,*नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्व विद्यालय।

पन्थी, किरण (वि.स.२०६८),*नेपालका चाडपर्वहरू*(चोथौ संस्करण),पौरवी प्रकाशन ।

पन्थी, टिकाराम (वि.स.२०६२), *सांस्कृतिक चिन्तन,* किरण पुस्तकालय ।

पोखरेल, बालकृष्ण (वि.स.२०७५), *खश जातिको इतिहास,*फिनिक्स बुक ।

पौड्याल, लालमणि (वि.स.२०७८), *पौडेल वंशावली,*लालमणि पौड्याल ।

मोरङ जिल्लामा पूजा उपासना गरिने लोकदेउदेउता (वि.स.२०७३), *एक सांस्कृतिक अध्ययन,* अनुसन्धान *समिति, पञ्चकन्या बहुमुखी क्याम्पस* (अप्र प्रतिवेदन) ।

लुंइटेल, खडानन्द (वि.स.२०७६), *नेपाली थर गोत्रको चिनारी,*प्रेमकला लुईंटेल ।

वि.जेयस्टोर, (इ.स.२०20 नोभेम्वर), *कुल देवता,* जेयस्टोर ।

शर्मा गौतम, गोकुल (वि.स.२०५७), *अत्रि वंशज बद्रीनाथ गौतमसन्तान धादिङ्ग जीवनपुरे,*गोकुल शर्मा गौतम ।

शर्मा गौतम, डीलाराम(वि.स.२०७९),*गौतमको कुल पूजा,* नन्दकला गौतम ।

शर्मा गौतम, थानेश्वर (वि.स.२०७४),*गौतम वंशावली,* थानेश्वर शर्मा गौतम प्रकाशन ।

शर्मा, मिहिरचन्द्र (वि.स.१९९३), *धर्म सिन्धु,* श्रीकृष्णदास प्रकाशन (सम्पादन) ।

शर्मा गौतम, युवराज (वि.स.२०५९), *अत्रिवंश-शतक,* शोभा गौतम प्रकाशक ।

सुवेदी, सोमराज (वि.स.२०६३), *सुवेदी वंशावली,* सुवेदी कल्याण प्रतिष्ठान प्रकाशन ।

त्रिपाठी, बासुदेव (वि.स.२०७५), *नेपाली बृहत शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान .